# पहिलो परिच्छेद

## शोधपत्रको परिचय

### १.१. शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **घुर्मी उपन्यासको कृतिपरक अध्ययन** रहेको छ ।

### १.२. शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय महेन्द्ररत्न बहुमुखी क्याम्पस, नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको परिपूर्तिका लागि दसौं पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

### १.३. विषयपरिचय

नेपाली साहित्यका कविता, कथा, निबन्ध, उपन्यास, समालोचना, नाटक, व्याकरण पाठ्यपुस्तक तथा विविध विधामा कलम चलाए तापनि ध्रुवचन्द्र गौतम मूलतः उपन्यासकार नै हुन् । अन्त्यपछि, बालुवामाथि, डापी, कट्टेलसरको चोटपटक, अलिखित, निमित्त नायक, स्व. हीरादेविको खोज, एक सहरमा एक कोठा, उपसंहार अर्थात् चौथो अन्त्य,दुबिधा, अग्निदत्त+अग्निदत्त, सहस्राब्दीको अन्तिम प्रेमकथा, फूलको आतङ्क, बाढी, मौन, तथाकथित, भीमसेन-४ को खोजी र घुर्मी जस्ता दर्जनौँ औपन्यासिक कृति प्रकाशित गरिरहेका उपन्यासकार ध्रुवचन्द्र गौतमको योगदान कम महत्वको छैन । समसामयिक उपन्यासकारहरूमा सङ्ख्यात्मक एवम् गुणात्मक दुवै दृष्टिले र विविध प्रयोगात्मक दृष्टिले आफ्नो छुट्टै पहिचान राख्न सफल गौतमको औपन्यासिक कृतिहरू प्रायः सबै अध्ययन र विश्लेषणयोग्य छन् । नेपाली उपन्यासको सतवार्षिकीको अवसरमा नेपाली औपन्यासिक क्षेत्रमा सङ्ख्यात्मक एवम् गुणात्मक दुवै दृष्टिले उच्च मूल्याङ्कन गर्दै आख्यानपुरुषको उपाधि पाउन सफल गौतम साँच्चिकै आख्यानपुरुष हुन् । आफ्ना औपन्यासिक कृतिहरूमा विविध प्रयोग गर्न रुचाउने गौतमको प्रस्तुत उपन्यास **घुर्मी**लाई पनि अनुभवन्यासको रूपमा प्रस्तुत गरिएको छ । गौतमका उपन्यासमध्ये सबैभन्दा पछिल्लो र अघिल्ला उपन्यासहरू भन्दा पृथक किसिमको देखिएकोले पनि **घुर्मी**को कृतिपरक अध्ययन गरिएको छ ।

### १.४. शोधसमस्या

उपन्यासकार गौतमको घुर्मी उपन्यासको कृतिपरक अध्ययन मूल समस्या रहेको प्रस्तुत शोधपत्रसँग सम्बद्ध अन्य समस्याहरू निम्नानुसार रहेका छन् :-

- ☞ ध्रुवचन्द्र गौतम के-कस्ता लेखक हुन् ?
- ☞ गौतमको औपन्यासिक यात्रा के-कसरी यहाँसम्म आएको छ ?
- ☞ गौतमले के - कति औपन्यासिक कृति प्रकाशित गरेका छन् ?
- ☞ गौतमका समग्र औपन्यासिक प्रवृत्ति के - कस्ता रहेका छन् ?
- ☞ **घुर्मी** उपन्यासमा के - कस्ता औपन्यासिक विशेषता रहेका छन् ?

☞ प्रस्तुत उपन्यासमा के -कस्तो कथावस्तु रहेको छ ?
☞ प्रस्तुत उपन्यासमा के- कस्ता पात्र प्रयोग भएका छन् ?
☞ के- कस्तो कथनपद्धति वा दृष्टिविन्दुको प्रयोग भएको छ ?
☞ प्रस्तुत उपन्यासमा के- कस्तो भाषाशैलीको प्रयोग भएको छ ?
उल्लिखित प्रश्नहरूसँगै अन्य थुप्रै स-साना प्रश्नहरू अन्तर्निहित रहेका छन् ।

## १.५.शोधकार्यका उद्देश्यहरू

**घुर्मी उपन्यासको कृतिपरक अध्ययन** मूल समस्यामा केन्द्रित प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :-

☞ ध्रुवचन्द्र गौतमको लेखकीय व्यक्तित्वको निरूपण गर्नु,
☞ गौतमको औपन्यासिक कृतिको सङ्ख्या निर्धारण गर्नु,
☞ गौतमको औपन्यासिक प्रवृत्ति निर्धारण गर्नु,
☞ **घुर्मी** उपन्यासका औपन्यासिक विशेषताहरूको पहिचान गर्नु,
☞ **घुर्मी** उपन्यासको कथावस्तु, चरित्रचित्रण, कथनपद्धति, भाषाशैली, प्रयोगधर्मिता आदि परिचान गर्नु,
☞ समग्रमा **घुर्मी** उपन्यासको कृतिपरक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्नु,

## १.६. पूर्वकार्यको समीक्षा

**घुर्मी** उपन्यास ध्रुवचन्द्र गौतमको पछिल्लो उपन्यास भएकोले यस सम्बन्धमा त्यति धेरै पूर्वकार्य भएको पाइँदैन तापनि प्राप्त केही पूर्वकार्यहरु निम्नानुसार छन् :-
☞ रोशन थापा 'नीरव 'ले भूमिकाको प्रसङग्मा ..................! शीर्षक दिएर पुस्तक घुर्मीको भूमिकामा बुँदागत गरी हेर्दा यस कृतिमा भएका प्रमुख चित्रहरू यसप्रकार छन् :-

- पिताको मृत्यु,
- कृतिमा आलोचना मात्र गर्ने दुष्टयाइँहरूको झलक,
- मित्रभेद अर्थात् मित्रहरूको घात-प्रतिघात आदि-आदि भनी उल्लेख गरिएको छ ।[१]

☞ सोही भूमिकामा जहाँ-जहाँ जे घटना किया भए ती सबैको भोक्ता ध्रुवचन्द्र नै हुन्, तर यहाँ ध्रुवचन्द्र आफ्नो त्यो घटनाको अनुभव चेतचन्द्रमार्फत् प्रकटीकरण गर्छन् । यसो गर्नुको कारण अनुभवलाई संस्मरणको विधाबाट छुट्याई आख्यानको मिश्रण गर्दै राख्ने हुनाले **अनुभवन्यास**मा सार्थकता भर्नु हो भनी उल्लेख गरिएको छ ।[२]
☞ डिल्लीराम ढुङ्गेलले **शब्दाङ्कुर** (वर्ष-५,अङ्क-२,पूर्णाङ्क-५०, २०६२, मङ्सिर) पत्रिकामा **ध्रुवचन्द्रको घुर्मी : विधा विभग्नताले निम्त्याएको नयाँ अनुहार** शीर्षकको लेखमा घुर्मीले काठमाडौं, वीरगञ्ज र पुरानो परिवेशलाई मुख्य रूपमा ओगटेको छ । यसमा ध्रुवचन्द्रले आफ्नै प्रतिरूप बनाएर चेतचन्द्र भन्ने पात्रलाई प्रस्तुत गरेका छन् र उक्त चेतचन्द्र भन्ने नाम ध्रुवचन्द्रको वास्तविक जीवनको अर्को नाम पनि हुँदै हो भनी उल्लेख गरिएको छ । सोही लेखमा ढुङ्गेलले ध्रुवचन्द्रले घुर्मीमा प्रस्तुत गरेका जीवनानुभवलाई बुँदागत रूपमा यसरी समेटेका छन् :-

- पुना विश्वाविद्यालयमा भाषाविज्ञान विषयमा विद्यावारिधि उपाधिका लागि अनुसन्धानकार्यमा संलग्न हुँदा अनुसन्धाता विद्यार्थीका रूपमा प्राप्त गरेका अनुभवहरू,
- पारिवारिक सन्दर्भ, अंशबण्डा, ऋण-धन, चाड-पर्व, यात्रा, आफू र परिवारजनहरूलाई विभिन्न समयमा विभिन्न किसिमको रोग लाग्दाको मानसिक अवस्था आदिलाई भोग्ने पारिवारिक वा गृहस्थी जीवनका अनुभवहरू,
- काठमाडौं, वीरगञ्ज र पुनामा रहँदाको खस्रो-मसिनोसहितको स्थायी-अस्थायी मित्रताका अनुभवहरू,
- आफ्ना विभिन्न कृतिभित्रका घटना, पात्र आदिका सिर्जन सन्र्दभका साथै समालोचकहरूले आफ्ना कृतिका सम्बन्धमा गरेका टिका-टिप्पणीहरूप्रतिको प्रतिक्रिया एवम् त्रिचन्द्र क्याम्पस र नेपाली केन्द्रीय विभागमा अध्यापन गर्दाका क्षणमा शिक्षणसम्बन्धी अनुभवहरू,
- सोही लेखमा ढुङ्गेलले **घुर्मी**भित्र वंशावली, डायरी, जीवनी, आत्मकथा, आत्मवृतान्त, समालोचना, आत्मसंस्मरण र आख्यानतत्व मिसिएर आएका छन् । त्यसैले समग्रमा विधा विभग्नताको उत्तरआधुनिक चरित्र टड्कारो भएर आएको छ भनेका छन् ।
- उक्त लेखमा नेपाली उपन्यासको अघिल्लो छेउमा गिरिषवल्लव जोशी र पछिलो छेउमा ध्रुवचन्द्र गौतमको एक प्रतिनिधिमूलक उपस्थिति रहेको कुरालाई नकार्न मिल्दैन भनिएको छ ।
- सोही लेखमा **बाढी**ले प्रस्तावित गरेको आख्यानको नयाँ स्वरूपलाई समर्थन गर्नु **घुर्मी**को धनात्मक पक्ष हो भने आत्मवृतान्तलाई बिटुलो बनाएर छोड्नु यसको ऋणात्मक पक्ष हो भनिएको छ ।

वास्तवमा **घुर्मी** उपन्यासको विषयमा त्यति चर्चा पनि पाइँदैन तापनि उल्लिखित पूर्वकार्यहरूको समेत सहयोग लिदै यस शोधमा **घुर्मी** उपन्यासको कृतिपरक अध्ययन गरिएको छ ।

## १.७. शोधकार्यको औचित्य

मूलतः ध्रुवचन्द्र गौतमको पछिल्लो उपन्यास **घुर्मी**को कृतिपरक अध्ययनमा केन्द्रित भएर तयार पारिएको यो शोधपत्रबाट ध्रुवचन्द्र गौतम र उनका औपन्यासिक कृतिहरू सम्बन्धी जानकारी राख्न चाहने अनि **घुर्मी** उपन्यासलाई विभिन्न कोणबाट बुझ्न चाहने जो सुकैका लागि पनि महत्वपूर्ण र औचित्यपूर्ण रहेको छ ।

## १.८. शोधकार्यको सीमाङ्कन

**घुर्मी उपन्यासको कृतिपरक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्रमा घुर्मीको उपन्यासकार ध्रुवचन्द्र गौतमको परिचय सँगसँगै मूलतः **घुर्मी**को विविध कोणबाट कृतिपरक अध्ययन र विश्लेषण केन्द्रित रहेको छ ।

## १.९. शोधविधि

सामग्री सङ्कलन पद्धति - प्रस्तुत शोधकार्य गर्नका लागि मूलतः पुस्तकालयीय विधि र खोज विधि अपनाइएको छ ।

सङ्कलित सामग्रीको विश्लेषण गर्ने क्रममा निगमनात्मक पद्धति अनुरुपनै अध्ययन गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि पाँच परिच्छेदमा विभाजित गरिएको छ । शोधपत्रको रूपरेखा निम्नलिखित प्रकारको रहेको छ :-

१. पहिलो परिच्छेद - शोधपत्रको परिचय
२. दोस्रो परिच्छेद - ध्रुवचन्द्र गौतमको सङ्क्षिप्त परिचय
३. तेस्रो परिच्छेद - ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्रा र **घुर्मी** उपन्यासको स्थान
४. चौथो परिच्छेद - **घुर्मी** उपन्यासको कृतिपरक अध्ययन, विश्लेषण र मूल्याङ्कन
५. पाँचौ परिच्छेद - उपसंहार : सारांश तथा निष्कर्ष

प्रस्तुत शोधपत्रमा उपर्युक्त पाँच परिच्छेदहरूलाई विभिन्न शीर्षक- उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरीएको छ ।

## प्रमुख सन्दर्भ विवरण

यस शोधपत्रको अन्त्यमा प्रमुख सन्दर्भग्रन्थहरू र पत्रपत्रिकाहरूको सूची प्रस्तुत गरिएको छ ।

❖

# दोस्रो परिच्छेद

## ध्रुवचन्द्र गौतमको सङ्क्षिप्त परिचय

:

### २.१. जन्म, जन्मस्थान तथा बाल्यकाल

ध्रुवचन्द्र गौतमको जन्ममिति र जन्मस्थानका बारेमा केही विवादहरू रहेका छन् । । विभिन्न सामग्रीहरूमा गौतमको जन्ममिति वि.सं. २०००[१] र २००१ [२] लेखेको पाइन्छ । जन्मस्थानका सम्बन्धमा पनि कतै वीरगञ्ज [३] र कतै भारतको रक्सौल[४] भन्ने उल्लेख गरिएको छ । उल्लिखित विवादहरूका बीचबाट गौतमको पिता गोविन्द्रप्रसाद र माता दीपवती गौतमका काहिँला सुपुत्रका रूपमा भारतको रक्सौलमै जन्म भएर बाल्यकालमै वीरगञ्ज आई हुर्किएको कुरा प्रामाणिक छ । गौतमको जन्ममिति वि.स. २००० साल पुष २ गते विहिबार तदनुसार सन् १९४३ डिसेम्बर १६ बेलुकी (७.२५बजे) भएको हो भन्ने कुरालाई विश्वसनीय मान्न सकिन्छ । वि.स. २००० सालमा रक्सौलमा जन्मिएर वि.स. २००१ सालमा स्थायी बसोबासका लागि वीरगञ्ज आएका हुँदा यो विवाद देखिएको हो । गाउँकै साधारण विद्यालयबाट प्रारम्भिक शिक्षा आरम्भ गरेका गौतमको हिन्दूसंस्कारअनुसार वि.स. २०१० सालमा व्रतबन्ध भएको बुझिन्छ । [५]

### २.२. किशोलकाल, युवाकाल, विवाह, शिक्षा तथा लेखन पृष्ठभूमि

वीरगञ्जस्थित गुरु केशवप्रसादको विद्यालयबाट आफ्नो औपचारिक अध्ययन प्रारम्भ गरेका ध्रुवचन्द्र गौतमले केही समय दशरथ गुरुको विद्यालयमा पनि अध्ययन गरी वीरगञ्जकै त्रिजुद्ध हाइस्कुलबाट वि.स. २०१५ सालमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेका हुन् । गौतमले शङ्करदेव क्याम्पसको रात्रि कक्षामा प्रमाणपत्र तह अध्ययन सुरू गरे पनि आर्थिक अभाव र अन्य विभिन्न कारणले ठाकुरराम क्याम्पस वीरगञ्जबाटै वि.स. २०१७ सालमा प्रवीणता प्रमाणपत्र तहको अध्ययन पूरा गरेको देखिन्छ । वि.स. २०१८ सालमा राजा महेन्द्रबाट दर्शनभेट साथै कविता वाचन गरेबापत पुरस्कार बक्सेकोबाट गौतम लेखन तर्फ बढी प्रभावित भएको देखिन्छ । वि.स. २०१९ सालमा फेरि राजा महेन्द्रबाट दर्शनभेट साथै छात्रवृत्ति प्रदान गरिबक्सेकाले गौतमलाई साहित्यमा केही गरौं भन्ने चाहाना साथै स्नातक तहको अध्ययनको अवसर प्राप्त हुन्छ । श्री ५ महेन्द्रद्वारा बक्स भएको छात्रवृत्तिले गौतम त्रिचन्द्र कलेजबाट वि.स. २०२० सालमा बी.ए. उतीर्ण गर्न सफल हुन्छन् । साहित्यमा केही गरौं भन्ने भावना र अध्ययनशील पनि भएकाले गौतमको वि.स. २०२३ सालमा त्रिभुवन विश्वविद्यालयबाट नेपाली विषयमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका छन् । स्नातकोत्तर तहसम्मको अध्ययन पूरा भए तापनि ज्ञानआर्जनको तीर्खा नमेटिएकोले गौतमले सन्

---

१ कृष्णहरि बराल, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, दोस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन, २०५६,पृष्ठ २६४ ।

२ कुमारबहादुर दहाल, साहित्यकार, डा. ध्रुवचन्द्र गौतमका कृतिहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, त्रि.वि.नेपाली केन्द्रिय विभाग, २०३५/२०३६, पृष्ठ ६९ ।

३ राजेन्द्र सुवेदी, सिर्जनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम, काठमाडौं : साझा प्रकाशन, २०५४, पृष्ठ १ ।

४ कृष्णहरि बराल र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, काठमाडौं : साझा प्रकाशन, २०५६, पृष्ठ १

५ कुमारराज दाहाल, पूर्ववत्, पृष्ठ ६९ ।

१९७९ मा भारतको पुनाबाट **अ डिस्क्रिप्टिभ स्टडी अफ तराई नेपाल** शीर्षकमा विद्यावारिधिको उपाधि हासिल गरेका छन् । असाध्यै अध्ययनशील र लगनशील गौतम वि.स. २०२६ सालमा स्वस्तिकादेवीसँग वैवाहिक बन्धनमा बाँधिएको देखिन्छ । गौतमका इशान र शुभ्रता नामका दुई सन्ततिहरू रहेका छन् ।

ध्रुवचन्द्र गौतमको लेखनयात्रा दसवर्षको कलिलो उमेरबाटै सुरू भएको पाइन्छ । विद्यालयतहको अध्ययनसँगसँगै कविता, गीत, रचना साथै अतिरिक्त क्रियाकलापमा सहभागी र पुरस्कृत बन्दै लेखनप्रेरणा प्राप्त गरेको देखिन्छ । विद्यालयतहमा प्राप्त पुरस्कारहरू गौतमको लेखनप्रेरणाका स्रोत हुन् भने राजा महेन्द्रको दर्शनभेट र उच्च शिक्षाको अध्ययन तिनलाई हुर्काउने प्रमुख पक्षहरू हुन् । वि.स. २०१६ सालमा उच्च शिक्षाका लागि वीरगञ्जबाट काठमाडौं प्रवेश गर्ने बित्तिकै यिनी सांसदको क्यान्टिनमा सामान्य जागिरेको रूपमा रहेको पाइन्छ । वि.स. २०१९ सालमा अध्ययनकै क्रममा यिनी एजुकेसनल इन्टरप्राइजेजमा पुस्तकबिक्रेताको रूपमा पनि काम गरेको देखिन्छ । त्यसै साल गोरखापत्रमा प्रुफरिडरको काम पनि पाएको देखिन्छ । पुस्तकबिक्रेता र प्रुफरिडरजस्ता कार्यले पनि यिनको लेखनलाई अघि बढाउन साथ दिएको देखिन्छ । अध्ययनको समाप्तिपछि प्राध्यापन पेसामा र अन्य त्यस्तै बौद्धिक सङ्घ-संस्थाहरूमा संलग्न रहनुले पनि थप अघि बढ्ने अवसर मिलेको देखिन्छ ।

## २.३. प्रौढकाल

व्यक्तिको उमेरको चालीस वर्षभन्दा माथिको र साठी वर्षमुनिको अवस्थालाई प्रौढकाल मानिन्छ । गौतमको जीवनमा विद्यावारिधि गर्ने सुरू गरेदेखि वा स्नातकोत्तर तहसम्मको अध्ययनपछि नै प्रौढावस्थाका विशेषताहरू देखिन थाल्दछन् । वि.स. २०३२ / २०३५ सालमा विद्यावारिधि गरेका गौतमले वि.स.२०३५ सालपछि काठमाडौँको चाबहिलमा स्थायी बसोबास गर्न थालेको थाहा हुन्छ ।[६] वि.स. २०२३ सालमा रत्नराज्यलक्ष्मी क्याम्पसमा प्राध्यापन सुरू गरेका गौतमले वि.स. २०२४ सालदेखि त्रिचन्द्र कलेजमा र वि.स. २०३६ सालदेखि वि.स. २०५१ सालसम्म त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागमा प्राध्यापन पेसा अङ्गालेको देखिन्छ । नेपाली केन्द्रीय विभागमा कार्यरत छँदै विश्वविद्यालयको सूचना तथा प्रसारण शाखाको सहयोगीसमेत बनेका गौतमले विभिन्न सङ्घ-संस्थाहरूसँग संलग्न रहँदै र कतिपय संस्थाहरूलाई नेतृत्व दिँदै आफ्नो प्रौढकाललाई सफल तुल्याएका छन् ।

## २.४. संस्थागत संलग्नता

सुरूमा आर्थिक समस्याहरूलाई समाधान गर्ने क्रममा सानातिना पेसा र संस्थागत संलग्नता देखाउँदै आएका गौतम पछिल्ला दिनमा आफ्नो क्षमता र दक्षताले महत्वपूर्ण सङ्घ-संस्थाहरूसँग संलग्न रहेको देखिन्छ । गौतमका प्रमुख पेसा, सेवा र संलग्नता यस प्रकार रहेका छन् :[७]

☞ रत्नराज्यलक्ष्मी गर्ल्स कलेजमा प्राध्यापन (वि.स. २०२३)

☞ त्रिचन्द्र कलेजमा प्राध्यापन (वि.स. २०२४)

---

६ राजेन्द्र सुवेदी, पूर्ववत् पृष्ठ १-२ ।

७ आख्यान पुरूष डा. ध्रुवचन्द्र गौतम, अभिनन्दन ग्रन्थ, चितवन वाङ्मय प्रतिष्ठान, वि. सं. २०६०, पृष्ठ ९ ।

☞ अमलेख साहित्यिक आन्दोलनका संस्थापक सदस्य (वि.स.२०२६)
☞ साझा प्रकाशनको सञ्चालक (वि.स. २०३६)
☞ नेपाली केन्द्रीय विभागमा प्राध्यापन (वि.स. २०३६-वि.स. २०५१) ।
☞ सिर्जनशील साहित्यिक समाजका महासचिव (वि.स. २०३८) ।
☞ देउराली पत्रिकाका सम्पादक सदस्य (वि.स. २०३८)
☞ कलिलो अखबारका प्रधानसम्पादक /प्रकाशक (वि.स. २०३९)
☞ गरिमा सहित्यिक पत्रिकाका संस्थापक सम्पादक (वि.सं. २०३९) ।
☞ पेन नेपालका संस्थापक उपाध्यक्ष (वि.स. २०४५) ।
☞ नारायणी वाङ्मय प्रतिष्ठानका सदस्य सचिव (वि.स. २०४७) ।
☞ नेपाल टेलिभिजनका निर्वाचित अध्यक्ष (वि.स. २०४७) ।
☞ नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानका सदस्यसचिव (वि.स. २०५१)
☞ नेपाल लेखकसङ्घ, काठमाडौँ अध्यक्ष (वि.स. २०५२)
☞ माध्यमिक विद्यालय नेपाली विषय समितिका सदस्य (वि.स. २०५४) ।
☞ वी.पी. स्मृति ट्रस्टका संस्थापक कार्यकारी सदस्य (वि.स. २०५७) ।
☞ एकेडेमी अफ पोएट्स एण्ड राइटर्स, अमेरिकाको नेपाल शाखाका संस्थापक अध्यक्ष (वि.स. २०५८)

उपर्युल्लिखित विभिन्न संस्थामा संलग्न रही विभिन्न पेसा अपनाउँदै आएका गौतमको संस्थागत संलग्नता उल्लेख्य रहेको छ । गौतमको संलग्नताले संस्थाहरूले उचित मार्ग प्राप्ति र प्रगतिशील बाटो अपनाएको देखिन्छ । संस्थाहरूमा रहँदा गौतमले आफ्नो कार्यभारलाई पनि उत्तिकै दक्षताका साथ सम्पन्न गरेको पाइन्छ । संस्थागत संलग्नताकै समयावधिमा विभिन्न राष्ट्रियस्तरका साहित्यिक पत्रिकाहरूका सम्पादन मण्डलमा रही काम पनि गरेको देखिन्छ । त्यस्ता पत्रिकाहरूमा प्रज्ञा (वि.स. २०५१), समकालीन साहित्य (वि.स.२०५१), कविता (वि.स.२०५१), सयपत्री (वि.स. २०५२) उल्लेख्य रहेका छन् । यी चारवटै पत्रिका नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानसँग संलग्न रहेको बेला सम्पादन गरेको देखिन्छ ।

## २.५. भ्रमण

ध्रुवचन्द्र गौतमले आफ्नो लेखकीय परिवेशका निम्ति भ्रमणलाई आफ्नो रुचिक्षेत्र बनाएको देखिन्छ । उनले व्यक्तिगत रूपमा परिवारका सदस्यहरूसँग र साथीभाइहरूसँग प्रसस्तै भ्रमण गरेका छन् । विभिन्न संस्थाहरूसँग संलग्न रहेका बेला पनि त्यस संस्थाका सहकर्मीहरूसँग प्रसस्तै अनौपचारिक भ्रमणहरू गरेको थाहा हुन्छ । यसका साथसाथै गौतमले औपन्यासिक रूपमा देश-विदेशमा विभिन्न ठाउँको भ्रमण गरेको देखिन्छ । यस्ता केही भ्रमणहरूलाई यसप्रकार प्रस्तुत गर्न सकिन्छ :-

☞ साझा प्रकाशनबाट सञ्चालनकका रूपमा - जापान (वि.स. २०३८)
☞ पेन नेपालको प्रयोजनमा नेपाली साहित्यकारहरूको प्रतिनिधिको रूपमा -क्यानडा (वि.स.२०४६)
☞ कोरियन पेनद्वारा आयोजित एसियाली लेखक सम्मेलनमा नेपाली लेखकको प्रतिनिधित्व गर्दै - कोरिया ( वि.स. २०४८)
☞ वी.पी. कोइराला फाउन्डेसनको आयोजनामा नेपाली साहित्यिक प्रतिनिधिमण्डलको नेतृत्व गर्दै - भारत (वि.स. २०५०)

☞ वी.पी. कोइराला फाउन्डेसनको आयोजनामा नेपाली साहित्यिक प्रतिनिधिमण्डलको नेतृत्व गर्दै - स्कटल्याण्ड (वि.स. २०५४) ।
☞ जापान फाउन्डेसनको निमन्त्रणामा - जापान (वि.स. २०५५)
☞ नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सांस्कृतिक आदानप्रदान कार्यक्रममा - चीन (वि.स.२०५६)

उपर्युल्लिखित अन्तराष्ट्रियस्तरका विभिन्न औपचारिक भ्रमणहरू जो गौतमले विभिन्न प्रसङ्गमा गरेको देखिन्छ । यस्ता भ्रमणहरूले गौतमको व्यक्तित्वलाई अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याएका छन् ।

गौतमका कृतिहरू असाध्यै प्रकृतिचित्रण पाइनु पनि उनको भ्रमणशील व्यक्तित्वको प्रभाव मान्न सकिन्छ । उनले स्वदेशका धार्मिक, सांस्कृतिक, शैक्षिक र प्राकृतिक महत्वका महत्वपूर्ण स्थलहरू प्राय: सबैको भ्रमण गरेको बुझिन्छ । विशेषत: देशका विभिन्न ठाउँमा हुने साहित्यिक कार्यक्रमहरूमा अतिथि र प्रमुख अतिथिको रूपमा गौतमको उपस्थिति उल्लेख्य पाइन्छ । यसर्थ स्वदेश तथा विदेशका भ्रमणहरूले गौतमलाई भ्रमणशील व्यक्तित्वको रूपमा मात्र नचिनाएर उनका कृतिलाई विविधता दिन र उनको व्यक्तित्वलाई उच्च बनाउन टेवा पुगेको देखिन्छ ।

## २.६ सिर्जनात्मक पक्ष

गौतमको सिर्जनात्मक पक्ष कुनै एक-दुई विधामा मात्र सीमित नरही नेपाली साहित्यमा प्रचलित प्राय: सबै विधाहरूसम्म फैलिएको देखिन्छ । गौतमका विभिन्न विधागत व्यक्तित्वलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

### २.६.१. कवि

गौतमले कविता विधाबाटै आफ्नो साहित्यिक यात्रा सुरू गरेको पाइन्छ । उनको प्रथम प्रकाशित कविता **तटस्थता:असफलता**(रूपरेखा ३/३,२०२० ) शीर्षकको कविता हो भने लेखनका दृष्टिले चाहिँ प्रथम रचना **सरस्वती तिम्रो शक्ति महान** हो । यसपूर्व यिनले हिन्दीमा पनि केही कविताहरू लेखेका र तीमध्ये **परिचयकी विरक्ति** शीर्षकको कविता लखनउबाट प्रकाशित हुने **उत्कर्ष** नामक पत्रिकामा वि.स२०१९ सालमा प्रकाशित भएको देखिन्छ । वि.सं.२०१८ सालतिर यिनले दैनिक एउटाका दरले लगातार एक वर्षसम्म कविता लेखेको जानकारी पाइन्छ । यिनै कवितामध्येबाट **ह्याङ्गरमा झुण्डिएको आकाश** शीर्षकको कवितासङ्ग्रह तयार गरी वि.सं.२०१९ सालमा प्रकाशनार्थ मदन पुरस्कार गुठीमा बुझाएको तर त्यो अझै पनि अप्रकाशित नै रहेको देखिन्छ ।[८] वि.सं. २०१४ सालदेखि वि.सं.२०१५ सालबीचमा पूर्णरूपमा कवितामा नै केन्द्रित रहेको पाइन्छ ।(११) रूपरेखा पत्रिकामा **तटस्थता: असफलता** कविता प्रकाशित गरी औपचारिक रूपमा साहित्यमा प्रवेश गरेका गौतमका अन्य फुटकर कविताहरूमा **अन्तयहीनकम**(रूपरेखा ५/३ २०२१), **रानीपोखरीको किनारमा** (रूपरेखा ६/१ २०२३), **अवषेश नगर एक परिचय** (रूपरेखा ८/२ २०२४), **दिन टुकाहरूमा** (रत्नश्री १०/६,२०३०), **नववर्ष**(मधुपर्क २०३६) उल्लेख छन् । यसबाहेक उनका केही कविताहरू **बाढी** उपन्यासभित्र संलग्न रहेका छन् । यिनले मदनपुरस्कार गुठीमा प्रकाशनार्थ बुझाएको कवितासङ्ग्रह **ह्याङ्गरमाथि झुण्डिएको आकाश** प्रकाशित भएको भए कतै आख्यानभन्दा

---

८ आख्यानपुरूष डा. ध्रुवचन्द्र गौतम, पूर्ववत्, पृ १२

बढी कविता विधामै निरन्तरता दिने थिए कि भन्ने अड्कल काट्न सकिन्छ । उनका कविताहरूमा तत्कालीन अवस्थाको मूल प्रवृत्ति प्रयोगधर्मिता नै मुख्य रूपमा प्रवाहित भएको देखिन्छ । जीवनको निस्सारता, विसङ्गति, विकृति आदिलाई यिनले आफ्ना कविताको मूलस्वर बनाएका छन् । यिनले आफ्ना कवितामा प्रेम, आर्थिक अभाव, त्यसबाट दमित मानवीय इच्छा र आकाङ्क्षा, सहरीया विकृति र विसङ्गति, बेरोजगारी, यान्त्रिक र तनावग्रस्त बन्न पुगेको मानवीय अस्तित्वको खोजी, वैचारिक, मानसिक विद्रोह जस्ता युगीन विषयवस्तुलाई भावमय र मर्मस्पर्शी तुल्याएर प्रस्तुत गरेका छन् ।[९] उनका कविताका नमुनालाई निम्नानुसार लिन सकिन्छ :-

(क) ......आज
झोक्राएको बिहानमा
हाँस्न खोज्दा थाहा भो
कसैले खुसीको पाकेट मारेको छ
कुनै विषालु सर्पले आएर
मनमा फुल पारेको छ ।

सल्लाघारीहरू
पहाडलाई जिस्क्याउँछन्
पहाड मलाई गिज्याउँछन्
म जति माथि उक्लन्छु
हरेक सपनाको द्वारबाट रिटायर्ड भएर फर्कन्छु (बाढी, पृ.१६७)

(ख) यो वर्षाको याममा
हरेक बिहान हरेक साँझ
ए मेरी प्रेमिका
मलाई तिम्रो याद आउँछ ।

जैले पनि कसैलाई
प्रेम गरिरहेको देख्छु
बादलको अञ्जुलीबाट
फूल झरिरहेको देख्छु
कुनै चकमन्न रातको सपनामा
विरोधको खोला तरिरहेको देख्छु
मन उदास हुन्छ
यौटा रिक्तता भरिन्छ
तिम्रो याद आउँछ । (बाढी, पृ.१६३-१६४)

उपर्युल्लिखित दुई कवितांशले गौतमको कवि व्यक्तित्वलाई बुझ्न सकिन्छ ।

## २.६.२. गीतकार

---

९ राजेन्द्र सुवेदी, पूर्ववत पृ.३

गौतमको गीतकार व्यक्तित्व कवि व्यक्तित्व सँगसँगै प्रस्फुटन भएको देखिन्छ । उनले जुन समयमा कविता लेखे, त्यही समयमा गीत पनि लेखे । उनका गीतमा पनि कवितामा जस्तै विशेषता वा प्रवृत्तिहरू पाइन्छन् । तुलनात्मक रूपमा कविताहरू प्रयोगधर्मितातर्फ उन्मूख छन् भने गीत प्रेम, प्रणयजस्ता विषयवस्तुमा सरलतातिर बगेका देखिन्छन् । उनका कतिपय गीतहरू सङ्गीतबद्ध भएर रेकर्ड पनि भएका छन् । गीत लेख्नु मात्र नभएर कतिपय गीतमा आफैंले स्वर र सङ्गीत दिएको पनि पाइन्छ । उनका गीतहरू छुट्टै सङ्ग्रहका रूपमा नदेखिए पनि पत्रपत्रिकामा भने देखिएका छन् । उनका केही गीतिनमुनाहरू **बाढी** उपन्यासभित्र पनि पढ्न सकिन्छ । कोमल पदावलीयुक्त सम्प्रेष्य भाषामा उनका केही गीतिनमुनाहरू यसप्रकार अघि सार्न सकिन्छ :-

(क) हिँड आज सपना ती सारा रङ्गाइदिउँ
कि बादल डुलेझैं माया हाम्रो हुन्छ ।
आऊ तिमीलाई आँखाको ज्योति बनाऊँ
भन त तिम्रो लागि म आफैंलाई छाडूँ ।(बाढी, पृ.१८२-१८३)

(ख) बिर्सन सक्छु यो संसार म आफैंलाई
तिम्रो मीठो अनुहार बिर्सिन सक्तिन । (बाढी, पृ.३३०)

(ग) यो मनभित्र गुम्सिएको बादल
आज आँखाबाट दर्कियो
क्षितिजको अँध्यारो त्यो तलाउमा
यो सूर्य मन नलागी नलागी डुब्दछ । (बाढी,पृ. २३३)

उपर्युल्लिखित गीतिनमुनाले गौतमको गीतकार व्यक्तित्वको आङ्कलन गर्न सकिन्छ ।

### २.६.३. निबन्धकार

ध्रुवचन्द्र गौतमको निबन्धकार व्यक्तित्व मूलतः स्तम्भलेखनका रूपमा पत्रपत्रिकाहरूमा छरिएर रहेको पाइन्छ । पञ्चायती राजनीतिमा देखिएका विकृति र असन्तुष्टिको भावना व्यक्त गर्ने गौतम साहित्य, संस्कृति, राजनीति र आर्थिक क्षेत्रमा देखिएका विसङ्गतिलाई प्रस्तुत गर्ने लेखनमा सक्कली र नक्कली नाममा सामयिक लेख लिएर देखिएका छन् ।[१०] रूपरेखा, साप्ताहिक मञ्च, साप्ताहिक जनज्योति, साप्ताहिक विमर्श, देशान्तर आदि पत्रिकामा पृथ्वी उपनामबाट गौतमद्वारा लिखित निबन्धात्मक स्तम्भहरू प्रकाशित भएको देखिन्छ । रूपरेखाको स्तम्भमा प्रकाशित लेखहरू साहित्यिक निबन्धका दृष्टिले उच्च रहेका छन् । सामयिक महत्वका घटना, चरित्र र सामाजिक विसङ्गतिका प्रक्रियाहरूलाई अनावरण गर्ने शिल्पमा अल्झेका गौगमको स्तम्भलेखन व्यङ्ग्यमूलक छ र विकृतिको निराकरणका निमित्त शक्तिशाली माध्यम सावित भएको छ ।[११] गौतमका निबन्धहरू छुट्टै सङ्कलनका रूपमा बाहिर आइसक्न बाँकी नै छन् । उनले रचना गरेको संस्मरणात्मक निबन्ध **बाल्यकाल** (२०५०) महवपूर्ण छ ।[१२]

---

१० राजेन्द्र सुवेदी पूर्ववत् पृ.,८ ।

११ ऐजन, पृ.८ ।

१२ खगेन्द्रप्रसाद लुइटेल, समकालीन साहित्य, वर्ष ५: अङ्क ४, पूणाङ्क २०, कार्तिक-पुष, वि.सं. २०५२,पृ. ११४ ।

### २.६.४ नाटककार

गौतमको नाटककार व्यक्तित्वलाई नाटककार र एकाङ्कीकार दुई व्यक्तित्वमा विभाजन गरी अध्ययन गर्न सकिन्छ ।

### २.६.४.१ नाटककार

गौतमको नाटककार व्यक्तित्व निकै सबलरूपमा फस्टाएको पाइन्छ । आख्यान र नाट्यजगतमा सफलता पाएका गौतमको नाटककार व्यक्तित्व गुणात्मकरूपमा उपन्यासकार व्यक्तित्वसँग प्रतिस्पर्धी देखिन्छ । उनका यस्ता नाटकहरू यसप्रकार छन् :-

**त्यो एउटा कुरा**(वि.सं.२०३०)
**भष्मासुरको नलीहाड**(वि.सं.२०३७)
**श्रीकृष्णलीला**(गीतिनाटक,वि.सं.२०४१,मञ्चन)
**दुर्गावतार**(नृत्यनाटिका,वि.सं.२०४२, मञ्चन)

गौतमका उक्त नाटकहरूमध्ये **श्रीकृष्णलीला** र **दुर्गावतार** क्रमशः गीतिनाटक र नृत्यनाटिका हुन् भने **त्यो एउटा कुरा** र **भष्मासुरको नलीहाड** र त्यस सङ्ग्रहमा सङ्गृहीत नाटकहरूलाई मानक नाटकको नमुनामा लिन सकिन्छ । नाटककार गौतमको नाट्यलेखन परम्परित नाट्यलेखनभन्दा भिन्न छ । यिनले खासगरी वि.सं.२०५०-६० को दशकतिर पश्चिमी नाट्यजगत्मा प्रचलित अस्तित्ववादी-विसङ्गतिवादी नाट्यलेखन परम्पराको अनुसरण र त्यसको सफल प्रयोग गर्ने नेपाली नाटककारहरूमा यिनको अग्रस्थान रहेको छ ।
मानवीय जनजीवनमा व्याप्त निस्सार र विसङ्गत परिस्थितिलाई यिनले नाटकका माध्यमबाट अभिव्यक्त गरेका छन् । विसङ्गतिवादी नाट्यलेखनमा मानवीय जीवनका निस्सारता, नैराश्य, असङ्गत परिस्थिति आदिलाई हाँस्यव्यङ्ग्यात्मक, रहस्यात्मक, स्वैरकल्पनात्मक आदि ढङ्गमा प्रस्तुत गरेको देखिन्छ । नेपालीमा यसप्रकारको प्रयोग यिनका नाट्यकृतिहरूबाटै सुरू भएको पाइन्छ ।[१३] गौतमले आफ्ना नाटकमा मानवीय विवशता, भय, त्रास, असुरक्षा, बाध्यता, सत्ता र शक्तिको उन्माद एवम् त्यसको दुरुपयोग, अज्ञात चाहनाको खोजी, सामाजिक मूल्यमान्यता र आस्था लगायतमा अनेक समस्याहरूका साथै राजनैतिक विसङ्गति, दुर्घटित सामाजिक परिवेश आदिलाई प्रस्तुत गरेको पाइन्छ ।[१४] उनका नाटकमा क्षीण र स्थूल कथानकको प्रयोग गरी असङ्गत र विशृङ्खल मानवीय मूल्य र मान्यतालाई श्यामव्यङ्ग्यात्मक तथा स्वैरकल्पनात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ । राज्यमा व्याप्त राजनैतिक, आर्थिक, सामाजिक विकृति-विसङ्गति र दूरावस्था, अन्धविश्वासरूपी सङ्कीर्णतामा जकडिएका मानवीय जीवनका बाध्यता, निरीहता, युगबोध आदिलाई तिलस्मी र जादूमय अतिकल्पनाको समेत प्रयोग गरी नवीन शिल्पसज्जाका साथ प्रयोग गरिएको पाइन्छ ।[१५]

गौतमले आफ्ना नाटकमा मौलिकताका साथ पौराणिक विषयवस्तुलाई आधुनिक र नवीन रूपमा प्रस्तुत गरेको पाइन्छ । मानवीय विवशता र बाध्यतालाई यथार्थवादी ढङ्गबाट प्रस्तुत

---

१३ आख्यानपुरूष डा. ध्रुवचन्द्र गौतम, पूर्ववत, पृ. १६ ।

१४ ऐजन, पृ. १६ ।

१५ ऐजन, पृ. १६ ।

गरिएका यिनका नाटक मञ्चनका दृष्टिले पनि उत्कृष्ट देखिन्छन् । गौतमका नाटकमा प्रयोगशीलता पाइन्छ । चरित्रचित्रण र भाषाशैलीगत नवीनता पाइन्छ । गौतमका नाटकमा पात्रप्रयोग बहुसङ्ख्यक र अल्पसङ्ख्यक दुवै भेटिन्छ । विभिन्न बिम्ब, प्रतीक र मिथकको प्रयोग स्वभाविक ढङ्गले गरेको पाइन्छ । उनका नाटक प्रयोगधर्मी भएर पनि मञ्चनीय देखिन्छन् । नाटककार गौतम मञ्च र पर्दानाटकमा दुवैतर्फ उपयोगी नाटक लेख्न सफल देखिन्छन् । वि.सं.२०२९ सालतिर **कट्टेलसरको चोटपटक**लाई **वासुदेव** शीर्षकमा चलचित्रको रूप दिन सफल भएका गौतमका **अलिखित** र **निमित्तनायक** पनि धारावाहिक चलचित्रका रूपमा प्रदर्शित भैसकेका छन् । त्यस्तै **राप**को कथानक, पटकथा र सम्वादका निर्माता बनेका गौतमको पर्दामञ्चको क्षमता पनि तीव्र देखिन्छ । उनले कथा र पटकथा लेखक, सम्वाद लेखक र अभिनय, निर्देशक व्यक्तित्व समेतको प्रदर्शन गरेको देखिन्छ ।[१६]

## २.६.४.२. एकाङ्कीकार

गौतमले विद्यार्थी जीवनमै एकाङ्की लेखनबाट आफ्नो नाट्ययात्रा सुरू गरेका हुन् । यिनको पहिलो एकाङ्की वि.सं.२०१८ सालतिर विद्यार्थी जीवनमा लेखिएको **पिकनिक**(बाढी,पृ.१२५) हो ।[१७] पिकनिक जाने विषयमा उत्पन्न खलबल र सामाजिक बिडम्बनाहरू समेत अभिव्यञ्जित यो एकाङ्की तत्काल वीरगञ्जमा निकै भीडभाडका साथ अफ भनौ पूर्ण सफलताका साथ मञ्चन भएको पाइन्छ ।[१८] उनका नाटक र एकाङ्कीमा खास त्यस्तो अन्तर नदेखिए पनि आकारका आधारमा उनका केही नाट्यकृतिहरूलाई एकाङ्कीको रूपमा छुट्याउन सकिन्छ । उनका यस्ता कृतिहरू हुन्:-

**पिकनिक**(वि.सं.२०१८,मञ्चन)
**समानान्तर**(वि.सं.२०३९,मञ्चन)
**द्वन्द्व**(वि.सं.२०४०)
**नाटक कसरी थाल्ने हो** ?(वि.सं.२०५२)
**कीर्तिमान**(वि्सं २०५३)

उल्लिखित एकाङ्कीहरू बाहेक उनका कथाहरू पनि टेलिचलचित्रका रूपमा एकाङ्की आकारमै देखिएका छन् । उनका एकाङ्कीगत विशेषताहरू नाटकबाट अभिन्न रूपमा देखिन्छन् । उनका एकाङ्कीहरूमा परम्परित एकाङ्की लेखनभन्दा अलग शैली पाइन्छ । मानवीय जीवनमा निस्सार र विसङ्गत परिस्थितिलाई यिनले आफ्ना एकाङ्कीहरूबाट अभिव्यक्त गरेको दखिन्छ । यिनको एकाङ्की नमुना **बाढी** उपन्यासभित्र पनि देख्न सकिन्छ ।

उनका एकाङ्कीमा अन्य विधाहरू उपन्यास र नाटकमा जस्तै सहभागीको विशिष्ट संयोजन, मिथक, प्रतीक, अधिकल्पना, स्वैरकल्पना आदिको समुचित प्रयोग, विशिष्ट संवादयोजना, प्रभावपूर्ण भाषाशैलीय विन्यास, विसङ्गतिवादी-अस्तित्ववादी दर्शनको प्रस्तुति आदि पाइन्छ ।

---

[१६] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ७ ।

[१७] आख्यानपुरूष डा. ध्रुवचन्द्र गौतम, पूर्ववत्, पृ १४ ।

[१८] ऐजन, पृ. १४ ।

गौतमको नाटककार (एकाङ्कीकार/नाटककार) शिल्पलाई समग्ररूपमा हेर्दा कथानक र सहभागीको विशिष्ट संयोजन, मिथक, बिम्बप्रतीक,अधिकल्पना, स्वैरकल्पना, परिकल्पना आदिको समुचित प्रयोग, विशिष्ट संवादयोजना, प्रवाहपूर्ण भाषाशैलीय विन्यास, स्वभाविक प्रस्तुति, श्यामव्यङ्ग्यको सटीक प्रयोग, युगबोध चिन्तनशीलता, विसङ्गतिवादी-अस्तित्ववादी दर्शनको जीवन्त प्रस्तुति जस्ता अभिलक्षणहरू पाइन्छन् ।[१९]

### २.६.५ आख्यानकार

ध्रुवचन्द्र गौतमलाई साहित्ययात्राको पचास वर्ष र जीवनयात्राको साठी वर्ष पुगेको उपलक्ष्यमा आख्यानपुरुषको उपाधि दिइएको छ । गौतमको आख्यानकार व्यक्तित्व अन्य सिर्जन व्यक्तित्वभन्दा उच्च देखिन्छ । उनको आख्यानकार व्यक्तित्वलाई पनि कथाकार र उपन्यासकार गरी दुई व्यक्तित्वमा छुट्टाछुट्टै अध्ययन गर्न सकिन्छ ।

### २.६.५.१. कथाकार

ध्रुवचन्द्र गौतमको साहित्यसिर्जनाको एक महत्वपूर्ण व्यक्तित्वका रूपमा कथाकार व्यक्तित्वलाई पाउन सकिन्छ । यिनको कथायात्राको प्रारम्भ पनि कवितायात्राको प्रारम्भ सँगसँगै भएको पाइन्छ । यिनको प्रथम प्रकाशित कथा **यात्रानुभूति** हो । यसै कथालाई कतैकतै **एक यात्रानुभूति** शीर्षक दिएको पनि पाइन्छ । जे भए पनि गौतमको प्रथम कथा वि.सं.२०२० सालको रूपरेखा पत्रिकामा प्रकाशित भएको देखिन्छ । त्यसपछि निरन्तर कथासिर्जनामा लागेका गौतमका प्रकाशित कथासङ्ग्रहहरूलाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छः:-

**अँध्यारो द्वीपमा**(वि.सं.२०३५)
**गौतमका केही प्रतिनिधि कथाहरू**(वि.सं.२०४४)
**संरक्षक**(२०४८)
**ध्रुवचन्द्रका एकाउन्न कथाहरू**(२०४८)
**साठी वर्षमा हृदयघात तथा कथा दृष्टिकोण**(२०६०)

उपर्युल्लिखित सङ्ग्रहका साथसाथै गौतमका थुप्रै कथाहरू पत्रपत्रिकामा छरिएर रहेका छन् । उनका पौराणिक कथाहरू पनि देखिएका छन् । समग्र कथासृजनलाई हेर्दा यिनी परम्परित कथासिर्जनाभन्दा भिन्न प्रयोगधर्मी कित्तामा देखापरेका छन् ।[२०] गौतमका प्रारम्भिक अवस्थामा लेखिएका कथाहरूमा पनि कथ्य र शिल्पगत नवीनता र प्रयोगशीलता पाइन्छ । वि.सं.२०२० र वि.सं. २०३० को दशकमा देखिएका गौतमका कथामा मानवीय जीवनमा अस्तित्वको प्रश्न, प्रेम र त्यसबाट उत्पन्न विकृति र विसङ्गति, विवाहित र अविवाहित नारी मनस्थिति, आर्थिक अभावबाट उत्पन्न समस्या, बेरोजगारी र त्यसबाट सिर्जित अन्य सामाजिक समस्या, रहस्यात्मकता, सहरीया दुष्प्रवृत्ति, यौनजन्य समस्या आदि अनेक विषयवस्तुको मार्मिक अभिव्यञ्जना गरिएको देखिन्छ ।[२१] त्यस समयावधिमा सिर्जित कथाले ग्रामीण र सहरीया दुवै परिवेशलाई समेटिएको पाइए पनि

---

[१९] ऐजन, पृ. ७ ।

[२०] ऐजन, पृ.१७ ।

[२१] ऐजन, पृ. १७ ।

सहरीया विकृति र विसङ्गतिलाई बढी जीवन्ततताका साथ अभिव्यक्त गरेको पाइन्छ । यसप्रकारको अभिव्यक्तिको लागि व्यक्तिगत पात्रको भन्दा प्रतिनिधि पात्रको अधिक प्रयोग पाइन्छ ।[२२]

वि.सं. २०३० सालको दशकपछि सिर्जित गौतमका कथामा शिल्प र संरचनागत नवीनता, विषयवस्तुगत व्यापकता, प्रस्तुतिगत व्यापकता, स्वैरकल्पनाको आधिक्य, भाषिक सरलता र सहजता, सामाजिक विकृतिका साथै राजनैतिक र अन्य प्रकारका विकृतिहरूको रहस्योद्घाटन, घुसखोरी, भ्रष्टाचार, दूराचार, निम्न बेतनभोगी कर्मचारीहरूका आर्थिक आदि समस्या, चाकरी, चाप्लुसी, चुक्ली र त्यसबाट उत्पन्न नकारात्मक असर, युवा बेरोजगारी र त्यसबाट उत्पन्न समस्या, आर्थिक अभावका कारण वेश्यावृत्ति गर्नुपर्ने बाध्यता र विवशता आदिको जीवन्त प्रस्तुति पाइन्छ ।[२३]

गौतमका कथामा प्रशस्त युगबोध देखिएको छ । प्रजातन्त्र प्राप्तिपछि देखापरेका राजैतिक कारणबाट उत्पन्न सामाजिक-आर्थिक विसङ्गति, अनैतिकता, महङ्गी, ढीलासुस्ती, कालाबजारी, अनावश्यक आश्वासन आदिलाई पनि उद्घाटन गरेको देखिन्छ । प्रवृत्तिगत रूपमा गौतम यथार्थवादी देखिएका छन् ।

गौतम प्रयोगधर्मी कथाकार हुन् । यिनको प्रयोगधर्मिता कथाको संरचना र भाषाशैलीय विन्यास तथा कथ्य र शिल्प सबै क्षेत्रमा पाइन्छ । स्वैरकल्पना र श्यामव्यङ्ग्यको विशिष्ट प्रयोग यिनको प्रयोगधर्मिताको एउटा महत्वपूर्ण पाटोको रूपमा रहेको छ ।[२४]

गौतमको प्रथम कथासङ्ग्रह **अँध्यारो द्वीपमा** (वि.सं. २०३५) वि.सं.२०२२ सालदेखि वि.सं.२०३१ सालभित्रमा रचना गरिएका जम्मा पच्चीसवटा कथाहरू सङ्कलित रहेको पाइन्छ । दोस्रो कथा सङ्ग्रह **गौतमका प्रतिनिधि कथाहरू**(वि.सं.२०४४)मा पहिलो प्रकाशित कथा यात्रानुभूति( देखिएको छ । गौतमले सङ्ख्यात्मक मात्र नभई गुणात्मक उचाइ पनि नाप्न सकेको देखिन्छ । अतः ध्रुवचन्द्र गौतमको कथाकार व्यक्तित्व एक उच्च व्यक्तित्वको रूपमा देखिएको छ ।

### २.६.५.२. उपन्यासकार

ध्रुवचन्द्र गौतम मूलतः आख्यानकार नै हुन् । उनको आख्यानकारिता कथामा भन्दा बढी उपन्यासमा फैलिएको देखिन्छ । अन्य विधाको तुलनामा गौतमको प्रियविधा पनि उपन्यास नै हो ।[२५] उनले सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले मूल्यवान् उपन्यासहरू दिएर नेपाली आख्यानसाहित्यको छविलाई उच्च तुल्याएका छन् । उनको उपन्यासलेखनलाई जम्मा दुई भागमा बाँडेर अध्ययन गर्न सकिन्छ । सहलेखन र एकललेखन कृतिहरूको सूची यसप्रकार प्रस्तुत गर्न सकिन्छ :-

***-सहलेखनका औपन्यासिक कृतिहरू***

**आकाश विभाजित छ**(वि.सं.२०३५)ध्रुवचन्द्र गौतम+ध्रुव सापकोटा

**देहमुक्त**(विं सं.२०४०)ध्रुवचन्द्र गौतम+वञ्जु शर्मा

**ज्यागा**(वि.सं.२०५०)ध्रुवचन्द्र गौतम+ध्रुव सापकोटा

---

२२ ऐजन, पृ. १७ ।

२३ ऐजन, पृ. १७ ।

२४ ऐजन, पृ. १८ ।

२५ ध्रुवचन्द्रबाट प्राप्त जानकारी

**जेलिएको**(वि.सं.२०६२)ध्रुवचन्द्र गौतम+राम उपाध्याय
**अवतार विघटन**(वि सं.२०४४)खण्ड-१(शैलेन्द्र साकार), खण्ड-२(कविता राम), खण्ड-३(ज्ञानुवाकर पौडेल), खण्ड-४(देवेन्द्रप्रताप शाह), खण्ड-५(दौलतविक्रम विष्ट), खण्ड-६(जइन्द्र जीवन), खण्ड-७(ध्रुवचन्द्र गौतम), खण्ड-८(कुमुद देवकोटा), खण्ड-९(नकुल सिलवाल), खण्ड-१०(ध्रुव अधिकर्मा), खण्ड-११(सीता पाण्डे), खण्ड-१२(ध्रुव सापकोटा), खण्ड-१३ र १४(जनार्दन जोशी)

***-एकल औपन्यासिक कृतिहरू***

**अन्यपछि**(वि.सं.२०२४)
**बालुवामाथि**(विंसं.२०२८)
**डापी**(वि.सं.२०३३)
**कट्टेलसरको चोटपटक**(वि.सं.२०३७)
**अलिखित**(वि.सं.२०४०)
**निमित्तनायक**(विं सं.२०४३)
**स्व. हीरादेवीको खोज**(विं सं.२०४५)
**एक सहरमा एक कोठा**(वि. सं.२०४६)
**उपसंहार अर्थात् चौथो अन्त्य**(विं सं.२०४८)
**दुविधा**(वि.सं.२०५२)
**अग्निदत्त+अग्निदत्त**(वि.सं.२०५३)
**फूलको आतङ्क**(वि.सं.२०५५)
**बाढी**(वि.सं.२०५६)
**सहस्राब्दीको अन्तिम प्रेमकथा**(वि.सं.२०५७)
**मौन**(वि.सं.२०५८)
**तथाकथित**(वि.सं.२०५९)
**भीमसेन-४को खोजी**(वि.सं.२०६१)
**घुर्मी**(वि.सं.२०६२)

गौतम केवल साहित्यकार, समालोचक र साहित्यपिपासु पाठकहरूको लागि मात्र होइन, सिङ्गै बौद्धिकजगत्का लागि उपन्यासका माध्यमबाट परिचित रहेका छन् । उनको नाम केवल नेपाली साहित्यजगतका लागि मात्र होइन, सिङ्गै नेपालराष्ट्रका लागि नै गर्व गर्न लायकको विषय बन्न पुगेको देखिन्छ ।[२६]

कविताबाट आफ्नो लेखनयात्रा सुरू गरेका गौतमले उपन्यासमा पुगेर आफ्नो साहित्यिक प्रतिभालाई फाँटिलो र ओजिलो बनाएको देखिन्छ । कथा र नाट्यक्षेत्रमा देखिएको उचाइलाई उपन्यासले उछिन्न सकेको देखिन्छ । उनले उपन्यासलेखन परम्परामा नवीन शिल्प-शैली र प्रयोग सँगसँगै औपन्यासिक उच्चता पनि दिन सकेको पाइन्छ । अनुभवन्यास र सूत्रउपन्यास गौतमको उपन्यासकारिताका नेपाली साहित्यमै नवीन प्रयोगहरू हुन् । सहलेखनको परम्परामा समेत गौतमको योगदान उच्च देखिन्छ । झण्डै आधादर्जन उपन्यासहरूमा सहलेखनका रूपमा देखिएका गौतमसँगको सहलेखनबाट अन्य उपन्यासकारहरूको समेत लेखकीय व्यक्तित्व माथि उठेको देखिन्छ । उनका एकल कृतिहरूले त साहित्यिक, बौद्धिक दुवै स्तरलाई आँक्न सकेको देखिन्छ ।

---

[२६] ज्ञानु पाण्डे, आख्यानपुरूष डा. ध्रुवचन्द्र गौतम, अभिनन्दन ग्रन्थ, चितवन बाङ्मय प्रतिष्ठान, २०६०, पृ. २५ ।

एकभन्दा अर्को नवीन र नवीनतम् उपन्यासस्रष्टा गौतमको औपन्यासिक लेखनको निरन्तरता पनि महत्वपूर्ण पक्ष देखिन्छ । गौतमका उपन्यासहरूमा विविधता रहनाले उनका औपन्यासिक प्रवृत्तिहरूलाई सीमित बुँदाहरूमा सीमाङ्कन गर्न कठिन देखिन्छ । उनका प्रमुख उपन्यासहरूका मूल-मूल प्रवृत्तिका आधारमा गौतमका समग्र औपन्यासिक प्रवृत्तिहरूलाई निम्नानुसार अघि सार्न सकिन्छ :-

☞ युगीन परिवेशका बहुविद् विषयवस्तुको चिन्तनमूलक र प्रभावकारी प्रस्तुति,
☞ युगीन जनजीवनको यथार्थमूलक अभिव्यक्ति,
☞ अस्तित्ववादी -विसङ्गतिवादी चिन्तन,
☞ प्रायः शिक्षित र बौद्धिक खालका प्रतिनिधिमूलक पात्रको प्रयोग,
☞ सहज र विश्वसनीय चरित्रचित्रण,
☞ विशिष्ट परिवेशको निर्माण,
☞ आञ्चलिक छनकका साथ जन्मभूमि वीरगञ्जको जीवनचित्र प्रस्तुत,
☞ श्यामव्यङ्ग्यको एकल र सफल प्रयोग,
☞ स्वैरकल्पना, मिथक, प्रतीक, पुराकथा आदिको विशिष्ट र निजात्मक प्रस्तुति,
☞ सूत्रउपन्यास र अनुभवन्यासका माध्यमबाट नवीन औपन्यासिक संरचनाको निर्माण,
☞ सहज, सरल, स्वभाविक र प्रवाहपूर्ण भाषा तथा अनौपचारिक शैलीको प्रयोग,
☞ वस्तु, शिल्प र संरचनामा नवीनतामा र विशिष्ट प्रयोगधर्मिता,
☞ नेपालीमा अतुलनीय र अद्वितीय उपन्यासको सिर्जना,

उपर्युल्लिखित विशेषताहरूका आधारमा गौतमको उपन्यासकारितालाई उच्च मूल्याङ्कन गर्न सकिन्छ। नेपाली उपन्यास परम्परामा गौतमको उपस्थितिले कथा र उपन्यास दुवै विधाहरूले ठूलो फड्को मारेको देखिन्छ । गौतमले दुवै विधाहरूमा समान महत्वका साथ सङ्ख्यात्मक र गुणात्मक उचाइका कृतिहरू दिएर नेपाली साहित्यलाई ठूलो गुन लगाएका छन् । अन्य विधाको तुलनामा आख्याननै गौतमको मूल रुचि बनेर देखा परेको छ। अतः गौतमका आख्यानकार व्यक्तित्व उच्च रहेको छ।

## २.७. चिन्तक

ध्रुवचन्द्र गौतम एक चिन्तकका रूपमा पनि परिचित छन् । उनका पत्रपत्रिकाहरूमा प्रकाशित स्तम्भहरूबाट गौतमको चिन्तनशील व्यक्तित्वलाई देख्न सकिन्छ । निबन्धकार व्यक्तित्व सँगसँगै गौतमको चिन्तनशील व्यक्तित्व गाँसिएको देखिन्छ । उनका पत्रपत्रिकाहरूका देखिएका चिन्तन सँगसँगै साहित्यसिर्जनाका क्रममा पनि विभिन्न चिन्तनहरू समेटिएको देखिन्छ । गौतमको सिर्जनामा विश्वसाहित्यमा देखापरेका यौनमनोविज्ञान, अस्तित्ववादी र विसङ्गतिवादी चिन्तनधारा जस्ता पक्षहरू देखिन्छन् ।[२७] गौतमको सिर्जना कलात्मकता र बौद्धिकताको समष्टिका रूपमा फक्रिरहेको पाइन्छ । उनी चिन्तशील बौद्धिक लेखकका रूपमा देखिन्छन् । गौतमको चिन्तनशील व्यक्तित्वलाई विभिन्न कार्यक्रममा प्रस्तुत, उनीद्धारा तयार पारिएका कार्यपत्रहरू, उनले व्यक्त गरेका मन्तव्यहरू र उनले निर्वाह गरेका बौद्धिक भूमिकाहरूले पनि प्रकाश पारिरहेको देखिन्छ ।

[२७] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ८ ।

## २.८. सम्मान तथा पुरस्कार

ध्रुवचन्द्र गौतमको साहित्यसाधना जति निरन्तर छ, त्यति नै उच्च पनि छ । उनको साहित्यप्रतिको समर्पणलाई जति सम्मान गरे पनि कमी नै लाग्दछ । गौतमको योगदानलाई राष्ट्रले उचित सम्मान गर्न नसके पनि व्यक्तिगत र संस्थागत रूपमा उनको योगदानको कदर हुँदै आएको देखिन्छ । उनले विभिन्न ठाउँबाट प्रशंसापत्र, कदरपत्र, सम्मानपत्र, अभिनन्दनपत्र साथै सानाठूला मूल्यका पुरस्कारहरू पनि प्राप्त गरेको देखिन्छ । गौतमले पाएका प्रमुख सम्मान र पुरस्कारहरू निम्नानुसार रहेका छन् :-

☞ नाटक अभिनयमा सर्वश्रेष्ठ नाटकको पुरस्कार (वि.स. २०१७)
☞ महेन्द्र विद्याभूषण (वि.स. २०३७)
☞ **अलिखित** उपन्यासका लागि मदन पुरस्कार (वि.स. २०४०),
☞ लियो क्लब सम्मान (वि.स. २०४०)
☞ **स्व. हीरादेवीको खोज** उपन्यासका लागि नारायणी वाङमय पुरस्कार (वि.स.२०४४)
☞ सिङ्गो साहित्यिक औपन्यासिक योगदानका लागि वसुन्धरा गङ्की पुरस्कार (वि.स. २०५०)
☞ आख्यान विधामा पुऱ्याएको योगदानको लागि सरस्वती पुरस्कार (वि.स. २०५१)
☞ चितवन वाङमय प्रतिष्ठानद्वारा अभिनन्दन (वि.स. २०५१)
☞ वीरगञ्ज सम्मान (वि.स.२०५६)
☞ **तथाकथित** उपन्यासका लागि साझा पुरस्कार, (............)

❖

# तेस्रो परिच्छेद

## ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्रा र घुर्मी उपन्यासको स्थान

### ३.१ परिचय

ध्रुवचन्द्र गौतमको साहित्यिक यात्रा कविताबाट सुरू भए पनि उपन्यासमा पुगेर फाँटिलो र स्तरीय बन्न पुगेको छ । गौतमको प्रथम उपन्यास **अन्त्यहीन** वि.सं. २०२४ सालको रूपरेखा पत्रिकामा प्रथम पटक प्रकाशित भएको देखिन्छ । गौतमको औंपन्यासिक यात्रालाई हेर्ने आधार पनि यही बनेको छ । गौतमले उपन्यास यसै समयदेखि मात्र लेखेका भने होइनन् तर प्रकाशनको आधारमा भने यसलाई नै आधार लिनुपर्दछ । यस अघिको औपन्यासिक यात्रालाई नेपथ्यकालीन यात्राको रूपमा लिन सकिन्छ । वि.स. २०२४ सालको बैसाखदेखि नेपाली उपन्यासपरम्परामा देखापरेका गौतम हालसम्म पनि निरन्तरता दिइरहेका छन् । नेपाली उपन्यासकारहरूका बीचमा तेस्रो पुस्ताका उपन्यासकारका रूपमा जन्मिएका गौतमले नेपाली औपन्यासिक अस्तित्वलाई अझ मजबुत बनाएको देखिन्छ । नेपाली उपन्यासको पहिलो पुस्ता भन्नाले **रुपमती** र **भ्रमर**का सर्जकहरू **रुद्रराज पाण्डे** र **रुपनारायण सिंह**लाई लिन सकिन्छ र यस पुस्ताको प्रमुख विशेषता भनेको **आदर्शवाद** र **स्वच्छन्दतावाद** रहेको देखिन्छ । नेपाली उपन्यासकारहरूको दोस्रो पुस्ता भन्नाले **सामाजिक यथार्थवादी** धाराका **लैनसिंह बाङ्देल, भिमनिधि तिवारी** र **दौलतविक्रम विष्ट** अनि **प्रगतिवादी** धाराका **हृदयचन्द्रसिंह प्रधान ,अच्छा राई रसिक, डी. पी. अधिकारी** आदिलाई लिन सकिन्छ । नेपाली उपन्यासको तेस्रो पुस्ता भन्नाले आदर्शवाद, स्वच्छन्दतावाद, यथार्थवाद, प्रगतिवाद आदिलाई उछिनेर आएका उपन्यासकारहरू **इन्द्रबहादुर राई, पारिजात**, **विश्वेश्वरप्रसाद कोइराला** र **ध्रुवचन्द्र गौतम**हरूले अवलम्बन गरेको **विसङ्गतिवादी अस्तित्ववादी** धाराको पुस्तालाई बुझिन्छ ।

इन्द्रबहादुर राईले **आज रमिता छ** उपन्यासमा नेपाली जनजीवनमा प्रवेश गरेका विसङ्गतिमूलक प्रवृत्तिलाई स्थान दिए भने यसै विसङ्गतिमूलक प्रवृत्तिलाई पारिजात र विश्वेश्वरप्रसाद कोइरालाले अस्तित्वको समेत स्वरूप दिए । मानव अर्न्तमनका विसङ्गतिलाई यौनचेतनाका माध्यमबाट प्रस्तुत गर्ने गोठाले र यसैलाई अस्तित्ववादी माध्यमबाट प्रस्तुत गर्ने पारिजातसमेतको समीकृत अवस्थामा उभिएर कथा लेख्ने गौतम उपन्यासमा यौनको अपेक्षा विसङ्गतितिर ढल्केका देखिन्छन् ।[२८] दष्टिकोणमा विसङ्गति र अस्तित्ववाद, प्रस्तुतीकरणमा प्रयोगवाद, चेतनामा स्वैरकल्पना मिश्रित प्रतीकात्मक ढाँचा अङ्गाल्ने उपन्यासकार गौतम तेस्रो पुस्ताका सफल साधक हुन् । पाश्चात्यजगतमा दोस्रो विश्वयुद्धपछि मौलाएका विसङ्गतिवादी र अस्तित्ववादी मान्यतालाई आफ्ना उपन्यासमा प्रयोग गर्ने गौतमका वि.सं. २०२४ सालमा देखिएका प्रवृत्तिलाई वि.सं.२०२८ सालमा प्रकाशित **बालुवामाथि**ले अझ फराकिलो बनाएको देखिन्छ । स्वैरकल्पना र अनुभूतिको तीव्रतालाई फाँटिलो बनाउदै जाने क्रममा वि.स. २०३२ सालमा समूह उपन्यास **आकाश विभाजित छ** र वि.स. २०३३ सालमा प्रकाशित **डापी** उपन्यासबाट चरमोत्कर्षमा पुग्न सफल भएको देखिन्छ । यतिबेरको विसङ्गति अन्तर्मुखी रूपमा आएको देखिन्छ भने वि.सं.

[२८] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ५ ।

२०३७ सालमा प्रकाशित उपन्यास **कट्टेलसरको चोटपटक**बाट भने बहिर्केन्द्र र मूर्त प्रस्तुतितिर उन्मूख भएको देखिन्छ ।[२९]

वि.स. २०४० सालमा प्रकाशित **अलिखित** उपन्यासले मदन पुरस्कार प्राप्त गरे पनि यसले प्रदर्शन गरेको रहस्यात्मकता र स्वैरकल्पनात्मकता **डापी** उपन्यासले वि.स. २०३३ सालमा वरण गरिसकेको देखिन्छ । वर्तमान विसङ्गतिपूर्ण तथ्यलाई जीवन्त रूप दिने सिलसिलामा पुरामिथकीय तत्वहरूलाई स्वैरकल्पनात्मक ढाँचामा ढालेर जीउँदो रूपमा प्रस्तुत गरिएको **अलिखित** उल्लेखनीय पक्ष हो । त्यसपछिका **निमित्तनायक** (वि.स.२०४३), **देहमुक्त**(वि.स.२०४०), **स्व.हीरादेवीको खोज** ( वि.स.२०४५), **एक सहरमा एक कोठा**(वि.स.२०४६) प्रायः उस्तै-उस्तै औपन्यासिक प्रवृत्ति पाइन्छ ।

वि.स. २०४८ मा प्रकाशित **उपसंहार अर्थात् चौथो अन्त्य**ले वि.स. २०४६ साल पछिको नेपाली क्षितिजमा देखापरेका राजनीति पर्यावरणलाई नै वस्तु बनाएर विसङ्गतिको पतोन्मुखी रूपको प्रस्तुति रहेको देखिन्छ । त्यसपछिका उपन्यासहरूलाई हेर्दा मूल प्रवृत्ति विसङ्गति नै देखिए पनि अनुभवन्यास र सूत्रउपन्यासको प्रयोगतर्फ लेखनी मोडिएको देखिन्छ ।

गौतमको समग्र औपन्यासिक यात्रालाई एकै ठाउँमा राखेर अध्ययन गर्न कठीन हुन्छ । केही-केही प्रवृत्तिगत समानता रहे पनि उनका उपन्यासहरू एकभन्दा अर्को नवीनरूपमा आएको पाइन्छ । उनले औपन्यासिक यात्रालाई हेर्दा पाँच दशकभन्दा लामो भइसकेको छ । उपन्याससङ्ख्या पनि दुईदर्जनजति पुगिसकेका छन् । समयको आधारमा हेर्ने हो भने प्रत्येक दशकका उपन्यासहरूलाई प्रत्येक चरणमा विभाजन गरेर पनि हेर्न सकिन्छ तर यहाँ यसो गर्दा पाँचौं चरणसम्म विभाजन गर्नुपर्ने र दशकका आधारमा गरिएका विभाजनमा औपन्यासिक नवीनताको पक्ष छुट्ने सम्भावनालाई हेरी यसो गरिएको छैन । उनको समग्र औपन्यासिक यात्रालाई प्रारम्भिक चरण र बिस्तार चरण गरी दुई भागमा विभाजन गरेर हेर्ने प्रयास गरिएको छ । प्रारम्भिक चरण भन्नाले उनको उपन्यास प्रकाशन आरम्भलाई लिइएको छ भने विकासचरण भन्नाले उनको बहुचर्चित र सफल उपन्यास **कट्टेलसरको चोटपटक** (वि.स. २०३७) पछि हालसम्मलाई नै लिइएको छ ।

### ३.१.१. प्रारम्भिक चरण(वि.सं.२०२४ देखि वि.सं.२०३६ सम्म)

उपन्यारकार ध्रुवचन्द्रको औपन्यासिक यात्रा **अन्त्यपछि**(वि.सं.२०२४)बाट सार्वजनिक भएको देखिन्छ । यसअघि पनि उनले उपन्यासलेखनमा विभिन्न प्रयास गरेको पाइन्छ ।[३०] तर ती सबै प्रयासहरू सार्वजनीकरण नभएकोले प्रारम्भिक प्रारम्भविन्दुका रूपमा **अन्त्यपछि**(वि.सं.२०२४)लाई नै मानिएको छ । यस चरणमा प्रकाशित अन्य उपन्यासहरूमा **बालुवामाथि**(वि.सं.२०२८), **डापी**( वि.सं.२०३३) र **आकाश विभाजित छ**(२०३५) पर्दछन् । यी उपन्यासहरूमध्ये **आकाश विभाजित छ**( वि.सं.२०३५) सहलेखनका रूपमा देखापरेको छ । यस चरणका उपन्यासमा उपन्यासकार गौतम जीवनलाई सून्य देख्छन् । उनी जीवनलाई निस्सार र निरुपाध्य भन्दै जीवनमूल्यमाथि प्रश्नचिन्ह देखाउँछन् । मानवीय मूल्यमान्यतामा कमी आएको औँल्याउँदै एक्लो जीवन बाँचेका थकित, कुण्ठित र निराश व्यक्तिको चरित्रचित्रण गर्न उद्दत देखिन्छन् । उनका अन्त्यपछि र बालुवामाथि उपन्यासले यस्तै विषयवस्तुलाई केन्द्र बनाएको देखिन्छ । **डापी** उपन्यासमा पनि भय र सन्त्रासको चरम

---

[२९] ऐजन, पृ. ५ ।

[३०] ध्रुवचन्द्र गौतमबाट प्राप्त जानकारी ।

अवस्था देखाइएको छ । कुनै गन्तव्य र दिशाविहीन मानवीय जीवनयात्रामा सिर्जित आतङ्क त्रासमय वातावरणको उद्घाटन गर्दै अस्तित्वको खोजी गरिएको छ । यस आधारमा गौतमका यस चरणका उपन्यासहरूमा प्रवृत्तिगतरूपमा अस्तित्ववादी-विसङ्गतिवादी चेत मुखरित भएको पाइन्छ । प्रत्येक नयाँ उपन्यासमा नयाँ प्रवृत्तिलाई स्थान दिनु एउटा विशेषता बनेर आएको छ । उनी यसै चरणमा उपन्यासलेखनको पुरानो परम्परालाई त्यागेर नयाँ परम्परालाई अङ्गाल्दै स्थापित पनि गराउँछन् । उनले उपन्यासमा हुनुपर्ने कथानक, चरित्र, घटनाको शिलशिला कुनै पक्षलाई पनि स्वीकार गरेको देखिँदैन । उनको लेखनी कथानकहीन उपन्यासलेखनतर्फ उन्मूख भएको देखिन्छ ।

यस चरणका उपन्यासमा समाजमा व्याप्त अन्याय, अत्याचार, अमानवीयता, अप्रजातान्त्रिकता, क्रूरता, शोषण, दमन, उत्पीडन जस्ता सामाजिक पक्षहरूलाई प्रतिबिम्बित गरेका छन् । यसको ज्वलन्त उदाहरण **डापी**(वि.सं२०३३) हो । **डापी** उपन्यासकै अन्त्यतिर यथार्थमाथि विद्रोह जनाइएको छ । गौतमले स्वैरकाल्पनिक घटना रोजेर समाजका यथार्थलाई देखाउने गहन प्रयत्न गरेका छन् । अचानक नेपाली उपन्यास परम्परामा अपनाइएको नवीन शैलीका कारण र प्रयोगशीलताका कारण उनका उपन्यासहरू प्रारम्भिक चरणमै दुर्बोध्य र जटिल रूपमा देखापरेको पाइन्छ । उनका यस चरणका समग्र औपन्यासिक प्रवृत्तिहरूलाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ :

☞आख्यानहीन आख्यानको प्रयोग,

☞चरित्र र घटनाप्रयोगमा नवीनता,

☞अस्तित्ववादी-विसङ्गतिवादी चिन्तन,

☞स्वैरकल्पनाको प्रयोग,

☞सामाजिक जनजीवनको यथार्थमूलक प्रस्तुति,

☞सहलेखनको सफल प्रयोग,

☞लेखनमा अन्तर्केन्द्रीतता,

### ३.१.२ विकास चरण(वि.सं.२०३७ देखि हालसम्म)

गौतमको औपन्यासिक यात्रा **कट्टेलसरको चोटपटक**(वि.सं.२०३७)लाई महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ । त्यसपछिको उपन्यास **अलिखित**(वि.सं.२०४०) ले मदन पुरस्कार पाउनु र उनको औपन्यासिक विकास र बिस्तारलाई झन् फाँटिलो तुल्याएको छ । यस चरणका उनका उपन्यासहरू निम्नानुसार छन् :-

☞ कट्टेलसरको चोटपटक(वि.सं.२०३७)

☞ अलिखित(वि.सं.२०४०)

☞ देहमुक्त(वि.सं.२०४०,सहलेखन)

☞ निमित्तनायक(वि.सं.२०४३)

☞ अवतार विघटन(वि.सं.२०४४,सहलेखन)

☞ स्व. हीरादेवीको खोज(वि.सं.२०४५)

☞ एक सहरमा एक कोठा(वि.सं.२०४६)

☞ उपसंहार अर्थात् चौथो अन्त्य(वि.सं.२०४८)

☞ ज्यागा(वि.सं.२०५०,सहलेखन)

☞ मौन(वि.सं.२०५८)

☞ तथाकथित(वि.सं.२०५९)

☞ भीमसेन-४को खोजी(वि.सं.२०६१)
☞ घुर्मी(वि.सं.२०६२)
☞ जेलिएको(वि.सं.२०६२,सहलेखन)

उपर्युल्लिखित झण्डै दुई दर्जन जति औपन्यासिक कृतिहरूलाई एकैचरणमा राखेर अध्ययन गर्न कठीन भए पनि उनका उपन्यासमा केही औपन्यासिक प्रवृत्तिहरू दोहोरिइ-दोहोरिइ आउने भएकाले र उनको औपन्यासिक  लेखनमा अद्वितीय सफल उर्वरता देखिएकोले विकास चरणका रूपमा एकै ठाउँमा अध्ययन गर्नु सान्दर्भिक देखिन्छ । यस चरणका महत्वपूर्ण उपलब्धिहरू प्रयोगसँग केन्द्रित छन् । सूत्रउपन्यास र अनुभवन्यास उनका नवीन प्रयोगहरू हुन् । गौतमको औपन्यासिक यात्राको प्रारम्भिक चरणमा अन्तरकेन्द्री प्रवृत्ति देखिएको थियो भने यस चरणमा पहिलेको तुलनामा बर्हिकेन्द्री प्रवृत्ति देखिन्छ । वि.सं.२०३७ सालमा प्रकाशित **कट्टेलसरको चोटपटक**बाट गौतमको उपन्यास लेखन विकसित र बिस्तारित चरणमा प्रवेश गर्दछ । यसैबाट गौतमको उपन्यासलेखनको शैलीमा पनि परिवर्तन आएको देखिन्छ । यसअघि अन्तर्मनमा हराइरहेका गौतम बाह्य जगत्मा देखापर्न थालेको पाइन्छ । अगाडि साङ्केतिक व्यङ्ग्य गर्ने गौतम यस चरणमा समाजमा व्याप्त विकृति र विसङ्गतिलाई टड्कारो रूपमा औंलो ठड्याउन पुग्छन् । यसको मूल नमूना भने **कट्टेलसरको चोटपटक**(वि.सं.२०३७) नै हो । यसपछिको झण्डै एक दर्जन औपन्यासिक कृतिहरूमा यसैको छाप देखिन्छ । समाजमा बढिरहेको भ्रष्टाचार, चाकरी-चाप्लुसी, नैतिक पतनजस्ता पक्षहरू उपन्यासमा खुलेरै आएका छन् । नैतिकवान् र स्वाभिमानी पात्रहरूलाई निरीह देखाउन गौतमको उपन्यासलेखनको विशेषतै बनेको छ । **कट्टेलसरको चोटपटक**(वि.सं.२०३७) पछि **उपसंहार अथात् चौथो अन्त्य**(वि.सं.२०४८) सम्म असल पात्रहरू निरीह बनेर रहेको देखिन्छ । उनको यस चरणमा पनि अघिल्लो चरणका केही प्रवृत्तिहरूले निरन्तरता पाएका छन् भने प्रसस्तै नवीन प्रवृत्तिहरू भित्रिएका छन् । मिथक र स्वैरकल्पनाका दृष्टिले **अलिखित** उत्कृष्ट छ । यस चरणको समग्र औपन्यासिक प्रवृत्तिहरूलाई निम्नानुसार औंल्याउन सकिन्छ :-
☞ अस्तित्ववादी-विसङ्गतिवादी प्रवृत्तिको निरन्तरता,
☞ आलोचनात्मक यथार्थता,
☞ यथार्थको नग्न चित्रण,
☞ भय, आतङ्क र सन्त्रासको प्रस्तुति,
☞ स्वैरकल्पनाको अधिक प्रयोग,
☞ मिथकीय प्रस्तुति,
☞ पुराकथात्मक प्रस्तुति,
☞ प्रयोगवादिता,
☞ आञ्चलिकता,
☞ संरचनात्मक विविधता,
☞ विशिष्ट परिवेशको निर्माण,
☞ सूत्रउपन्यासको सूत्रपात,
☞ अनुभवन्यासको सूत्रपात,
☞ औपचारिक-अनौपचारिक भाषिक प्रयोग,
☞ युगीन जनजीवनको यथार्थ प्रस्तुति,
☞ चरित्रचित्रणमा सहजता र विश्वसनीयता,

## ३.२ गौतमको “घुर्मी” उपन्यास

**घुर्मी**(वि.सं.२०६२) ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्राको पछिल्लो चरणको पछिल्लो उपन्यास हो । गौतमको औपन्यासिक यात्राको पछिल्लो चरणको मूल प्राप्तिहरू सूत्रउपन्यास र अनुभवन्यास हुन् । यी दुई नवीन प्रयोगहरू बारे न त पूर्वीय साहित्यमा पूर्व प्रयासहरू देखिन्छन् न त पाश्चात्य साहित्यमा नै । सूत्रउपन्यास र अनुभवन्यास आख्यानक्षेत्रमा गौतमको लामो साधनापछिका प्राप्तिहरू हुन् । एकभन्दा अर्को उपन्यासलाई नवीनरूपमा प्रस्तुत गर्दै आएका गौतमका यस किसिमका प्रयोगले उनलाई अझ उच्च बनाएको देखिन्छ ।

सूत्रउपन्यास के-कस्तो हुनुपर्छ भनेर सैद्धान्तिक ज्ञान दिनतर्फ गौतम अग्रसर देखिँदैनन् । उनका उपन्यासहरू हेरेर नै सूत्रउपन्यासका मूलभूत विशेषताहरू पहिल्याउन सकिन्छ । उनका सूत्रउपन्यासहरूमा **फूलको आतङ्क**(वि.सं.२०५५), **मौन**(वि.सं.२०५८) र **भीमसेन-४को खोजी**( वि.सं.२०६१) महत्वपूर्ण छन् । यी उपन्यासहरूलाई हेर्दा अन्य उपन्यासभन्दा विषयवस्तुको प्रस्तुति र अभिव्यक्तिगत शैली पनि नवीन देखिएको छ । त्यस्तै अनुभवन्यासतर्फ पनि गौतमको प्रयोग सफल देखिन्छ । आफूले प्रत्यक्षरूपमा अनुभव गरेका घटना र परिघटनाहरूलाई आख्यानात्मक विन्यास गर्दा हुन जाने स्वरूपलाई अनुभवन्यासको रूपमा मानेको देखिन्छ । अनुभवन्यासहरू आत्मकथा, जीवनी वा संस्मरणसँग निकट देखिन्छ । गौतमका अनुभवन्यास भन्न सकिने औपन्यासिक कृतिहरू **बाढी**(वि.सं.२०५६) र **घुर्मी**(वि.सं.२०६२) हुन् । यी उपन्यासहरू उनको जीवनवृत्तमा केन्द्रित देखिन्छन् ।

**घुर्मी** (वि.सं.२०६२) गौतमको अनुभवन्यास लेखनको एक उत्कृष्ट प्राप्ति हो । प्रस्तुत कृति अनुभवन्यासले विधाबद्ध छ । औपन्यासिक चेतनका साथ लेखकले आफ्नो अनुभव गुथिएकोले यो अनुभवन्यास भयो । बाढी(वि.सं.२०५६) गौतमको विगतको कृतिखण्ड जहाँ शिक्षण गर्दाको समय र पारिवारिक सम्बन्धमा पनि विशेष गरेर मातृस्नेहको कुरालाई लिएर सिर्जित देखिन्छ भने प्रस्तुत घुर्मी गौतमको लेखनीका साथ शिक्षा आर्जनको अवस्थामा विशेष गरेर पुनामा पी.एच्.डी. गर्दाको अधिकांश समय अनि पी.एच्.डी. सकिँदा विदेशी मित्र बढी आत्मीय भएको कुरा एकातिर समाहित छ भने अर्कातिर परिवारमा दाजुभाइसँगको सम्बन्ध टाढा हुँदै गएको भान अनि आफ्ना मित्रहरूको दुःखलाग्दो कर्तुतलाई पनि बढो स्वभाविकरूपमा बिम्ब, प्रतीक आदि लिएर प्रस्तुत भएको छ ।[३१] अघिल्लो अनुभवन्यास बाढीमा मातृस्नेहको चर्चा बढी थियो भने यस कृतिमा चाहिँ पितासम्बन्धी मार्मिक कुराको चित्रण छ ।[३२] घुर्मी उपन्यासभित्र पिताको मृत्यु, कृतिमा आलोचना मात्र गर्ने दुष्ट्याइँहरूको झलक, मित्रभेद अथवा मित्रहरूको घात जस्ता पक्षहरू केन्द्रविन्दु बनेर आएका छन् । उपन्यासको शैली ज्यादै रोचक बनेको छ ।

**घुर्मी** उपन्यास गौतमको औपन्यासिक यात्राको एक महत्वपूर्ण प्राप्ति हो । यस उपन्यासबाट गौतमको साहित्यप्रति समर्पित जीवनी पक्षलाई पनि बुझ्न सकिन्छ । भाषाशैलीगत रोचकता र प्रयोगगत सफलता यसको महत्वपूर्ण प्राप्तिहरू हुन् । अतः "घुर्मी" उपन्यास गौतमको औपन्यासिक प्रयोग अनुभवन्यासको एक उत्कृष्ट नमूनाकृति हो । यस कृतिको अध्ययन सान्दर्भिक देखिन्छ ।

❖

---

३१ रोशन थापा नीरव, भूमिकाको प्रसङ्गमा घुर्मी, काठमाडौं प्रतिभा प्रकाशन, २०६२, पृ. "म"

३२ पूर्ववत्, पृ. "म"

# चौथो परिच्छेद

## "घुर्मी" उपन्यासको कृतिपरक अध्ययन, विश्लेषण र मूल्याङ्कन

### ४.१ "घुर्मी" उपन्यासको खण्ड विभाजन र कथानक

### ४.१.१ "घुर्मी" उपन्यासको खण्ड विभाजन

उपन्यास आख्यानात्मक विधाको गुरु स्वरूप हो । यसमा प्रस्तुत कथानकले बृहत् परिवेशलाई ओगटेको हुन्छ । कथानकको आफ्नै प्रकारको गति वा प्रवाहको निरन्तरता रहन्छ । त्यस्तो निरन्तरतामा समान स्थिति रहन्छ भन्ने हुँदैन । संरचित उपन्यासभित्र आउने विभिन्न खालका घटना, चरित्र, देश, काल, वातावरण साथै विभिन्न प्रसङ्गहरूको उहापोहले गर्दा कथानकको स्वरूपमा परिवर्तन आइरहन्छ । सिङ्गो उपन्यासको कथानकको स्वरूपमा आउने परिवर्तन सँगसँगै उपन्यासलाई पनि खण्ड-खण्डका रूपमा विभाजन गर्ने गरेको पाइन्छ । यसरी कथानकको गतिमा आउने परिवर्तनलाई नै उपन्यासको परिच्छेद विभाजनको मुख्य आधार मान्न सकिन्छ ।[३३] उपन्यासमा यति नै परिच्छेद रहनुपर्छ भन्ने कुनै खास नियम देखिँदैन तर उपन्यासलाई आधुनिक महाकाव्य भनिएको आधारमा हेर्ने हो भने महाकाव्य सिद्धान्तअनुसार आठ परिच्छेदभन्दा माथिको काव्यरचनालाई महाकाव्य भनिने हुँदा उपन्यासमा पनि आठ परिच्छेद वा खण्ड माथि हुनुपर्ने देखिन्छ । यसकुरामा कुनै कडिकडाउ भने पाइँदैन ।

प्रस्तुत उपन्यास घुर्मी १३९ पृष्ठसम्म फैलिएको छ । यस उपन्यासलाई स-साना ८१ खण्डमा विभाजन गरिएको छ । खण्ड छुट्याउँदा प्रस्ट खण्ड छुट्याएको सङ्केत नदिइ केवल अलिकति खाली ठाउँ राखिएको छ । उपन्यासको कथावस्तु चक्रीय रूपमा रहेको हुँदा र टुक्रा-टुक्रा कथावस्तुको संयोजन गरिएको हुँदा यस उपन्यासलाई खण्ड-खण्डको रूपमा प्रन्तुत गर्नुकककभन्दा समग्रमा प्रस्तुत गर्न खोजेको देखिन्छ तैपनि खाली ठाउँ छोडेको आधारमा अध्ययन गर्दा जम्मा ८१ खण्ड र केही-केही उपभागहरू पनि देखिन्छन् । त्यस्ता उपभागहरू प्रसङ्गवस मात्र आउने हुँदा ८१ वटा खण्ड अध्ययन गर्नु सान्दर्भिक देखिन्छ ।

#### ४.१.१.१ उपन्यासका खण्डहरूका आधारमा कथानकको वितरण

घुर्मी उपन्यासभित्रका विभिन्न खण्डहरूमा रहेको कथानकलाई निम्नानुसार वितरण गर्न सकिन्छ :-

**खण्ड-१**(पृ.१-२)

यस खण्डमा चौध अनुच्छेद रहेका छन् । ती अनुच्छेदहरूमा पुनास्थित डेक्कन कलेजमा चेतचन्द्र सोचमग्न अवस्थामा रहेको बेला पुनितलाई डस्न एउटा साँप आएको र चेतचन्द्रले एउटा हाँगोको सहायताले त्यस साँपलाई पर हुत्याइदिएको प्रसङ्ग छ । यस घटनाको परिवेशमा डेक्कन

---

[३३] प्रतापनारायण टण्डन, हिन्दी उपन्यासकला, लखनउ :हिन्दी समिति, सन् १९९५, पृ. १३८ ।

कलेज र कलेज वरिपरिको वातावरणको चित्रण देखिन्छ । त्यहाँ प्रत्येक घर अगाडि एउटा-एउटा चोक र त्यो चोकमा गुलमोहरको एउटा बोट देखाइएको छ । गल्फ खेल्ने चौर, गल्फ खेलाडीहरू तथा हिन्दी फिल्मका अभिनेताहरू पनि देखिएका छन् । यस प्रसङ्गलाई चेतचन्द्र नेपाल टेलिभिजनको सञ्चालक भएपछि कुनै कामले अशेष मल्लसँग डेक्कन कलेज जाँदा सम्झिएको छ । यहाँ पुनित ठूलो भैसकेको छ । पुनितका बाबुआमाले पुनित र चेतचन्द्रबीच परिचय गराएका छन् तर पुनितकी दिदी प्रियासँग भने चेतचन्द्रको भेट हुन सकेको छैन । यो करीब पन्ध्र वर्षको कथा हो ।

**खण्ड -२(पृ.-३)**

यस खण्डको कथावस्तु पाँच अनुच्छेदसम्म रहेको छ । चेतचन्द्रका पुनामा रहँदाका दिनहरू महत्वपूर्ण रहेका छन् । त्यहाँ चेतचन्द्र उसकी पत्नी स्वस्ति र छोराछोरी इशान र शुभ्रता बसेका हुँदा ती चारै परिवारलाई त्यो बसाइ महत्वपूर्ण रहेको देखाइएको छ । चेतचन्द्रले असाध्यै सिनेमा हेर्ने गरेको, पुस्तकालय जाने गरेको, साना छोराछोरी स्कूल गएर फर्कँदा स्कूलका साथीहरूको घटना बालसुलभ पारामा बयान गरेको, त्यो वर्णनबाट चेतचन्द्रले बालसुलभ आनन्द लिएको, रानी, बिश्राम, चारु, प्रिया आदि वरपरका बालबच्चासँग इशान र शुभ्रताले खेलेको, समयमा होमवर्क गरेको, छिमेकी डाक्टर जी. एल. को घरमा गएर टी.भी. हेरेको, चेतचन्द्रले रातीसम्म लेखपढ गर्ने गरेको,आदि कारण देखाई चेतचन्द्र र उसको परिवारलाई पुनाको बसाई अविस्मरणीय हुने पुष्टि गरिएको छ ।

**खण्ड ३, (पृ.३-६)**

यस खण्डमा जम्मा पच्चीस अनुच्छेदहरू रहेका छन् । यी अनुच्छेदहरूमा केटाकेटीहरू मिलेर शिवाजी र तानाजी खेलिरहेका, त्यस खेलमा शिवाजी नायक, तानाजी खलनायक हुने र खेल रमाईलो हुने गरेको, चेतचन्द हावा खान छोडेर निस्केको, अलिपर सिमलीको वृक्ष र वरको रूख भएको ठाँउमा पुगेको, बरको रूख देख्ता लेखनाथको तरुण तपसीको याद आएको, इमलीको रूख देख्दा त्रिजुद्ध स्कूलको हाताको र साहेबको बगैँचाको इमली सम्झिएको प्रसङ्ग छ । त्यसपछि इमली, बेल, बरपीपलहरूलाई चेतचन्द्रले बाल्यकालदेखि भूतको बासस्थानको रूपमा चिनेको, अन्य रूखहरूमा देउताको बासस्थान हुने बुझेको छ । चेतचन्द्रले ती बाल्यकालका रूख भएका ठाउँमा परिवर्तन आइसकेकोले भूत पनि हराएको सोच्दै आफ्ना विगत र वर्तमान समयको तुलना गर्दै गरेको बेला एउटा साथी आएर कतै घुम्न लगेको,उनीहरू घुम्न गएको लक्ष्मी रोडमा घरहरू पुराना भएको चेतचन्द्रले त्यहाँ केही समय अघि **बाला जो जो रे** भन्ने मराठी फिल्म हेरेको, त्यहाँ अन्यत्रभन्दा सामान सस्तो पाइने तर उनीहरू लुगा किन्न नभएर अन्य काममा गएको, त्यो काम वेश्यावृत्ति रहेको, साथी अविवाहित र त्यहाँ गइरहने हुँदा अन्जानमै त्यहाँ पुगेको, एउटा घरको बाहिरपट्टि बेन्चमा चेतचन्द्रलाई बसाएर साथी भित्र गएको, सो घरबाहिर अन्य दुई जना पनि पालो कुरेर बसिरहेका, चेतचन्द्र पहिलोपटक वेश्यालय पसेको, त्यहाँ कोठी चलाउने मानिसको लाइसेन्स र स्वास्थ्य परीक्षणको लाइसेन्स हुने कुरा त्यहीबेला थाहा पाएको छ । डाक्टर र पुलिसको मिलेमतोमा साता दिन तथा महिनामा स्वास्थ्य परीक्षण गराउने गरेको, त्यस बखतका प्रचलित नायिकाहरूको नाम हेमा, रेखा आदि रहेको बुझेको, केहीबेरपछि साथी हाँस्तै आएको र एकाएक गम्भीर भएर लाइब्रेरी जाने कुरा गर्दा चेतचन्द्रलाई हाँसो उठेको र साथी कस्तो ठाउँबाट कस्तो ठाउँमा जान हतार गर्दैछ भन्ने कुरा सोचेको, हिँड्ने बेलामा एउटी केटीले चकलेट मागेकी, चेतले नबुझेर

साथीलाई सोधेको र उसले भन्दा चकलेट त्यहाँको भाषामा कण्डमलाई भन्दारहेछन् भन्ने कुरा बुझेको घटनाहरू यस खण्डमा रहेको देखिन्छ ।

**खण्ड-४(पृ.६)**

यस खण्डमा जम्मा चार अनुच्छेदहरू रहेका छन् । ती अनुच्छेदहरूमा चेतचन्द्रलाई साथीहरूले एउटा भव्य भवनमा लगेका, त्यो भवन लक्ष्मीरोडको तुलनामा स्तरीय देखिएको, टेलिफोन भएको, सोफा नभएको तर केटीहरू राम्रा भएका, ती केटीहरूको काम टेलिफोनबाट ग्राहकरूको अप्वाइन्टमेन्ट फिक्स गर्नुपर्ने रहेको, घरमा त्यति धन्धा नगरी बाहिरै रात बिताएको पाँचसय रूपैयाँदेखि हजार रूपैयाँसम्म लिन्छन् भन्ने कुरा साथीहरूबाट थाहा पाएको र साथीहरूले आँट नगरेको कुरा बताएको हुनाले कुनै साथीले त्यहाँ केही नगरेको, केटीहरू शिष्ट र सुसंस्कृत देखिएका, साथीहरूले चेतचन्द्रलाई त्यो देखाउन चाहेका, चेतचन्द्रलाई आफू कुनै वेश्यालयमा छु जस्तो नलागेको भान भएको थियो ।

यताउति केटाकेटी खेलिरहेका, कोही सामान किनेर विल चेक गरिरहेका, अभिजात खालको भएपनि पूरा घरेलु वातावरण रहेको, चेतको आफ्नो बानीअनुसार त्यहाँ खेलिरहेका केटाकेटी कसरी जन्मे, कसरी हुर्कैलान् र हुर्केपछि के बन्लान् जस्ता कुरा सोचेको घटना रहेको छ ।

**खण्ड-५(पृ.६-८)**

यस खण्डमा जम्मा सोह्र अनुच्छेदहरू रहेका छन् । ती अनुच्छेदहरूमा चेतको पठनपाठन बिस्तारै चलिरहेको बेला ऊ दिनदिनै पुस्तकालय जाने गरेको, साथीभाइसँग घुम्न जाँदा स्टेशनतर्फ वा मेनस्ट्रिट गएर विभिन्न खाना खाएर आउने गरेको, ती दिनहरूमा परिवार प्रायः वीरगञ्ज गएका हुन्थे । केही समयअघि पुनाकै एक मित्र आर.वी. मिश्र उनकी श्रीमतीसहित काठमाडौँ आएका, पुनाको अध्ययन सकी आगरा पुगेर त्यहाँकै विश्वविद्यालयमा शिक्षक भएपश्चात् हिन्दूविश्वविद्यालयमा बढुवा भएर गएका र उतैबाट गाडी रिजर्भ गरेर आएका, चेतले उनीहरूलाई चाबेलको घरमा निम्त्याएर पुराना मित्रहरू भएकाले भावात्मकताका साथ अङ्कमाल गरेका, यो घटना पच्चीस वर्षभन्दा अघिको भएको, उनीहरूले फोन नम्बर टिपाएर गएका तर यता चेतको भने घर र फोन नम्बर दुवै फेरिइसकेको देखिन्छ ।

पुनामा चेत बसेको घर पछिल्तिर सर्वेन्ट कोठा भएको, त्यहाँ मराठी लोग्नेस्वास्नी र सानो छोरो रहेका, स्वास्नीको नाम सुलोचना रहेको, सुलोचनाले चेतको भाँडापानीदेखि लिएर कूचो लाउने तथा लुगा धुनेसमेत गरिदिएकी, चेत तिनीलाई तलब दिने नगरेको र घरभाडा पनि नतिरेका, परिवार नभएको बेला सुलोचना चेतको लागि केही पकाइदिने गरेकी किनकि तिनको लोग्नेसँग धेरै सम्पर्क नभएको, लोग्ने बिहानै काममा जाने र राती ढीलो गरी फर्कने गरेको, सुलोचना युवती हुनाले धोती लगाउने परम्परागत शैली त्यागेकी तर गरीब हुनाले प्रायः सस्तो सुतीको धोती लगाउँदै पनि हिसी देखिएकी थिई ।

एकदिन चेत पढेर बसिरहेको, सुलोचना आएकीले ढोका उघारिदिएर पलङमा बसी फेरि लेखपढ गर्न थालेको, सुलोचना कोठामा कूचो लगाउन थालेकी, कूचो लगाउँदा सुलोचनाको छोटो ब्लाउजभित्रको कम्पन बारम्बार सामुन्ने आएको चेतले देखेको, त्यो देखेर चेतले रसरङका कुरा गरेको, उसले प्रसस्तै लाज माने पनि उचित उत्तर दिएकी, भोलिपल्ट काम गर्न आउँदा त्यही छोटो

ब्लाउज तर धोतीको सप्कोले राम्ररी ढाकेकी, हिजोको लाज अनुहारभरि भएपनि पूर्ववत् झैँ काम गर्न थालेको घटना रहेको देखिन्छ ।

**खण्ड-६**(पृ.८-११)

यस खण्डमा जम्मा उन्नाइस अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा ज्योति नामको केटो र अनिता नामकी केटीको सम्बन्धको उल्लेख गरेको तर चेतको स्मरणशक्तिको भूलबस अनिता ज्योतिसित होइन अर्कै केटो शङ्करसित प्रेम गरेकी, एकपटक अनिता र शङ्करबीच झगडा भएको, झगडा निकै गम्भीर भएको र मतभेद बढ्दै जाँदा प्रेममा ब्यवधान आएको, चेतचन्द्र र ज्योति अनिता समूहका हुनाले अनि अनिता र शङ्करबीचको मनोमालिन्य हटाउने नियतले ज्योतिलाई राजदूत मनोनीत गरेको र ज्योति पनि राजी भएको, केही समयपछि दुवैलाई मिलाउन गएको ज्योति फर्कँदा आफैँ अनिताको प्रेमी बनेर फर्केको, सबैले नयाँ सम्बन्धको स्वागत गरेका र अन्त्यमा अन्तर्जातीय विवाह पनि गरेका, झगडा सल्ट्याउन गएको ज्योति आफैँ प्रेमी भएर फर्कदा चेतलाई बम्बईमा हेरेको एउटा अङ्ग्रेजी हाँस्यनाटक **आह नर्मन**को याद आएको, त्यसै मञ्चमा आइनेस्कोको **द वल्ड इज इन द एग** पनि हेर्न गएको, दिल्लीमा बादल सरकारको नाटक **पगला घोडा**को मञ्चन पनि हेरेका तथा बनारसमा **घाँसीराम कोतवाल** र **गान्धी** फिल्म हेरेको आदि सम्झन लायक रहेको, त्यसबखत गोपालचन्द्र हुनाले चेतसित ध्रुव सापकोटा पनि गएका, गोपालचन्द्र केही दिनदेखि एउटा प्रकाशनको कामको सिलसिलामा बसेका हुनाले चेत र सापकोटा त्यहाँ बसेर बनारस घुम्ने हिसाबले गएका थिए ।

पुनाको पिकनिक तिनीहरूको एकमात्र पिकनिक भएको, पिकनिकमा एउटी मिनी नामकी बङ्गाली केटी रहेकी, तिनी अरुणकुमारको कारणले आएकी, अरुणकुमारको नयाँ मानिसलाई चाँडो प्रभाव पार्ने विशेषता रहेको र गाउने कला भएपनि आवाज भने त्यति राम्रो नभएको, पद्मा मेहता निकै खरो स्वभावकी र अरूभन्दा बौद्धिक हुनाले चेत र पद्मा घनिष्ट मित्र बन्न पुगेका, प्रायः उनीहरू साहित्य र दर्शनसम्बन्धी कुरा गर्ने गरेका, पद्माको हाँस्यचेत पनि राम्रो भएकोले एकदिन अङ्ग्रेजी विभागको प्रोफेसरले सुन्दर केटीहरूलाई बलत्कारको खतरा बढी हुन्छ भनेको र पद्माले आफू त्यो सीमाभन्दा बाहिर रहेको कुरा गरेकी, घुम्दाघुम्दै दुवै एउटा चौतारामा बसेका र कुराकै सिलसिलामा पद्माको विहेको कुरा आएकाले पद्माले अझै आफू कुमारीनै भएको कुरा गौतमलाई अप्रत्यासित रूपमा भनेकी, यस कुराले चेतको मानसिकतामा हलचल ल्याइदिएको र पद्माले यो कुरा चेतलाई भन्न किन जरूरी ठानीहोली भन्ने विचारका साथ यो खण्ड सकिएको देखिन्छ ।

**खण्ड-७**(पृ.११-१४)

यस खण्डमा जम्मा एकतीस अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा महिला छात्रबासको बिहानको समयमा कोही नुहाउने, कोही चिया खादै, कोही ओछ्यानमै त कुनै कुनै केटी कट्टु र ब्रा लगाएर यताउति गरिरहेको, केटाहरूको प्रवेश वर्जित हुनाले भेट्नेका लागि तल बेग्लै एउटा हल रहेको, त्यसैले केटाको होस्टलभन्दा केटीको होस्टल आधुनिक र सुविधासम्पन्न रहेको, त्यसबखत गोवाकी एउटी मेरी नामकी केटी भाषाविज्ञान पढ्न भनेर आएकी, ऊ होस्टलमै बस्ने गरेकी, हरबखत स्कर्ट वा प्यान्ट लगाउने गरेकी, मेरीको आगमनले डेक्कन कलेजमा केही दिन निकै हलचल ल्याईदिएको थियो । डेक्कन कलेजका केटीहरूमध्ये सबैभन्दा राम्री भएकी ,काला आँखा, विज्ञापनमा देखाउन लायक केश, अत्यन्त गोरी, शरीरको बनौट कुनै सौन्दर्य प्रतियोगितामा भाग लिने खालको देखिएको, केटाहरूले विश्वको सुन्दरताको बहस बनाउने गरेको तर केटीहरू भने

टिप्पणी नगरेर मौन बस्ने गरेको, मेरीलाई देख्नासाथ प्रायः केटाहरू उसँग केही समय भएपनि गफ गर्ने गरेको, मेरी विनम्र हुनाले गफ गर्न सबैलाई मौका दिएकी, त्यसमा चेतचन्द्र पनि अछूतो नरहेको, चेतको र मेरीको अध्ययन कक्ष सँगसँगै हुनाले प्रायः भेट हुने गरेको, तत्पश्चात् चेतचन्द्र आफ्नो अध्ययनकक्षमा सधैंभन्दा बढी बस्ने गरेको, अरू साथीका रिडिङ रूम टाढा हुनाले चेतको रूममा आएर दुई चार मिनेटको कुराकानीका लागि मेरी आउने तथा फर्किने समय कुर्ने गरेका, एक दुई केटा भावनात्मक रूपमा केही अघि बढेका तर मेरी अगाडि प्रकट गर्ने साहस नभएको, साथीसँग भने ब्याजसमेत आफ्नो भावना प्रकट गर्ने गरेका, कसैले मेरी पाएदेखि पढाइसमेत त्यागेर हिँडिदिने कुरा गरेको त कसैले मेरी आफ्नो जीवनमा आउन मानी भने आफ्नो प्रेमको समेत बलिदान गर्न तत्पर रहेको उपल्लो नमुना देखाउन थालेको हुन्छ ।

यी सब कुरादेखि अनविज्ञ रहेकी मेरी सबैसित यथोचित व्यवहार राख्दै आएकी, चेतचन्द्रले हिन्दी फिल्मको लागि एउटा स्क्रिप्ट लेखेको र चेतको अङ्ग्रेजी लेखाइ साधारण रहेको हुनाले मेरीलाई उत्कृष्ट अङ्ग्रेजी भाषामा उक्त स्क्रिप्ट परिवर्तन गरिदिन अनुरोध गरेको र मेरीले पनि स्वीकार गरी उक्त कार्य पुरा गरेकी, साथीहरूले उक्त स्क्रिप्ट मेरीले लेखेको प्रेमपत्र झैँ पढेका, केही महिना यसरी चल्दै जाँदा एक दिन मेरीको होस्टल अगाडि एउटा नौलो मानिस मोटरसाइकल उभ्याएर बसेको, केही समयपछि मेरी मोटरसाइकलको पछाडि बसेर गएकीले सबै साथीहरू स्तब्ध भएका, यसपछि मेरी फर्केर नआएकी, मेरीरहित भएपछि केटाहरू फेरि भाषाविज्ञान र पुरातत्वका कुरागर्न थालेको प्रसङ्गसँगै यो खण्ड सकिएको देखिन्छ ।

**खण्ड-८**(पृ.१४-१७)

यो खण्डमा जम्मा चौध अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा एकरात डेक्कन कलेजमा चोरी भएको, पूर्वतिरको पर्खाल एक ठाउँमा फोरिएको, पूर्वको सो पर्खाल पछिल्तिर जयजवान नगर रहेको, बस्ती झुप्रै-झुप्राले बनेको र मानिसहरू विकृत जीवन बाँचिरहेका, त्यहाँ गरिबी, झै-झगडा, कुटपिट तथा हत्यासमेत हुने गरेको, सिङ्गै बस्ती  चौबीसै घण्टा तनावग्रस्त देखिने गरेको, बस्तीको कुनाकाप्चा खोजेर चुम्बन, आलिङ्गन गर्नु, खुलमखुल्ला सम्भोगरत हुनु असाधारण घटना नभएको, बस्तीमा एउटा सिनेमाहल खुलेको, ठेलामा टिन्डा, आलु र साग बेच्ने गरेको, यसै बस्तीमा उन्नतिको लागि व्रत बस्ने स्त्री थिए भने तिनै व्रत बस्नेमध्ये कोही लोग्ने काममा गएको बखत अन्य काम नभएका पुरुषहरूसँग यौनवृत्ति हुने गरेको, लोग्नेले त्यो व्यभिचारिणी स्वास्नीलाई बीच सडकमा घिसार्दै ल्याएर लात्ती तथा जुत्ताले भकुर्ने गरेको, स्वास्नी चुटेको त्यही लोग्ने फेरि अर्केको स्वास्नीसँग आँखाछली सम्भोगरत रहेको, अविवाहित प्रेमी-प्रेमिका भाग्नु र विहे गर्नु त अत्यन्तै मामुली घटना हुन थालेको, पानी पर्दा घरको चुल्हो तथा ओछ्यान जलामय हुने तथा हुरीले छाना उडाउने गरेको, नजिकै सिनेमाहल हुनाले त्यसमा एकदम निम्नवर्गका मान्छे मात्र जाने गरेको, चित्राहलमा गएको अरूलाई भन्न नहुने तर अलि पर गुञ्जन भने स्तरीय हल भएको, स्टेशननजिक अलङ्कार हुनाले **क्लिओपेट्रा** भन्ने विख्यात् अङ्ग्रेजी सिनेमा उसले त्यही हेरेको सम्झना गरेको छ ।

कलेजमा चोरी भएपछि त्यही बस्तीको चोर हो भन्ने धेरैले अड्कल काटेका, यो चोरीको घटना डेक्कन कलेजको इतिहासमा अनौठो घटना भएको, यसको असर धेरै दिनसम्म कलेजमा रहिरहेको, यसको असर त्यहाँ बस्ने विद्वान्देखि पिउनसम्म बराबर बाँडिएको र त्यसका लागि बाहिरीरूपमा केही गर्नुपर्ने जरूरी हुँदा सबै मिलेर त्यसको तयारी गर्न थालेको घटनासम्म आएर यो खण्ड टुङ्गिएको देखिन्छ ।

**खण्ड-९(पृ.१७-१९)**

यस खण्डमा जम्मा बाह्र अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा डेक्कन कलेजमा फेरि चोरी भएकाले क्वार्टरमा बस्ने सबै चिन्तित भएका, चार-चार जनाको टोली बनाएर पालैपालो रातभरी पहरा दिने निर्णय भएकोले पालो बस्नेमा एउटा अवकाश प्राप्त सैनिक पनि रहेको र उसैलाई कमाण्डर बनाइएको, त्यसमा चेतचन्द्र पनि पर्ने हुनाले खैनी खाँदै बेलाबेलामा चारैजना कलेजको एक चक्कर लगाउने र साथमा केलकर हुँदा गीत पनि गाउने गरेको, दुई महिनासम्म यसरी पालो बसेपछि चोरको विगविगी कम भएको, पालो बस्नेमा जी.एल.बादामको स्वभाव नरम र मिलनसार तर श्रीमती मिलनसार भएपनि अलिक खरी भएकी र श्रीमान चाहिँ कम बोल्ने र शान्त प्रकृतिका, यिनीहरूको ठीक विपरीत केलकर दम्पती थिए । श्रीमान शरीरले बलिया बाङ्गा र खरो स्वभावको तर श्रीमती आशा भने हँसमुख, हिस्सी परेकी र मिलनसार थिइन् । चेतको घनिष्टता पनि केलकर दम्पतीमै रहेको, घुम्नको लागि चेतचन्द्र आफ्नो परिवार लिएर पुना पुगेको बेला चेतहरू केलकरकहाँ बसेको प्रसङ्ग छ ।

निकै समयपछि जी.एल. बादामहरू काठमाडौं आएका र पुराना कुराहरूको सम्झना गरेका, घरमा एक दिन चिया खान डेक्कन कलेजका समेत गरि आएका बेला लामो समयको अन्तराल भएको हुनाले चेतले अरूलाई नचिनेको, चेत त्यस बखत एकेडेमीको सदस्यसचिव भएको र स्वस्तिले ललिता बदामलाई एउटा पस्मिनाको सल उपहार पठाएकी, यसभन्दा अघि नेपाल टेलिभिजनको बोर्डमा हुँदा एक पटक चेत र अषेश मल्ल पुना गएका र बादामहरूलाई भेटेका, इशान र शुभ्रताको स-साना बेलाका खेल्ने साथीहरू ठूला भैसकेका तर भेट केवल पुनितसित भएको, रानीको विवाह भैसकेको र अरू पढिरहेको थाहा भएको प्रसङ्ग छ ।

चेतचन्द्रको बेग्लै प्रकारको घनिष्टता शर्मासित भएको हुनाले एकपटक उनले एउटा समारोहमा लगेका र त्यहाँ सिन्धी साहित्यकारहरू रहेका, कार्यक्रम कसैको घरमा भएकाले पूरा कोठा भरिएको, केहीलाई सम्मान गर्ने कार्यक्रम भएकाले एक-एक वटा फूल दिएर सम्मान गरिएको देखेर चेतलाई अनौठो र आनन्द पनि लागेको, त्यो एउटा राम्रो प्रतीकात्मक परम्परा रहेको, नेपालमा यस्तो चल्दैन तर विवशताले नै यस्तो गरेका हुन् भन्ने कुरा सोचेको प्रसङ्ग रहेको छ ।

एन. सुरेश पनि राम्रो गाउने हुनाले चेतसित राम्रो घनिष्टता थियो । दुवैले केही समय एउटै गाइड डा.ए.बी. सिँह अन्तर्गत काम गरेका र पछि सिँह आगराको हिन्दी संस्थानको प्रमुख भएर गएपछि सुरेशलाई उतै झिकाएका र उसले त्यहीँ विवाह गरेको, चेत काठमाडौंमै हुँदा उसले निम्तो पठाएको थियो । अर्को घनिष्ट साथी बङ्गलादेशको कवीर रहेको र दुवैको रुचि फिल्मको स्क्रिप्ट लेख्नमा मिलेको, लगभग एक दशकपछि चेतचन्द्र बङ्गलादेश पुग्दा कबीरले आफ्नो घरमा भव्य स्वागत गरेको, त्यस्तै गरी अर्का चक्रवर्ती नामका बङ्गाली साथी जो बौद्धिक कुरा गर्ने गरेको, यी सबै मध्ये काठमाडौँमा बादामसितको अन्तिम भेट भएको.,अब भेट हुँदैन भन्ने उसले त्यस बखत सोचेको र साँच्चैनै दशकभन्दा बढी भेट नभएको कुरासँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड-१० (पृ.१९-२१)**

यस खण्डमा जम्मा उन्नाइस अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा पुनाको मेनस्ट्रिटको चर्चा रहेको छ । साँझपख त्यहाँ घुम्नु एक प्रकारको फेसन जस्तो रहेको, चेतचन्द्र परिवार लिएर कहिलेकाहीँ त्यहाँको एउटा प्रसिद्ध रेष्टुरेन्टमा छोलेभटुरे खाने गरेको, एकदिन चेत

मेनस्ट्रिट डुलेर आउँदा बेलुकीतिर इशान केही सुस्त देखिएको, निधार छाम्दा ज्वरो आएको र अँध्यारो भईसकेकाले भोलिसम्ममा ठीक होला भन्ने अनुमान गरेका, भोलिपल्ट ठीक हुनको साटो ज्वरो झन बढेको, आइतबारको दिन कुनै औषधालय, क्लिनिक आदि नखुल्ने हुनाले र ज्वरो नाप्दा पाँच पुगेको हुनाले सबै आत्तिए र चेतले इशानलाई काँध हालेर दगुरेको, संयोगले बाहिर टेम्पो हुनाले नर्सिङहोममा पुगे तर डाक्टर थिएन, तैपनि एउटी नर्सले नेपाली भन्ने थाहा पाएपछि सहानुभूति राख्दै औषधी दिएर केही क्षण परीक्षणको लागि त्यहीँ राखेको, आधा घण्टापछि नर्सले ज्वरो नाप्दा छ डिग्री पुगेर साततिर उक्लने तरखर गरेकोले नर्सले अर्को नर्सिङहोमको ठेगाना बताएर त्यहाँ लाने सल्लाह दिएपछि उक्त ठाउँमा पुगेको र लोग्नेस्वास्नी नै डाक्टर हुनाले उनीहरूको जीवनमा आएको काठमाडौंको त्यो पहिलो समस्यालाई राम्ररी ध्यान दिएका, डाक्टरले जाँचेर तत्काल नोभाल्जिनको सूई दिएको प्रसङ्ग रहेको छ ।

चेतचन्द्र इशानलाई रातभरी काखमा लिएर बसेको, इशान बर्बराउँदा झन् चिन्तापूर्ण स्थिति देखिएको, राती तीन बजेतिर इशानको ज्वरो तीन डिग्रीमा झरेको हुनाले चेत केही खुशी भएको, स्वस्ति थकाई वा अत्यासले गर्दा सुतिसकेकी तर चेत रातभरी आँखा झिमिक्क नगरी बसिरहेको, चारदिन क्लिनिकमा बिताएपछि इशान ठीक भएको, चेतले डाक्टरहरूलाई धन्यवाद दिई नेपाल आउने निम्तो दिएको, त्यसपछि चेतहरू डेक्कन कलेज फर्केर आएका, इशान बिरामी परेर ठीक भएपछि मात्र धेरैलाई थाहा भएको र त्यसपछि हेर्न आउनेको ताँती रहेको घटनासँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड-११**(पृ.२१-२३)

यस खण्डमा जम्मा सोह्र अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा लक्ष्मीरोड पुनाको सबभन्दा पुरानो बजार रहेको, बाबुबाजेको पालादेखिको घर भएको र तिनै घरका मालिकनै पसलको मालिक हुनाले डेराभाडा तिर्नु नपरेकोले मालसामान अन्यभन्दा सस्तो रहेको, चेतचन्द्रलाई कसैले सोधेको प्रश्नको उत्तरमा चेतलाई वेश्यालय वा वेश्या शब्दले दिगमिग गराएको, आफ्ना आकर्षक र उत्तेजनाहरू जस्ताको तस्तै प्रकट गर्न नसकिने कुरा गर्दा नत्र फ्रायडको अवचेतन कसरी बन्दथ्यो भनेको, फेरि चेतले आफू जतिपटक वेश्यालय गएपनि गएपिच्छे दिगमिग बढेको कुरा गर्दा सुकिली स्मार्ट सोसाइटी गर्ल भेटिइ भने त्यस्तो हुँदैन कि भन्ने सवालको जवाफमा चेतले त्यो त आफूलाई थाहा नभएको कुरा व्यक्त गरेको र हुन सक्छ नहोस् तर अहिलेसम्म त भएकै छ भन्ने कुरा व्यक्त गरेको चेतचन्द्रलाई यस्तो धारणा टार्नलाई मात्र पोखेको नभई चेत त्यस्तै सोच्दथ्यो र त्यस्तै लाग्ने गरेको विचार व्यक्त गरेको देखिन्छ ।

एकदिन किनमेलको लागि चेतको पूरै परिवार लक्ष्मीरोडतिर गएका र हिँड्दाहिँड्दै पानी पर्न थालेको, उनीहरूको एउटा मात्र छाता रहेको र चारैजना एउटै छातामुनि अँटाएर हिँड्न थालेका, एउटा पसलमा लुगाफाटो किन्ने र ओत पनि लाग्ने विचारले पसलमा पसेका, पानी थामिएपछि खुब घुमे, खाना खाएर सिनेमा हेरे अनि किनमेल गर्न अझै बाँकी भएकाले किनमेल गरेर निस्कँदा फेरि पानी दर्कन थालेको, स्वस्तिले छाताबारे सोधेको तर चेतले छाता कतै छाडेर बिर्सेको, छाडेको सम्भावित पसलतिर खोजेको तर पाउन नसकेको हुनाले फेरि अर्को नयाँ छाता किन्नु परेको, र त्यो छाता पनि कुनै पसलमा छाडी हराएको हुँदा एकै दिनमा दुईवटा छाता हराउने रेकर्ड नै बनाएको, घर पुग्दा निथ्रुक्क भिजेर पुगेको, एकै दिनमा दुईवटा छाता हराएको र तेस्रो छाता किन्ने पैसा नभएर केटाकेटीसमेत भिजेर घर पुगेको मात्र आज स्मरणमा रहेको कुरा उल्लेख गर्दै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-१२(पृ.२३-२६)**

यस खण्डमा जम्मा तेह्र अनुच्छेदहरू रहेका छन् । प्रस्तुत अनुच्छेदहरूमा बम्बई अत्यन्त व्यस्त महानगर भएको, बम्बईको कुनै कुनै टोलमा नेपाली देहकर्मी केटीहरू देखिने गरेका, पुनामा त झन् नेपाली केटीहरूले देहव्यापार गरेको सुन्नसम्म नपाइने तर त्यो ठाउँ आज नेपाली चेलीबेटी बेच्ने ठूलो मण्डी बनेको प्रसङ्ग रहेको छ ।

आज धेरै कुराको ज्ञान प्राप्त भएकोले कैँयौ आविष्कारले गर्दा पुरानो नैतिकता, मूल्यमान्यतामा परिवर्तन आएको, प्रविधिसम्पन्न समाजमा एक्काइसौँ शताब्दी कोठाभित्रै ठाँटिएर बसेको, चरम प्रविधिको सङ्गत र चरम अन्धविश्वासले दन्केको यो मान्छे मानवीय मूल्यमा भयानकरूपले ग्रहनक्षत्रजस्तै झरिरहेको, मान्छे प्रकृतिविहीन वा प्रकृतिसून्य  बनेको प्रसङ्ग रहेको छ ।

नेपाल पहिले बुद्धको देश कहलाउने गरको, अहिले अस्थिर अशान्त र असुरक्षित रहेको, मानवअधिकारका कुरा अहिलेजति कहिल्यै नभएको तर मानवीय अधिकार तथा बाँच्ने अधिकार नै हराउँदै गएको, पहिले यही काठमाडौँमा बाह्र-एक बजे राती न्यूरोडदेखि बानेश्वर, चाबेलसम्म हिँडेर पुग्न सजिलो तर अहिले मान्छेले असुरक्षाको पहरेदारीमा सुरक्षित हुनुपरेको प्रसङ्ग रहेको छ ।

यसपटक मानवनिर्मित हजारौँ टनको स्काइल्याब पृथ्वीमा खस्ने भएको र खस्ने स्थानमध्ये पुना पनि परेको हुनाले चेतले आफ्नो परिवारलाई वीरगञ्ज पठाइदिएको तर चेतचाहिँ पुनामै रहेको, सबै त्रसित भएका, एउटा अखबारमा खबर छापेअनुसार एउटी स्त्री लुगा उठाइरहेकी, एक्कासि एउटा आवाज सुनेर आत्तिएकी, स्काइल्याब खस्न आँट्यो भनेर हार्टफेल भएर मरेकी तर वास्तविकतामा चाहिँ स्त्रीको मास्तिरबाट एउटा जेट उडेको थियो ।

स्काइल्याब खस्ने नजिकको मितिमा चेतले स्वस्तिलाई सान्त्वनास्वरूप एउटा लामो चिठी लेखेको, स्काइल्याब खस्ने साँझ शर्मा र चेत रक्सी खाँदै प्रलयको प्रतीक्षा गरिरहेका, राती बाह्रबजे स्काइल्याब सुरक्षितपूर्वक समुन्द्रमा खसालिएको घटना सँगसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-१३(पृ.२६-२८)**

यस खण्डमा जम्मा सोह्र अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा लक्ष्मीनाथ शर्माहरू पुना फिल्म इन्स्टिच्युटमा रहेका र चेतको विद्यार्थी पनि भएकाले उनीसित भेटघाट र घनिष्टता बढी भएको, लक्ष्मीनाथ राम्रो फिल्म देखाइने भयो भने चेतलाई निम्तो दिने गरेको र धेरैपटक शिशिरकुमार स्थापित र लक्ष्मीनाथहरूको होस्टलमा रात बिताउने गरी गएको, इन्स्टिच्युटको परिसरमा एउटा वोधिवृक्षमुनिको चौतारोको अलिपर एउटा रेस्टुरेन्टमा धेरैपटक चिया खाजा खाएको, त्यहाँकी एउटी वेटर केटीको सम्झना नाउँ स्मरणमा नआएको प्रसङ्ग रहेको छ ।

फिल्मविधा पढ्नेले एउटा छोटो फिल्म बनाउनुपर्ने हुनाले लक्ष्मीनाथले गुरुप्रसाद मैनालीको **सहिद** बनाएका, चेतलाई मृतक वा मरणासन्न घाइतेको भूमिका खेल्न अनुरोध गर्दा खेलिदिएको, लक्ष्मीनाथ भट्टराईले एउटा वृत्तचित्र **बुचर** बनाएका, लक्ष्मीनाथ शर्माको सहिदमा मिर्जा नामकी केटी नायिका बन्न आएकी, तिनी राम्री थिइन् तर मोटी थिइन्, केटीले पछि आफ्नो स्तनको स्लास्टिक सर्जरी गराएर उचित आयातनमा ल्याइ भन्ने पनि सुनिएको प्रसङ्ग रहेको छ ।

एकपटक लक्ष्मीनाथले स्वस्तिसित भाइटीका लगाउने प्रस्ताव राखेकाले टीका लाउन आउने गरेका, पछि उनले विवाह गरेका र स्वास्नी मिलनसार र राम्री भएकी, लक्ष्मीनाथले फिल्मसम्बन्धी एउटा पुस्तक लेखेकाले चेतको फिल्मी अनुभव र ज्ञानमा त्यसले धेरै नै वृद्धि गराएको, त्यसबखत हेरेको वृत्तचित्रमध्ये **हार्ट्स् एण्ड माइण्ड** अविस्मरणीय रहेको प्रसङ्ग रहेको छ। लक्ष्मीनाथकी

श्रीमती एकदिन मोटरसाइकल दुर्घटनामा परेर निधन भएकाले चेत
र स्वस्तिलाई अत्यन्त दुःख लागेको, दुःखको सम्झना गरेपनि हेर्न जान नसकेका आदि मुख्य
घटनासँगै यो खण्ड समाप्त भएको छ।

**खण्ड-१४**(पृ.२८-३०)

यस खण्डमा जम्मा नौ अनुच्छेदहरू रहेका छन्। यी अनुच्छेदहरूमा चेतको सम्पूर्ण परिवार पुनामा नै रहेको, दशैं मान्न वीरगञ्ज वा काठमाडौं जानु नपरेको, पुनामा प्रायः भेट हुनेमा दमनबहादुर अमात्य, लक्ष्मीनाथ शर्मा, लक्ष्मीनाथ भट्टराई, शतीश कोइराला, रामशरण महत आदि हुने र आइतबार खाना खानेगरी आएर दिनभरि बसेर जाने गरेका, रामशरणको होस्टलमा चेत पनि बसेको प्रसङ्ग छ।

त्यसबखत पञ्चायती व्यवस्था हुनाले जनमतसङ्ग्रह घोषणा भएपछि एकपटक वी. पी. बम्बई आएका र त्यसका लागि रामशरण पनि पुनाबाट गएका, जनमतसङ्ग्रहले नेताहरूलाई केही आशावादी बनाएको, एकदशकपछि बहुदल पनि आएको, पुनाबाट फर्केपछि रामशरणले चेतलाई खान डाकेका, रामशरणकी श्रीमती रोशना रहेकी जसलाई चेतले पढाएको, डा. दमनबहादुर अमात्य पीयुषबहादुर अमात्यको भाइ रहेको कुरा चेतलाई पहिले थाहा नभएको, गङ्गा जमुना नामका दुई जुम्ल्याहा केटीको विहे एकैदिन भएको, एउटीको वीरगञ्जका बलरामसिँहसित भएको जो पछि जर्मनीका राजदूत भएका, बलरामसिँहको विहेमा जन्ती मात्र होइन, रातभरि ख्यालठट्टा, गीत आदि मनोरञ्जन गर्दै बसेका, त्यसैबखत छेउको अर्को कोठाबाट अर्को दुलाहाका साथीहरूले रमाइलो गरेको आवाज आएको र पछि बुझ्दा पीयुषबहादुर अमात्य दुलाहा रहेको थाहा भएको आदि मुख्य घटनासँगै यो खण्ड समाप्त भएको देखिन्छ।

**खण्ड-१५**(पृ.३०-३२)

यस खण्डमा अठार अनुच्छेदहरू रहेका देखिन्छन्। उक्त अनुच्छेदहरूमा चेतचन्द्र आफ्ना मानिसहरूलाई पुना आउने निम्तो दिइरहने गरेको, देश-विदेश घुमेकाले अनुभवको ज्ञानको बेग्लाबेग्लै ढोका उघारेको, विद्यार्थी छँदै बालकृष्ण पोखरेल र बङ्गाली गुरु शम्भुचन्द्र चौधरीसित गरेको पहाडको यात्रा र अर्को बम्बई र पुनाको यात्रा वा बसाइले उनको जीवन र ज्ञानको स्तरलाई उकास्नमा ठूलो देन रहेको छ।

बम्बईअघि यस्तो सहर उसले कहिल्यै नदेखेको, दार्चुला जानुअघि काठमाडौंबाहेक त्यस्तो पहाड नदेखेको, पुनाको मित्रता, सङ्घर्ष, मध्यमवर्गीय समाज अनि साठीपछिको विश्वसाहित्यमा चेत दौडिएको, उत्तरआधुनिकतावादले भर्खर अहिले आएर नेपालमा चर्को बहस लिने गरेको, चेतलाई **सर्वान्ते** र **ज्वायस** बढी महत्वपूर्ण लागेको, एकपटक नेपालमा **सात्र, कामु** र **काफ्का**को जगजगी भएको बेला चेत पनि यिनबाट प्रभावित भएको, पुनामा उसको अध्ययनको क्षितिज झन् फराकिलो भएको, पुनाबाट अध्ययन सकेर काठमाडौं फर्केका बेला उसले केवल भाषाविज्ञानको डिग्रीमात्र

लिएर होइन, एक विस्तृत जीवन र समकालीन विश्वसाहित्यको न्यानोपनले पनि रमरमाएको प्रसङ्ग रहेको छ ।

एकपटक चेत बरण्डामा बसिरहेको बेला निकैपर चारपाँचवटी केटीहरू आइरहेका तर उसले खासै ध्यान नदिइ हातमा लिएको भाषाविज्ञानको पुस्तक पढ्न थालेको, केटीहरू हाँस्तै आएर चेतलाई नमस्कार गरेका, चेतले ध्यान दिएर हेर्दा एउटी अमिता भन्ने केटीलाई चिनेको, तिनी घुम्न भनेर साथीहरूसित आएकी, हतारमा खाना पकाएर ख्वाएको र केही घण्टा गफ गरेर बिदा मागेका, परदेशमा एक्कासि ती नेपाली केटीहरू भेट्दा उसको परिवारलाई आनन्द भएको, कहिलेकाहीँ संक्षिप्त भेट पनि सम्झनामा ठूलो आकारको बनेर बसेको हुँदोरहेछ भन्ने स्मरणका साथ यो खण्ड टुङ्गिएको देखिन्छ ।

**खण्ड १६**(पृ.३२-३४)

यस खण्डमा जम्मा १६ अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा चेत कहिलेकाँही व्यायाम गर्ने गरेको, डाक्टरले बिहान-बेलुकी बीस-बीस मिनेट हिड्ने भनेर प्रेस्क्रिप्सनमै लेखिदिएको तर नियमितरूपमा गर्न नसकेको, यसो गर्दागर्दै चेत साठी वर्षको भैसकेको, बेलुकी चोकतिर घुम्नेमा हरिमास्टरलाई सम्झने गरेको, चेतको साँस्कृतिक उर्जा थप्न हरिमास्टर र भरतमास्टरको केही योगदान रहेको, हरिमास्टर मीठो गाउने भएकोले र घरमा एउटा बेन्जुबाजा किनिएकाले कहिलेकाहीँ आएर चेतलाई कुनै गीतको धुन सिकाएर जाने गरेको, त्यसको धेरै वर्षपछि एकदिन हरिमास्टर हेमरेजका कारण मृत्यु भएको खबर सुनेको र वीरगञ्ज जाँदा ठाँट्टिएर हिडिरहेको हरिमास्टरलाई खोजेको स्मरणसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-१७**(पृ.३४-३६)

यस खण्डमा जम्मा उन्नाईस अनुच्छेदहरू रहेका छन् । चेतको विषय तराई नेपालीको फिल्डवर्क आदि गर्नुपर्ने हुनाले महिना दिनजति बिताएर पुना फर्किने क्रममा एकदिन एउटी परिचित केटी आएर चेतसँगै पुना घुम्न जानेकुरा गरेकी, अभिभावकविना नलग्ने भनेपछि केही दिनपछि अभिभावकले चेतसँगै पुना घुम्ने अनुमति दिएको, लक्ष्मी नामकी केटी र चेत बम्बईको रात्रिरेल चढी बम्बई पुगेर लक्ष्मीले बोकेको ठेगानानुसार एउटा घरमा पुगेर चेतलाई बाहिरै पर्खाएर लक्ष्मी भित्र पसेकी, केही दिन त्यही बस्ने अठोट गरेकी र दुई हप्तापछि लिन आउनु भन्ने कुरा भएपछि चेत एक्लै बम्बई घुमेको, निर्मलपिक्चरको अफिसमा गएर लामिछानेसित भेटेको, बान्द्रा ब्यान्डस्ट्यान्ड गएको र त्यसपछि मरीनड्राइभमा गएर सूर्यास्त हेरेको, मरीनड्राइभको आइ. सी. सी. आर. गेष्ट हाउसमा उसले बम्बईको पहिलो रात काटेको, त्यसैले मरीनड्राइभ उसका लागि प्रिय ठाउँ भएको आदि पुराना कुराहरू सम्झदै सूर्यास्त हेरिरहेको र त्यसपछि रातको उही रेल चढेर पुना फर्किएको आदि घटनाहरू यस खण्डले समेटेको देखिन्छ ।

**खण्ड-१८**(पृ.३६-३७)

यस खण्डमा जम्मा तेह्र अनुच्छेदहरू रहेका छन् । प्रस्तुत अनुच्छेदहरूमा पुनामा वीरगञ्जबाट ल्याएका डेटाहरूको रिडिङरूममा बसेर विश्लेषण गरेको, होस्टलमा एक अफगानी विद्यार्थी जो सरल तथा मिलनसार रहेको तर अर्को विद्यार्थी भने केही फरक रहेको, चेतचन्द्र उसको

कोठामा गइरहने गरेको, त्यो विद्यार्थी मेसमा नखाएर कुनै एक परिवारमा खाने गरेको र केही महिनापछि निश्चित रकम तिर्ने गरेको देखिन्छ ।

एकपटक चेत घुम्दै त्यसको कोठामा गएको तर साथी नभएको, ताल्चा नलगाएकोले भित्र बसेर कुर्न थालेको, बस्दाबस्दै आँखा टेविलमा राखिएको एक टुक्रा कागजमाथि परेको र त्यसमा बिना सम्बोधनको **अब देखि हामीलाई भेट्ने कोशिस नगर्नु** भन्ने व्यहोराको चिठी भएको, चेतमा यसबारे जिज्ञासा पलाएको, एउटा तमिल साथी येलङ्गायनको अनुसार त्यो साथी त्यस रात त्यो परिवारमा पुगेको र लोग्ने कतै बाहिर गएको अनि स्वास्नी भान्सामा रहेका बेला स्वास्नीलाई हातपात गर्न थालेको र स्वास्नीको कडा विरोधले खाना नखाई भागेको घटना रहेको प्रसङ्सँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड १९** (पृ.३७-४०)

यस खण्डमा जम्मा तेईस अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा लाइब्रेरी तथा ल्याबमा गएर विभिन्न पुस्तकहरू हेर्ने गरेको, एन्थेनी बर्गेसको **द क्लक वर्क अरेन्ज** नामक प्रसिद्ध उपन्यास पढेकोले बर्गेसलाई लेखकको रूपमा चिनेको, नोबेल पुरस्कारका लागि बर्गेसको चर्चा भएपनि नोबेल पुरस्कार नपाएरै मृत्युवरण गरेको प्रसङ्ग रहेको छ ।

पुस्तकालयबाट फर्कदै गर्दा वासन्तीसँग भेट भएको, एउटा प्राध्यापककी छोरी हुनाले केटाकेटीलाई ट्युसन पढाउने गरेकी, रङ्ग त्यति नखुलेपनि हिस्सी परेकी, वासन्तीसँग बोल्दाबोल्दै लक्ष्मी लिन जानुपर्ने कुरा सम्झेको, भोलिपल्ट लक्ष्मीलाई लिन बम्बई गएको, लक्ष्मी तयारै रहेकी हुनाले चेतको पछिपछि हिडेकी तर अस्ति पनि र आज पनि आफूलाई लक्ष्मीले घरभित्र लगेर परिचय नगराएकी तैपनि उ धेरै चिन्तित नभएको र यसको रहस्य धेरै दिनपछि मात्र खुलेको, चेतले लक्ष्मीलाई कहाँ-कहाँ घुम्यौ भनेर सोद्धा कहीँपनि नघुमेको उत्तर पाएको र उत्तर सँगसँगै अनौठो लाज अनुहारमा देखिएको, पछि बुझ्दा अभिभावकभेषी मानिसले लक्ष्मीलाई पेट बोकाएर बम्बईमा गर्भपतनको लागि चेतलाई उपयोग गरेको कुरा थाहा पाएको, कहिलेकाहीँ एक सामान्यजस्तो देखिने व्यवहारभित्र कति भयङ्करता लुकेको हुन्छ र साधारण मानिस अन्यद्वारा सजिलैसँग मूर्ख बनाइँदा रहेछन् भन्ने कुरा चेतले थाहा पाएको प्रसङ्ग रहको छ ।

इशानलाई निको भएपछि सधैं उनान्सय ज्वरो आईरहने, केलकरले एकदिन सिद्धबाबाकहाँ लाने सल्लाह दिएबमोजिम त्यहाँ गएका र बाबाले कालो धागोले उनिएको घाँटीमा बाध्ने जन्तर दिएका, त्यसपछि तिनीहरू डाक्टरकहाँ जान छोडिदिएका, यसपछि इशानमा कुनै बिरामको लक्षण नदेखिएको र जन्तरले कार्य गरेको भन्ने मनसायसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-२०**(पृ.४०-४१)

यस खण्डमा जम्मा सातवटा अनुच्छेदहरू रहेको छ । उक्त अनुच्छेदहरूमा एक साँझ चेत बरण्डामा बसिरहेको बेला टाढाबाट दुईजना स्त्रीपुरुष आइरहेका, ती दुईजना चन्द्रप्रसाद राजभण्डारी र कल्पना पतिपत्नी रहेका, उनीहरू आउँदा रमाइलो भएको, उनीहरूलाई पुना, बम्बई घुमाएको र त्यसपछि उनीहरू उतैबाट वीरगञ्जतर्फ लागेको र चेत पुनातर्फ लागेको घटना छ ।

चेतचन्द्र आउने निमन्त्रणा भने प्रायः सबैलाई दिइरहने तर चेतचन्द्र नै मौका छोपी-छोपी वीरगञ्ज गइरहने हुँदा भेटघाट भएन भन्ने गुनासो त्यति नभएको, पुना नआए पनि चेतचन्द्र र गोपालचन्द्रका बीचमा सबभन्दा बढी पत्रव्यवहार हुने गरेको घटना सँगसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड -२१**(पृ.४१-४२)

यस खण्डमा दशवटा अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा दशैं नजिकिन थालेको, थेसिसको अन्तिम रूप दिनुपर्ने समय आएकोले यसपाली वीरगञ्ज जाने परिस्थिति नरहेको, छिमेकी ललिताले मासु पकाएको बेला चेतलाई पनि सूचित गर्ने गरेकी, पेरी भास्कर राव पूर्ण शाकाहारी हुनाले एक पटक चेतले चाबेलको घरमा खाजा खुवाउँदा विशेष ध्यान राख्नुपरेको, भास्कर राव आफ्नो विषयमा तीक्ष्ण हुनाले उनको डक्टरेटको थेसिसले **आउट स्ट्याण्डिङ** पुरस्कार पाएको प्रसङ्ग छ ।

जनमतसङ्ग्रहताक चेत अन्तिम तयारीमा रहेको, रावले कम्युनिष्टहरू धर्मका विरूद्धमा हुनाले बामपन्थी नीति नियम नपछ्याउने सल्लाह दिएको, एकपटक चेतले काठमाडौंबाट फर्कदा रावलाई पशुपतिबाट लगेर रुद्राक्षको माला उपहार दिएको आदि घटनाहरू यस खण्डमा रहेको छ ।

**खण्ड -२२**(पृ.४२-४५)

यस खण्डमा जम्मा उन्नाईस अनुच्छेदहरू छन् । प्रस्तुत अनुच्छेदहरूमा एकजना भण्डारी आर्मीमा रहेको जसलाई चेतचन्द्रले त्रिचन्द्रमा पढाएको, उनले एकदिन चेतचन्द्रलाई होस्टेलमा निम्त्याएका, सैनिक अफिसरका साथ रक्सीसाथै डिनर खानु, फिङ्गर बाउलमा हात धुनु, चेतका लागि सबै नयाँ घटना भएको, त्यो अनुभव सैनिक दिनचर्याको एक टुक्राको रूपमा अझै चेतसँग सुरक्षित रहेको प्रसङ्ग छ ।

उक्त कैयौं कुरा सोच्दै चेतचन्द्र बरन्डामा बसेर पुस्तक पढेको र सूर्यास्त अघिको प्रकृतिवर्णन रहेको छ । टाढा सडकमा दुई स्त्रीपुरुष हातमा ब्याग बोकेर आईरहेका र नजिक आएपछि त उसका दाजुभाउजू धनुषचन्द्र र शान्तादेवी रहेका, उनीहरू आउँदा चेतको सम्पूर्ण परिवार हर्षित भएको, दाजुभाउजू पुनामै दशैं मनाउने हिसाबले आएको बताएका, चेतको परिवारलाई एउटा समस्याको समाधान जस्तै लागेको, नेपालबाहिर आफन्तबाट टिका थापिएको अन्तिमपटक भएको प्रसङ्ग रहेको छ ।

केही समय अघिदेखि धनुषचन्द्र एउटा उपन्यास लेखिरहेका र प्रत्येक अध्याय उनी गोपालचन्द्र र चेतलाई सुनाउने गरेको, उनीहरूको यस्तो साहित्यिक जमघटलाई धनुषचन्द्रले दङ्गल नाम दिएका, उपन्यास अत्यन्त रोचक हुनाले ध्यान अन्त नगई सुन्न सकिने, सबैको विचारअनुसार धनुषचन्द्रको उपन्यासले मदन पुरस्कार पाउँछ भन्ने गरेका, एकदिन धनुषचन्द्रले उपन्यास लेखिसकिएको घोषणा गरेका, शिवकैलाश भन्ने एउटा आइसक्रिम, दुध र लस्सी आदिका लागि प्रसिद्ध रेस्टुरेन्टमा उपन्यासको पारायण गरिएको, उपन्यासको शीर्षक **घामका पाइलाहरू** राखिएको, यस उपन्यासले मदन पुरस्कार पाएर एउटा इतिहास बनाएको आदि घटनासँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड -२३** (पृ.४५-४७)

यस खण्डमा जम्मा पन्ध्र अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा ट्रेनमा खुट्टो टेक्नेसम्म ठाउँ नभएको, ठाउँनै नभएको बेला एउटा अधबैँसे सिङ्गो सिट लिएर लम्पसार परेर सुतेको किनकि प्यासेन्जर डब्बामा सिट बुक नहुने हुनाले सबैको हक लाग्ने गरेको, त्यस्तैमा दुई तीन जना नवयुवक त्यहाँ पस्दा बुढालाई सुतेको देखेर आफू बस्ने अभिप्रायमा बुढालाई उठेर बस्ने भनेका तर बुढाले उठ्न नमानेको, नवयुवकहरू भलाद्मी देखिएकाले केही नगरेको तर चेतचन्द्रलाई अचम्म पनि र रमाईलो पनि लागेको, घटना रहेको छ ।

एकपटक छजना जतिको एउटा समूह यात्रा गरिरहेको, त्यसमा चेतचन्द्र मात्र एक्लो रहेको, तीमध्ये एउटा बलियोबाङ्गो र कालो नवयुवक पनि रहेको, त्यस नवयुवकको बीचको बर्थ हुनाले अटेर गरेर बारम्बार सुतिदिन्थ्यो र चेतको तल्लो बर्थ हुनाले अप्ठ्यारो महसुस भएर चेतले आफूलाई अप्ठ्यारो भएकाले बर्थ खोलेर बस्ने आज्ञा दिएपछि उसले आज्ञा शिरोपर गरेको, त्यसपछि उनीहरूले आफ्नो घरबाट ल्याएका खानेकुरा चेतलाई समेत कर गरेर ख्वाएको र त्यो खस्रो मानिस चेतसँगै अनुमति लिएर मात्र आफ्नो बर्थमा सुत्न थालेको, ओर्लने बेलामा चेतलाई तिनीहरूले आफ्नो ठेगाना दिई पत्र लेख्ने तथा आउने निम्तो दिएको, यसरी चेतले विभिन्न देश-विदेशमा ठेगाना, कार्ड आदि प्राप्त गरेको भएतापनि तिनीहरूको सही उपयोग नभई हराएर जान थालेको घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-२४**(पृ.४७-४९)

यस खण्डमा जम्मा सत्र अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा बम्बईमा बर्थ रिजर्व गराउन बीस रूपैयाँ अतिरिक्त तिर्नुपरेकाले रिजर्भेसनका लागि एउटा एकनाथ नामक मानिसलाई बीस रूपैयाँ दिएको तर उसले लिन नमानेको, अन्त्यमा त्यो पैसा खाईदिएको, त्यसपछि त्योसँग भेटै नभएको कुरा व्यक्त भएको छ । सन् १९९८ मा जापान फाउन्डेसनको निम्तोमा भ्रमण गर्दा बैंकक एयरपोर्टमा लामो समय कुर्नु परेको तर त्यहाँ विष्णु भेटेकोले धेरै कुरा भएको, बम्बईको भिटीस्टेसनको माथिल्लो तलामा एउटा स्टेसन रहेको र त्यहाँ जम्मा पाँच रूपयाँमा मासु वा माछासहितको पूरा थाली पाइने हुनाले सधैं भिड हुनेगरेको कोही तातो भुङ्को राखेर चना बेच्ने गरेको, जाडोको समयमा तिनै फुटपाथमा स्वीटर आदि बेचिने गरेको, पुराना पुस्तकहरू बेच्ने गरेको र ती पुराना पुस्तकहरू बेच्नेको विवशता पनि देखिएको प्रायः सुबोधकुमार झा र चेतचन्द्र साँझमा बनारसी पान खान गइरहने गरेका, बम्बईको ग्रान्टरोडमा अपरान्हदेखि पेटीकोट कस्सिएको छोटो ब्लाउजमा यौन प्रदर्शन गर्दै सिंगारपटार गरेर विभिन्न दैलामा उभिएका केटीहरू बैढी दयालाग्दा देखिएका, ती निरीह केटीहरू आँखाले मात्र होइन हातले पनि आउने इशारा गरेका तर तिनको अनुहार भित्रैदेखि उदास देखिएका थिए ।

एकपटक केहीजना ग्रान्टरोडमा हिँडिरहेका बेला एकजना साथीले हिँजडासित केही कुरा बोलेकाले हिँजडाले त्यो साथीलाई समाएर लगेको र धेरैबेरपछि फर्कँदा टाई खज्मजिएको र अलिकति पैसा सित्तैमा दिएर ज्यान जोगाएर भागेको प्रसङ्ग रहेको छ ।

ग्रान्टरोडमै निस्कने एउटा अखबारमा एउटी राम्री युवती शिक्षिकाले डान्स सिकाउने व्यहोराको विज्ञापन छापिएको हुँदा चेत र सुबोधनारायणलाई पनि डान्स सिक्ने उत्सुकता जागेकोले एउटा ठेगाना लिएर गएका र छेउमा उभिएको एउटा मानिससँग नाच घर कता हो भनी सोध्दा त्यो मानिसले आज उनीहरू ढिलो भएका, ती राम्री युवती बाजुवाला घरमा धन्दा गर्ने र एक सटको

पैंतालीस रूपयाँ लिने गरेकोले उनीहरूको उत्सुकता पूर्णरूपमा सेलाएर गएको र पछि इन्दिरा गान्धीले इमरजेन्सी लगाएपछि त्यस्तो विज्ञापन आउन छाडेको घटनासँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड -२५(पृ.४९-५१)**

यस खण्डमा जम्मा एघार अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा चेतले पुनामा बस्ता केही कथा र कविताहरू लेखेको, एउटा कविता पछि वी.वी.सी.बाट प्रसारित भएको, एउटा कथा पछि प्रमाणपत्र तहमा पढाई पनि भएको, एकपटक बम्बई जाँदा सडकमा एउटा मानिस ट्रकले किच्चिएर मरेको दृष्य देखेको, त्यो किच्चिएको मानिस बम्बईको नभएको र सनाखत पनि हुन नसकेको प्रसङग रहेको छ ।

**डापी** उपन्यासमा ब्राकेटहरूको निकै प्रयोग गरिएको जसको अर्थगत प्रयोजन पनि भएको, एक अध्याय प्रथमपुरुष र अर्को अध्याय तृतीयपुरुषमा प्रस्तुत गरिएको, एकठाउँमा स्वतन्त्रताका बारेमा लेख्न खोजेको र स्वतन्त्रता एउटा यस्तो कुरा हो, जसले फुटाल्न र बजार्न खोज्छ फर्केर आएर त्यसले स्वतन्त्रता फुटाल्न खोज्नेकै शिर फुटाउँछ भन्ने व्होराको विचारको लागि उसले स्वतन्त्रता एउटा भकुण्डो हो त्यो फर्केर त आउँछ तर फुटाल्ने तागत हुँदैन । स्वतन्त्रता एउटा ढुङ्गो हो भन्दा त्यसको फुटाल्ने शक्ति त छ  तर उफ्रिने र फर्किने सामर्थ्य छैन भन्ने विचार पोख्दा पनि उपयुक्त समाधान नभएकोले राती निद्रा नलागेको र बिहान चार बजेतिर एक्कासि समस्याको समाधान निस्किएको जसमा उसले स्वतन्त्रता एउटा भकुण्डे ढुङ्गो हो भन्ने सिर्जना गर्न पाउँदा अत्यन्तै खुशी भएको घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-२६(पृ.५१-५३)**

यस खण्डमा जम्मा १७ अनुच्छेदहरू रहेका छन् । प्रस्तुत अनुच्छेदहरूमा पुनामा मात्र उसले ऋणमुक्त स्वाधीन जीवन बिताउन पाएको, काठमाडौंमा आफ्नो विहाका लागि वीरगञ्जको घर धितो राखेर दशहजार सरकारी ऋण लिएको, आवश्यकता र सङ्घर्षको बाढीमा उसको परिवार गोता खाइरहेको, गरिबी, अभाव, घरमा दैनिक खानेकुरासमेत नहुनु र रोग जस्ता कुरा त घरकै सदस्यजस्तो भएको प्रसङ्ग रहेको छ ।

पुना आएपछि सबैबाट बल्ल मुक्तिको अनुभव गरेको, त्यसैले अध्ययनतिर लाग्न सजिलो भएकाले उ भाषाविज्ञान मात्र नपढी सन् साठीको दशकपछि विश्वसाहित्यमा आएको परिवर्तन पनि पढ्ने गरेको, साहित्यलाई उत्तिकै गम्भीरताले पढ्ने डेक्कन कलेजमा  ऊ बाहक अरू कोही नभएको, डा. पेरी भास्कर कहाँ एक/दुईदिन बिराएर जाने गरेको, एकदिन रावको घरमा जाँदा रावको कान्छो छोरो अस्पतालमा भर्ना गरेको दुईदिन भएको थाहा पाएको, छोरोलाई मृगौलाको गम्भीर रोग लागेको केही दिनपछि रावको छोराको मृत्युको खबर सुनेको र त्यसपछि भास्कर रावको घरमा जान धेरै दिनसम्म आँट गर्न नसकेको, चेत काठमाडौं फर्केपछि **कट्टेलसरको चोटपटक** उपन्यास लेख्न थालेको र उक्त उपन्यास डा. रावकै छोराको मार्मिक घटनाबाट प्रेरित भएको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-२७(पृ.५३-५५)**

यस खण्डमा जम्मा बीस अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा चेतचन्द्र पटनाबाट बम्बईतर्फ गइरहेको, एकबिहान ट्रेनको शौचालय जाँदा रक्तस्राव भएको, उ आत्तिएको र आफूलाई क्यान्सर भएको अनुमान गरेको, पुना पुगेर एक डाक्टरलाई जचाउँदा साधारण पाइल्स भन्ने थाहा पाएपछि होलोसास फेरेको, उसको गाईड डा. मेहेण्डले डाइटिसियनकहाँ, लगिदिएर मुख बार्ने क्रममा अमिलो, पिरो, सुपारी, मासु आदि बारेर सादा र सात्विक खाना खाने सल्लाह दिएको प्रसङ्ग छ ।

पाँच वर्षपछि नर्विकमा जचाउँदा डाक्टरले किड्नीको र प्रेसरको औषधी खाने सल्लाह दिएपछि उसले औषधी एक महिना खानुपरेको, पछि एकपटक जचाउँदा अलिकति चिनी थपिएको र डाक्टरले यसको मुख्य औषधी एक्सरसाईज हो भनी सल्लाह दिएको, संयोगले भोलिपल्ट रक्सी खाने निम्तो आएकोले साह्रै जोगिएर खाएको, एकपटक तल एकसय पचास र माथि दुईसय पचासजति प्रेसर बढेकोले ऊ तर्सिएको र औषधि खाएपछि घटेको तैपनि धेरै दिनसम्म हराभरा संसार उजाड भयो भनेर चिन्तित भएर बसेको, दशैंको समयमा फापरको रोटी खाएर गुजारा गरिरहेको, अन्त्यमा डाक्टरले एक-एक हप्ताको अन्तरालमा तीनवटा सुई दिएको, वि.स. २०३५ सालको असोज महिनातिर उसको रोग निर्मूल भएको घटना सँगसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड २८(पृ ५५-५६)**

यस खण्डमा जम्मा चौध अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा आज भन्दा पच्चीस/तीस वर्षअघि दशैंको समयमा वीरगञ्जमा समेत ओढ्न ओडेर घुर तापेको सम्झना रहेको, घुर ताप्ने चलन गाउँघरमा सस्कृतिजस्तै भएको प्रसङ्ग देखिन्छ ।

वि.स. २०३५ साल असोजको बुधबारको दिन छपकैंया सिनेमा हलमा परालको आगो चलेको हुँदा उ हेर्न गएका बखत गोविन्द्रचन्द्र पनि पुगेका, गोविन्दचन्द्रंको पनि फिल्म हेर्ने सोख हुनाले बाबुछोराको भेट हुन सकेको, त्यसबखत चेत कुमालटोलमा र गोविन्दचन्द्र त्रिजुद्ध म्याचफ्याट्रीको क्वार्टरमा बस्ने गरेको, एकपटक गोविन्दचन्द्र अबदेखि त्यहीँ बस्ने भनेर कुमालटोलमा स्वागतका साथ भित्र्याइएको, गोविन्दचन्द्र सुत्न गएपछि राती बाबुको बारेमा आवश्यक र अनावश्यक कुराहरू भएका, बिहान चिया लिएर जादाँ गोविन्दचन्द्र राती नै हिँडिदिएका आदि घटनासँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड-२९(पृ.५६-५८)**

यस खण्डमा जम्मा तेह्र अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा बाबु गोविन्दचन्द्रले आफ्नो जीवनमा पर्याप्त सङ्घर्ष गरेका, स्वभावले झडङ्ग रिसाउने खालका तर छिट्टै साम्य हुने प्रकृतिका, यिनी सौखिन हुनाले घरमा मिठोमसिनो पाकिरहने गरेकाले वीरगञ्जमा गरिबीको रेखामुनि बाँचिरहेका केटाकेटी गाउँ पुग्नासाथ जिम्दारका छोराछोरीमा परिणत हुने गरेको प्रसङग रहेको छ ।

वि.सं. २०२४ सालमा गोविन्दचन्द्रलाई एन्जाइना रोग लागेको, पाइला चाल्नासाथ दुख्ने, स्वाँ-स्वाँ हुने तथा एक्कासि खुशीको खबर सुन्दा पनि दुख्न थालेको, एकपटक रक्सौलबाट सिनेमा हेरेर फर्किदै गर्दा बाटामा दुखेर बिचेत जस्तै भएका, परिचितले ओरालेर विश्राम गराएपश्चात् घर फर्कन सकेका, गोविन्दचन्द्र यस्तो रोग हुँदापनि निडर भएर एक्लै हिँडिरहने गरेका, सबै दाजुभाई बाहिरतिर बसेपनि दशैमा बाको हातको टिका लगाउन वीरगञ्जमै जम्मा हुने गरेका, पिताको

पालामा सप्तमीदेखि टीकासम्म भात नखाएर खसीको कवाफ र अन्य परिकार र चिउरा खाने गरेको आदि हिन्दू संस्कृतिसम्बन्धी प्रसङगसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड- ३० (पृ ५८-६०)**

यस खण्डमा जम्मा उन्नाईस अनुच्छेदहरू रहेको देखिन्छ । घटनाक्रमानुसार शुक्रबारको दिन चेत सधैंझैं ललईकहाँ घुर ताप्न भनेर गएको, अँध्यारो भइसकेकाले चेतलाई खोज्दै इश्वरचन्द्र बाहिर आएका, घरमा केही समस्या पर्‍यो होला भन्ठानेर चेत घर नगई पहिले गुरुकहाँ गएको र गुरुले एकपटक कारखाना जाने सल्लाह दिएकोले त्यहाँ पुग्दा त रूवाबासी चलिरहेको, गोविन्दचन्द्रको शरीर निष्प्राण भएर लडेको, चेत आफूलाई आफ्नो पितासित बढी भावात्मकरूपमा पाएकाले उत्रेजनाबस आफ्नो अगाडि बाको विरूद्ध बोल्नेलाई गोली ठोकिदिने र आफू पनि मर्ने कुरा व्यक्त गरेको प्रसङग देखिन्छ ।

बाबु जीवित हुँदाको घटना सम्झदा वि.स. २०२१ सालमा उनका पाँच पुत्रहरू अंशबण्डाको माग गर्न बेतौना हिडेका र खेतहरू भाग लगाउँदा प्रत्येकको भागमा सवा पाँचविघा पर्ने हुनाले कसैलाई राम्रो र कसैलाई अलि दब जमीन पर्ने सम्भावना रहेको, गोला हान्दा चेतको भागमा राम्रो जमीन परेको, यो थाहा पाउनासाथ फेरि गोला हान्ने प्रस्ताव आएको, यसपटक चेतलाई दब खेत परेको तैपनि उसले चित्त बुझाएको, पछि बुझ्दा गोला दोहोर्‍याउने कुरालाई त्यसबेला चेतले मात्र खेल सम्झेको, अन्य समयमा आत्मीयता देखाउने सहोदर दाजुभाइहरू अंशबण्डाको समयमा मै खाउँ मै लाउँ सुखसयल मोज म गरौं भन्ने प्रवृतिको देखिएको घटनासँगै यो खण्ड टुङ्गिएको देखिन्छ ।

**खण्ड -३१ (पृ. ६०-६१)**

यस खण्डमा जम्मा आठ अनुच्छेदहरू रहेको देखिन्छ । घटनाक्रमानुसार गोविन्दचन्द्रमा गाउँने प्रवृति हुनाले पुराना हिन्दी गीतहरूको सुसेली हालिरहने, पढ्ने प्रवृति हुनाले उनले मगाएका कल्याणका विभिन्न विशेषाङ्कले चेतको साहित्यिक रुचिलाई निकै सघाएको, पिताको शवको छेउमा बस्दा उक्त सारा दृष्यहरू जीवित पिताको रूपमा आईरहको, पिता दिनदिनै जुन बाटोबाट माईस्थान दर्शन गर्न जान्थे त्यहीबाटोबाट बाबुको शव उसले काँधमा हालेर हिँडेको, रानीघाट सिरसियामा उनको चिता तयार भएकाले दाजुभाइले चितामा पल्टेको उनको शरीरको परिक्रमा गरी खुट्टा ढोगेका र जेठा पुत्र धनुषचन्द्रले मुखाग्नि दिएका, केही समयमा जन्मदाताको शरीर खरानीमा परिणत भएको, सबैले स्नान गरी घरतिर लाग्दा खरानी होइन आफ्ना पितालाई नै एक्लो अवस्थामा छाडेर गएको उसलाई भान परेको र उसको जीवनको एउटा अर्को अध्याय पिताका साथै समाप्त भएको घटनासँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड -३२( पृ. ६१- ६३)**

यस खण्डमा जम्मा तेइस अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा सिरसियाबाट फर्किंदा उसको दृष्टि गोविन्दचन्द्रले उधारो चलाएको सरजु र नथुनीको दोकानतर्फ गएको, उधारो लिँदा गोविन्दचन्द्रको हस्ताक्षर हुने गरेको, केटाकेटीहरू तथा चेतले समेत बाबुको हस्ताक्षर नक्कल गर्ने अभ्यास गरेको तर सौदा मँगाउने आँट भने कहिल्यै नभएको कुरा व्यक्त भएको छ ।

किरियामा बस्दा उनीहरू कोरा लगाएर दिनदिनै नगुवा पोखरीमा नुहाउन जाने गरेका, त्यस समयका दुईवटा कुरा सम्झनामा आएको, एउटा ढिकुरो फोरेको र अर्को सूर्यकोटी सम प्रभ भनेर पिताको सूर्य जत्तिकै तेजिलो अनुहार सम्झ भनेर पुरेतले अह्राएको, दिनदिनै एकजना आएर गरूडपुराण सुनाएर जाने गरेको, गरूडपुराण चेतले केटाकेटीमै पढिसकेकाले त्यो समय निरस र कष्टपर लाग्ने गरेको, टोलमा छिमेकीहरूलाई किरिया घर जस्तो नलागेर बिहे घर जस्तो लागेको आलोचना पनि भएको प्रसङग रहेको छ ।

रमेशले केही समयअघि **डापी** उपन्यासको समालोचना लेख्ने क्रममा एशियाकै अद्वितिय उपन्यास हो भन्ने लेखेतापनि चेत यसमा सहमत नभएको, लक्ष्मीनाथ शर्माले पनि **डापी** उपन्यासको प्रसंसा गरेका, एकदिन रमेशले चेतको रिस गर्ने व्यक्ति बढेको कुरा सुनाएका, ध्रुव सापकोटाले **डापी** उपन्यासलाई एशियाको अद्वितिय भनेकोमा धेरै विरोध बोलेर गएका तर पछि त्यही ध्रुव सापकोटा एक समयमा चेतको सबभन्दा आत्मीय साहित्यिक मित्र भएको प्रसङ्ग रहेको छ ।

तेह्रौ दिनमा सबैले फुकाएपछि मासु खाने निणर्य गरेको र गुरुलाई सोध्दा आत्माले माने हुने नमाने नहुने भन्ने सल्लाह पाएपछि हाँस किनेर ल्याई सबैले मासु खाएका, यो घटनाले टोलमा अझै आलोचना भएको महसुस गरेको आदि घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-३३(पृ ६३-६५)**

यस खण्डमा जम्मा बाह्र अनुच्छेदहरू रहेको देखिन्छ । प्रस्तुत अनुच्छेदहरूमा गोविन्दचन्द्रको आफ्नै पिता छविलाल अनि भाई तिर्थराजको मृत्यु कम उमेरमै भएको, गोविन्दचन्द्रकी आमा तेजकुमारीले केही बढी उमेर पाएको तर गोविन्दचन्द्रका दाजु नारायणचन्द्र पैँसठ्ठी ननाघ्दै हृदयरोगले गएका, त्यसैले गोविन्दचन्द्रलाई पैँसठ्ठी ननाघ्दै मरिन्छ कि भन्ने मनोवैज्ञानिक प्रभाव परेको, एकदिन गोविन्दचन्द्र पैसठ्ठी पार गरेर छैँसठ्ठी वर्षमा प्रवेश गरेकाले अत्यन्त खुशी भएका र अब आफ्नो खड्को काटिएको हुनाले असी वर्ष बाँच्ने कुरा गरेका, त्यसदिन छोटोमोटो समारोह गर्ने विचार गरेर बजारबाट मासु किनेर ल्याई सबले आनन्द मनाएर खाएका तर त्यही दिन उनको हृदयघात भएको र तत्काल पार्थिव शरीरमा परिणत भएका, जानुअघि अब म गएँ भन्दै अन्तिम शब्द ॐ को उच्चारण गरेका, विडम्बना यस्तो हुँदो रहेछ कि एउटा व्यक्ति मृत्युको त्रास हुन्जेल बाँचिरहन्छ, जुनदिन ऊ त्यो त्रासबाट मुक्त हुन्छ त्यहीदिन उसको मृत्यु हुन्छ भन्ने कुरा व्यक्त भएको, पिताको त्यो विडम्बनापूर्ण स्थितिले चेतलाई भित्रबाट छोएको हुनाले **दाह** शीर्षकको कथामा त्यस स्थितिको प्रभाव परेको, पछि चेतको छोरा इशानले पनि यस स्थितिको वर्णन भएको कथा लेखेको आदि घटनासँगै यो खण्ड टुङ्गिएको देखिन्छ ।

**खण्ड - ३४(पृ ६५-६६)**

यस खण्डमा जम्मा सोह्र अनुच्छेदहरू छन् । यी अनुच्छेदहरूमा गाइडले चिठी पठाएकाले चेत थेसिसको लागि पुना हिँडेको, पुनामा डेक्कन कलेजको कर्मचारी नाथानी नामक मानिसलाई थेसिस टाइप गर्न जिम्मा दिएको, थसिस ५१२ पृष्ठको हुनाले पन्ध्र दिनको म्यादमा टाइप गरी नसकेको, टाइप गराउनको लागि चेत दिनदिनै नाथानीको घर गएको तर एकदिन उसको घरमा जाँदा घर सुनसान रहेको, थेसिस गर्ने कोठामा थेसिसका टाइप गरिएका पानाहरू छरपष्ट भएको देखेको, नाथानी आतङ्कित देखिएको, नाथानी र स्वास्नीबीच झगडा परेकोले चेतलाई त्यहाँबाट

जाने कुरा गरेको र नाथानीको घरमा थेसिस टाइप गर्न असम्भव देखिएकोले चेतकै कोठामा आएर थेसिस टाइप गर्न थालेको, स्वास्नीले सोद्धा थेसिस टाइप नगरेको भन्ने कुरा बताउन चेतलाई आग्रह गरेको, थेसिस सकेपछि पारिश्रमिकको मोटो रकम हात पारेको र त्यो पैसाले बेसरी रक्सी खाने र बाँकी रहेको रकम स्वास्नीलाई मुख टाल्नको लागि बुझाइदिने आदि घटनाको प्रसङ्गसँगै यो खण्ड टुङगिएको देखिन्छ ।

**खण्ड -३५** (पृ.६६-६९)

यस खण्डमा जम्मा छब्बीस अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा थेसिसको करेक्सन चेत जत्तिकै ज्योतिले पनि गरिदिएको, करेक्सन सकिएपछि पुना विश्वविद्यालयमा बुझाउन जाँदा रामशरण महत पनि आफ्नो थेसिस बुझाउन आएका, त्यसपछि दुवैलाई होलोपनको अनुभव भएको, एक प्रति विदेशमा पठाउने डेक्कन कलेजको नियम हुनाले चेतको एउटा थेसिस अमेरिका र अर्को बरोडा पठाइएको, डेक्कन कलेजले थेसिस पानी जहाजबाट पठाउने गरेको र यसरी पठाउदा ढिलो पुग्ने हुनाले चेतले थेसिस आफ्नै खर्चमा हवाईजहाजबाट पठाएको, थेसिस परीक्षणबाट आएपछि चेत वीरगञ्जमै हुँदा भाइभाको लागि उसको गाईडले चिठी पठाएकाले नयाँ गुलाबी सुटटाई लगाएर पुना विश्वविद्यालयतर्फ हिँडेको र बाटामा आशाकेलकरले भेटेर आज उ बेग्लै देखिएको बताएकी, आशाले चेतलाई मन पराएकी हुँनाले आफूलाई चेत राम्रो लाग्ने गरेको कुरा स्वस्तिलाई समेत बताएको प्रसङ्ग रहेको छ ।

वि.सं. २०५९ मा अन्तिमपटक डेक्कन कलेज जाँदा चेत बसेको कोठाको जीर्ण अवस्था देखिएको चौतारामा गुलमोहरको बोट नभएको, अन्तिम सम्झनाको रूपमा आफू बसेको र त्यो भत्केको घरअघि उभिएर आफ्नो तस्वीर खिचाएको प्रसङ्ग देखिन्छ ।

झकिझकाउ भएर गएपनि भाइभाको दिनले गर्दा मनमा एउटा विचित्र भय रहेको, भाइभाको समयमा धेरैबेरसम्म प्रश्नोत्तर चलेको दुईचार ठाउँमा केही त्रुटि बताएको र त्यो त्रुटि थेसिसको प्रकाशन गर्दा सच्याउने भनेको तर अहिले सम्म सच्याउन नभ्याएको, उसको थेसिस स्वीकृत भएको उसको एक्सटर्नललाई नेपाल आउने निम्तो दिएको, यसरी पुनाको अध्ययनको अन्त्य भएको प्रसङ्सँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-३६**(पृ.६९-७१)

यस खण्डमा जम्मा उन्नाईस अनुच्छेदहरू रहेको देखिन्छ । यस अनुच्छेदहरूमा बिदा हुने दिन नजिक आउँदा आफूमा र साथीभाईमा पनि उसले आत्मीयता र भावुकतामा वृद्धि हुँदै गएको पाएको, केलकर, शर्मा, बादाम तथा गिदवानीहरूले डिनरमा बोलाएका, डा. मेहण्डले, भास्कर राव सबैकहाँ आमन्त्रित गरेका, पद्मा मेहताले एकदिन विशुद्ध गुजराती खाना खुवाउन एउटा होटलमा लगेकी, त्यो भन्दा अघि चेत उक्त रेस्टुरेन्टमा नगएकाले पद्माले चेतको अन्तिम बिदाई त्यहीँबाट गरेकी, त्यहाँ बसुन्जेल पद्मा अत्यन्त भावुक भएकी, अन्य साथीहरूले पनि खान बेग्ला -बेग्लै बोलाएका, त्यसरात चेतपनि निकै भावुक भएको, जाने दिन सबै पुना स्टेसनमा पुऱ्याउन आएका, रेल हिँड्ने बेलामा तस्वीरहरू खिचेको, एकअर्कामा अङ्कमाल गरेका, सबैको आँखाभरी आँसु भरिएको, चेतको आँखा पनि आँसुले अमिलो भएको, ट्रेन गुडेपछि साथीहरूले हात हल्लाएका, देखिन छाडेपछि आँसु पुछेर आफ्नो सिटमा बसेको र अहिले सम्झँदा ती सारा साथीहरूको अनुहार सम्झिएको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-३७( पृ.७१-७५)**

यस खण्डमा तीनवटा बुँदासमेत चालीस अनुच्छेदहरू रहेको देखिन्छ । प्रस्तुत अनुच्छेदहरूमा साथीहरूको सम्झनाले आँखा ओभाउन थालेपछि पुनाको विगतलाई धेरै किसिमले सम्झन थालेको र पुनामा लेखेको डायरीको पाना पल्टाउँदा एउटा अनौठो प्रसङ्ग भेटेको, वीरगञ्जमा एउटा मानिस जेलको पर्खाल बाहिर घाँसमा बसेर केही खाईरहेको र छेउमै आईमाई हुनाले खुवाउन आएकी भन्ने ठानेको अनि उसको मनमा त्यो कैदी हो भन्ने लागेको, अखबारमा पढ्दा लोग्नेले स्वास्नीलाई लुगा ल्याउन अह्राएको र स्वास्नीले विभिन्न रङ्गको लुगा कुनै मान्छेले ल्याउन सक्ला भन्ने पत्यारै गर्न नसक्ने गरी ल्याएकी र पछि लोग्नेको मृत्यु भएकोले त्यो आईमाइलाई भूत ठानेको, एउटी तमिलभाषी विद्यार्थी आइमाईले त्यो ठाउँ हेर्ने रहरले चेतलाई भनेकी, चेत, स्वस्ति र तमिल आईमाई भूतको घटना घटेको बाटामा हिडिरहेका, तीन जना केटाकेटीहरू आएका र चेतले भूतको घटनाबारे सोद्धा उनीहरूले आफ्नै आँखाले घटेझैँ बताएका, यत्तिकैमा परबाट एउटा करीब तीन वर्षको केटो आईरहेको जुन केटो चेतको गाउँ बेतौनामा एउटा मनकवा नामको केटोसँग मिल्दो जुल्दो भएको जुन मरिसकेको थियो । त्यो केटो देखेर चेतसँग भएका केटाहरू भूत-भूत भन्दै भागेका, यी तीनै केटाहरू ‘भूत बच्चो’द्धारा छोइएका हुनाले ढलेका र चुम्बकजस्तै उम्किन नसकेको, चेत तिनीहरूलाई छुटाउन गएको तर रोक्किएको, चेतहरू स्कुल पुगेका तर शिक्षक नभएका अनि शिक्षिका पनि सेतो ड्रेसमा रहेका, पढ्ने केटाकेटीहरू क्लासमा रहेका तर क्लास फुर्सतमा रहेको, शिक्षकहरू त्यही भूत आइमाईको कुरा गरिरहेका र त्यो भूत आइमाई ती टिचरहरू मध्ये केही हुन सक्ने कुरा गर्दा स्वस्ति पनि टिचर हुनाले चेत अचानक डराएको, चेतको कन्चट दुख्न थालेर पल्टिएको, एउटी अनाम आइमाई जो उसको प्रेमिका जस्ती तथा स्वस्तिजस्ती पनि लागेको, तिनले कन्चट सुम्सुम्याउन थालेको, चेत तिनको अनुहार हेर्न टाउको तन्काउन खोज्दा दुवै हातले थिचेकी, चेत झसङ्ग भएको किनकि त्यो भूत आइमाई त्यही तमिल आइमाईको अनुहारजस्तो देखिएको, यी माथिका घटनाहरू चेतले सपनामा देखेको उल्लेख गरेको छ ।

तीन/चार दिनअघि उत्तेलाई क्यान्सर भएको सपना देखेको, चेत सपनामै भयभीत र नर्भस भएको तर उत्तेचाहिँ नर्मल देखिएको, यो सपना देखिएका कारणहरूमा :- केही दिनअघि गनदाईको मृत्यु क्यान्सरका कारणले भएको, गनदाई बिरामी भएर अस्पतालमा रहेकाबखत उत्ते नियमित रहेको र उत्तेका लागि चेतको मनमा गहिरो चिन्ताभाव रहेको, चेतले आफूलाई पनि क्यान्सर लागेको सपना देखेको थियो ।

स्टेसनको प्राङ्गणमा एउटी आइमाई बच्चा मरिसकेकोले चित्कार गर्दै रोई रहेकी, त्यो बच्चा जाडोले या गरिबीले के कारणले मरेको हो भन्ने जिज्ञासामा गरिबीले नै मरेको भन्ने निर्णयमा पुगेको र चेतलाई यस दृष्यले आत्महत्या गरूँ कि, विद्रोह गरौँ कि वा यसलाई बिर्सौं भन्ने आक्रान्त मनस्थितिमा पुगेको, पछि उसले डायरीको यो अंशको आधारमा **अलिखित** उपन्यासमा एउटा चित्रण गरेको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड -३८(पृ.७५-७६)**

यस खण्डमा जम्मा बीस अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा बाबु गोविन्दचन्द्रको प्रसङ्ग रहेको देखिन्छ । जसमा वि.सं. २०३५ असोज १८ गते बुधबारको **परालको**

**आगो** हेर्दा बासँग सिनेमाहलमा भेट भएको र त्यही नै बासँगको अन्तिम भेट रहको, बा जानुभन्दा अगाडि गाउँखाने कथाहरू वा अन्ताक्षरी सुष्मा अनि महेशहरूले खेल्दा रमाइलो मानिरहनु भएको, उहाँ चौसट्ठी काटेपछि पचासी बर्ष बाँच्ने कुरा गर्नुभएको, उहाँको मृत्यु उहाँलाई करीब डेढ बर्षको अन्तरमा कुरिरहेको, बालाईं अचानक दुख्न थालेको, त्यसदिन अर्को औषधी खानुपरेको, पहिलो दुखाइको तोड समाप्त भएको तर तुरून्तै दोस्रो तोड सुरू भएको, जुन दुखाई साङ्घातिक सिद्ध भएको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड -३९** (पृ. ७६)

यस खण्डमा जम्मा चार अनुच्छेदहरू मात्र रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा अघिल्लो दिन र पछिल्लो दिनको सूर्योदयका बीचमा जघन्य कुरो घटिसकेको, एक्काईस गतेको त्यो सूर्योदय पहिलो सूर्योदय थियो जसलाई बाले आफ्नो छैसट्ठी वर्षको उमेरमा पहिलो पटक देख्न नपाएका अनि त्यस्तो एउटा सूर्योदय चेतको जीवनमा पनि एक पटक आउने प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड -४०**(पृ. ७६-७८)

यस खण्डमा जम्मा अठार अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा रेलमा बसेर डायरीद्धारा स्मरण गरेका ती प्रसङ्सँगै चेत बम्बई पुगेर इण्डियन एयरलाइन्सको अफिसमा टिकट निधो गर्न गएको तर सातादिनको हडतालले गर्दा र ऊ त्यही बस्न पुग्ने पैसा पनि नभएको हुदाँ बिदा मागी आएको साथीकै डेरातिर जाने विचार गरी फेरि पुनातर्फ फर्केको, सबै साथीहरू आश्चार्यचकित भएका, हडताल समाप्त भएपछि फेरि बम्बईतर्फ हिडेको र दिल्लीमा एकरातको बास बसी दोस्रो दिन काठमाडौं पुगेको घटना छ ।

पुनाको अन्तिम कुराको प्रसङ्गमा पुनाबाट घरतिर हिड्ने बेलामा डेक्कन कलेजको पियनको मृत्युको खबर सुनेको, काठमाडौं टेकेपछि एउटा ट्याक्सीमा चढी आफू कता हिडेको पत्ता नपाएको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड -४१**(पृ.७८-८०)

यस खण्डमा जम्मा चौबीस अनुच्छेदहरू रहेको देखिन्छ । यी अनुच्छेदहरूमा ट्याक्सी ड्राईभरले कता जाने भनी सोद्धा होटल हिल भ्यूमा जाने कुरा गरेको किनकि ऊ धनुषचन्द्र वा कसैकहाँ पनि तत्काल जान नचाहेको, हिल भ्यूमा रात काटेपछि धनुषचन्द्रकहाँ फोन गरेको र भाउजूबाट फोनमै दाजुले मदन पुरस्कार पाएको खबर प्राप्त भएको, त्यो नयाँ खबर सुनेर चेतलाई रमाइलो लागेको देखिन्छ ।

चेतचन्द्र वीरगञ्ज सरुवा हुन चाहान्थ्यो किनकि काठामाडौं यस बीचमा पुनः अपरिचित र टिक्न नसकिने खालको भएको, बल्लबल्ल बनाएको आत्मीयता यतिन्जेलसम्ममा खजमजिई सकेको, काठमाडौंलाई आत्मीय बनाउन गाह्रो हुने महसुस चेतचन्द्रले गरेको देखिन्छ ।

चेतले विद्यावारिधि गरेको खबर गोरखापत्रको अघिल्लो पृष्ठमा चौथाई पृष्ठ ओगट्ने गरी छापिएको र समाचारमा उसको साहित्यको लेखाजोखा समेत गरिएको, चेत आफ्ना सामानहरू बटुलबाटुल पारी वीरगञ्जतर्फ हिडेको, धेरै सामान हराएको र हराएकामा **श** का आधा दर्जन तस्वीर

रहेका जुन उसका लागि मूल्यवान् लागेको, वीरगञ्ज ऊ कतिदिनमा पुग्यो त्यो स्मरण नभएपनि वीरगञ्जमा उसको भागमा परेको बिचिल्ला कोठा आफ्नो अतुलनीय गर्मी, लामखुट्टे र उकुसमुकुसका साथ तैनाथ रहेको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड-४२(पृ.८०-८४)**

यस खण्डमा जम्मा तेत्तीस अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा वीरगञ्जको घर तथा वरिपरिको वातावरणको बयान गरीएको छ । चेतको बिचिल्ला कोठा तथा सिङ्गै घर आजको दृष्टिले पूरै बेकार देखिएको, घरको बगैचाँमा प्रायजसो सबै फूलहरू फुल्ने गरेको, विशेषतः कटरचम्पाको सुगन्ध पाकेपछि चारैतिर फैलिने गरेको, घण्टीफूलको बोक्रा फालेर फूलभित्रको गुलियो रस चुस्ने गरेको, पारिजातका साना, राम्रा र सुगन्धित फूलहरू कार्पेट ओछ्याए जस्तै गरी छरिएका, सबभन्दा बढी चेत फेन्सामा झुम्मिने गरेको, कालो फेन्सामा हलुको अमिलोपन मिश्रित गुलियो हुने प्रसङ्ग रहेको छ ।

आफ्नो बिचिल्ला कोठामा बिजुली भएपनि पङ्खा नभएको, एकातिर तेजकुमारी हजुरआमा सुत्ने गरेको, उनको खाट छेउको पाइतानोनिर केही ठूलाठूला सन्दूसहरू रहेका र अरू नभएको बेला तिनले सन्दूस हेर्ने गरेकी, त्यही हजुरआमाको सन्दूस प्रकारान्तरले पछि **दुविधा** उपन्यासको कथ्यमध्ये एक बनेको थियो ।

बिचिल्ला कोठामा उसले कैयौँ पुस्तकहरू पढेको, **मृगनयनी** उसले पढेको पहिलो ऐतिहासिक उपन्यास भएको, काठमाडौँमा आफन्त भन्यो कि क्रूरता हुने गरेको अनि सहायता भन्नासाथ असहाय तुल्याउने षडयन्त्र भन्ने अर्थ लाग्ने गरेकोले वीरगञ्जमै काम गर्ने र वीरगञ्जमै स्थापित हुने विचार गरेको किनकि सिङ्गो टोल, सिङ्गो सहर तथा सारा मानिस परिचित थिए । त्यो वीरगञ्जको बिचिल्ला कोठानै उसको लेखकीय जीवनको आजसम्मको उपलब्धि बनेको देखिन्छ ।

आज ती बिचिल्ला कोठाको अस्तित्व नै नभएको, अन्य कोठामात्र नभै बगैँचा तथा त्यो सिङ्गो घरनै जादूले जस्तै अदृष्य भैसकेको, अहिले पनि चेतचन्द्र जीवनमा असहाय, उकुसमुकुसता जस्ता कुराहरू सामुन्ने आउँदा त्यही बिचिल्ला कोठानै सामुन्ने आइदिए केही होलो हुने थियो कि भन्ने प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-४३(पृ.८४-८६)**

यस खण्डमा जम्मा अठार अनुच्छेदहरू रहेका छन् । प्रस्तुत अनुच्छेदहरूमा गोपालचन्द्रले कताबाट हो एउटा काजुको बिरूवा ल्याएर रोपिदिएको र दिनदिनै त्यसलाई पानी हाल्ने गरेका, वास्तवमा काजु बढेपछि कत्रो हुन्छ भन्ने कसैलाई थाहा नभएको, एकदिन गोपालचन्द्र काजुको बिरूवामा पानी हाल्न जाँदा काजुको बिरूवै नभएको, त्यो बिरूवा गाईबाखाले खाएको पनि थिएन, उखेलिएजस्तो पनि थिएन त्यसैले यो घटना रहस्यजस्तो भएको, कसैले काजु दक्षिण भारतको चीज भएकाले त्यहीँ उडेर गयो भनेका, त्यो घटनाको धेरै बर्षपछि भारतको भ्रमण गर्दा चेतले काजुको बोट देखेको, उसको हजुरआमा हुन्जेल फूलबारी, लिच्ची, केरा आदि रहेका तर तेजकुमारीको मृत्युपश्चात् ती सबै मासिएर वा हराएर गएका त्यसैले जीवन-जीवनमा सम्बन्ध भएजस्तै मृत्यु-मृत्युमा पनि सम्बन्ध हुँदोरहेछ भन्ने ज्ञान भएको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-४४(पृ.८६-८७)**

यस खण्डमा जम्मा चौध अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा यस्ता स्मृति र परिस्थितिले गर्दा चेत वीरगञ्जमै बस्न चाएको, काठमाडौको जतिसुकै थोत्रो लेखक पनि राष्ट्रिय मानिने अनि बाहिर जतिसुकै राम्रो लेखेपनि क्षेत्रीय बनाइने गरेको, त्यसैले उसमा राष्ट्रियबाट क्षेत्रीयमा घटुवा हुने डर रहेको प्रसङ्ग छ ।

चेत आफू वीरगञ्जमै बसेर लेख्ने निष्कर्षमा पुगेको किनकि उसको सिर्जना र सङ्घर्ष झेल्ने ऊर्जा प्राप्त गर्ने एक प्रमुख मुहान बिचिल्ला कोठानै भएको, त्यही बिचिल्ला कोठामा स्वस्थानी तथा गायत्रीमन्त्र पढेको तथा भूतप्रेतबाट जोगिन एकान्त तथा अन्धकारमा धेरैपटक गायत्रीमन्त्र जप गरेको, कैयौं बर्षपछि फेरि ऊ त्यही बिचिल्ला कोठामा बसेर आफ्ना सन्तानसहित फेरि जीवनको अर्को खेल खेल्ने आदि प्रसङ्गका साथसाथै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड ४५(पृ.८७-८८)**

यस खण्डमा जम्मा चार अनुच्छेदहरू मात्र रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा कसैले चेतलाई डक्टरेट पास गरेपछि भोज खुवाउनु पर्छ भनेकाले भोजको तयारी गरी बिचिल्ला कोठामा पकाउँदै बाहिर आँगनमा ल्याई भोज खुवाएको, धेरै खर्च भएपनि साराको तृप्ति खर्चका तुलनामा महत्वपूर्ण रहेको, चेतको जीवनमा त्यो बिचिल्ला कोठाबाट पाएको सामूहिक तृप्ति त्यही अन्तिम रहेको प्रसङगसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड -४६(पृ.८८-९०)**

यस खण्डमा जम्मा बीस अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा माथिका वर्णित विशेषताहरूले गर्दा चेत वीरगञ्ज सरुवा हुने तयारी गर्न थालेको, त्यसबखत चेत त्रिचन्द्रमा सरकारी शिक्षक रहेको, एकपटक सरकारीबाट त्रि.वि.वि.मा जाने मौका दिएकाले वि.सं. २०३५ साल श्रावणमा चेत त्रि.वि.वि. सेवामा गएको, चेत एक कुशल शिक्षकै बन्न चाएकोले पावरवाला बन्ने तथा घुस खाने त परै जाओस् घुस खुवाउन समेत नजानेको, त्यसैले कोही असल साहित्यकारहरू पनि रहेका जसले कमाउने बेलामा कमाए अब साहित्यिक नैतिकता वा भयका कारण कम कमाउछन् भन्ने प्रसङ्ग रहेको छ ।

एकपटक पारिजात वीरगञ्ज आएकी हुनाले गोपालचन्द्रले पनि पारिजातलाई निजी तवरमा खाना खान आमन्त्रित गरेका, मणिराम पारिजातको स्वागत र व्यवस्थापन गर्नेमा प्रमुख रहेकोले पारिजातको अभिनन्दन कार्यक्रममा वीरगञ्जका धेरै जसो बौद्धिक व्यक्तिहरू आएका, पारिजातका बारेमा प्रमुखरूपमा चेतले नै बोल्नु परेकोले बोल्दा बोल्दै दुई घण्टा बितेको र सबैले ध्यानमग्न भएर सुनिदिएका, सुन्ने मानिसका अनुसार अत्याधुनिक साहित्यबारे यति गम्भीर प्रवचन वीरगञ्जमा पहिलोपटक भएको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड ४७ (पृ.९०-९१)**

यस खण्डमा जम्मा सोह्र अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा चेतले दशौंपटक डीनलाई आफू वीरगञ्ज क्याम्पसमा सरुवा भई जान चाहेको बारे फोन गरेको र डीनले “अर्को हप्ता फोन गर्नु म बुझ्दै गर्छु” भन्ने उत्तर दिएको, यसरी कैयौंपटक फोन गर्दा पनि त्यत्तिकै

झुलाएजस्तो गरेका, अन्त्यमा एकदिन फोन गर्दा चेतचन्द्र जस्तो दक्ष मानिस अन्त नगई कीर्तिपूरमै पढाउनु पर्छ भन्ने उत्तर पाएको, वासुदेव त्रिपाठी त्यसताक नेपाली विभागका अध्यक्ष भएकाले चेतले कीर्तिपूरमै पढाउनु पर्छ भन्ने चाहेका, अन्त्यमा चेत केन्द्रीय नेपाली विभागको शिक्षक नियुक्त भएको, उनीहरूले चेतलाई वीरगञ्ज नपठाएर धेरै हित गरेको भन्ने कुरा चेतले अहिले बुझेको, त्यसैले कहिलेकाँही आफ्नाबारेमा आफ्नो निर्णयभन्दा अरूले गरिदिएको निर्णय दूरगामीरूपमा सही हुँदोरहेछ भन्ने कुरा चेतले बुझेको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड -४८**(पृ. ९१-९४)

यस खण्डमा जम्मा बीस अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा पहिलोपटक त्रि.वि.वि.मा एम.ए.को क्लास लिन जाँदा उसमा फेरि एकपटक पहिलो दिनजस्तै उत्सुकता र भयको मिश्रण भएको, कक्षा सानो, विद्यार्थी थोरै तर थालनीमै कठिनाई उत्पन्न भएको किनकि कक्षामा अशेष मल्ल, रामविक्रम सिँजापतिजस्ता विद्यार्थी रहेका, चेतचन्द्र पढाउँदा नोट नपढ्ने बानी हुनाले नोटबाट किन पढाउँदैन भन्ने विद्यार्थीको मुख्य विषय हुने गरेको, चेतको आफ्नो सरल शैलीले गर्दा उसलाई राम्रै मन पराउँने गरेको, पाएसम्म विश्व साहित्य पढ्ने गरेको र त्यो पढाइ कक्षामा ल्याएर बाँड्ने गरेको, एकपटक उसलाई एउटा उपन्यासबारे पुस्तक लेख्न मन लागेकोले एउटी केटीको उपन्यासबारे छवटा कापी भरिभराउ भएको नोट मागेको तर मनमा उपन्यासबारे लेख्ने कि उपन्यासै लेख्ने भन्ने द्वन्द्व सिर्जना भएको तर कुनैपनि लेख्न नसकेको, त्यस्तै अर्कोपटक भाषाविज्ञानको सैद्धान्तिक पक्षबारे पुस्तक लेख्ने विचार आएर एउटा विद्यार्थीसँग नोट मागेको तर त्यो पुस्तक पनि नलेखिएको, एकपटक मोहनराज शर्मा, राजेन्द्र सुवेदी र चेतचन्द्रको एउटा घनिष्ट समूह बनेको र फुर्सदमा साहित्यिक गफ गर्ने, रचना सुनाउने, टिप्पणी गर्ने आदि हुने गरेको, त्यसैबेला चेतले **समानान्तर** नाटक लेखेर सुनाएको, मोहनराजले **जेमन्त** नाटक लेखेर सुनाएका र **जेमन्त**ले धेरै पुरस्कार पनि पाएको तर **समानान्तर**ले खास पुरस्कार नपाएपनि टिकट किन्नेका लाम अनि विशाल हल भरिएर भूईंमा पनि बसेका, मोहनराज शर्माले पछि **बैकुण्ठ एक्सप्रेस** नाटककै लागि मदन पुरस्कार पाएका, चेतको भने अहिलेसम्म लेखिएका सारा नाटकको सङ्गालो **भष्मासुरको नलीहाड** र अन्य नाटक शीर्षकमा रोशन थापा नीरवले सम्पादन गरेर निकालिदिएका, एकदिन नीरव घरमा आएर उक्त सङ्गालाको लेखकस्व भनेर रू. १३,०००।- दिएर गएका र अहिलेसम्मा कुनै पुस्तकका लागि चेतचन्द्रले एकमुस्ठ पाएको सबैभन्दा ठूलो रकम यही भएको प्रसङ्ग सँगसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड -४९**(पृ.९४-९५)

यस खण्डमा हिन्दी गीतको दुई शेरसहित पन्ध्र अनुच्छेहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा मोहनराज शर्मासितको मित्रता अहिलेसम्म उस्तै रहेको, सनत रेग्मी, अशेष मल्ल, रमेश तुफान आदि सधैंको हितैषीको कोटिमा राखेको, कोहीसँगको मित्रता मौसमी जस्तो रहेको ताकि मौसम फेरियो मित्रता फेरियो, ऊ त्यस्ता मित्रका नाउँ लिन नचाएको, मानिसको जस्तै मित्रताको पनि एउटा आयु रहेको ताकि आयु पुगेपछि मित्रता मर्ने गरेको, कोही-कोही मित्रको व्यवहार देखी तिनको नाउँमा थुक्न मन लागेको र तिनका नाउँमा थुक्न आजभोलि थुक नपुगेर थुक पैंचो लिनु पर्ने जस्तो भएको, कुनै मित्रहरू यस्ता छन् जसले उसलाई चिने, बुझे र सङ्कटमा साथ पनि दिएका आदि प्रसङ्गसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड -५०** ( पृ. ९५-९६)

यस खण्डमा जम्मा तेह्र अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा चेतको परिवार फेरि एकपटक काठमाडौँका डेराहरू र जीवनको मार्मिक स्वाद चाख्न भनेर काठमाडौँ आईपुगेका, चेतहरू डेरा बसेको घर वीरगञ्जका उनीहरूका एक जना मित्र सम्भुप्रसाद अर्यालको ससुराली घर भएको, एक दिन चेतकी श्रीमतीले लुगा धुँदैगरेका बेला घरबेटी आएर दिनदिनै लुगा नधुने र आधा रातसम्म बत्ती नबाल्ने भन्ने आज्ञा दिएर गएकी, डेराबाट दिक्क भएर चेत घर बनाउनतिर लागेको, चेतकी एउटी बहिनीले लगभग पाँचआना दुईपैसामा बनेको तीनकोठाको एकतले घर पैँसठ्ठी हजारमा मिलाइदिएकी, लगभग बीस वर्ष चाबहिलको मौजुबहालनै उसको बासस्थान भएको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड -५१(पृ.९६-९७)**

यस खण्डमा जम्मा छ अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा वि.सं. २०३६ सालमा आफ्नो घरमा पस्दा ऊ डेरा र तिनका तीता अनुभवहरूको राम्रो विशेषज्ञ भएर पसेको, आफ्नो घर भएपनि आफू अझै डेरैमा छु जस्तो लाग्ने गरेको, चेतहरू बेलाबेलामा घरमा ताल्चा लगाएर वीरगञ्ज हिँड्ने गरेका, धेरैदिन बस्दा पनि चोरले घर कहिल्यै नफोरेको, बरू उनीहरू आफैले चाबी हराउने गरेकाले पटक-पटक चोरले झैँ ताल्चा फोर्नु परेको घटनाको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड -५२ (पृ.९७-९८)**

यस खण्डमा एक संस्कृत श्लोकसहित तेह्र अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा एकपटक विद्यार्थीका साथ पिकनिक जाँदा पिकनिकमा कृष्णप्रसाद पराजुलीले रमाइलोसित नाचेको, चेतले पनि गीत गाएको, केही समयअघि ठाकुर पराजुलीले छोराको विवाहमा फोन गरेको र चेत त्यहाँ गएको, अचेल चेतले धेरै ठाउँमा जान टार्दै आएको किनकि मानसिक शान्ति प्रायः नपाइने हुनाले गोष्ठीमा त धेरैजसो जानै छाडिसकेको प्रसङ्ग रहेको छ ।

राजेन्द्र सुवेदीसँगको एउटा रोचक घटना भएको , आजभन्दा लगभग बीस वर्ष अघि उनले बोको काटेर भोज खुवाउछु भनेका तर अझै नखुवाएकाले केही समयअघिको भेटमा "बीस वर्षअघिको बोको त अब कत्रो भयो होला" भन्दा सुवेदीले "अब बोको खान सकिन्छ म केही दिनमा फोन गर्छु" भन्ने हाँस्यात्मक प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड -५३(पृ.९८-९९)**

यस खण्डमा जम्मा छ अनुच्छेदहरू रहेको देखिन्छ । यस अनुच्छेदहरूमा नरहरि आचार्य अहिले चेतको छिमेकी भएका, प्राध्यापक सङ्घको सदस्य सधैं नरहरिले नै उसलाई बनाइदिने गरेका, चेत वीरगञ्ज जाँदा पचास रूपयाँ लाग्ने गरेकाले नरहरिले दुईपटक गरी सय रूपैयाँ दिएको, दशबर्ष अघिको सय रूपैयाँ अहिले तिर्न उनलाई सङ्कोच लागेको प्रसङ्ग रहेको छ ।

मोहनराज शर्माले उसको जतिवटा पुस्तकमा भूमिका लेखेका छन् त्यो एउटा रेकर्डनै मान्नु परेको र नेपालमा एकै व्यक्तिले एकै लेखकका यत्तिका पुस्तकमा भूमिका लेखेको उदाहरण उसले नपाएको, मोहनराज शर्माद्वारा परिचित डा. खगेन्द्रप्रसाद लुईँटेल पनि मित्र भएका तर उनको

स्वभावको विभिन्न पक्ष उसलाई थाहा छ भन्ने दाबी गर्न नसकेको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-५४**(पृ.९९-१०१)

यस खण्डमा जम्मा छब्बीस अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा विश्वविद्यालयमा डीन महेशकुमार उपाध्यायले मणिराम र चेतलाई खान बोलाएर रक्सीका साथ हरिणको सुकुटी भनेर बफको सुकुटी ख्वाएको, केही सृजना गर्ने मनशायले डीन महेशकुमारले चेतलाई आफ्नै कार्यालयमा काजको रूपमा भिकाइदिएका, निर्मल पन्तले चेतको लागि एउटा कोठा दिन चाहेका तर व्यावहारिक कारणवश नमिलेको, महेशकुमारले सहायता गरेरै चेतले ती दिनहरूमा केही लेख्न सकेको, उसले शिक्षा पुरस्कार तथा क्याम्पस प्रमुख हुने रहर कहिल्यै नदेखाएको केवल समय मागेको, त्यही समयले उसलाई साहित्यमा परिचित हुन थप सहायता गरेको, त्यसैले यदाकदा भेट हुँदा महेशकुमारप्रति कृतज्ञता प्रकट गर्ने इच्छा रहेको तर अहिलेसम्म नजुटेको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड-५५**(पृ.१०१-१०२)

यस खण्डमा अठार अनुच्छेदहरू रहेका छन् । यी अनुच्छेदहरूका घटनानुसार महेशकुमारकै पालामा एकपटक प्राध्यापक हुने अन्तर्वार्ता भएको, पछि सही गरूँला भनी सबैले त्यो थन्क्याएको तर पञ्चायतकाल गएपछि त्यो अन्तर्वार्ता बदर भएको, दोस्रोपटक भएको अन्तर्वार्तामा चारजना छानिनेमा चेतको पर्ने ठूलो सम्भावना रहेको, सबैले चेतको सोर्स छ भनेर माथिल्लो निकायमा भनिदिनका लागि चेतसमक्ष आग्रह गरेका तर ऊ त्यो पद पाउन जुन किसिमले पनि योग्य छ भने कसैलाई भन्न किन जाने भन्ने विचारका साथ चुप लागेर बसेको, अन्तर्वार्ता पनि राम्रै भएको तर चेत पछि असफल भएको, विश्वविद्यालयले नै आफूलाई प्रोफेसरका रूपमा हेर्न मन छैन भने आफू पनि रिडरबाटै बिदा लिने मनशायले २०५१ भाद्र १० गतेदेखि लागू हुनेगरी विश्वविद्यालयबाट राजीनामा दिएको, त्यसपछि ऊ राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्यसचिव नियुक्त भएको आदि प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-५६**(पृ.१०२-१०४)

यस खण्डमा जम्मा पच्चीस अनुच्छदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा साझा प्रकाशनको चुनाव हुने भएकोले विनोदले चेतलाई उठ्ने दबाब दिएको तर चेतको चुनाव लड्ने मानसिकतै नभएको किनकि यदि हारियो भने बेइज्जत हुने डर थियो । विनोदले सक्तो सहायता गर्ने चेत उम्मेदवार मात्रै हुनुपर्छ भनेर जिग्री गरेका तर संयोगवस पछि चुनाव घोषित हुँदा उनी हारेका थिए ।

एकदिन विनोद र साथीहरू जम्मा भएर चुनाव जित्नलाई चाङका चाङ हवाईपत्र किनेर त्यसमा भोटरको नाम हेर्दै तिनलाई शुभकामना दिँदै भोट मागेका, चेत वीरगञ्ज हिँडेकाले यी सब अभियानबाट अनविज्ञ रहेको, विनोदले सबै तयारी गरिसकेपछि चेतलाई तुरून्तै आउने फोन गरेपछि चेत भोलिपल्टै हिँडेको र सबै साथीसँग भोट माग्न हिँडेको, घुम्दाघुम्दै एउटा घरमा पुग्दा एउटी स्त्रीले चेततिर हेरेर मुसुक्क हाँसी र आफूले चेतलाई पहिलेदेखि नै चिनेकाले भोट चेतलाई नै दिने

भनेकी, बाह्र बर्षपछि भेट भएकी त्यो स्त्री करूणा रहेकी रत्नराज्यलक्ष्मी कलेजमा पढ्दा चेतप्रति आकर्षित भएकी थिई भन्ने घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-५७**(पृ.१०४)

यस खण्डमा जम्मा तीन अनुच्छेदहरू रहेका छन् । घटनाक्रमानुसार करूणासँगको अचानकको भेट रहेको, तिनमा अझै आकर्षण रहेको, पहिले दुब्लीपातली केटी अहिले भरिभराउ र सम्पन्न रहेकी, आफूसँग विहे गरेको भए न भरिभराउ हुने न त सम्पन्न नै हुने कुरा चेतले सोचेको, उसको परिवार भोट दिन पनि नआएको र करूणासँग आजसम्म फेरि भेट नभएको घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-५८**(पृ.१०४-१०५)

यस खण्डमा जम्मा चौध अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा साझाको चुनावमा छजना उम्मेदवार भएका र त्यसमध्ये दुईजना छान्नु परेको, चुनावका दिन उसले गरेको भाषणले मतदाताहरूलाई मन परेको, कोही साथीहरूले चेतलाई चुनावमा नलड्ने यदि लडे भने उनको जमानत जफत हुनेसम्म पनि भनेका तर चेत वीरगञ्जमै हुँदा यी सबै कुरा सुन्नु नपरको, पछि चुनाव परिणाम निस्कँदा अत्यधिक बहुमतले विजयी भएको, अर्का विजेता रमेश विकल भएका र साझामा दुईवर्ष बेग्लै अनुभवमा बिताएको, प्रसङ्गसँगै यो खण्ड टुङ्गिएको छ ।

**खण्ड-५९**(पृ.१०५-१०७)

यस खण्डमा जम्मा उन्नाईस अनुच्छेदहरू रहेका छन् । घटनाक्रमानुसार एउटा क्षेत्रप्रतापको पहलमा र अर्को चेतको पहलमा साझाको कार्यालयमा दुईवटा कार्य राम्रो भएको, साझामा बस्ता क्षेत्रप्रतापसँग मित्रता भएको, उनले साझाबाटै पत्रिका निकाल्ने कुरा गरेपछि त्यो प्रस्तावले स्वागत पाएकाले कार्य चाँडो भएको र आजको **गरिमा** त्यसै प्रयासको फल हो भन्ने प्रसङ्ग रहेको छ।

वि.सं.२०४३ भन्दा अघि चेतको आर्थिक अवस्था लगभग गरिबीको रेखामुनिनै भएको र सोही सालमा उसको **निमित्त नायक** प्रकाशित भएको र त्यही समय एकतोला सुन धनी हुनलाई किनेको तर आवश्यकताहरूले च्याप्ता पर्सिपल्टै त्यो सुन बेच्नुपरेको, त्यसैबाट **निमित्त नायक**को लागि कागजको बन्दोबस्त गरेको, **निमित्त नायक**मा राजनीतिपक्ष रहेकोले पुस्तकहरू सेन्सर गराउन नलगी जे होला भनेर बजारमा त्यसै पठाइदिइको र राम्ररी चलेको घटना रहेको छ ।

वि.सं.२०४३ सालको एक समयमा चेत बिहान भात खाएर एकझोला **निमित्तनायक** उपन्यास बोकेर चिनेको संस्था वा मान्छेकहाँ लगी दिनभरि बेचेको र त्यसबाट जम्मा भएको केही रकमले पेटको समस्या टार्ने गरेको, उसले घर किनेर टाट भएको र त्यसमाथि एउटा तला थपेकोले झन् टाट भएको, त्यसबेला एउटा लेखकले "ध्रुवचन्द्र त्यत्रो लेखक भएर पनि दिनदिनै किताब बेचेर हिँड्छ" भनेको फेरि अर्को लेखकको टिप्पणी अनुसार "बरू यसो भन, ध्रुवचन्द्रजस्तो लेखकले समेत किताब बेचेर हिँड्नु परिरहेछ" भन्ने प्रसङ्साथै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-६०(पृ.१०७-१०८)**

यस खण्डमा जम्मा एघार अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा एकदिन क्षेत्रप्रताप, कृष्णचन्द्र र केही अन्य साथीहरूलाई घरमा खान बोलाएको र क्षेत्रप्रतापले कुरैकुरामा प्रतीक र उदाहरणको रूपमा 'साहित्यकारको यस्तो थोत्रो घर टाल्ने मेरो उद्देश्य छ' भनेका र अर्का परमहितैषीले त्यही कुरालाई बङ्ग्याएर 'क्षेत्रप्रतापले चेतचन्द्रको घर बनाइदिन्छु' भन्यो भन्ने कुरालाई फिँजाइदिएका, बुद्धि मन्द हुँदै जाँदा पनि मूर्खता भने कहिल्यै नगएको बरू बढ्दै गएको चेतको अनुभवले देखाएको घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-६१(पृ.१०८-१०९)**

यस खण्डमा बाह्र अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा साझा प्रकाशनबाट बाल साहित्यको गोष्ठीमा प्रत्येक बर्ष जापान पठाइने हुँदा सातादिनको भत्ता एकैचोटि लिएर चेत गएको, होटल साह्रै महङ्गो भएकाले सस्तो होटलको खोजीमा लागेको, एउटा प्रतिनिधिले सस्तो होटेल फेला पारेको र सबैले त्यहीँ खाने गरेको, चेतले पहिलोपटक केटी ट्याक्सी चालक जापानमै देखेको घटना रहेको छ ।

जापान आउँदा एकरात बैङ्ककमा बस्नुपरेको र छेउकै कोठामा एउटी अधबैँसे श्रीलङ्कन आइमाई पनि रहेकी, भोलिपल्ट हवाईजहाजमा सँगै बस्न आएकी, त्यो आइमाईले बफको मासु पनि खाएकी तर चेतले पाउरोटी मात्र खाएको, त्यो आइमाईले आफ्नो देशमा बफ खाने नगरेको तर देशबाहिर भने खाने गरेको बताएकी, त्यो आइमाई पनि त्यही सस्तो होटलमा जान थालेकी, काठमाडौँबाट आउँदा कृष्णचन्द्रसिँह प्रधानले हान्सु साहेगीको टेलिफोन नम्बर दिएकाले चेत उसलाई फोन गरेर भेट्न चाहेको प्रसङगसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-६२(पृ.१०९-११०)**

यस खण्डमा जम्मा चौध अनुच्छेदहरू रहेको देखिन्छ । सो अनुच्छेदहरूमा सेमिनारहलमा पुगेर उसले मौखिक कार्यपत्र पेश गरेको र सबैले मनपराएको देखिएको, जापानी भाषा बोल्नेहरू पनि हुनाले त्यसलाई एउटी महिलाले फटाफट अङ्ग्रजीमा अनुवाद गरेको, लन्च ब्रेकमा बाहिरबाट आएकालाई खाने समस्या हुनाले चेतले कुखुरोको साप्रो किनेर खाएको, दोस्रो बैठक थालिने समय बाँकी रहेकोले फोन गर्न खोज्दा केटीले फोन नम्बर मागेर फोन थमाइदिएकी, हान्सु साहेगी घरैमा हुनाले उसले कुरा गर्न पाएको, केहीछिनपछि त्यस केटीले फोनको बाकसमा सिक्का हालेकी, यो काम छिन-छिनमा आएर त्यसै गरी सिक्का हालेर जाने गरेकी, फोन सकिएपछि चेतले 'कति समयमा कति सिक्का हाल्नुपर्छ ?' भनेर सोधेको र 'कति सिक्का हाल्यौ, म तिर्न चाहन्छु' भन्दा 'मैले लिए तिर्ने हो, म लिँदै लिन्न' भन्ने कुरा केटीले गरेकी, चेतले 'किन ?' भनी सोध्दा 'तिमीलाई सधैँ मेरो रिनी बनाउन' भन्ने उत्तर दिएकी, अन्त्यमा त्यो केटीले उसको सहयोगी व्यवहारले रिनी बनाइछाडेकी भन्ने प्रसङ्ग साथै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-६३(पृ.११०-११३)**

यस खण्डमा जम्मा एकतीस अनुच्छदहरू रहेको देखिन्छ । घटनाक्रमानुसार भोलिपल्ट हान्सु

साहेगी तोकिएको समयमा आएका र केही साहित्यिक कुराहरू भएका, चेतचन्द्रले **कट्टेलसरको चोटपटक** उपन्यास अनुवाद गरिहाल्छन् कि भन्ने मनशायले दिएको तर अनुकूल नभएको, दुवैले खाजा खाइ बस ठीक समयमा आउने जाने गरेकाले बस आएपछि साहेगीलाई चढाएर ऊ त्यहाँबाट कुदेको, अन्तिम रातको सेमिनारको समापनपछिको दोस्रो रातमा भव्य परम्परागत भोज र समारोह भएको, समारोहमा चेतपनि नेपाली गीत गाएर भाग लिएको, नाच्दा पटुका खुस्केको, त्यस संस्थाका प्रमुख वयोवृद्धले त झन् आइमाईको आधुनिक वस्त्र लगाएर नाचेको, सेमिनारमा जापानी भाषाको अङ्ग्रजीमा अनुवाद गर्ने आइमाईले चेतलाई भोली घुम्न जाने प्रस्ताव राखेकी र चेतले पनि स्वीकार गरेको, भोलिपल्ट तिनले आठ घण्टा गाडीमा टोकियो सहर घुमाइदिएकी, एउटा पसलमा चेतले किशोरीका बढेबढे नग्न तस्वीर बिक्रीमा राखिएका देखेको र 'यस्तोलाई के भन्ने ?' प्रश्न गरेपछि आइमाईले आफूले विचार नगरेको तर 'यो युवापुस्तालाई विकृतितर्फ डोहोऱ्याउने बाटो हो' भनेकी, त्यो आइमाईले एउटा विशाल पसलमा लगेर एउटा पाण्डुलिपि पुरस्कार पाएको न्यु मुराकामीको उपन्यास किनाइदिएकी, चेतले तिमीले मैलाई किन आज निम्तो गऱ्यौ भन्ने प्रश्नको उत्तरमा तिनले आफ्नो नेपालप्रति लगाव हुनाले र नेपालीहरू मनपर्ने कुरा गरेकी, छुट्टिने बेलामा तिनले चेतलाई होटल पुऱ्याइदिएर केही भावुकताका साथ बिदा लिएकी प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-६४**(पृ.११३-११४)

यस खण्डमा जम्मा पन्ध्र अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा हान्सु साहेगीलाई फोन गर्दा सहायता गरेकी केटीको नाम योको रहेको, योकोले एकदिन पसलबाट एउटा कल्चर्ड मोतीको माला किनाइदिएकी, फेरि त्यो माला बेच्न खोजेका, सबै पसलेहरूले धेरैदाम पाउने आश्वासन दिएका तर यसको कारोबार नभएकोले नबिकेको प्रसङ्ग रहेको छ।

चेतचन्द्रको समुन्द्रयात्रा जीवनकै पहिलो भएकोले बिमा गराएको, बिमा गराउँदा परिवारले लगभग ३२-३३ करोड पाइने देखिएको, निकैबेरको यात्रापछि काठमाडौँमा पाइला टेकेको, उसलाई बिमाको पैसा त्यसै खेर गएजस्तो लागेको, दुईवटा भौतिक उपहार अझै ऊ सँग सुरक्षित रूपमा रहेको, एउटा टोकियो घुमाइदिने महिलाले किनाइदिएको न्यु मुराकामीको उपन्यास र योकोले किनाइदिएको मोतीको माला रहेको घटना देखिन्छ ।

बाबुको मृत्युले चेत एक्लो अनुभव गर्न थालेको, **कट्टेलसरको चोटपटक**को प्रकाशन अघि वा त्यसकै हाराहारीमा जनमतसङ्ग्रह घोषणा भएर सारा देश बहुदल र निर्दलमा बाँडिएको, लेखकहरूले बहुदलको पक्षमा सडक कविता क्रान्ति गरेका, अन्त्यमा बहुदल केही प्रतिशते हारेको, त्यसताक देशका वनजङ्गल जस्ता प्राकृतिक स्रोत सम्पदाको निर्घातसित बलि चढाइएको, नेपालको इतिहासमा यस्तरी सखाप शैलीमा वनजङ्गल कहिल्यै नघटेको, जनमतसङ्ग्रहपछि चेत पूर्वतिर जाँदा त्यहाँ लडेका र उडेका वनजङ्गलहरू देख्दा वैराग्यको भाव जन्मिएको प्रसङ्सँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-६५**(पृ.११४(११५)

यस खण्डमा जम्मा बाह्र अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छदहरूमा बहुदल र निर्दलको झगडाताक चेत र प्रदीपको बीच पनि झगडा भएको र त्यो झगडा कुनै सैद्धान्तिक मतभेद नभै निजी मतभेद रहेको, अर्को रविराज भन्ने मित्र अवसरवादी भएकाले प्रदीपको सहायक बनेर समयकर्मीका रूपमा आएको, केही दिनपछि सिँहदरबार अघिल्तिरको पुलमा प्रदीप चेतसित झगडा गर्न थालेको, प्रदीपले आफूले आज खूब पिएको कुरा गर्दै आजै सबै कुराको छिनोफानो गर्ने कुरा

गरेको, त्यसपछि बर्षौंसम्म प्रदीप र चेतको सङ्गत नभएको, उक्त विवादमा निर्मल पूर्णतः चेतका साथ र रविराज प्रदीपको साथ रहेका, एकदिन मैतिदेवीको पुलमा चेत, निर्मल र रविराजका बीचमा यसै विषयमा कुरा गर्दा चेतले 'यदि मैले गल्ती गरेको रहेछु भने म माफी माग्न तयार छु तर प्रदीपले गल्ती गरेको रहेछ भने उसले माफी माग्नुपर्छ' भन्दा रविराजले 'प्रदीपले त माफी माग्दैमाग्दैन' भनेको, त्यसबखत रविराजको बोल्ने एउटा निमोठिएको तरीका देखिएको, त्यसपछि रविराज र चेतको पनि सङ्गत छुटेको घटनासाथै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-६६**(पृ.११६-११८)

यस खण्डमा जम्मा अठार अनुच्छेदहरू छन् । उक्त अनुच्छेदहरूमा **कट्टेलसरको चोटपटक** प्रकाशित भएपछि पाठकमा राम्रो चर्चा पाएको, यो उपन्यास पढेर एउटी शिक्षककी श्रीमतीले आफ्नो पतिलाई शिक्षक जागिर छोड्न कर गरेकी, केही प्रसिद्ध साहित्यकारले उक्त उपन्यासबारे छोटा र घतलाग्दा अभिव्यक्ति पोखिदिएकाले यो सबैभन्दा ठूलो उपलब्दिमूलक कुरा भएको, प्रस्तुति ध्रुव सापकोटाको रहेको र साहित्यकार वी.पी.को **अभिव्यक्ति** पत्रिकामा आफ्ना टिप्पणीहरू छापिएपछि उक्त उपन्यासले झन् चर्चा पाएको, त्यस्तैगरी दौलतविक्रम विष्ट, वानिरा गिरि तथा जगदीश घिमिरे जस्ता प्रसिद्ध साहित्यकारहरूले कट्टेलसरको चोटपटक उपन्यासबारे घतलाग्दा टिप्पणीहरू गरेका र ती टिप्पणीहरू आजभन्दा चौथाइ शताब्दी अघि वि.सं.२०३८ को **अभिव्यक्ति** पत्रिकामा छापिएको घटनासाथै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-६७**(पृ.११८-११९)

यस खण्डमा जम्मा छ वटा अनुच्छेदहरू रहेको छ । घटनाक्रमानुसार **कट्टेलसरको चोटपटक** चेतको चौथो उपन्यास भएको र त्यस बर्षको पुरस्कार पाउने चर्चामा उक्त उपन्यास पनि सामेल भएको किनकि पुरस्कारसँग सम्बद्ध एक व्यक्तिले चेतलाई सङ्केत गरेका तर एकदिन तिनै मित्रले "मैले त फलानाले पुस्तक पठाउँदैन भन्ठानेको तर पठाइदिएछन्, अब कठीन हुने भयो, तैपनि हेरौँ"भनेको तर चेतलाई अब पुरस्कारको आशा नभएको अनि ऊ खास निराश पनि नभएको किनकि कुनैपनि कुरामा पचास प्रतिशत मात्र आश राख्ने र पचास प्रतिशत चाहिँ अनाम प्रतियोगीलाई छुट्याउँदा आफू पुरस्कृत नभएपनि बढी चोटको अनुभव नहुने, कुनैपनि कुरा पुरस्कारको लागि लेखिँदैन तर लेख्नको लागि चाहिँ पुरस्कार पाइने हो भन्ने आफ्नो गहन विचार प्रस्तुत गरेको प्रसङ्सँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-६८**(पृ.११९-१२०)

यस खण्डमा जम्मा दश अनुच्छेदहरू रहेको छ । प्रस्तुत अनुच्छेदमा आफूलाई जेले पुरस्कारसमान आनन्द मिल्छ त्यही पुरस्कार हो भन्ने चेतको धारणा, उसको लेखनको एक मोड **डापी** भएतापनि **कट्टेलसरको चोटपटक**कै पाठकहरूले बढी स्वागत गरेका, डापी दुरुह हुनाले बौद्धिक पाठकले भने डापीलाई नै स्तरीय मानेका, केही व्यक्ति चाहिँ एक-दुई उपन्यास मात्र स्तरीय र अन्य सबै व्यर्थ भन्ने गरेका तर केही व्यक्ति चाहिँ उसको प्रत्येक उपन्यासलाई अलग-अलग उपलब्धि मानेर लेखकको हौसला बढाइदिने गरेको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड-६९**(पृ.१२०-१२२)

यस खण्डमा जम्मा एक्काईस अनुच्छेदहरू रहेका छन् । घटनाक्रमानुसार एकदिन नीर शाहले **कट्टेलसरको चोटपटक** उपन्यासमाथि आफ्नो पहिलो फिल्म बनाउने कुरा चेतसित गरेका, त्यसपछि आउँदा धेरै दिनसम्म उनीहरूको भेट भएतापनि फिल्मको कुरा ननिस्किएकोले नीर शाहले सो फिल्मी इच्छा त्यागेको हो कि भन्ने चेतको मनमा परेको प्रसङ्ग छ ।

त्यसैबेला नारायणगोपाल सांस्कृतिक संस्थानका महाप्रबन्धक भएपछि चेत बल्ल नाचघरतिर अलि जान थालेको, एकपटक नारायणगोपालले कृष्णाष्टमीमा एउटा गीतिनाटक लेख्न अनुरोध गर्दा चेतले **श्रीकृष्णलीला** तयार पारी मञ्चित भई प्रशंसित भएको, नारायणगोपालले संस्थाबाटै उक्त गीतिनाटकको पुस्तक पनि प्रकाशित गराइदिएका, यस गीतिनाटकको लागि चेतले चारहजार रूपैयाँ पारिश्रमिक पाएको, अर्को पटक नारायणगोपालले एउटा नृत्यनाटिका लेख्न अनुरोध गर्दा **दुर्गावतार** नामक नृत्यनाटिका लेखेका र यो उसको पहिलो पटक लेखिएको पहिलो विधा भएको, **दुर्गावतार** झन् बढी चलेको, नेपाल टेलिभिजनले खिचेर अझै पनि बेला-बेलामा देखाउँदै गरेको, **दुर्गावतार** लेखेबापत चेतले एकहजार दुईसय रूपैयाँ पाएको र त्यसपछि उक्त दुवै विधा उसले नलेखेको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-७०**(पृ.१२२-१२४)

यस खण्डमा जम्मा सोह्र अनुच्छदहरू रहेको देखिन्छ । घटनानुसार लगभग बिर्सिसकेको समयमा नीर शाहले चेतलाई **कट्टेलसरको चोटपटक**को विधिवत् फिल्मी करार गर्न बोलाएका, उसको करारमा पटकथा पनि सामेल भएको, प्रत्येक पक्षको तीनहजार दिएको र तीन प्रकारका लेखनका लागि चेतले नौहजार रूपैयाँ पाउने भएको, फिल्मी साइनमा एकहजार रूपैयाँ पाएको, नीर शाहले उक्त फिल्मको नाम **वासुदेव** राखिदिएका, फिल्म हेर्दा मध्यान्तरमै सबै सिनेमाविद्हरूको प्रशंसा सुनेको, अखबारहरूले पनि **वासुदेव**लाई नेपालको कलात्मकतातर्फ ढल्केको प्रथम फिल्मका रूपमा लिएको, पटकथा र संवादको पनि तारीफ गरेका, यसले गर्दा उसको लागि एक नयाँ ढोका उघ्रेको भएपनि **वासुदेव**पछि उसले अर्को कथानक चलचित्र लेख्न नपाएको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-७१**(पृ.१२४-१२६)

यस खण्डमा जम्मा सत्ताईस अनुच्छेदहरू रहेका छन् । यस खण्डको घटनाक्रमानुसार चेत एकदिन कीर्तिपूरबाट फर्किदै गर्दा पदम ठकुराठीले खोजेको खोज्यै गरेको कुरा शशि शाहले दर्शाएको, एकदिन चेत आफ्नो कोठामा बसिरहेको बेला एउटा मानिसले आफूलाई पदम ठकुराठीको परिचय दिलाउँदै आएको, चेतले नाम मात्र बिर्सेको तर धेरै नजिकको विद्यार्थी रहेको, ठकुराठीले एउटा साप्ताहिक पत्रिका निकाल्ने गरेको र त्यसमा चेतले नियमित रूपमा साहित्यिक लेख लेखिदिन अनुरोध गरेको तथा प्रत्येक लेखको सय रूपैयाँ पेश गर्ने पनि प्रस्ताव राखेको, चेतले स्वीकार गरेको र त्यो पत्रिकाको नाम **साप्ताहिक मञ्च** रहेको, **विमर्श** त्यसबेलाको निकै धारिलो हतियार मानिएकोले यसले चेतलाई गैरसाहित्यिक र राजनैतिक क्षेत्रमा समेत चिनाउनमा निकै ठूलो सहायता गरेको, अखबारका धेरै घटनाहरूमध्ये एउटा घटनामा पदम ठकुराठीलाई कसैले गोली हानेको र देशभरि सनसनी मच्चिएको, अन्त्यमा पदम ठकुराठी बैङ्कक गएर स्वस्थ भएर फर्केपछि उनीमा केही स्वभावगत परिवर्तन देखिएको घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-७२**(पृ.१२६-१२८)

यस खण्डमा जम्मा छब्बीस अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा अखबारमा पनि विघटन आएर **विमर्श** हरिहर विरहीले चलाउन थालेका, यसैबेलामा हरिहर विरही, जनार्दन आचार्य, केशवराज पिँडाली, श्रीआचार्यसँग चेतको घनिष्टता भएको, कहिलेकाही जनार्दनले आफू साधारण मान्छे भएकाले चेतसँग बसेर रक्सी खाँदा पनि गौरव अनुभव हुने कुरा बताएका, कमलमणिले चेत राष्ट्रको सम्पति हुनाले रक्सी नखाइदिन अनुरोध गरेका साथै धेरै बाँचेर धेरै लेख्ने पनि अनुरोध गरेका तर चेतले यो कुरा अभिव्यक्ति पत्रिकाले छापेको र यो पत्रिकाले रक्सी खाएको बेला मात्रै छाप्ने र नखाएको बेला नछाप्ने हुनाले चौबीसै घण्टा रक्सी खाँदोरहेछ भन्ने भ्रम पारेकोले यस्तो देखिएको हो भनेको, सारांशमा यी सारा मित्रहरूसँग मित्रता कति उचाइमा थियो त्यो नाप्न नसकिएको र अहिले कति खस्काइमा छ त्यो पनि नाप्न नसकिएको, चेतचन्द्रले मित्रहरू त धेरै फेला पारेको तर टुट्ने जातको मात्र पाएको त्यसैले **मित्रलाभ**पछि **मित्रभेद** अनिवार्य हुने समाज बनेको आशङ्का रहेको तर उसले आफ्नो तर्फबाट अकारण मित्रता तोडेको उदाहरण नभएको, मित्रता रहँदा पनि र टुट्दा पनि कसैको जानेर अहित नगरेको र यसका लागि उसले आफूलाई भाग्यमानी मानेको प्रसङ्गसँगै यो खण्ड सकिएको देखिन्छ ।

**खण्ड-७३**(पृ.१२८-१३१)

यस खण्डमा जम्मा छपन्न अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा चेतको एकजना पण्डित भन्ने व्यक्तिसँग निकटता बढ्दै गएको, पण्डित कथाहरू लेखेर सुझाव माग्ने गरेको, उनीहरू धेरैजसो बाहिर खानपिन गर्ने गरेका, चेतले व्यक्तिगत रूपमा साहित्यिक पण्डितबाहेक अरू कुनै साहित्यकारसँग नगरेको, रहँदाबस्ता उसको गाउँमा श्रीमती र एउटी छोरी रहेको थाहा पाएको, एकपटक चेत र पण्डित रक्सी खाँदै गरेको बेला पण्डितले अर्को विवाह गर्ने कुरा ल्याएर चेतसँग उचित सल्लाह मागेको र चेतले उक्त विवाह राम्रो नहुने बरू गाउँकी स्वास्नी र छोरीलाई पनि यतै ल्याउने सल्लाह दिएको, पण्डितले चेतको सल्लाहमुताविक गरेर खुसी भएको थियो ।

धेरै समय बितिसक्ता पनि चेत पण्डितको घरमा पसेको छैन तैपनि अन्य लेखकको तुलनामा उसलाई निकटकै मित्र मानेको, मित्रताको पनि एउटा आयु हुनाले उसलाई नभेटेको धेरै दिन भएको, अब सम्भवतः सबैभन्दा महान मित्र पुस्तकलाई मान्नुपर्ने दिन आएको र पुस्तकले कहिल्यै धोका नदिएको कुरा उल्लेख गरेको घटनासँगै यो खण्ड सकिएको छ ।

**खण्ड-७४**(पृ.१३२-१३३)

यस खण्डमा जम्मा पन्ध्र अनुच्छेदहरू रहेका छन् । उक्त अनुच्छेदहरूमा वसन्तको आमन्त्रणामा रामानन्दसागर काठमाडौँ आएका, त्यसबखत पढ्नको लागि चेतले एउटा ड्राफ्ट गरेको, रामायण शृङ्खलाको दक्षिण एसियाभरि चर्चित भएको, उक्त ड्राफ्ट पढेपछि वसन्त लेखकीय क्षमताबाट प्रभावित भएर त्यहाँदेखि थालिएको मित्रता आजसम्म अटूट रहेको, मित्रता जोडिनुभन्दा तोडिनुको कथा व्यथा बढी भएको समयमा उसको आफ्नो स्वभाव भने मित्रता मास्नेभन्दा प्रत्येक उमेरको मानिससँग मित्रता गाँस्ने नै रहेको भन्ने प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-७५**(पृ.१३३)

यस खण्डमा पाँच अनुच्छेदहरू रहेको देखिन्छ । प्रस्तुत अनुच्छेदहरूमा उसको लेखन विधागत विविधतामा वृद्धि हुँदै गएको, कमाइ केही बढेपनि आइ.ए., बी.ए.मा जस्तो एम.ए. मा ट्युसन नभएकोले गरिबीमा भने कटौती हुन नसकेको, उसको अलिअलि नाउँ चल्न थालेको साथै

द्वेष राख्नेहरूको पनि वृद्धि हुँदै गएको, अरूथोक गर्न नजाने पनि ती बिचरा के गरुन् त्यसैले तिनीहरूलाई सहानुभूति नै दिनुपर्छ भन्ने चेतको धारणा रहेको तथा त्यस समयमा **अलिखित** लेख्न थालेको घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-७६**(पृ.१३४-१३५)

यस खण्डमा जम्मा नौ अनुच्छेदहरू रहेका छन् । ती अनुच्छेदहरूमा एकदिन चेतको घरमा मोहनराज शर्मा र ध्रुव सापकोटा रातभरि बस्ने गरी आएका, मोहनराजले **अलिखित**मा सेक्स राम्ररी आएको छ भन्ने कुरा गरेको, **अलिखित**को पूरा भावभूमि बेतौना र गौतमपुरतिरकै रहेको, **अलिखित**मा पहिलेको जिम्दार नै पछि प्रधानपञ्च बनेर बसेको उता जनता विद्रोह चेतनाविहीन र गरिबीले पिल्सिएको, अलिखितमा नकारात्मकभन्दा सकारात्मक टिप्पणी गर्नेहरूको सङ्ख्या बेसी भएको, जिम्दारको क्रूरता दर्शाउने प्रसङ्गको घटना उसले आफ्नै आँखाले प्रत्यक्ष्य देखेकोले अलिखित लेख्दा त्यही मार्मिकतालाई उसले प्रस्तुत गर्न खोजेको, पाठकले बुझ्नेनन् भने व्यङ्ग्यको प्रयोगमा बढी खतरा हुने र त्यो चलनचल्तीको व्यङ्ग्य भएन भने र कुनै पाठक त्यसको तहसम्म पुग्न सकेन भने खोजेभन्दा विपरीत प्रभाव भइदिन सक्ने जस्ता पसङ्गसँगै यो खण्ड समाप्त भएको देखिन्छ ।

**खण्ड-७७**(पृ.१३४-१३५)

यस खण्डमा जम्मा छ अनुच्छेदहरू रहेकाछ छन् । उक्त अनुच्छेदहरूमा बेतौना गाउँपारिको सानो गाउँ बरेवामा एउटा जहर खाँव नामक थारू बस्ने गरेको, जंगबहादुर पथरघट्टामा सिकार खेल्न जाँदा ऊ पनि गएको जुन जंगबहादुरको अन्तिम सिकार मात्र होइन अन्तिम क्षण पनि रहेको, निकै दिनपछि चेत वीरगञ्ज गएर बरेवा गाउँ हेर्दा गाउँको कतै अत्तोपत्तो नभएको, सबै कुनै मन्त्रद्वारा एक्कासि अदृष्य भएजस्तै लागेको, अलिखित लेख्दा उक्त घटना उपन्यासको एउटा आधार बनेको घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-७८**(पृ.१३५-१३६)

यस खण्डमा जम्मा बाह्र अनुच्छेदहरू रहेको देखिन्छ । उक्त अनुच्छेदहरूमा **अलिखित** उपन्यास पाँचौं उपन्यास भएपनि अनुभवका दृष्टिले त्यो पहिलो रहेको, उक्त उपन्यास लेख्ता धेरै कठिनाइहरूको सामना गर्नुपरेको, **अलिखित** वीरगञ्जमा इश्वरचन्द्रले छापिदिएका, उक्त उपन्यास मदन पुरस्कारको लागि दिइएको, आशा नभए पनि घोषणा हुने दिनको समाचार सुन्दै रहेका र वि.सं. २०४० को मदन पुरस्कार **अलिखित** ग्रन्थका लागि ध्रुवचन्द्रलाई प्रदान गरिने भनेपछि सबैको मुखबाट हर्ष र ताली निस्किएको, यस खुसियालीमा आधारातसम्म रक्सीको पाटी चलेको, यस **अलिखित**ले चेतचन्द्रको साहित्यिक स्तरमा एक्कासि वृद्धि गराइदिएको, आजभन्दा एक्काइस वर्षअघि त्यो पाँचौं उपन्यासले जुन बाटो बनायो त्यो बाटोमा हिँड्दै ऊ अहिले आफ्नो यो अठारौं उपन्यास लेख्तै गरेको प्रसङ्गसँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-७९**(पृ.१३६-१३७)

यस खण्डमा जम्मा पाँच अनुच्छेदहरू रहेको देखिन्छ । ती अनुच्छेदहरूमा त्यसताक चेत आफ्नो घरको तला थप्न थालेको, त्यो घर र जग्गा उसले पैँसठ्ठी हजारमा पास गराएको, तला थप्दा एकलाख पचास हजार रूपैयाँ लागेको, त्यो तला थप्दाका बखतमा वीरगञ्जका दुई कित्ता जग्गाहरू, वासुदेव, दुर्गावतार र श्रीकृष्णलीला अनि त्यसताक आउने पारिश्रमिक आदि सब स्वाहा भएका,

एउटी लोग्ने नभएकी भारतीय महिलाबाट एउटा स्कुटर एघार हजारमा किनेको र स्कुटर नामसारी बेगर नै चलाएको, घरको तला थप्ने चापले त्यो स्कुटर फेरि भारतीय राजदूतावासको कर्मचारीलाई बेचेको, अन्त्यमा फेरि त्यो कर्मचारीको भारत सरूवा हुने भएकाले कि त नामसारी गराइदिनुपर्ने कि त लिएको पैसा फिर्ता गर्नुपर्ने भएकाले र उता नामसारी हुन कठीन भएकोले गर्दा आफूले बेचेको स्कुटर फेरि आफैँले किनेको प्रसङ्सँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-८०**(पृ.१३७)

यस खण्डमा जम्मा चार अनुच्छेदहरू रहेका छन् । प्रस्तुत अनुच्छेदहरूमा उसको घर अनौठो किसिमले बनिरहेको, हेर्ने कोही नभएकोले मिस्त्रीले जे-जस्तो र जतिमा किनेर ल्यायो त्यही विल सदर गर्नुपरेको, एकदिन उसले तिनीहरूको उधारो रकम चुक्ता गर्नुपर्ने तर आ-आफ्नो ज्याला लिनको लागि कुनै एउटा निश्चित दिनमा बोलाएको घटनासँगै यो खण्ड समाप्त भएको छ ।

**खण्ड-८१**(पृ.१३७-१३९)

यस खण्डमा जम्मा उनन्तीस अनुच्छेदहरू रहेका छन् । यो खण्ड प्रस्तुत उपन्यासको अन्तिम खण्ड भएकोले उक्त अनुच्छेदहरूको घटनाक्रमानुसार मदन पुरस्कारमा पुरस्कृत हुने व्यक्तिले आफ्नो एउटा वक्तव्य पढ्नुपर्ने भएकाले उसले केही अलग किसिमले वक्तव्य तयार गरेको र कमलमणिले लेखकले पढ्ने एकेडेमिक वक्तव्य जस्तो भयो भनेका, पुरस्कार थाप्न जाँदा वरिष्ठ साहित्यकार सिद्धिचरण श्रेष्ठ र केदारमान व्यतिथले उसलाई पुरस्कार स्थलसम्म पुऱ्याएका, मदन पुरस्कारको राशि त्यसबखत तीसहजार रहेको, त्यही पुरस्कार पाइने दिनको भोलिपल्ट उसले आफ्ना सारा ऋणदाताहरूलाई आमन्त्रित गरेको र त्यस रकममध्ये अठार हजार सुकेको थियो ।

**अलिखित**को पर्याप्त चर्चा भैसकेको र पुरस्कार पाएपछि झन् चर्चामा आएको, सिद्धिचरण र केदारमान व्यथितलाई सभापति र प्रमुख अतिथि बनाएर **सर्वनाम**ले अभिनन्दन गरेको, त्यस बखतको चर्चित हिन्दी साप्ताहिक **दिनमान**मा उसका बारेमा छापिएर कालान्तरमा त्यसको टेलिशृङ्खला बनेको, उक्त उपन्यासलाई फिलिप पियर्स नामक एक विद्वानले अङ्ग्रजीमा अनुवाद गरिदिएका, साहित्यमा रुचि राख्ने एक अमेरिकी महिलाले **अलिखित** पढेर चेतलाई भेटेर खुसी प्रकट गरेकी, **अलिखित**ले चेतलाई पुरस्कार मात्र नदिलाएर प्रतिष्ठा पनि दिलाएको तथा चर्चाको एउटा वृस्तृत द्वार उघारिदिएको, **अलिखित**को बयानमा पुगेपछि चेतचन्द्र अब बिदा लिन चाहेको देखिन्छ ।

अन्त्यमा चेतचन्द्र साठी वर्षको उमेरको अवलोकन गर्न चाहेको तथा आजसम्मको जीवन के रहेछ त भनेर निरीक्षण गर्न चाहेको, केटाकेटीमा उनीहरू एउटै वृत्तमा घुमिरहने एउटा खेल खेल्ने गरेको र घुम्दाघुम्दै रिँगटा लागेर आउने त्यसलाई उनीहरू **घुर्मी** भन्ने गरेका, घुर्मी लाग्दा सारा संसार घुर्मीमय मात्र भएको र आफूलाई लड्नदेखि जोगाउन सके ठूलो प्राप्ति ठानेको, बाल्यकालको त्यो घुर्मीले अझै उसलाई नछाडेको, अहिले लागिरहेको उसको सम्पूर्ण जीवन घुर्मी नै घुर्मी रहेको, यो घुर्मी स्थाई रहेको र हट्दै नहटेको, उसलाई यस घुर्मीले हरक्षण लड्नदेखि जोगाउन कठीन हुँदै गरेको र त्यो खेलको घुर्मी सुटुक्क जीवनमा पसेर स्थाई रूपमा बसिदिन्छ भन्ने चेतचन्द्रलाई थाहा नभएको प्रसङ्ग सँगसँगै यो खण्ड तथा उपन्यास नै समाप्त भएको छ ।

### ४.१.२. घुर्मी उपन्यासको कथानक

आख्यानात्मक विधाहरूको मूलतत्व भनेकै कथानक हो । कथामा कथानकहीन कथाको केही प्रयोग देखिए तापनि उपन्यासमा यो सम्भव देखिँदैन । उपन्यास पढ्नुको सार्थकता नै त्यसको

कथावस्तु वा कथानकमा अडेको हुन्छ । कथानकको अभावमा कुनै पनि उपन्यासमा पाठकहरू गड्न सक्तैनन् । उपन्यासका घटनावलीको योजना वा ढाँचालाई कथानक भनिन्छ ।[३४] कृतिको घटनावलीलाई योजनाबद्ध रूपमा पूर्वापर क्रममा विन्यास गरेर कार्यकारण सम्बन्धमा उनेपछि कथानकको संरचना हुन्छ । त्यही कथानकको संरचनाको आधारमा पूर्ण उपन्यास संरचित हुन्छ । उपन्यास संरचनाका अन्य घटकहरू कथानकमुक्त हुन सक्तैनन् । सबै घटक कथानकद्वारा आबद्ध रहन्छन् । अतः उपन्यासमा कथानकको स्थान महत्वपूर्ण रहेको छ ।

**घुर्मी** उपन्यास एक अनुभवन्यासको रूपमा रहेको हुँदा यसमा विभिन्न घटना, धेरै चरित्रहरू, नियति, दुर्नियति, विभिन्न प्रसङ्ग, संस्मरणका आरोह-अवरोहहरू जस्ता पक्षले जेलिएको हुन्छ । यस उपन्यासका चरित्रहरू वास्तविक रहेकाले यसको कथानक यथार्थपरक देखिन्छ । वास्तविक चरित्रहरू रहँदारहँदै पनि ती चरित्रहरूको चारित्रिक विशेषताहरूको आधारमा नेपाली समाजमा व्याप्त विकृति र विसङ्गतिहरू, घात-प्रतिघातहरू, जीवनका हाँसो-खुसी, दुःख-आँसु, सफलता-असफलता आदिलाई देखाइएको छ । बहुल पात्रको प्रयोग गरिएको यस उपन्यासको कथानक कालक्रमिक नभई चक्रीय रूपमा रहेको छ । प्रस्तुत उपन्यासको अध्ययन गर्ने सन्दर्भमा कथानकको स्रोत, प्रकार, विकासक्रम जस्ता पक्षको अध्ययनपछि मात्र निष्कर्षसम्म पुग्नु सान्दर्भिक देखिन्छ ।

### ४.१.२.१.कथानकको स्रोत

कुनै पनि कृतिमा रहेको कथावस्तु कुन स्रोतबाट आएको छ भन्ने कुराको ज्ञानविना कथावस्तुको स्रोत पत्ता लगाउन सकिँदैन । कथावस्तुको स्रोतका सम्बन्धमा पूर्वीय साहित्य र पाश्चात्य साहित्यमा केही चिन्तन भएको पाइन्छ । पूर्वीय साहित्य भन्नाले संस्कृत साहित्यको भण्डारलाई बुझ्न सकिन्छ । संस्कृत साहित्यमा नाटकका कथानकका तीनवटा स्रोतहरू मानिएका छन् । ती स्रोतहरू हुन् :- प्रख्यात, उत्पाद्य र मिश्रित ।[३५] इतिहास, पुराण, दन्त्यकथा आदिमा आधारित कथानकलाई प्रख्यात कथानक मानिएको छ । रचनाकारको विशुद्ध मौलिक कल्पना उत्पाद्य कथानक हो भने प्रख्यात र उत्पाद्यको मिश्रणलाई मिश्र कथानक मानिएको छ । यसैगरी पाश्चात्य साहित्यमा दार्शनिक एरिस्टोटलले दुखान्त नाटकको व्याख्या गर्ने क्रममा कथानकका तीनवटै स्रोतहरूको उल्लेख गरेका छन् । ती तीनवटा स्रोतहरू हुन् :- दन्त्यकथा, इतिहास र कल्पना ।[३६] पुराण, इतिहास र दन्त्यकथा आदि लोकमा प्रचलित हुने भएकोले तिनलाई प्रख्यात कथानक मानिन्छ भने रचनाकारको मौलिक कल्पनालाई उत्पाद्य कथानक मानिन्छ । तुलनात्मक रूपमा हेर्दा कथानकको स्रोतसम्बन्धी पूर्वीय मान्यता र पाश्चात्य मान्यता बीच त्यति ठूलो भिन्नता देखिँदैन । आधुनिक उपन्यासकारहरू प्रख्यात कथानकभन्दा युगीन विशेषतायुक्त समसामयिक विषयवस्तुलाई कथानक बनाएर उपन्यास सिर्जनामा लागेको देखिन्छ । वर्तमान युगीन प्रवृत्तिको उद्घाटनको लक्ष्य बोकेका आधुनिक उपन्यासहरूको कथानक प्रायः उत्पाद्य देखिन्छ ।

**घुर्मी** उपन्यास पुराण, इतिहास वा दन्त्यकथाजस्ता प्रख्यात विषयवस्तुमा आधारित नभएर

---

३४ मोहनराज शर्मा, शैलीविज्ञान, कमलादी : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४८, पृ.१२० ।

३५ हिमांशु थापा, साहित्य परिचय, चौथो संस्करण, काठमाडौं : साझा प्रकाशन, २०५०, पृ. ६७ ।

३६ वासुदेव त्रिपाठी, पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा, भाग-१, काठमाडौं : साझा प्रकाशन, पृ. ५८ ।

उपन्यासकारका जीवनमा घटेका घटनाहरूसँग सम्बन्धित र कल्पनासँग निकट देखिँदा उत्पाद्य विषयवस्तुमा संरचित भएको देखिन्छ । हुनत यस उपन्यासलाई अतीतका कुराहरूलाई समेटेर संस्मरणात्मक रूपमा ऐतिहासिक विषयवस्तु अँटाएजस्तो पनि लाग्दछ तर समग्र कथानकलाई हेर्दा यो ऐतिहासिक विषयवस्तुभन्दा पनि सामयिक विषयवस्तु नै हो । यस उपन्यासमा प्रयोग गरिएका सम्पूर्ण पात्रहरू समाजका यथार्थ पात्रहरू हुन् । यथार्थ मात्र नभएर वास्तविक पात्रहरू पनि छन् । उपन्यास पढेर त्यहाँ नाम रहेका पात्र खोजी गर्दा भेट्टाउन सकिन्छ । यहाँ कल्पनाभन्दा वास्तविकता बढी रहेको प्रस्ट हुन्छ । यसका नायक चेतचन्द्र, नायिका र अन्य सहायक र गौण गरी डेढसय जति पात्रहरूमा कुनै पात्र पनि पौराणिक, ऐतिहासिक वा लोककथात्मक देखिँदैनन् । कतैकतै भूतप्रेतका प्रसङगहरू आएपनि ती प्रसङ्गहरू गाउँघरमा अन्धविश्वास र रूढीबुढीले उब्जाएका यथार्थ प्रसङ्ग देखिएका छन् । ती प्रसङ्गहरू नायक चेतचन्द्रका स्मृतिका रूपमा आएका छन् । प्रसङ्ग आए पनि कैल्यै पनि यथार्थ भूत नदेखिनुले यस्ता प्रसङ्गलाई महत्व दिनु सान्दर्भिक देखिँदैन । विगतका घटनाहरू समेटिएको भए तापनि ती घटनाहरू ऐतिहासिकरूपमा नभई संस्मरणत्मक रूपमा आएका र वर्तमानसम्म ठोकिएको हुँदा यस कथावस्तुलाई उत्पाद्य मान्नु सान्दर्भिक देखिन्छ । त्यसै गरी उपन्यासको स्रोत केलाउने क्रममा समालोचनाको क्षेत्रमा देखापरेको पछिल्लो शैलीवैज्ञानिक समालोचनाका समालोचकहरूले इतिहास, यथार्थ, रागभाग र स्वैरकल्पना गरी चारवटा स्रोतको उल्लेख गरेको पाइन्छ ।[३७] समय-समयमा भैसकेका कुराहरू इतिहास हुन् । तिनलाई आधार मानेर उपन्यास लेखेमा त्यसको कथावस्तुको स्रोत इतिहास हुन जान्छ । आफ्ना वरिपरि घटित कुराको नाम यथार्थ हो र यसैलाई आधार मानेर उपन्यास लेखेमा त्यसको कथावस्तुको स्रोत यथार्थ हुन्छ । यस्तो कथानकलाई यथार्थवादी, सामाजिक वा मनोवैज्ञानिक कथानक भनिन्छ । अनुराग, विराग जस्ता रागीयवृत्तसँग सम्बन्धित कुराहरूको नाम रागभाग हो । रागभागको कुनै कुरालाई आधार बनाएर उपन्यास लेखेमा त्यसको स्रोत रागभाग हुन्छ । यथार्थको अथार्थ प्रस्तुति भने स्वैरकल्पना हो । यसलाई म्याजिक रियालिटि पनि भनिन्छ । यसका माध्यमबाट वास्तविकताको खोजी गरिन्छ । यसैलाई आधार मानेर उपन्यास लेखेमा त्यस उपन्यासको कथानकको स्रोत स्वैरकल्पना हुन्छ ।
**घुर्मी** उपन्यासलाई शैलीवैज्ञानिक आधारमा हेर्ने हो भने यो उपन्यासको कथानकको स्रोत यथार्थ हो । न यसमा इतिहास पक्ष सबल छ, न त रागभाग र स्वैरकल्पना नै । समग्रमा **घुर्मी** उपन्यासको कथावस्तु, चरित्र, परिवेश पूरै उपन्यासकारको कल्पना वा सम्झनाद्वारा सिर्जित देखिएकोले यस उपन्यासको स्रोत उत्पाद्य नै हो ।

### ४.१.२.२. कथानकको प्रकार

उपन्यासमा कथानकका विभिन्न प्रकारहरू पाइन्छन् । नायकको फलप्राप्तिको आधारमा मुख्य कथानक र सहायक कथानक गरी दुई भागमा बाँडिएको पाइन्छ । उपन्यासको प्रारम्भ देखि अन्त्यसम्म व्याप्त भएको कथानक मुख्य कथानक हुन्छ भने यसै मुख्य कथानकको उद्देश्यलाई सहयोग पुऱ्याउने उद्देश्यले राखिएको कथानक सहायक हुन्छ । सहायक कथानक बीचबाट सुरू भई बीचमै सकिन पनि सक्छ र अन्त्यसम्म जान पनि सक्छ ।[३८] यस आधारमा **घुर्मी** उपन्यास भित्र मुख्य र सहायक दुवै कथानक पाइन्छ । यहाँ चेतचन्द्रसँग सम्बन्धित कथानक मुख्य हो भने कुनै अन्य पात्रलाई महत्वका साथ प्रस्तुत गरिएका उपघटनाहरू सहायक घटना हुन् ।

---

३७ मोहनराज शर्मा, नेपाली कथाको विकास प्रक्रिया,दोस्रो संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५०, पृ.२४ ।

३८ कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २९ ।

उपन्यासको कथानकलाई सङ्गठनका आधारमा पनि विभाजन गर्न सकिन्छ । हड्सनले कथानकलाई सङ्गठनका आधारमा सुगठित र अव्यवस्थित गरी दुई भागमा बाँडेका छन् ।[३९] उपन्यासको कथानकमा घटनाहरू सुव्यवस्थित रूपले संयोजित भएर रहेका छन् भने त्यो कथानक सुगठित हुन्छ । अव्यवस्थित कथानक नेपाली उपन्यासमा हेर्ने हो भने कम मात्र पाइन्छ । यसको उदाहरणको रूपमा ध्रुवचन्द्र गौतमको **बालुवामाथि** र मञ्जुलको **छेकुडोल्मा**लाई अघि सार्न सकिन्छ । यस आधारमा प्रस्तुत **घुर्मी** उपन्यासको कथानक अव्यवस्थित नै देखिन्छ ।

उपन्यासका कथानकका प्रकार छुट्याउने आधार सरल वा संयुक्त कथानकलाई पनि मानिएको छ ।[४०] उपन्यासमा एउटै कथा आरम्भदेखि अन्त्यसम्म भएको कथानक सरल हुन्छ भने दुई वा दुईभन्दा बढी कथानकको मिश्रण हुने कथानक संयुक्त हुन्छ । सरल कथानकको तुलनामा संयुक्त कथानकमा भिन्न-भिन्न सहायक कथानक आउँछन् तर अन्वितिका लागि ती सबै मूल कथानकसँग भने सम्बन्धित हुन्छन् । यसरी हेर्दा प्रस्तुत **घुर्मी** उपन्यासको कथानक संयुक्त कथानकको रूपमा रहेको छ । उपन्यासको कथानकलाई नाटकको कथानक जस्तै दुःखान्तक, सुखान्तक, व्यङ्ग्यात्मक र रागात्मक प्रकारमा पनि बाँडिएको पाइन्छ । उपन्यास त्रासद् वातावरणमा अल्झिँदै जाँदा पात्रहरूको कारूणिक अन्त्य भएमा त्यसको कथानक दुःखान्त हुन्छ । खुसीमा अन्त्य भएमा त्यसको कथानक सुखान्त हुन्छ । समाजका विकृति र विसङ्गतिप्रति प्रहार गर्ने खालको कथानक व्यङ्ग्यात्मक हुन्छ भने मानवीय भावनालाई महत्व दिई त्यसैको प्रभावमा शृङ्खला निर्माण गरिएको कथानक रागात्मक हुन्छ ।[४१] प्रस्तुत **घुर्मी** उपन्यासको कथानक सुख-दुःखमा जेलिएको भएता पनि यसको अन्त्य सुखान्तक देखिएको छ । यहाँ स्वार्थी साथीहरू र स्वार्थी समाजका कटुयथार्थलाई नङ्ग्याउने प्रयास भएको हुँदा यसको कथानक व्यङ्ग्यात्मक पनि रहेको छ । त्यस्तै सहायक कथानकको रूपमा रागात्मक प्रसङ्गहरू पनि आएका छन् । अतः यसको कथानकलाई सुखान्तक, व्यङ्ग्यात्मक र रागात्मक रूपमा पनि लिन सकिन्छ ।

**घुर्मी** उपन्यासका ८१ वटै भागमा प्रमुख पात्र चेतचन्द्रका घटना र परिघटनाहरू समेटिएका छन् । यहाँ नायिका स्वस्तिको उपस्थिति ज्यादै न्यून छ । नायिका नायकको छायाँमा परेकी छे । उपन्यास पढ्दै जाँदा ध्रुवचन्द्र र चेतचन्द्रको प्रसङ्ग जुध्ने गरेको देखिन्छ । वास्तवमा ध्रुवचन्द्र गौतम आफैं चेतचन्द्र बनेर आफ्नै अतीतको वर्णन गरिरहेका छन् । यहाँको चेतचन्द्र र ध्रुवचन्द्र भन्नु एउटै पात्र हो ।

उपर्युल्लिखित आधारमा **घुर्मी** उपन्यासको कथानकको प्रकार पहिल्याउँदा यसको कथानक मुख्य र सहायक कथानकयुक्त, असङ्गठित, संयुक्त, सुखान्त, व्यङ्ग्यात्मक र रागात्मक प्रकारको देखिन्छ ।

### ४.१.२.३. कथानकको विकासक्रम

---

[३९] डब्लु एच हड्सन, एन इन्ट्रोडक्सन टु द स्टडि अफ लिटरेचर, रिप्रिन्टेड, न्यू दिल्ली : कल्याणी पब्लिसर्स, १९९७ ।

[४०] मार्गरेट ड्रेबल , द अक्सफोर्ड कम्प्यानियन टु इङ्लिस लिटरेचर, न्यू योर्क, अक्सफोर्ड युनिभर्सिटी प्रेस, १९९७, पृ. १४२ ।

[४१] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३० ।

प्रस्तुत उपन्यास एक अनुभवन्यास हो जुन विगतका घटनाहरूलाई सूत्रबद्धरूपमा आख्यानीकृत गरिएको छ  तर यस उपन्यासको घटनाहरू शृङ्खलाबद्ध रूपमा नआई विशृङ्खल रूपमा आएको छ । यस उपन्यासमा वर्तमानमा घटनाहरू बगिरहेको छ भने एक्कासि विगततिर फर्केको छ र विगतका घटनाहरू बारे वर्णन हुँदाहुँदै फेरि वर्तमानतिर आएको छ तथा कहिले भविश्योन्मूख पनि हुने गरेको छ । यस उपन्यासको कथानकको विकासक्रम सुसङ्गठित छैन । त्यसैले प्रस्तुत उपन्यासमा आदि, मध्य र अन्त्यको शृङ्खलाबद्ध घटनावली भेटिँदैन । त्यसैले उपन्यासका घटनाहरू वृत्ताकारीय वा चक्रीय रूपमा रहेकोले सोही अनुसार प्रस्तुत गरिएको छ ।

प्रस्तुत घुर्मी उपन्यास डेक्कन कलेज तथा कलेज वरिपरिको वातावरणको वर्णन गर्दै अगाडि बढेको छ । डक्कन कलेजका गुलमोहरका बोटहरूको आकर्षणले गर्दा फिल्म सुटिङ गर्न आइरहने गर्दथे । बरण्डामा बसेर यस्तै कुरा सोच्दै गर्दा बादामको सानो छोरो पुनितलाई एउटा साँप डस्न भनेर आएको तर चेतचन्द्रले बचाएको प्रसङ्ग छ । चेतचन्द्र दिनदिनै पुस्तकालय तथा पढ्न जाने गर्थ्यो । कहिलकाहीँ डा.जी.एल. बादाम र ललिता बादामको घरमा टी.भी. हेर्न जाने गर्दथ्यो । पुनाको बसाइ रमाइलो हुनाले त्यसको बेलाबेलामा सम्भना आउँथ्यो । डेक्कन कलेजका इमली, वर तथा पीपलका ठूलठूला बोट हुनाले ती रूखहरू भूतका प्रिय बासस्थान हुन् भन्ने धारणा उसको मनमा बसेको देखिन्छ ।

एकपटक डेक्कन कलेजभित्र घुम्दै जाँदा एक्कासि एउटा साथी आएर लक्ष्मीरोड घुम्न जाने प्रस्ताव राखेको र उसले पनि स्वीकार गरी लक्ष्मीरोडतिर गएका थिए  तर त्यो साथीले एक वेश्यालयमा चेतचन्द्रलाई बाहिरपट्टि पर्खाएर उक्त साथी भित्र पसी यौनवृत्ति गरेर फर्किएको थियो । चेतचन्द्रलाई साथीहरूले एउटा भव्य भवनमा लगेका थिए । त्यहाँको वातावरण सफा, सुसज्जित तथा केटीहरू सुसंस्कृत अनि सम्पन्न देखिएता पनि एक रातको पाँचसयदेखि हजार रूपैयाँसम्म लिएर ग्राहकहरूलाई यौन तृप्त पार्ने गरेका देखेको थियो । त्यसबखत चेतचन्द्रलाई आफू वेश्यालयमा छु भन्ने नलागेको कुरा व्यक्त गरेको छ । पुनामा उनीहरू बसेको पछिल्तिर एक सुलोचना नाम गरेकी आइमाई एक सानो छोरो र लोग्नेसमेत रहेको परिवार थियो । लोग्ने कामको व्यस्तताले बिहान सबेरै जाने र राती अबेर घर फर्किने गरेकाले सुलोचनाले चेतचन्द्रको कोठा बढारिदिने, लुगा धोइदिने तथा बेलामौकामा खाना पकाइदिने गरेकी छ । एकपटक कोठा बढार्दै जाँदा सुलोचनाको छोटो चोलीबाट स्तनको कम्पन बाहिर आएको चेतचन्द्रले देखेको र हिन्दी भाषामा यौनजनित संवादहरू प्रस्तुत भएका छन् ।

डेक्कन कलेजकै विद्यार्थीहरूमध्ये अनिता नामकी केटीले शङ्कर नामक केटासँग प्रेम गर्दथी भने ज्योतिले पनि अनितालाई मन पराउँथ्यो । एकपटक अनिता र शङ्कर बीच भगडा हुँदा ज्योतिलाई भगडा मिलाइदिने राजदूत घोषित गरी पठाएको तर भगडा मिलाउन गएको ज्योति फर्कँदा अनिताको प्रेमी बनेर फर्केको थियो । पद्मा मेहता चेतचन्द्रको एक आत्मीय केटी साथी थिई र उनीहरू प्रायः साहित्य र दर्शनसम्बन्धी कुरा गर्दै हिँड्दथे तर एकदिन कुरैकुरामा पद्माको विवाहको कुरा चल्दा पद्माले आफू अभै कुमारी नै रहेको कुरा चेतचन्द्रलाई सुनाएकी थिई । यस प्रसङ्गले चेतको मनमा खलबल मच्चिएको थियो र यो कुरा अरूलाई नभनी चेतचन्द्रलाई नै भन्न किन जरूरी ठानी भन्ने प्रश्न उसको मनमा मडारियो तर उत्तर भने पाउन सकेको थिएन ।

एकपटक मेरी नामकी अत्यन्त राम्री केटी डक्कन कलेज पढ्न आएकी थिई । सबै केटाहरूले आफ्नो प्रेमिका भन्ने सम्म दाबी गरेका थिए भने एउटा केटाले मेरी पाए आफ्नो वर्तमान प्रेमिका पनि त्यागिदिने सम्म कुरा चलिसकेको थियो । चेतचन्द्रले पनि उक्त केटीलाई मन

पराउनाले केटीप्रति बाक्लो सम्पर्क होस् भन्ने चाहनाले मेरी पढ्ने कोठा नजिकै आफ्नो कोठा पारेको र फिल्मको एक स्क्रिप्ट मेरीको भाषाशैलीमा लेखिदिन अनुरोध गरेको थियो । मेरीले सो स्क्रिप्ट लेखेर दिएपछि सबैले त्यसलाई आफ्नो प्रेमपत्र झैँ पढेका थिए । यसरी चल्दै जाँदा एकदिन एउटा केटो आई मोटरसाईकलमा मेरीलाई लिएर हिँड्दा सबै स्तब्ध भएका थिए भने त्यसपछिका दिनहरूमा मेरीको विषयमा चर्चा नभै भाषाविज्ञान र पुरातत्वको कुरा गर्न थालेका थिए ।

एकरात डेक्कन कलेजमा चोरी हुँदा चोरीको आशङ्कामा कलेज नजिकै रहेको जयजवान नगरको वर्णन गरिएको छ । उक्त नगरमा मानिसको सानो निहुँमा पनि कुटाकुट गर्ने, यौनवृत्ति गर्ने, अर्काकी स्वास्नी तथा अर्काको लोग्नेसँग अवैध शारीरिक सम्बन्ध राख्ने, पोइल हिँड्ने तथा ल्याउने, चुम्बन आलिङ्गन गर्ने, लोग्नेस्वास्नी कुटाकुट गर्ने आदि रहेको थियो भने भौतिक अवस्थामा बस्ती बाहिरका बिजुली बत्ती सबै फुटेका, तार कच्चा हुनाले करेन्ट लाग्ने, आगलागी हुने, पानी पर्दा छाना चुहिएर भित्र आहाल हुने अनि हुरीले छाना उडाउने गरेको छ । डक्कन कलेज चोरी गर्ने जयजवान नगरकै हुनुपर्छ भन्ने अनुमान पनि रहेको थियो । सुरमा र हलुवा ज्यादै सस्तो पाइने र माछाहरू चार रूपैयाँ किलोमै पाइने हुँदा चेतचन्द्र त्यहाँ जाने गरेको थियो । चेतचन्द्रले धेरै विश्वविख्यात् अङ्ग्रजी सिनेमा पनि त्यही हेरेको थियो । डेक्कन कलेजमा फेरि चोरी भएकोले चेतचन्द्र तथा अन्य साथीहरू पालैपालो पहरा बस्ने गरेका थिए ।

एकपटक चेत सधैँ झैँ घुमेर घर आउँदा उसको छोरो इशानलाई ज्वरोले समातेको र ज्वरो नाप्दा चार डिग्रीमा पुगेकोले आत्तिएर एउटा नर्सिङ होममा लगेका थिए । त्यहाँ डाक्टर नभएकोले नर्सले साधारण उपचार गरी ज्वरो नाप्दा छ डिग्री पुगिसकेकाले फेरी त्यहाँबाट अर्को नसिँङ होममा लगेका थिए । त्यहाँ लाग्नेस्वास्नी नै डाक्टर हुनाले र उनीहरूको लागि काठमाडौंको सो समस्या पहिलो भएकाले निकै राम्ररी ध्यान दिएका थिए । तीन-चार दिन त्यस हस्पिटलमा बिताएपछि मात्र इशान ठीक भएको थियो ।

लक्ष्मी रोड पुरानो बजार हुनाले त्यहाँ हरेक मालसामान सस्तो हुन्थ्यो किनकि तिनीहरूले पसलको भाडा तिर्नु पर्दैनथ्यो । एकपटक त्यही लक्ष्मी रोडमा चेतको पुरै परिवार किनमेल गर्न जाँदा पानी परेकोले चेतले एउटा छाता किनेको थियो । पानी थामिएपछि फेरि किनमेल गर्दै जाँदा पानी पर्न थालेकोले छाता खोज्दा चेतले कतै छाडेकोले फेरि अर्को छाता किनेको थियो । त्यो छाता पनि केहीबेर पश्चात् कतै छाडेर एकैदिनमा दुई-दुईवटा छाता हराउने इतिहास नै बनाएको थियो ।

एकपटक मानवनिर्मित हजारौँ टनको स्काइल्याब पृथ्वीमा खस्ने हल्लाले सम्पूर्ण मानिसहरू त्रसित अवस्थामा थिए । त्यसैले चेतले पुनाबाट स्वस्तिलाई सान्त्वना दिने व्यहोराको लामो चिठी लेखेको थियो । तर पछि सुरक्षापूर्वक समुन्द्रमा खसालिएपछि ऊ निकै खुसी भएको थियो । चेतचन्द्र बरण्डामा बसिरहेको बेला चार-पाँचजना केटीहरू उसको नजिकै आएका र तीमध्ये अमितालाई उसले चिनेको थियो तिनीहरूलाई चेतले खाना पकाएर ख्वायो र हिँड्ने बेलामा फेरि आउने निम्ता पनि गरेको थियो । परदेशमा एक्कासि ती नेपाली केटीहरू भेट्दा ऊ निकै खुसी भएको थियो ।

डाक्टरले चेतलाई बेस्सरी हिँड्ने सल्लाह दिएपनि ऊ अल्छी गर्दथ्यो । व्यायाम गर्नाले रोग स्वतः निको हुँदै जान्छ भन्ने थाहा पाएर पनि उसले निरन्तरता दिन सकेको थिएन । बेलुकीतर्फ घुम्नेमा ऊ हरिबहादुरलाई सम्झन्थ्यो । हरिबहादुरले उसलाई कहिलेकाहीँ बेन्जु बाजाको धुन सिकाइदिन्थे । सांस्कृतिक उर्जा थप्नमा हरिबहादुरको देनलाई बिर्सन चाँहदैनथ्यो । पछि हरिबहादुरको हेमरेजका कारणले मृत्यु भएको खबर सुन्दा उसलाई नराम्रो लागेको थियो ।

एकपटक चेतचन्द्र तराईको फिल्ड वर्क सकेर पुना फर्कने समयमा एक लक्ष्मी नामकी केटीले चेतसँगै पुना घुम्न जाने प्रस्ताव राख्दा उसले अभिभावकको अनुमतिबिना नलग्ने भनेपछि केहीदिनपछि लक्ष्मीको अभिभावकले अनुमति दिएपछि उक्त केटीलाई बम्बई घुमाउन लगेको थियो । बम्बईमा लक्ष्मीको आफन्तको घरमा साता दिन जति बस्ने भनेपछि सो दिनपछि लिन आउने सर्तमा छोडेर ऊ पुना फर्क्यो । साता दिनपछि लक्ष्मीलाई तिनकै घर पुऱ्याइदियो । लक्ष्मी बम्बई जानुको रहस्य केही दिनपछि खुल्यो । त्यो अभिभावक भनाउँदोको अवैध पेट बोकेर बम्बईमा बसी गर्भपतन गराएर आएकी रहिछ । यो थाहा पाएर चेतले आफूलाई महामूर्ख सम्झेको थियो । कहिलेकाहीँ एक सामान्य जस्तो देखिने व्यवहारभित्र कति भयङ्करता लुकेको हुन्छ र आफू जस्ता मानिस अन्यद्वारा सजिलैसित मूर्ख बनाइँदा रहेछन् भन्ने कुरा पनि चेतचन्द्रले थाहा पाएको थियो ।

इशानलाई घरीघरी ज्वरो आइरहने भएकाले केलकरले एक सिद्ध बाबाकहाँ जाने सल्लाह दिए मुताविक त्यहाँ गएर बुटी किनेर इशानलाई लगाइदिएपछि ज्वरोको लक्षण देखिएको थिएन । डा. पेरी भास्कर राव शुद्ध शाकाहारी भोजन गर्ने, धार्मिक तथा तीक्ष्ण बुद्धिका थिए । उनको डक्टरेटको थेसिसले आउट स्ट्याण्डिङ पुरस्कार पाएको थियो । कम्युनिष्टहरू धर्मको विरोधी हुँनाले उनी कम्युनिष्ट नीतिको विरोध गर्थे । राव आस्थिक मानिस हुनाले चेतले काठमाडौँबाट फर्कँदा पशुपतिबाट लगेर रुद्राक्षको माला उपहार दिएको थियो । उनको दुई छोरा र श्रीमती थिइन् । समग्रमा उनीहरूको एक सुखी परिवार थियो । केही समयपछि मृर्गौलाको गम्भीर रोगले रावको कान्छो छोराको मृत्यु भयो । चेतको **कट्टेलसरको चोटपटक** उपन्यास यही रावको छोराको मार्मिक घटनाबाट प्रेरित थियो । एकजना भण्डारी आर्मीमा थिए जसलाई उसले त्रिचन्द्रमा पढाएको थियो । एकदिन चेतलाई उसले होस्टेलमा निम्त्याएको थियो त्यहाँका अफिसरहरू रक्सी खाँदै डिनर खाने, फिङ्गर बाउलमा हात धुने आदि बेफिक्री प्रकारको व्यवहार देखेर उसलाई अचम्म र अनौठो महसुस भएको थियो ।

चेतचन्द्रको दाजु धनुषचन्द्र पनि एक साहित्य सर्जक हुनाले दाजुभाईहरूलाई भेला गराएर कुनै साहित्यिक विषयमाथि छलफल गरी त्यसबाट माभिएर आएको विचारलाई आफ्नो कृतिमार्फत् व्यक्त गर्ने चाहना अनुरूप उनले **घामका पाइलाहरू** नामक उपन्यास प्रकाशित गराएका थिए । त्यस उपन्यासले उनलाई मदन दिलाएर एक ऐतिहासिकता कायम गरायो । थोरै कृति लेखेर मदन पुरस्कार हात पार्ने संसारमा ज्यादै थोरै सर्जक हुनाले त्यसभित्र धनुषचन्द्र एक भाग्यमानी सर्जक साबित भएका थिए ।

एकपटक एक अखबारमा 'एउटी राम्री केटीद्वारा नाच्न सिकाइन्छ' भन्ने विज्ञापन देखेर चेतचन्द्र र सुबोधनारायणलाई नाच सिक्न मन लागेर आयो । उक्त विज्ञापनको ठेगानानुसार त्यहाँ पुगेर एक पालेलाई सोध्दा 'तपाइँहरूले ज्यादै ढिलो गर्नुभयो अहिले ती केटी एक बाजुवाला घरमा धन्धा गर्दैछे । एक सटको पैँतालीस रूपैयाँ हो । रूजू छौ ?' भनी सोध्दा तिनीहरूको नाँच्न सिक्ने रहर एक्कासि सेलाएर आएको थियो ।

वि.सं.२०३५ सालमा **परालको आगो** फिल्म चलेको बेला बाबुछोराको भेट सिनेमा हलमै भएको थियो । त्यसबेला चेतचन्द्र कुमालटालमा बस्थ्यो भने बाबु गोविन्दचन्द्र त्रिजुद्ध म्याच फ्याट्रीको कोठामा बस्तथे । एकपटक गोविन्दचन्द्रलाई कुमालटोलमै राख्ने भनेर ल्याएका थिए र गोविन्दचन्द्रले पनि स्वीकारेका थिए । त्यसदिन उनलाई स्वागतका साथ ल्याइएको थियो तर त्यही रात दाजुभाइहरूमा बाबुसम्बन्धी वृस्तृत कुराहरू भएका थिए । भोलिपल्ट चिया पुऱ्याउन जाँदा राती

नै गाविन्दचन्द्र हिँडेका थिए । पछि बुझ्दा त्यो रातमा कसैको कुरामा चित्त नबुझेर चारै बजी हिँडेछन् र त्यसपछि उनलाई फेरि त्यहाँ ल्याउने अर्को प्रयास भएन ।

गोविन्दचन्द्र परम्परावादी व्यक्ति थिए र स्वभावले झडङ्ग रिसाउने र चाँडै शान्त पनि हुन्थे । उनी खानमा सौखिन थिए भने गीत गाउने प्रवृत्ति पनि थियो । उनलाई एन्जाइना जस्तो रोगले गाँजेपनि बाहिर हिँड्दा एक्लै हिँड्दथे । कतिचोटि बाटैमा बेहोस पनि भएका थिए । गोविन्दचन्द्रका दाजुभाइहरू पैँसट्ठी बर्ष काट्न नपाइ मृत्यु भएको थियो । त्यसैले पैँसट्ठीको खड्कोप्रति गोविन्दचन्द्रलाई ठूलो मनोवैज्ञानिक डर पनि थियो । तर एकदिन उनी पैँसट्ठी काटेर छैँसट्ठी बर्षमा लाग्दा खड्को काटिएको खुसीयालीमा ठूलो भोजको आयोजना गरेका थिए । उनलाई अब पचासी बर्ष बाँचिन्छ भन्ने ठूलो आश पलाएको थियो तर दुर्भाग्यबस सोही भोजको खुसीयालीको दिनमै उनको मृत्यु भएको थियो । त्यसैले एउटा व्यक्ति मृत्युको त्रास हुन्जेल बाँचिरहन्छ, जुन दिन ऊ त्यो त्रासबाट मुक्त हुन्छ त्यही दिन उसको मृत्यु हुँदोरहेछ भन्ने कुरा पनि चेतले थाहा पाएको थियो । यसरी एक्कासि पिताको मृत्यु हुँदा उसको जीवनको एउटा अर्को अध्याय पिताका साथै समाप्त भएको थियो । वि.सं.२०२१ सालमा दाजुभाइहरूको अंशवण्डा गर्दा गोला हानी अंशवण्डा गरिएको थियो । गोला हान्दा चेतलाई निकै राम्रो जमीन परेको र अरूलाई दब जमीन परेकोले फेरि दोस्रो गोला हान्दा चेतलाई दब जमीन परेको थियो । त्यसताक चेत केटाकेटी हुनाले उक्त गोला हान्दाको बखत उसलाई एक साधारण खेलजस्तो मात्र लागेको थियो । तर पछि बुझ्दा ऊ अन्यायमा परेको थियो ।

गोविन्दचन्द्र साहित्यप्रेमी हुनाले **कल्याण** नामक पत्रिका घरैमा ल्याएर पढ्दथे । उनले साहित्य सिर्जना नगरेपनि साहित्यिक ज्ञान भने प्रशस्त थियो । त्यही कल्याणका विभिन्न विशेषाङ्कले चेतको साहित्यिक रुचिलाई निकै सघाएको थियो । पिताको मृत्युपश्चात चेतचन्द्र आफूलाई अत्यन्त शोकमग्न तथा असहायका रूपमा पाएको थियो । चेतचन्द्र चिता सेलाएर फर्कँदा खरानी होइन आफ्ना पितालाई नै एक्लो अवस्थामा छोडेर जाँदैछु जस्तो भान भएको थियो । उसको **दाह** शीर्षकको कथामा पिताको उक्त स्थितिको वर्णन गरेको छ । उसको छोरो इशानले पनि एउटा कथामा उक्त स्थिति उतारेको छ । तेह्रौं वा चौधौं दिनपछि चेतको घरमा मासु खाने सल्लाह भएको थियो । मासु खानुभन्दा अगाडि उसले गुरुलाई सोध्दा आत्माले माने हुन्छ आत्माले नमाने हुन्न भन्ने सन्तुलित जवाफ पाएपछि उसले खाएको थियो तर उसलाई केहीँ चाँडो खायौँ जस्तो लागेको थियो । उसले यस मामलामा संस्कारको दोसाँधमा परेको अनुभव भएको थियो ।

रमेशले चेतचन्द्रको **डापी** उपन्यासलाई एसियाको अद्धितिय भनी विश्लेषण गरेका थिए भने ध्रुव सापकोटाले त्यसको विरोधमा बोलेका थिए । पछि तिनै ध्रुव सापकोटा चेतको साहित्यिक आत्मीय मित्र पनि भएका थिए । कुनै समालोचकहरू वा पाठकहरू चेतको एक-दुईवटा कृतिमात्र स्तरीय छन् अरू बेकम्मा छन् भनी विरोध गर्थे भने कोही प्रत्येक कृतिलाई नौलो उपलब्दि मानेका थिए ।

किरिया सकेपश्चात् पुनादखि गाइडले चिठी पठाएकाले परिवारलाई वीरगञ्जमै छाडेर थेसिसको लागि पुना हिँडेको थियो । थेसिस ५१२ पृष्ठको हुनाले एक नाथानी नामको व्यक्तिलाई टाइप गर्न दिएको थियो । एकदिन चेत नाथानीको घरमा जाँदा थेसिसका पाना छरपष्ट भएर छरिएका थिए । नाथानी उसकी स्वास्नीसित झगडा परेकाले त्यसपछि चेतचन्द्रकै घरमा आएर थसिस टाइप गरी सकिदिएको थियो । नाथानी राम्रो टाइपिस्ट नहुनाले असङ्ख्य गल्तीहरू थिए । ज्योति र चेत भएर सँच्याइ सकेपछि बल्ल थेसिस बुझाएको थियो । त्यसबखत रामशरण महत पनि थेसिस बुझाउन आएका थिए । थसिस परीक्षणबाट आइपुगेपछि भाइभाको दिन राम्रो सुट-टाई

लगाएर जाँदै गर्दा बाटामा आशा केलकरले भेटेर उसको रूप सम्बन्धी खुबै प्रशंसा गरेकी थिई । अन्तर्वार्ता निकैबेर चलेको थियो । थेसिसमा एकदुई ठाउँमा त्रुटि थियो र सो त्रुटिहरू थेसिस प्रकाशन गर्दा सँच्याउने भनेको तर ती त्रुटिहरू जस्ताको तस्तै अझै रहेका छन् भन्ने प्रसङ्ग रहेको छ ।

विद्यावारिधि प्राप्त गरेपश्चात् पुनाबाट बिदा हुने बखतमा विभिन्न साथीहरूले आ-आफ्ना घरमा लगेर मीठो-मसिनो खानेकुरा ख्वाएका थिए भने पद्मा मेहताले त्यो भन्दा अगाडि कहिल्यै नपसेको होटलमा लगेर गुजराँती खाना ख्वाएकी थिई । त्यसपछि सबै साथीहरूले गहभरी आँसु बनाई एक-अर्कामा आत्मीयता साटासाट गर्दै बिदाई गरेका थिए । बिदा भई रेलमा चढेपछि आफ्नो डायरीमा लेखिएका अतीतका अविस्मरणीय घटनाहरू हेर्दै बम्बई आइपुगेको थियो तर बम्बईमा त्यही दिनदेखि सातदिने हडतालको खबर सुनेपछि होटलमा बस्ने पैसा नभएको कारण फेरि पुनातिरै फर्केर उक्त हडतालको समाप्ति पश्चात् बल्ल चेत काठमाडौँ आइपुगेको थियो ।

काठमाडौँ आएपश्चात् एकरात होटेल हिल भ्युमा बसेपछि दाजु धनुषचन्द्रको घरमा फोन गर्दा धनुषचन्द्रलाई **घामका पाइलाहरू** नामक उपन्यासले मदन पुरस्कार दिलाएको उसको भाउज्यू शान्तादेवीबाट थाहा पाएको थियो । त्यसपछि त्यहाँ भएका आफ्ना पुराना सामान बटुलबाटुल पारी वीरगञ्जतर्फ हिँडेको थियो जहाँ उसको भागमा परेको बिचिल्ला कोठा, अतुलनीय गर्मी, लामखुट्टे उकुसमुकुसका साथ तैनाथ थियो ।

यहाँ उपन्यासकारले उसको बिचिल्ला कोठा, घरको बनोट तथा आकार-प्रकार, घरको पूर्व,पश्चिम, उत्तर तथा दक्षिणतिरका बगैँचा तथा भौगोलिक स्थितिको बर्णन गरेका छन् । चेतचन्द्र केटाकेटी छँदा फूलबारीको घण्टी फूलको रस चुस्न मन पराउँथ्यो । फेन्सा खानमा मीठो फल हुनाले हजुरआमाको आँखा छली सबैभन्दा बढी चेतचन्द्र झुम्मिन्थ्यो । उसको हजूरआमा सुत्ने पलङको छेउमा पाइतानोनिर केही ठूला-ठूला सन्दूसहरू राखिएका थिए तर त्यहाँ के थिए उसलाई थाहा थिएन । त्यही कोठामा वृन्दावनलाल वर्माको **मृगनयनी** उसले पढेको पहिलो ऐतिहासिक उपन्यास थियो । त्यो बिचिल्ला कोठा नै उसको लेखकीय जीवनको आजसम्मको उपलब्धि बनेको छ । तेजकुमारीको निधन भएपश्चात् घर वरिपरिका बगैँचाहरू एक-एक गर्दै गायब भएका थिए । यसरी जीवन-जीवनमा सम्बन्ध भएजस्तै मृत्यु-मृत्युमा पनि सम्बन्ध हुँदारहेछ भन्ने कुरा चेतले हजूरआमाको मृत्युबाट थाहा पाएको थियो । काठमाडौँको जतिसुकै थोत्रो लेखक पनि राष्ट्रिय भनिने तर बाहिर जतिसुकै राम्रो लेखेपनि क्षेत्रिय बनाइन्थ्यो । त्यसैले चेत यही कुराले वीरगञ्ज बस्न हच्किरहेको थियो । विद्यावारिधि सकेर आएपछि त्यही बिचिल्ला कोठाबाट भोजको आयोजना गरिएको थियो । चेतको जीवनमा त्यो कोठाबाट पाएको अन्तिम सामूहिक तृप्ति थियो
यी सब कुराले गर्दा ऊ वीरगञ्ज सरुवा गर्ने विचार आयो । त्यसताक चेत त्रिचन्द्रमा सरकारी शिक्षक थियो । त्यसैले उसले डीनसँग वीरगञ्जमा सरुवा माग्न थाल्यो तर उसको लामो समयसम्म सरुवा हुन सकेन र अन्त्यमा डीनले क्षमतावान व्यक्तिले जिल्ला जाने होइन कीर्तिपूरमा पढाउनु पर्छ भनेर कीर्तिपूरमै सरुवा गरिदिएका थिए ।

त्रिभुवन विश्वविद्यालय अध्यापनको समयमा चेतचन्द्रले दोस्रो नाटक **समानान्तर** लेखेर सुनाएको थियो भने मोहनराजले **जेमन्त** नाटक लेखेर सुनाएका थिए र दुवै वि.सं. २०३९ को बैशाखमा एकेडेमीको नाट्य महोत्सवमा प्रदर्शित भएका थिए । मोहनराज शर्माले पछि **बैकुण्ठ एक्सप्रेस** नाटककै लागि मदन पुरस्कार पाएका थिए भने चेतचन्द्रको सम्पूर्ण नाटकको सङ्गालो रोशन थापा नीरवले **भस्मासुरको नलीहाड** र अरू नाटक शीर्षकमा निकालिदिएका थिए । एक दिन

रोशन थापाले चेतको घरैमा आई उक्त सङ्गालाको लेखकस्व भनेर रू १३,०००।- दिएर गएका थिए । यही आजसम्म पुस्तकका लागि पाएको सबभन्दा ठूलो रकम थियो ।

चेतचन्द्रको मित्रता मोहराज, सनत रेग्मी, हरिहर विरही, अशेष मल्ल, रमेश तुफान आदि उसका हितैषी मित्रका रूपमा गनिएका छन् । उनीहरूमा भेटघाटको निरन्तरता कम बेसी भए पनि मित्रता बढ्दैन पनि र घट्दैन पनि तर कोही मित्र यस्ता पनि थिए जो मौसमी थिए जुन मौसम फेरिए जस्तै मित्रता पनि फेरिएको थियो । उसलाई बदनामी गर्न चाहने मित्रहरू धेरै थिए । उसलाई कहिलेकाहीँ रीस उठ्थ्यो र भन्थ्यो 'अब यति धेरै भई सक्यो तिनका नाउँमा थुक्न आजभोलि नपुगेर थुक पैँचो लिनुपर्ने जस्तो छ ।'

त्रिचन्द्र सेवामा रहेका बखत बत्तीसपुतलीको राममन्दिर नजिकको एउटा घरमा डेरा बसेका थिए । एकदिन चेतचन्द्रकी श्रीमतीले कपडा धोइरहेको बेला घरबेटी आएर पानी तथा बत्ती धेरै चलाएकोमा गुनासो पोखेर गएकी थिई । यही झन्झटले गर्दा चेतकी एउटी बहिनी इन्दुको सहायताले तीन कोठाको एकतले घर चाबेलको मौजुबहालमा पैँसठ्ठी हजारमा किने । त्यसपछि बीस बर्षसम्म त्यही उसको बासस्थान भयो ।

अध्यापन गर्दाका क्षणमा उसले कुनै सिर्जनात्मक साहित्यतर्फ कलम चलाउन समय नपुगेकोले त्रि.वि.वि. को डीन पदमा रहेका महेशकुमार उपाध्यायलाई समय निकालिदिन अनुरोध गर्दा डीनले उनकै कार्यालयमा काजको रूपमा चेतलाई झिकाइदिएर ठूलो गुन लगाएका थिए । तिनै महेशकुमारले सहायता गरेर नै चेतले ती दिनहरूमा केही लेख्न सकेको थियो । त्यसैले अहिले यदाकदा भेट हुँदा ऊ महेशकुमारप्रति सधैँ त्यसका लागि कृतज्ञता प्रकट गर्दछ ।

एकपटक त्रि.वि.वि.मा प्राध्यापक हुने अन्तर्वार्ता खुलेको थियो । सबैले चेतको निश्चित छ भनी ठोकुवा गर्थे भने कतिले भनसुनको लागि चेतलाई अनुरोध गर्थे । चेतचाहिँ आफू सक्षम भए आफ्ना लागि वा अर्काका लागि किन घुसखोरी तथा चाप्लुसी गर्ने भनी चुप लागेर बस्यो । उसको अन्तर्वार्ता पनि राम्रै भएको थियो तर परिणाम निस्कँदा ऊ फेल भएको थियो । यस कुरामा चित्त नबुझी उसले वि.सं.२०५१ भाद्र १० देखि लागू हुने गरी विश्वविद्यालयबाट राजीनामा दिएको थियो । त्यसपछि ऊ राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्य सचिव नियुक्त भएको थियो ।

एकपटक साझा प्रकाशनको सञ्चालकहरूको चुनाव हुने भएको र चेतलाई उसको साथी विनोदले उमेदवार उठ्न कर गरेको थियो । चेतचन्द्र हार्न नचाहने हुनाले र जित्ने लक्षण नदेखिएकाले उठ्न अस्वीकार गरेको थियो तर विनोदले ज्यादै अनुरोध गरेर चेतलाई उम्मेदवार उठायो । चेतचन्द्र भने चुनावप्रति बेवास्ता गरी वीरगञ्जमै बस्यो । चुनाव नजिकै आएपनि चेत चुनाव नलड्ने मनस्थितिमा पुगेको तर विनोदले सबै कुरा मिलाइसकेकोले बल्ल ऊ वीरगञ्जबाट हिँडेको थियो । चुनाव परिणाम घोषित हुँदा चेतचन्द्र अत्यधिक बहुमतले विजयी भएको थियो र त्यसपछि साझामा उसले दुई बर्ष काम गरेर बेग्लै अनुभव बटुलेको थियो ।

वि.सं.२०४३ सालसम्म चेतचन्द्रको आर्थिक अवस्था गरिबीको रेखामुनि नै थियो । त्यहीबेला एकतोला सुन किनेको थियो तर पर्सिपल्टै त्यो सुन बेच्नुपरेको थियो । त्यसताक बिहान खाना खाएर एक झोला उसको उपन्यास **निमित्त नायक** बोकी विभिन्न संस्थामा लगेर बेच्थ्यो र त्यसबाट आएको पैसाले बिहान-बेलुकीको छाक बल्ल टर्दथ्यो । त्यसैबेला उसले घर किनेको थियो र

त्यसमाथि फेरि एकतला थपेर झन् टाट भएको थियो । यसरी चेतचन्द्रले पुस्तक बेच्दै हिँडेको देखेर दुई जना लेखकले उसको उक्त विशेषताबारे टिकाटिप्पणी गरेका थिए ।

साझा प्रकाशनबाट प्रत्येक बर्षको गोष्ठीमा जापान पठाइने चलन हुँदा एकपटक बालसाहित्यको गोष्ठीमा चेतचन्द्रलाई पठाइएको थियो । होटल अत्यन्तै महङ्गो हुनाले विभिन्न देशका प्रतिनिधिहरू बल्लबल्ल एउटा सस्तो होटेल खोजेर बसेका थिए । पहिलो चरणको गोष्ठी सकिएपश्चात् केहीबेर नास्ता गर्ने समय आएकाले चेतले उसको पूर्वपरिचित मित्र हान्सु साहेगीलाई फोन गर्न थाल्यो । फोन गरिसकेपछि पैसा तिर्न खोज्दा एउटी केटीले पहिले नै उसको फोनको पैसा तिरिसकेकीले सो पैसा फिर्ता गर्न खोज्दा लिन नमानी चेतचन्द्रलाई आफूप्रति सधैँ रिनी बनाउन त्यसो गरेकी भन्ने कुरा केटीले व्यक्त गरेकी थिई । त्यही केटीले चेतलाई एउटा पसलमा लगेर कल्चर्ड मोतीको माला किनाइदिएकी थिई भने अर्की अनुवादक महिलाले गोष्ठी सकिएपश्चात आठघण्टा तिनकै गाडीमा टोकियो सहर घुमाइदिएकी र एउटा पसलमा लगेर न्यु मुराकामीको पाण्डुलिपि पाएको एक प्रसिद्ध उपन्यास किनाइदिएकी थिइन् ।

एकपटक चेतचन्द्र र प्रदीपबीच निजी मतभदको कारणले झगडा परेको थियो । एकदिन सिंहदरबार अघिल्तिरको पुलमा प्रदीप चेतसित झगडा गर्न थाल्यो  किनकि त्यसदिन छिनोफानो गर्ने भनेर प्रदीप मातेर आएको थियो तर चेत ऊ सँग झगडा गर्न चाहँदैनथ्यो र जतिसक्तो चाँडो उसको सङ्गतबाट छुटकारा लिन चाहन्थ्यो । अर्को दिन मैतीदेवीको पुलमा चेत, निर्मल र रविराजको बीचमा झगडाको विषयमा कुरा चल्दै जाँदा यदि आफूले गल्ती गरेको भए प्रदीपसँग माफी माग्ने तर प्रदीपले गल्ती गरेको रहेछ भने उसले माफी माग्नुपर्ने कुरा चेतले कुरा गरेका थियो तर रविराजले रकमी आवाजमा प्रदीपले माफी त माग्दैन भनेर प्रदीपको ओठ गरेर बोलेको थियो । भोलिपल्ट देखि रविराजसँग पनि चेतको सङ्गत छुटेको थियो ।

चेतचन्द्रको **कट्टेलसरको चोटपटक** उपन्यास निस्केपछि पाठकमा राम्रो चर्चा पाएको थियो भने वी.पी. कोइराला, दौलतविक्रम विष्ट, वानिरा गिरि आदिले भने लिखित प्रतिक्रिया दिएका थिए । जगदीश घिमिरेले वाक्य संरचना तथा ठाउँ अनुसारका शब्दहरू अमिल्दो देखिएको भनेपनि समग्रमा राम्रै प्रतिक्रिया दिएका थिए । यही **कट्टेलसरको चोटपटक** उपन्यास पुरस्कारका लागि सामेल भएको थियो किनकि एक मित्रले आश्वासन पनि दिएका थिए तर अन्त्यमा कसैले एउटा पुस्तक दर्ता गराउनाले चेतचन्द्रलाई चिसो पसेको थियो । बढी आशा गरियो भने बढी दुःख पाइन्छ त्यसैले आशा कम गर्नुपर्छ तब दुःख कम हुन्छ । पुरस्कारका लागि लेखिँदैन, लेख्नैका लागि पुरस्कार पाइने हो । पुरस्कारको सम्बन्धमा आधा आश गर्नुपर्छ र आधा अरू कुनै अनाम प्रतियोगीलाई छोडिदिनुपर्छ । यसो गर्दा पाए हर्ष नपाए विस्मात हुँदैन भनेर आफूलाई चित्त बुझाएको थियो ।

एकपटक नीर शाहले चेतको उपन्यास **कट्टेलसरको चोटपटक**को पटकथा झिकेर आफ्नो फिल्म बनाउने प्रस्ताव राख्दा चेतले सहर्ष स्वीकारेको थियो । यो कुरा चलेको धेरै दिनसम्म फेरि फिल्मको कुरा नचलेकोले चेतचन्द्रले फिल्म बन्ने प्रति विश्वास त्यागिसकेको थियो तर फेरि एक्कासि नीर शाहले चेतलाई आफ्नो उपन्यासको पटकथा झिकेर ल्याउने आज्ञा दिए मुताविक उसको कथा सामेल भयो । सो फिल्ममा पटकथाको तीन प्रकारको लेखनका लागि प्रत्येक पक्षको तीन हजार गरी जम्मा नौ हजार र साइनिङ अमाउन्टको एक हजार गरी जम्मा दश हजार रूपैयाँ प्राप्त गरेको थियो । नीरशाहले कट्टेलसरको चोटपटक उपन्यासको नाम परिवर्तन गरी फिल्मी नाम **वासुदेव** राखेका र उक्त फिल्म नेपालको कलात्मकतातिर ढल्केको प्रथम फिल्म भनेर प्रशंसित भएको थियो ।

चेतचन्द्रको एक समयको प्यारो विद्यार्थी साथी पदम ठकुराठीले चेतको घरैमा आएर एउटा साप्ताहिक मञ्च पत्रिकामा साप्ताहिक लेख लेखिदिन अनुरोध गरेको र प्रत्येक लेखको सय रूपैयाँ तिर्ने भनेकोले चेतचन्द्रले स्वीकार गरेको थियो । उसको विभिन्न व्यङ्ग्यात्मक लेख जस्तैः-**पृथ्वी घुम्दैछ, साहित्य र अन्य क्षेत्र** आदि लेखहरूले उक्त पत्रिकामार्फत् निकै लोकप्रियता कमाएको थियो । विभिन्न वरिष्ठ राजनीतिज्ञहरूको अन्तर्वार्ता पनि उक्त पत्रिकामार्फत् लिइएको थियो । यही बढ्दो लोकप्रियताले गर्दा पदम ठकुराठीलाई कसैले गोली हानेको थियो । त्यसबेला पदम ठकुराठीको ताजा स्थितिबारे जान्न विशाल जनसमूह वीर अस्पताल अगाडि धर्ना दिएका थिए ।

कमलमणिले अभिव्यक्ति पत्रिकामार्फत् चेतले अत्यधिक रक्सी पिएको खबर देखेर चेतलाई राष्ट्रको एक अमूल्य सम्पत्ति मानी रक्सी नखाइदिन अनुरोध गरेको थियो । अभिव्यक्ति पत्रिकाले खाएको बेलाको मात्र छाप्ने गरेकोले सधैं रक्सी खाइरहने भान परेको चेतले बताएको थियो । प्रत्यक्ष खाएको नदेख्ने तर अभिव्यक्तिमार्फत् देख्ने व्यक्ति धेरै छन्, अनि के गर्ने ? भन्ने जवाफले कमलमणिको चित्त बुझेको थियो ।

एकपटक चेतचन्द्र र पण्डितको खुबै मित्रता बढेको थियो । चेतचन्द्रले व्यक्तिगत रूपमा साहित्यिक चर्चा पण्डितबाहेक अरू कुनै साहित्यकारसित गरेको थिएन । एकपटक पण्डितले अर्को विवाह गर्ने सुर कसेको र उचित सल्लाहको लागि चेतलाई अनुरोध गरेको थियो तर चेतले अर्की स्वास्नी ल्याउने बारे कडा विरोध गरेर बरू उसकी गाउँमा राखिएकी स्वास्नी र छोरीलाई पनि काठमाडौं नै ल्याउने सल्लाह दिएको थियो । पण्डितले पनि चेतको आज्ञामुताविक नै कार्य गरेकोले पछि भेट्दा चेतलाई उक्त सल्लाहको तारीफ गरी कृतज्ञता प्रकट गरेको थियो ।

चेतचन्द्र जति मित्रता बनाउँदै र बढाउँदै जान्छ त्यतिनै मित्रहरूको गाँठो फुस्किदै गएको थियो । उसको मित्रता जोडिनुको भन्दा तोडिनुको कथा बढी भएपनि उसको स्वभाव भने मित्रता मास्नेभन्दा प्रत्येक उमेरको मानिससँग मित्रता गाँस्ने नै रहेको थियो तर अहिले आएर सम्भवतः सबभन्दा महान् मित्र पुस्तकलाई मान्नुपर्ने दिन आएको थियो किनकि यसले कहिल्यै धोका दिँदैन भन्ने विचार चेतमा आएको छ ।

उसको विधागत विविधतामा वृद्धि हुँदै गरेपनि, कमाइ केही बढेको भएपनि आइ.ए.,बी.ए. मा जस्तो एम.ए. मा ट्युशन नहुनाले गरिबीमा कटौती हुन सकेको थिएन । उसको नाम अलि-अलि चल्न थालेको र द्वेष राख्नेहरूको सङ्ख्यामा पनि वृद्धि हुँदै थियो तर ती रीस गर्ने व्यक्तिहरू प्रति ऊ सहानुभूति नै राख्न चाहन्थ्यो । त्यसताक ऊ **अलिखित** लेख्न थालेको थियो । उसले अलिखितको भावभूमि बेतौना र गौतमपुरतिरकै बनाएको थियो भने जिम्दार तथा शासकले गरीब जनतामाथि रजाइँ गरेको र जनता भने चेतनाविहीन तथा गरिबीले पिल्सिएको कथावस्तु रहेको छ । यो उपन्यास लेख्दा उसले प्रशस्त कठिनाइको सामना गर्नुपरेको थियो । उपन्यास छापिएपछि मदन पुरस्कारका लागि सामेल गराइएको थियो । पुरस्कार पाउने आशा नभएपनि त्यस रात शेखर गिरीको पुतलीसडकको डेरामा रक्सी खाँदै पुरस्कार घोषणाको प्रतीक्षा गरेका थिए । समाचारको अन्त्यमा रेडियो निभाउन आँट्दा दुई हजार चालीस सालको मदन पुरस्कार **अलिखित** ग्रन्थका लागि ध्रुवचन्द्रलाई प्रदान गरिने खबर आएपछि सबै हर्षले गदगद भएका थिए । त्यो रात पार्टी आधारातसम्म चलेको थियो । **अलिखित**ले मदन पुरस्कार प्राप्त गरेपछि उसको लेखनमा एउटा अर्कै अनुपम मोड सावित भयो । यसले चेतको साहित्यिक स्तरमा एक्कासि वृद्धि गराइदिएको थियो । त्यसताक उसले आफ्नो घरको तला थप्न थालेको थियो । उक्त तला थप्दा वासुदेव, दुर्गावतार, श्रीकृष्णलीला आदिबाट आएको सबै पारिश्रमिकहरू स्वाहा भएका थिए । उक्त घर बनाउने

ज्यामीहरूलाई ज्याला चुक्ता गर्नुपर्ने हुनाले मदन पुरस्कारको राशि थापेको भोलिपल्ट ज्यामीहरूलाई बोलाएर सबै ज्याला चुक्ता गरेको थियो । **अलिखित** उपन्यासले गर्दा उसका धेरै अन्तर्वार्ताहरू लिइएका थिए । सर्वनाम नामक संस्थाले चेतलाई अभिनन्दन पनि गऱ्यो । **अलिखित** र उसको बारेमा हिन्दी साप्ताहिक दिनमानले चर्चा गऱ्यो र कालान्तरमा उक्त उपन्यासको टेलिफिल्म पनि बनेको थियो । यही **अलिखित**लाई एकजना फिलिप पियर्स भन्ने विद्वान्ले अङ्ग्रजीमा अनुवाद गरिदिएका थिए । अलिखित **अनरिटेन** नाउँले प्रकाशित भएको थियो ।

केही पाठकहरू **अलिखित** नै उसको सर्वश्रेष्ठ कृति हो भन्दछन् तर चेतचन्द्र अलिखितभन्दा अघि आएको दाबी गर्छ । त्यसैले उसले यो साठी बर्षसम्मको उपलब्धिहरूलाई प्रस्तुत उपन्यास **घुर्मी**मार्फत् व्यक्त गर्न चाहन्छ । **घुर्मी** एउटा रिँगटा लाग्ने खेल भएकाले उसको सम्पूर्ण जीवन घुर्मी नै घुर्मी हो । उसलाई बालककालदेखि लागेको घुर्मीले बुढेसकालमा आएर पनि छाडेको छैन र यो घुर्मी स्थायी छ र हट्दै हट्दैन भन्दै उपन्यासको अन्त्य गरिएको छ ।

यसरी प्रस्तुत उपन्यासमा घटनाहरूको टुक्रैटुक्रा संयोजन गरिएको छ । यसरी घटनाक्रमलाई अगाडि बढाउने क्रममा घटना बिचैमा भाँचिन्छन् र अर्कोतिर मोडिन्छ । घटनाहरू एकातिर बगिरहेको छ भने एक्कासी अर्कोतिर मोडिन्छ । चेतचन्द्र वि.सं. २०३४/२०३५ सालतिर विद्यावारिधि गर्नका लागि पुना गएको छ तर बीच-बीचमा उसको बचपनको व्यवहार, वीरगञ्जको बिचिल्ला कोठा, हजूरआमाको प्रसङ्ग तथा अंशबण्डाको मामला आदि घटनाहरूले उपन्यासलाई अतीततिर लगेको देखिन्छ भने त्रि.वि.वि.मा अध्यापन, साझा सञ्चालक, मदन पुरस्कार, पिताको मृत्यु आदि घटनाहरू फेरि अगाडि आएका देखिन्छन् । यसरी अतीततिर जाने, वर्तमानमा आउने वा भविष्योन्मुख हुने जस्ता घटनाले कथावस्तुको संयोजनमा विशृङ्खलता जन्माएको छ । त्यसैले प्रस्तुत उपन्यासको कथावस्तु सोझो वा सरल रेखामा अघि नबढी बाङ्गोटिङ्गो, घुमाउरो तथा चक्रीय रूपमा रहेको छ भन्न सकिन्छ । वि.सं.०३४/०३५ सालतिरको पुना अध्ययनदेखि उपन्यास सुरू भएर वि.सं.०४० सालको अलिखितको लागि चेतचन्द्रले मदन पुरस्कार पाएको घटनासम्म आएर उपन्यास समाप्त भएको देखिएता पनि बीच-बीचका घटनाहरू अझ अतीततिर फर्किँदै वर्तमानलाई छुँदै भविष्योन्मुख पनि हुन खोजेकोले आदि, मध्य र अन्त्यको सोझो शृङ्खला भेट्टाउन सकिँदैन ।

निष्कर्षमा भन्नुपर्दा यस उपन्यासको कथावस्तुको स्रोत उत्पाद्य नै हो । यथार्थ तथा धेरैजसो जिउँदा-जाग्दा पात्रहरूको संयोजनले कथावस्तुको चित्रण पनि यथार्थरूपमा भएको छ । चेतचन्द्रको आफ्नै आँखाले देखेको, कानले सुनेको, अनि शरीरले भोगेको विभिन्न अनुभवहरू तथा घटनाहरूलाई आख्यानीकृत गरिएको छ । कथानक चक्रीय परिधिमा अघि बढेको र प्रस्तुत उपन्यासको कथनढाँचा प्रथम पुरुष र तृतीय पुरुष रहेको देखिन्छ ।

### ४.१.२.४. कथानकको ढाँचा

उपन्यासमा रहने कथानकको प्रकृतिलाई नै कथानकको ढाँचा मान्न सकिन्छ । आदिदेखि अन्त्यसम्मका घटनावलीहरूको व्यवस्थापन नै कथानकको ढाँचा हो । एउटै घटनावलीलाई उपन्यासकारहरूले आ-आफ्नो रुचि र सीपका आधारमा विभिन्न ढाँचामा ढाल्न सक्छन् । यस्ता ढाँचाहरू मूलतः रैखिक र वृत्ताकारीय गरी दुई प्रकारका हुन्छन् ।

कथानकका अङ्गहरूलाई क्रमबद्धरूपमा सोझो रेखाको रूपमा आदि, मध्य र अन्त्य हुने कथानकको ढाँचा रैखिक ढाँचा हो । यसमा कथानक पछाडि फर्कँदैन । उपन्यास वर्तमानबाट भविष्यतिर यात्रा गरिरहन्छ । यसको ठीक विपरीत कथानकको घटनालाई सरल रेखामा अगाडि

नबढाएर पूर्वदीप्तिका माध्यमबाट उपन्यासमा राखियो भने कथानक घुमाउरो रूपमा रहन्छ । जुन विन्दुमा कथानक समाप्त भएको छ, लगभग त्यही विन्दुबाट कथानकको प्रारम्भ हुने अवस्था देखिन्छ । यसले रोचकता र कौतुहलताको सम्मिश्रण गरेर सम्पूर्ण उपन्यासलाई नै नौलो संरचना दिन्छ ।

उपर्युक्त आधारमा हेर्दा **घुर्मी** उपन्यासको कथानक ढाँचा रैखिक वा आदि, मध्य र अन्त्यलाई जोड्ने सरल खालको नभई घुमाउरो, विशृङ्खल तथा चक्रीयरूपमा समाप्त भएको हुँदा वृत्ताकारीय ढाँचामा रहेको पुष्टि हुन्छ ।

## ४.२. चरित्र-चित्रण

उपन्यास सिर्जनाभित्र निश्चित विशेषता प्रकट गर्न व्यवस्थित रूपले प्रयोग गरिने सहभागीहरूलाई चरित्र भनिन्छ । यस्ता चरित्र मानव वा मानवेतर दुवै प्रकारका हुनसक्छन् । कृतिमा प्रत्येक चरित्रको रूप र बिम्ब फरक किसिमले निर्धारण गरिने भएकाले सामान्यतः पात्रले फरक विचारले सम्प्रेषण गर्ने एक वर्गको कार्य गर्दछ । सर्जकले पात्रहरूमा निश्चित नैतिक र अभिवृद्धि प्रकट गराउने हुँदा उनीहरूको संसार भिन्नै हुन्छ, जुन संवाद र क्रियाकलापद्वारा व्यक्त हुन्छ । वास्तवमा उपन्यासको चरित्र निर्मित हुन्छ तर पनि त्यसले सांसारिक जीवनको बाहिरी तथा आन्तरिक प्रवृत्तिहरूको मूल स्वरूपलाई पक्रिएको हुन्छ । पात्रले उपन्यासलाई जीवित तुल्याउँदै कथानकलाई गतिदिने महत्वपूर्ण जिम्मेवारी वहन गरेको हुन्छ । उपन्यास सिर्जनामा सर्जक अन्य पक्षभन्दा पात्रमै निर्भर रहेको हुन्छ ।[४२]

### ४.२.१. चरित्रहरूको वर्गीकरण

घुर्मी उपन्यासमा थुप्रै पात्रहरूको प्रयोग भएका छन् । उपन्यासकार ध्रुवचन्द्र गौतमका जीवनका यथार्थ घटनाहरूलाई प्रस्तुत गरिएको यस उपन्यासमा अढाइ सयजति पात्रहरू आएका छन् । ती पात्रहरूको भूमिका विभिन्न किसिमको रहेको छ । कसैको भूमिका प्रत्यक्ष छ त कसैको अप्रत्यक्ष । कोही मानवीय छन् त कोही मानवेतर । कसैलाई औपचारिक रूपले चिनाईएको छ त कसैलाईै अनौपचारिक रूपले । कतिपय दैवी रूपमा आएका छन् त कतिपय आसुरी । यस उपन्यासको अन्य उपन्यासको तुलनामा पात्र प्रयोगमा रोचकता देखिन्छ । त्यो रोचकता भनेको पाठकले चाहँदा भेट्न सक्ने यथार्थ जीवित पात्रहरूको प्रयोग हो । यहाँ प्रशस्तै त्यस्ता पात्रहरू आएका छन् जसलाई आज हामी भेटेर पनि यस उपन्यासको कथावस्तुको बारेमा सोध-खोज गर्न सक्छौं ।

प्रस्तुत उपन्यासमा प्रयोग भएका चरित्रहरू चेतचन्द्र, पुनित, अशेष मल्ल, प्रिया, इशान, शुभ्रता, डा.जी.एल. बादाम, ललिता बादाम, आर.बी. मिश्र, सुलोचना, ज्योति, अनिता, शङ्कर, अरूणकुमार, पद्मा, मिनी, गोपालचन्द्र, ध्रुव सापकोटा, केलकर, एन. सुरेस, कवीर, चक्रवर्ती, स्वस्ति, शर्मा, मेरी, लक्ष्मीनाथ शर्मा, शिशिरकुमार स्थापित, लक्ष्मीनाथ भट्टराई, डेविट धवन, रेनु, सलुजा, रमेश सिप्पी, जावेद, मिर्जा, जया, भादुडी, शत्रुघन, सिन्हा, शतीश कोइराला, दमनबहादुर अमात्य, रामशरण महत, गुरु, सत्यमान, राजेन्द्र सुवेदी, एउटा बोको, बलियोबाङ्गो कालो नवयुवक र उसको परिवार, नर्स, एक साथी, कस्मिरी ब्राम्हण, सुलोचनाको टुकुटुकु हिँड्ने छोरो र लोग्ने, दुध

---

[४२] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. २० ।

दिने दुईटी केटी, अङ्ग्रेजी विभागको प्रोफेसर, केटीको प्रेमी, अवकाश प्राप्त सैनिक, पियुसबहादुर अमात्य, गंगा-जमुना, बलरामसिंह, बालकृष्ण पोखरेल, शम्भुचन्द्र चौधरी, अमिता, हरिबहादुर, भरत, लक्ष्मी, उदितनारायण, वासन्ती, डा.ओ.पी. शर्मा, चन्द्रप्रसाद, कल्पना, धनुषचन्द्र, इन्द्रप्रसाद राजभण्डारी, डा. पेरी भास्कर राव, शान्तादेवी, एकनाथ, विष्णु, सुबोधकुमार झा, डा. मेहेण्डले, सरजू, नथुनी, रमेश, आशा केलकर, किरण शर्मा, तमिल आइमाई, तेजकुमारी, जगतमोहन अधिकारी, मणिराम, पारिजात, भरतमणि, शम्भु, मोहन, वासुदेव त्रिपाठी, मोहनहिमांशु थापा, चुणामणि बन्धु, बल्लवमणि दाहाल, नरहरि आचार्य, केशव सुवेदी, कुमारबहादुर जोशी, माधव भण्डारी, रोशन थापा नीरव, मोहनराज शर्मा, हरिहर विरही, रमेश तुफान, ठाकुर पराजुली, डा. खगेन्द्रप्रसाद लुइँटेल, महेशकुमार उपाध्याय, शैलेन्द्रकुमार, भट्ट लेकाली, राजेश बज्राचार्य, सत्यदेव आचार्य, निर्मल पन्त, विनोद दीक्षित, ध्रुव सापकोटा, शैलेन्द्र साकार, करूणा, डा. हेमाङ्ग दीक्षित, डा. मणिन्द्ररञ्जन, रमेश विकल, कृष्णचन्द्रसिँह प्रधान, गुणराज उपाध्याय, हरिहर विरही, हान्सु साहेगी, योको, रविराज, प्रदीप, नीर शाह, नारायणगोपाल, शम्भुजित, शशि शाह, पदम ठकुराठी, जनार्दन आचार्य, केशवराज पिँडाली, किशोर नेपाली, श्री आचार्य, द्वारिका श्रेष्ठ, सनत रेग्मी, नगेन्द्रराज शर्मा, जहर खाँव, शेखर गिरी, कमलमणि, सिद्धिचरण, केदारमान व्यतिथ, फिलिप, दिनेशराज पन्त, मिस्त्री, अमेरिकी साहित्यिक महिला, कृष्णप्रसाद पराजुली, शम्भुप्रसाद अर्याल, घरबेटी, इन्दु, पार्थिवेश्वर तिम्सिना, अफगानी विद्यार्थी, येलङ्गायन, भण्डारी, एक अधबैँसे, नवयुवकहरू, डान्स सिकाउने केटी, इन्दिरा गान्धी, एक तन्नेरी लेखक, डाइटिसियन महिला, ललई पण्डित, रामप्रीत, गणेश, डा. पहाडी, रमेश गोर्खाली, नारायणचन्द्र, चेतको थेसिस गाइडर, नाथानी, नाथानीकी श्रीमती, एक्सर्टनल, गिदवानी, सुजाता, एक मानिस(कैदी), एउटी आइमाई(भूत ठानिएकी)र लोग्ने, तीनजना केटाकेटी, तीन बर्षको केटो, शिक्षिकाहरू, पढ्ने केटाकेटीहरू, अनाम आइमाई, उत्ते, गनदाई, दुई बर्षको शिशु र आमा, सुषमा, महेश, दास, श(केटी), चेतकी आमा, रामविक्रम सिँजापति, क्लासकी केटी, क्षेत्रप्रताप अधिकारी, बालसाहित्यमा जाने प्रतिनिधिहरू, श्रीलङ्कन आइमाई, वयोवृद्ध, वातानाबे, गहना पसले, निर्मल, वी.पी.कोइराला, वानिरा गिरी,दौलतविक्रम विष्ट, जगदीश घिमिरे, पुरस्कारसँग सम्बद्ध एक व्यक्ति, विनोद चौधरी, वसन्त श्रेष्ठ, गिरिजा, मनमोहन, कृष्णप्रसाद, गणेशमान, ग्रेटा राणा, पण्डित, पण्डितको स्वास्नी र छोराछोरी, पुरुषोत्तम बस्नेत, वसन्त, जङ्गबहादुर, राजदूताबासको कर्मचारी, डाक्टरहरू, वैज्ञानिकहरू, अनिल धवन, सोविनी सिँह, डा.तारानाथ शर्मा, लक्ष्मीनाथकी श्रीमती, विष्णु, रोचक तथा पुरस्कारसँग सम्बद्ध एक व्यक्ति हुन् ।

यी पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गरेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

### ४.२.१.१. लिङ्गका आधारमा चरित्रहरूको वर्गीकरण

लिङ्ग उपन्यासमा प्रयोग गरिएका पात्रहरूको प्राकृतिक जात छुट्याउने आधार हो । उनीहरूको बाहिरी स्वभाव, वर्णन तथा नामाकरणकै आधारमा लिङ्ग छुट्याउन सकिन्छ । लिङ्गका आधारमा पात्रहरू पुरुष र स्त्री गरी दुई प्रकारका हुन्छन् । नायक र नायिका क्रमशः पुरुष र स्त्री पात्र भए झैँ उपन्यासमा प्रयुक्त अन्य पात्रहरूलाई पनि पुरुष र स्त्री पात्र गरी छुट्याउन सकिन्छ । यस उपन्यासमा प्रयोग गरिएका पुरुष पात्र अन्तर्गत चेतचन्द्र, एक साथी, बलियोबाङ्गो कालो नवयुवक,पेरी भास्कर राव, महेशकुमार उपाध्याय, राजेन्द्र सुवेदी, विनोद, नीर शाह, नारायण गोपाल, शशि शाह, पदम ठकुराठी, नगेन्द्रराज शर्मा, पण्डित, राजकुमार, पुनित, अशेष मल्ल, डा.जी.एल. बादाम, इशान, सरकारी डाक्टर, पुलिस, लक्ष्मीनाथ शर्मा, आर.बी. मिश्र, सुलोचनाको लोग्ने र छोरो,

ज्योति, शङ्कर, अरूणकुमार, ध्रुव सापकोटा, गोपालचन्द्र, अङ्ग्रेजी विभागको प्रोफेसर, मेरीको प्रेमी, अवकाश प्राप्त सैनिक, कास्मिरी ब्राम्हण, एन. सुरेश, डा. ए.बी.सिँह, कवीर, चक्रवर्ती, डा.मणिन्द्ररञ्जन, डाक्टरहरू, वैज्ञानिकहरू, शिशिरकुमार स्थापित, लक्ष्मीनाथ भट्टराई, डेबिट धवन, अनिल धवन, रमेश सिप्पी, डा.तारानाथ शर्मा, शतीश कोइराला, दमनबहादुर अमात्य, पियुषबहादुर अमात्य, रामशरण महत, वी.पी.कोइराला, विष्णु रोचक, बलरामसिँह मल्ल, हरि मास्टर, अफगानी विद्यार्थी, येलङ्गायन, डा.ओ.पी. शर्मा, चन्द्रप्रसाद, इन्द्रप्रसाद, इश्वरचन्द्र, धनुषचन्द्र, एक अधबैंसे, नवयुवकहरू, एकनाथ, सुबोधकुमार झा, इन्दिरा गान्धी, एक तन्नेरी लेखक, डा. मेहेण्डले, ललई पण्डित, रामप्रीत, गणेश, गोविन्दचन्द्र, डा.पहाडी, सरजु, नथुनी, रमेश गोर्खाली, नारायणचन्द्र, चेतको थेसिस गाइडर, नाथानी, एक्सटर्नल, आर.बी.मिश्र, एक मानिस(कैदी), तीन बर्षको केटो, उत्ते,गनदाई, महेश, दास, जगतमोहन अधिकारी, विनोद, मणिराम, पार्थिवेश्वर तिम्सिना, रामविक्रम सिँजापति, मोहनराज शर्मा, बासुदेव त्रिपाठी, हिमांशु थापा, चुँडामणि बन्धु, बल्लवमणि दाहाल, नरहरि आचार्य, केशव सुवेदी, कुमारबहादुर जोशी, माधव भण्डारी, रोशन थापा नीरव, सनत रेग्मी, हरिहर विरही, रमेश तुफान, शम्भुप्रसाद अर्याल, कृष्णप्रसाद पराजुली, डा. खगेन्द्रप्रसाद लुईंटेल, शैलेन्द्रकुमार, भट्ट लेकाली, निर्मल पन्त, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, फिलिप पियर्स, दिनेशराज पन्त, ठेकेदार, मिस्त्री, राजेन्द्र आचार्य, डा. हेमाङ्ग दीक्षित, डा.मणिन्द्ररञ्जन बराल, रमेश विकल, क्षेत्रप्रताप अधिकारी, कृष्णचन्द्रसिँह प्रधान, गुणराज उपाध्याय, हान्सु साहेगी, वयोवृद्ध, गहना पसले, निर्मल, प्रदीप, नगेन्द्रराज शर्मा, वानिरा गिरी, दौलतविक्रम विष्ट, जगदीश घिमिरे, पुरस्कारसँग सम्बद्ध एक व्यक्ति, शम्भुजित, हरिहर शर्मा, विनोद चौधरी, वसन्त श्रेष्ठ, गिरिजाप्रसाद कोइराला, मनमोहन अधिकारी, कृष्णप्रसाद भट्टराई, गणेशमान सिँह, जनार्दन आचार्य, केशवराज पिँडाली, किशोर नेपाल, ग्रेटा राणा, पुरुषोत्तम बस्नेत, वसन्त, जहर खाँव, जङ्गबहादुर, शेखर गिरी, राजदूताबासको कर्मचारी आदि रहेको देखिन्छ ।

प्रस्तुत उपन्यासमा प्रयुक्त स्त्री पात्रहरूमा स्वस्ति, सुलोचना, पद्मा, मेरी, नर्स, लक्ष्मी, आशा केलकर, करूणा, योको, अनुवादक महिला, प्रिया, ललिता बादाम, शुभ्रता, रेखा, कलगर्लहरू, मिश्राकी पत्नी, दुध ल्याउने दुईटी केटीहरू, अनिता, मिनी, रानी, रेनु, राधा, सोबिनी सिँह, मिर्जा, जया, सिन्हा, लक्ष्मीनाथकी श्रीमती, गंगा-जमुना, अमिता, वासन्ती, कल्पना, नाच्न सिकाउने शिक्षिका, डाइटिसियन महिला, तेजकुमारी, नाथानीकी श्रीमती, सुजाता, एउटी आइमाई(भूत ठानिएकी), शिशुकी आमा, सुषमा, श, चेतकी आमा, पारिजात, क्लासकी केटी, घरबेटी महिला, इन्दु, अमेरिकी साहित्यिक महिला, श्रीलङ्कन आइमाई, वानिरा गिरी, द्वारिका श्रेष्ठ, पण्डितकी स्वास्नी, तथा छोरी, भारतीय महिला आदि रहेका छन् ।

### ४.२.१.२. कार्यका आधारमा चरित्रहरूको वर्गीकरण

उपन्यासमा प्रयोग गरिएका पात्रहरूमध्ये चेतचन्द्र र स्वस्तिलाई प्रमुख पात्रका रूपमा लिनुपर्ने देखिन्छ । औपन्यासिक चेतनाका साथ लेखक वा चेतचन्द्रको आफ्नै अनुभव गुथिएकोले यो अनुभवन्यास हो । त्यसैले यस उपन्यासको प्रायः सबै खण्डहरूमा चेतचन्द्रको आफ्नै घटनाहरूको उहापोह पोखिएको र सो घटनाहरूको जिम्मेवार पक्ष चेतचन्द्र स्वयम् रहेको तथा प्रायः सबै खण्डहरूमा चेतचन्द्र आफैँ उपस्थित भएर अन्य पात्रहरूसँग संवाद गरेको र कुनै खण्ड वा घटनामा चेतचन्द्रले सम्वादविनै सोझै वर्णन गरेको देखिएकोले चेतचन्द्रलाई यस उपन्यासको नायक मान्नुपर्दछ । यस उपन्यासको सुरूदेखि अन्त्यसम्म एकनासले चेतचन्द्रको उपस्थिति रहेको देखिन्छ । यस उपन्यासमा चेतचन्द्रसँग सम्बन्धित घटनाबाहेक अन्य असान्दर्भिक घटना प्रायः देखिँदैन । त्यसैले चेतचन्द्र यस उपन्यासको नायक हो ।

समग्र उपन्यासलाई अध्ययन गर्दा **घुर्मी** उपन्यासमा नायक चेतचन्द्रको भूमिका सो-सरह भूमिका निर्वाह गर्ने एउटा पनि स्त्री पात्र देखिँदैन । लामो भूमिका भएको स्त्री पात्र नदेखिए पनि स्त्री पात्र नै नभएको भने होइन । मसिना-मसिना घटनाहरूमा निस्किँदै हराउँदै गर्ने करीब चार दर्जन जति स्त्री पात्रहरूमध्ये स्वस्तिको भूमिका अग्र देखिन्छ । उपन्यासमा सुरूदेखि अन्त्यसम्म नै भूमिका नदेखिए पनि नायक चेतचन्द्रकी धर्मपत्नीको रूपमा देखिएको हुँदा स्वस्ति नै यस उपन्यासकी नायिका हो । यिनी चेतचन्द्रसँग साथसाथै नहिँडे पनि चेतचन्द्रकी दु:ख-सुखकी साथी हो । यिनी इशान र शुभ्रताकी आमा पनि भएकीले आमा र जीवनसाथीको रूपमा दुईवटा भूमिका निर्वाह गरिरहेकी छिन् । चेतचन्द्रले आफ्नो अध्ययन  र जागिरको क्रममा स्वस्तिलाई गाउँमा छाडेर सहर पसेको घटनाबाट स्वस्तिले एक असल बुहारीको रूपमा बुहार्तन गरेको पनि देखिन्छ । सबै ठाउँमा साथ नरहे पनि नायकले पी.एच्. डी.गर्ने क्रममा, ठूलो जागिर खाने क्रममा तथा घर बनाउने निर्णय गर्ने क्रममा स्वस्तिको उपस्थिति र सरसल्लाहले ठूलो काम गरेको छ । नायकले निरन्तर बाहिरी काममा हिँडिराख्नु पर्ने परिस्थितिले गर्दा नायकको सन्तानको भविष्य पनि स्वस्तिकै हातमा रहेको देखिन्छ । स्वस्तिले कसैसँग प्रतिवाद गरेर झगडा नगरेको र अरूको कुरा काट्दै नहिँडेको तथा अरूको कुरा आफ्ना साथीहरूलाई वा आफ्नै लोग्नेलाई पोल लगाउँदै नहिँडेको आदि आधारबाट प्रस्तुत उपन्यासमा कम चर्चा भए पनि यिनी नायिकायोग्य पात्रका रूपमा रहेकी छिन् ।

यस उपन्यासमा सहायक पात्रको रूपमा धनुषचन्द्र, गोविन्दचन्द्र, एक साथी, सुलोचना, पद्मा, मेरी, नर्स, लक्ष्मी, आशा केलकर, महेशकुमार उपाध्याय, राजेन्द्र सुवेदी, विनोद करूणा, योको, अनुवादक महिला, रविराज, नीर शाह, कमलमणि, नारायण गोपाल, पदम ठकुराठी, गुरु, पण्डित, बलियोबाङ्गो कालो नवयुवक, डा. पेरी भास्कर राव आदि रहेको देखिन्छ । यी पात्रहरूद्वारा जन्मिएका घटनाहरूले चेतचन्द्रको जीवनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा असर पुऱ्याएको देखिन्छ । बाबु गोविन्दचन्द्र जीवित हुँदा र मृत्युपश्चात जीवनमा देखिएका असरहरू चेतचन्द्रले अनुभव गरेको देखिन्छ । गोविन्दचन्द्रले मगाएका कल्याणका विशेषाङ्कले उसको साहित्यिक रुचिमा प्रेरणाको कार्य गरेको थियो । आफ्ना छोराहरूको कुनै नराम्रो कुरा सुनी गोविन्दचन्द्र राति नै घरबाट निस्केका थिए । गोविन्दचन्द्र परम्परागत मान्यतालाई अङ्गाल्ने तथा खानेकुरामा सौखिन थिए । उनी पैँसट्ठी काटेर छैसट्ठी बर्षमा प्रवेश गर्दा आफ्नो खड्को काटिएको सम्झी असी-पचासी बर्ष बाँच्ने हिम्मतले मासु ल्याई सबैलाई भोज ख्वाएका थिए । भोजकै दिनमा बाबुको देहावसानले चेतचन्द्रको जीवनको अर्को अध्याय पिताको साथै समाप्त भएको प्रसङ्ग रहेको हुँदा चेतको जीवनसँग सम्बन्धित रहेका गोविन्दचन्द्रलाई सहायक पात्रको रूपमा लिन सकिन्छ । धनुषचन्द्र पनि सहायक पात्र हुन् । उनले साहित्यिक लेखहरू आफ्ना दाजुभाइहरूलाई सुनाएर विचारको आदानप्रदान गर्ने गरेको दखिन्छ । चेतचन्द्र पनि आफ्ना लेखरचनाहरू दाजुभाइ भेला भएको बखत सुनाउने गरेको देखिन्छ । यसरी एकअर्काका विचारहरूलाई मथेर धनुषचन्द्रले **घामका पाइलाहरू** उपन्यास मार्फत मदन पुरस्कार पाएकाले चेतको साहित्यिक यात्रामा यस घटनाले असर पुऱ्याएको देखिन्छ । अंशबण्डाको क्रममा दाजुभाइबीच आफूलाई राम्रो जमीन पार्ने बहानामा दोहोऱ्याइ-दोहाऱ्याइकन गोला हानेको घटनाले पनि चेतको अन्तस्करणमा छोएको देखिन्छ । नाम नखुलाइएको एक साथी पनि सहायक पात्रको रूपमा लिन सकिन्छ । चेतचन्द्र र एक साथी लक्ष्मीरोडमा घुम्न जाँदा वेश्यावृत्ति तथा साथीको प्रवृत्तिबारे थाहा पाएर वेश्या तथा वेश्यालय सम्बन्धी चेतमा घृणा जागेको देखिन्छ । पुनामा चेत डेरा बस्ताका बखत सुलोचनाले कोठा बढारिदिने, लुगा धोइदिने तथा पति नभएको बेला खानासमेत पकाइदिने गरेकीले चेत उक्त आइमाईप्रति कृतज्ञ रहेको पाइन्छ । पद्मा चेतसित साहित्यिक गफ गर्न रूचाउने तथा चेतलाई आफूप्रति आकर्षण गर्न आफू अझै कुमारी नै रहेको बताएर चेतको मानसिकतामा निकै हलचल पैदा गराइदिएको पाइन्छ । मेरी नामकी केटी डेक्कन कलेजमा सबैको आकर्षणकी केन्द्रविन्दु रहेकी थिई । मेरी चेतको पनि आन्तरिक मनमा बस्न बस्न आइपुगेकी केही

दिनपश्चात् एकाएक मेरी एउटा केटाको पछि लागेर हिँडिदिँदा कलेजका केटाहरू साथै चेत पनि स्तब्ध भएको थियो ।

चेतचन्द्रको छोरो इशान बिरामी हुँदा डाक्टर नभएको बखतमा पनि थर्मोमिटर हालेर नाप्ने, कपडा भिजाएर निधारमा राखिदिने तथा अर्को हस्पिटलमा जान सल्लाह दिएर नर्सले चेतको छोराको जीवन बचाउने कार्य गरेको देखिन्छ । लक्ष्मी आफूले अवैध पेट बोकेर चेतलाई साथीको रूपमा लिएर बम्बई पुगी गर्भपतन गराएर फेरि चेतकै साथ घर फर्केकी छे । यसमा चेतलाई लक्ष्मीले आफ्नो उपयुक्त साधनको रूपमा लिएको देखिन्छ । चेतचन्द्रले पछि उक्त रहस्य थाहा पाएर आफूलाई टाठाबाठा भनाउँदाहरूले सजिलै मूर्ख तुल्याएको उल्लेख गरेको देखिन्छ । रेलको यात्राको क्रममा आएको बलियोबाङ्गो कालो नवयुवक देख्नमा क्रूर र सुरूमा अपच व्यवहार गरेपनि केही छिनपछि चेतको घनिष्ठ मित्र बनेको नमुना देखिएको छ । पेरी भास्कर राव काटमार नगर्ने शुद्ध शाकाहारी व्यक्ति थिए । उनी धर्मप्रति आस्था राख्ने र कम्युनिष्ट नीति, धर्मको बिरोधी हुनाले चेतलाई कम्युनिष्ट नीतिप्रति सजग गराउने प्रसङ्गले चेतको जीवनशैलीमा प्रभाव पर्ने देखिन्छ ।

यस उपन्यासमा वर्णित गुरु पनि सहायक पात्र हुन् । बाबुको कामको तेह्रौं वा चौधौं दिनमा चेतको परिवारमा मासु खाने निर्णयमा गुरुलाई सोध्दा आत्माले माने हुने र नमाने नहुने भन्ने गुरुको मुखबाट यस्तो सन्तुलित जवाफ पाएकाले परम्मरागत रूढ धारणामा चेतचन्द्रले केही होलो अनुभव गरेको देखिन्छ । चेत पी.एच्.डी.को अन्तर्वार्ताको लागि निक्कै ठाँटिएर जाँदैगर्दा बाटामा आशाले भेट्टाएर चेतको रूप तथा गुणको निकै प्रशंसा गरेकी छे । यहाँ पनि उक्त प्रशंसाले चेतको मानसिकतामा केही असर पुऱ्याएको देखिन्छ । चेतचन्द्र र मणिरामलाई हरिणको भनेर बफको सुकुटी ख्वाएका तथा चेतलाई केही लेख्ने फुर्सद दिनको लागि महेशकुमार उपाध्यायले काजमा डीन कार्यालयमा झिकाइदिएको देखिन्छ । यही समयमा चेतले आफ्नो साहित्यिक यात्रामा केही उर्जा थप्न सकेकाले चेत महेशकुमारप्रति सधैँ कृतज्ञ रहेको देखिन्छ । राजेन्द्र सुवेदीले बीस बर्षअघि एउटा बोको काटी भोज ख्वाउने कुरा गरेका तर अहिलेसम्म नख्वाएका र अहिले चेतले कुरा झिक्दा अब केही दिनमा खबर गर्ने आदि रोचक घटना रहेको छ । विनोदले साझा प्रकाशनको सञ्चालकहरूको चुनावमा चेतलाई जबरजस्ती चुनावमा उठ्न लगाएको र अन्त्यमा अत्यधिक बहुमतले विजयी भएकोले चेतको जीवन साझामा दुई बर्ष बेग्लै अनुभवमा बितेको हुनाले जीवनमा एक नौलो मोड ल्याइदिने काम विनोदले गरेको देखिएकोले ऊ पनि एउटा सहायक पात्र हो । करूणा नामकी केटीले चेतलाई आर.आर. कलेजमा पढ्दा अत्यन्तै मन पराएकीले नाटकको रिहर्सलमा सहायकको कार्य गरेको हुनाले यिनी पनि सहायक पात्र हुन् । बालसाहित्यको सम्मेलनमा जापान जाँदा योकोले टेलिफोनको दस्तुर आफैँले तिरिदिएकी तथा किनमेल गर्न जाँदा कल्चर्ड मोतीको माला पनि किनाइदिएकीले तिनको व्यवहारप्रति चेत अनुग्रीहित रहेको देखिन्छ । सोही गोष्ठीमा एक अनुवादक महिलाले जापानी भाषालाई अङ्ग्रजी भाषामा अनुवाद गरेर सम्प्रेषणमा सरल तुल्याइदिएकी अनि गोष्ठी सकिएपश्चात् चेतलाई आफ्नो गाडीमा आठ घण्टा टोकियो सहर घुमाइदिएकी साथै किनमेलको क्रममा एउटा पाण्डुलिपि पुरस्कार पाएको ऱ्यु मुराकामीको उपन्यास किनाइदिएर चेतको ज्ञानको स्तरमा साथै विभिन्न ठाउँको अनुभवमा वृद्धि गरइदिएकोले उक्त महिला पनि सहायक पात्र हुन् । प्रदीप र चेतको झगडामा रविराज प्रदीपको पक्ष लागेर रकमी आवाजमा बोलेकोले चेतमा मित्रको निकृष्टता कति हदसम्म देख्न सकिँदोरहेछ भन्ने विचार उत्पन्न भएको देखिन्छ । चेतचन्द्रलाई दोषी सावित गर्न समयकर्मीको रूपमा रविराजलाई उपयोग गरी आफू निर्दोषी बन्न खोज्ने प्रदीपप्रति चेतमा घृणा उत्पन्न भएको छ । कुनै पनि व्यक्ति समयकर्मी भएर निर्दोष मानिसलाई दोषी सावित गर्न खोजे पनि वा निर्दोषमाथि जाइलागे पनि पछि आफैँ पतन भएर जानुपर्छ भन्ने विचार पनि उत्पन्न भएको देखिन्छ ।

नीर शाह पनि यस उपन्यासमा सहायक पात्रको रूपमा देखिन्छ । चेतको कट्टेलसरको चोटपटक उपन्यासलाई वासुदेव नामक फिल्म बनाइदिएर चेतको मानप्रतिष्ठा साथै आर्थिक स्थितिमा पनि केही टेवा पुगेको छ । उक्त फिल्मलाई नेपालको कलात्मकतातिर ढल्केको प्रथम फिल्मका रूपमा देखिएकोले चेतको साहित्यिक कलात्मक गरिमालाई उँचोमा पुऱ्याएको देखिन्छ । कमलमणिले चेतको व्यक्तिगत हित तथा राष्ट्रकै हितका लागि चेतलाई रक्सी नखाइदिने सल्लाह दिएको छ । उसले चेतलाई राष्ट्रको एक अमूल्य सम्पत्ति मानेर चेतको उचित मूल्याङ्कन गरेको देखिन्छ । नारायणगोपालले चेतलाई एउटा गीतिनाटक र एउटा नृत्यनाटिका लेख्न लगाएर मञ्चन गराएको देखिन्छ । चेतको यो पहिलो र अन्तिम विधा रहेको र एकै प्रयासमा उनको दुईवटै कृति उत्कृष्ट रूपले मञ्चन भएको देखिन्छ । चेतको प्रतिभाशाली व्यक्तित्व नारायणगोपालले उपयोग गरेकोले चेतचन्द्र आफूलाई गौरव अनुभव गरेको देखिन्छ । पदम ठकुराठी साप्ताहिक मञ्च पत्रिकाको सम्पादक बनी चेतले उक्त पत्रिकामा लेख लेख्ने गरेको देखिन्छ । उक्त पत्रिका ज्यादै लोकप्रिय भएकोले चेतको लेखनकलामा उर्जा थपिएको पाइन्छ । पण्डित र चेत घनिष्ट मित्र बनेका र एक-अर्कामा उत्पन्न भएका साहित्यिक विचारको आदानप्रदान गर्ने गरेकाले चेतको साहित्यिक व्यक्तित्वमा अझ ओज थपिएको देखिन्छ । गाउँमा आफ्नी श्रीमती हुँदाहुँदै पनि अर्की श्रीमती ल्याउन तम्सिएको पण्डित चेतको उचित सल्लाहले गाउँकी श्रीमती र छोरी काठमाडौँमै ल्याएर सुखपूर्वक जीवन गुजारा गरेकोले चेतले पण्डितलाई ठूलो पारिवारिक दुर्घटनाबाट बचाएको देखिन्छ । हरिमास्टरले चेतलाई बेन्जुबाजाको धुन सिकाएर सांस्कृतिक उर्जा थप्नमा सहयोग गरेको देखिन्छ । एउटी नाच्न सिकाउने केटीले अखबारको विज्ञापनमार्फत् ग्राहकसँग सम्पर्क गरी नाच्न सिकाउने निहुँमा बाजुवाला घरमा धन्धा गर्ने गरेको देखिएकोले उक्त वेश्यावृत्ति गर्ने केटीप्रति घृणा जागेको छ । ध्रुव सापकोटाले चेतको **डापी** उपन्यासको प्रशंसा सुनेर त्यसको विरूद्धमा अनेक विरोध गरेका तर पछि चेतकै नजिकको हितैषी बनेको देखिन्छ । यसरी उल्लेखित पात्रहरूले चेतको जीवनमा मूर्त वा अमूर्तरूपले प्रभाव पारेकै देखिन्छ । यी पात्रहरूले चेतमा साहित्यिक, साँस्कृतिक, धार्मिक, सामाजिक तथा आर्थिक उर्जा थपेर उचित जीवनशैलीगत गोरेटो पहिल्याएर अघि बढ्न सिकाएको देखिएकोले उक्त पात्रहरू सहायक पात्रका रूपमा लिन सकिन्छ ।

उपर्युल्लिखित पात्रहरूबाहेक अन्य पात्रहरूको यस उपन्यासमा खासै भूमिका नभएका र केवल आफ्नो परिचय मात्र भएका अथवा उल्लेख्य घटना नघटाएकाले तिनीहरूलाई गौण पात्रको रूपमा लिन सकिन्छ ।

### ४.२.१.३. प्रवृत्तिका आधारमा चरित्रहरूको वर्गीकरण

प्रवृत्तिका आधारमा उपन्यासका पात्रहरूलाई अनुकूल र प्रतिकूल गरी दुई वर्गमा विभाजित गर्न सकिन्छ । अनुकूल पात्रमा खलत्व हुँदैन भने प्रतिकूल पात्रमा खलत्व हुन्छ । उपन्यासमा जुन पात्रले सकारात्मक कार्य गर्दछ त्यो अनुकूल पात्र हो भने जसले नकारात्मक कार्य गर्दछ त्यो प्रतिकूल पात्र हो । प्रतिकूल वर्गको प्रमुख वा सहायक पुरुष पात्र छ भने त्यो खलनायक वा खलपात्र हुन्छ र स्त्री पात्र छ भने त्यो खलनायिका वा स्त्री खलपात्र हुन्छ ।[४३]

यस उपन्यासमा प्रमुख पुरुष पात्रको रूपमा आएको चेतचन्द्र अनुकूल पात्रको रूपमा देखिन्छ । चेतचन्द्रले उपन्यासभरि कसैको कुभलो चिताएको छैन । कसैलाई जानीजानी धोका पनि

[४३] मोहनराज शर्मा, शैलीविज्ञान, पूर्ववत्, पृ. १७४ ।

दिएको छैन बरू घरबार बिग्रन आँटेकालाई उचित सल्लाह र सुझाव दिएर जीवन बनाइदिएको देखिन्छ । "तिमीले त्यस दिन दिएको राय मानेर म सुखी भएको छु ।"[४४] **साप्ताहिक मञ्च** पत्रिकामा लेख लेखेर उक्त पत्रिका तथा सम्पादक पदम ठकुराठी समेत चर्चामा पुग्न सफल भएको छ । पुनित खेलिरहेको ठाउँमा साँप आई डस्नलाई तम्तयार हुँदा चेतले साँपलाई पर हुत्याएर पुनितलाई बचाएकोमा पुनितका बाबुआमा चेतप्रति अनुग्रीहित रहेको देखिन्छ ।

चेतचन्द्रको अनुकूल प्रवृत्तिको व्यवहारले गर्दा लक्ष्मीनाथ शर्मा, पद्मा, राजेन्द्र सुवेदी, एन सुरेश, कवीर, मोहनराज शर्मा, सनत रेग्मी, हरिहर विरही, रमेश तुफान, ठाकुर पराजुली, नरहरि आचार्य, द्वारिका श्रेष्ठ, केशवराज पिँडाली, जनार्दन आचार्य, पुरुषोत्तम बस्नेत, पारिजात आदि जस्ता घनिष्ठ मित्रहरू बनाउन सफल भएको छ भने ध्रुव सापकोटा जस्ता साहित्यिक व्यक्तित्वमा डाहा गर्ने व्यक्ति, प्रदीप र रविराज जस्ता खराब प्रवृत्ति भएका मित्रहरू समेत आएका देखिन्छन् तर ती व्यक्तिहरूसित चेतले कहिल्यै सशक्त प्रतिकार गरेको छैन बरू रीस, डाहा गर्ने यस्ता व्यक्तिहरू प्रति सहानुभूति नै राख्नुपर्छ भन्ने चोटिलो व्यङ्ग्य प्रहार गर्दछन् । त्यस्ता खराब प्रवृत्ति बोकेका तिनै कतिपय पात्रहरू पछि आफैं चेतको घनिष्ठ मित्र बन्न गएको र कतिपय मित्रहरू स्वतः पलायन भएको देखिन्छ । साझाको चुनावमा चेतले अत्यधिक बहुमत ल्याई विजयी भएको थियो । यो परिणाम उसको सकारात्मक प्रवृत्तिकै फल हो । चेतचन्द्रले वीरगञ्जमा सरुवा माग्दा डीन कार्यालयबाट यस्तो प्रतिभा भएको मानिसले कीर्तिपूरमै पढाउनुपर्छ भन्ने सल्लाह पाएको देखिन्छ । उसको सकारात्मक प्रवृत्तिले गर्दा उसको विवाह अघि तथा पछि निकै केटी साथीहरूको लस्कर देखिन्छ तर ऊ कहिल्यै ती केटीहरूप्रति आशक्त भएको छैन । चेतले स्वदेशमा मात्र होइन विदेशमा पनि जीवनमा भुल्न नहुने मित्रहरू बनाएको छ । चेतचन्द्रको सहोदर दाजुभाइहरूले अंशबण्डाको मामलामा पक्षपात गरेको भए पनि उसले प्रतिकार नगरी अनुकूल व्यवहार प्रस्तुत गरेको देखिन्छ । बाबुको मृत्यु हुँदा चेतचन्द्रको जीवनको अर्को अध्याय पिताको मृत्यु साथै समाप्त भएको उल्लेख भएको हुँदा ऊ आफ्नो बाबुप्रति पनि अनुकूलित नै देखिन्छ । बाबुको मृत्यु हुँदा ऊ शोकले सताइएको र उत्तेजित पनि भएको देखिन्छ । "मेरो अगाडि बाको विरूद्ध बोल्नेलाई म गोली ठोकिदिन्छु र आफू पनि मर्छु ।"[४५] यसरी उसको बाप्रति अत्यन्तै श्रद्धाभाव र अनुकूलित व्यवहार गरेको देखिन्छ । तसर्थ यस उपन्यासभित्र जति पनि चेतचन्द्रको प्रसङ्ग छ, त्यहाँ उसको प्रवृत्ति सकारात्मक वा अनुकूल रहेको देखिएकोले ऊ अनुकूल पात्र हो ।

यस उपन्यासको प्रमुख स्त्री पात्र तथा नायिका स्वस्ति पनि अनुकूल पात्र हो । यिनले सधैं चेतको वा नायकको उन्नति देख्न चाहन्छिन् । यस उपन्यासमा स्वस्तिको कसैसित संवाद देखिँदैन केवल चेतचन्द्रको वर्णनमा मात्र आएकी छे । स्वस्ति चेतचन्द्रको धर्मपत्नी भएकीले चेतचन्द्रसित सँगसँगै नहिँडे पनि चेतको जागिर खाने सवालमा तथा विभिन्न साहित्यिक सिर्जना गर्ने क्रममा स्वस्तिले कहिल्यै बाधा पुऱ्याएको देखिँदैन । स्वस्ति एक शिक्षिका भएको उल्लेख हुँदा गुरुले चेलाप्रति गर्नुपर्ने व्यवहार अनुकूलित रूपमा अघि बढेको देखिन्छ । स्वस्तिले कसैसित कुनै कुरामा प्रतिवाद गरेको देखिएको छैन । चेतले एकै दिनमा दुई-दुईवटा छाता हराउँदा पनि कहिलेकाहीँ मानवीय भूल हुन्छ भन्ने ठानी हाँसी-हाँसी अप्रत्यक्ष रूपमा माफी दिएको बुझिन्छ । पारिवारिक मामलामा इशान र शुभ्रताप्रति एउटी आमाले निभाउनुपर्ने दायित्व पूरा गरेको देखिन्छ । छोराछोरीलाई खुवाउनु, पियाउनु, उचित शिक्षाको व्यवस्था गर्नु वा छोराछोरीको उज्वल भविश्यको लागि चेतचन्द्रको

---

[४४] ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ. १३०

[४५] ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ. ५९ ।

अनुपस्थितमा पनि स्वस्तिले खूब विचार पुऱ्याएको देखिन्छ । समग्रमा स्वस्ति सम्पूर्ण पक्षमा अनुकूलित व्यवहार प्रदर्शन गरेकी प्रमुख स्त्री चरित्र हुन् ।

यस उपन्यासमा सहयोगी पात्रहरूमध्ये गोविन्दचन्द्र अनुकूल पात्रको रूपमा रहेको देखिन्छ । केही मात्रामा परम्परागत मान्यतालाई मान्ने प्रवृत्ति रहे पनि अरूको सधैँ भलो चाहने मानवीय भावनाले भरिएका पात्र हुन् । छोराहरूको कटु वचनले आहत भएर छोराहरू विरूद्ध जाइ नलागेर बरू आफैँ उक्त घाउ निको पार्न घरैबाट निस्किदिएका छन् । खानको सौखिन हुनाले आफूले मात्र नखाई परिवारलाई आफूमाफ्त राखेर खाने प्रवृत्ति रहेको छ । आफ्ना छोराहरूको चौतर्फी विकासको चाहना राख्ने गोविन्दचन्द्रले घरमा विभिन्न बाजाहरू किनेर राख्ने तथा विभिन्न साहित्यिक पत्रपत्रिकाहरू घरैमा मगाउनाले चेतको साहित्यिक तथा साङ्गीतिक स्तरमा वृद्धि भएको देखिन्छ । आफूले गरेको फैसलामा छोराहरूले चित्त दुखाउलान् भन्ने विचारले गोलाप्रथाद्वारा अंशबण्डा गराइदिएका छन् । यो उपन्यासकी सुलोचना पात्र अनुकूल नै देखिन्छे । घरमा लोग्ने नभएको बखत चेतको लुगा धोइदिने ,कोठा बढारिदिने तथा बेलामौकामा खानासमेत पकाइदिने उदार भावना देखिएको छ । पद्मा खरो स्वभावकी भएपनि चेतसित साहित्य र दर्शनसम्बन्धी कुरा गर्ने गर्दछे । उपन्यासभरि उसले कसैको कुभलो हुने कार्य गरेको नदेखिएको तथा चेतप्रति सकारात्मक भावना रहेको देखिन्छ । यस उपन्यासको नर्स पनि अनुकूल पात्रको रूपमा देखिन्छे । चेतको बिरामी छोरालाई पानीपट्टी बाँधिदिने, ज्वरो नाप्ने तथा उनको क्लिनिकमा उपचार हुन नसक्ने देखी अर्को राम्रो क्लिनिकमा लग्ने सल्लाह दिएर इशानको ज्यान बचाउने कार्य गरेको देखिन्छ । "एउटा नसिङ होम छ, त्यहाँ जाऊ, त्यो खुलेको हुन सक्छ ।"[४६] रेलयात्राको क्रममा आएको कालो नवयुवक पनि अनुकूल पात्रको रूपमा देखिन्छ । चेतचन्द्रप्रति पहिले प्रतिकूलजस्तो व्यवहार देखाए पनि चेतलाई अप्ठ्यारो भएको महसुस गरी उसैको कुनै सदस्यको एक आज्ञाले बर्थ खोलेर बसी चेतको भलो हुने कार्य गरेको छ । "अब हम इनकी मर्जी से साएंगे और यिनकी मर्जी से जागेङ्गे ?"[४७] त्यसपछि चेतलाई आफूले ल्याएका खानेकुरासमेत ख्वाएका छन् र अन्त्यमा एकअर्कामा घनिष्ठ मित्रमा परिणत भई उक्त नवयुवकले आफ्नो घरमा समेत आउने ठेगाना दिएको पाइएकोले ऊ अनुकूल पात्र हो । पेरी भास्कर राव धर्ममा आस्था राख्ने तथा कम्युनिष्ट नीतिको विरोधी हुनाले उक्त नीतिप्रति चेतलाई सजग गराएको देखिन्छ । राव कसैप्रति कुभलो नचिताई सहयोगको भावना रहेको अनि आफ्ना छोराछोरी तथा श्रीमतीप्रति आफ्नो उत्तरदायित्व पूरा गरेको देखिएकोले अनुकूल पात्र हुन भन्न सकिन्छ । पुरेत्याइँ तथा पण्डित मेलो गर्ने गुरु पनि अनुकूल पात्र हुन् । चेतचन्द्रको परिवारले किरियाको तेह्र/चौध दिनमै मासु खाने निर्णय गरी गुरुसँग सल्लाह माग्दा मासु खाने इच्छा नतोडिने गरी परम्परागत अति रूढ नभैकन सन्तुलित जवाफ दिएको देखिन्छ । "आत्माले माने हुन्छ बाबु, आत्माले नमाने हुन्न ।"[४८] यिनले पुरेत्याइँ पेशा अङ्गालेका हुनाले मरेकाहरूलाई वैतरणी पार गराउने परोपकारी व्यक्ति देखिएकोले यिनलाई अनुकूल पात्रको रूपमा लिन सकिन्छ ।

महेशकुमार उपाध्यायले चेतलाई केही लेख्न फुर्सद दिनको लागि डीन कार्यालयमा काजको रूपमा झिकाइदिएका छन् । त्यही स्वर्णिम दिनहरूमा चेतको साहित्यिक व्यक्तित्वमा निकै उर्जा थपिएको देखिन्छ । "महेशकुमारले सहायता गरेरै चेतले ती दिनहरूमा केही लेख्न सक्यो ।"[४९] "त्यही

---

[४६] ऐजन, पृ. २० ।

[४७] ऐजन, पृ. ४६ ।

[४८] ऐजन, पृ. ६३ ।

[४९] ऐजन, पृ. १०० ।

समयले उसलाई साहित्यमा परिचित हुन थप सहायता गरेको थियो ।"[५०] राजेन्द्र सुवेदी चेतको एक घनिष्ठ मित्र भनेर उल्लेख गरिएको छ । राजेन्द्र सुवेदी हँसीमजाक गर्ने व्यक्ति भएकोले बोको काटर भोज ख्वाउने कुरा गरेका तर बीस बर्षपछि पनि ख्वाउने दिन नजुरेको रोचक प्रसङ्ग रहेको छ । उनी ठट्टालु प्रवृत्तिको देखिए तापनि कसैको आचरणमा घोचपेच गर्ने आदत देखिँदैन ।

यस उपन्यासका अर्का सहायक पात्र विनोद अनुकूल प्रवृत्तिको देखिन्छ । चेतचन्द्रलाई जबरजस्ती साझाको सञ्चालकको उमेदवार उठ्न कर गरी सम्पूर्ण चुनावी प्रक्रियामा विनोदले उल्लेख्य सहयोग गरेको र फलस्वरूप अत्यधिक बहुमतले चुनाव जिताएर चेतचन्द्रको भलो हुने काम गरेको देखिन्छ । त्यसैले लागेको कार्यमा सफलता प्राप्त गरेरै छाड्ने प्रवृत्ति देखिएकोले ऊ अनुकूल पात्र हो । योकोले चेतलाई आन्तरिक रूपमा मन पराएकीले चेतचन्द्रले तिर्नुपर्ने फोनको पैसा तिनी आफैँले तिरेकी छे । चेतचन्द्रलाई सपिङ गराएर उपहारस्वरूप कल्चर्ड मोतीको माला पनि किनाइदिएको देखिन्छ । यसरी चेतको हितकारी कार्य गरेर सधैँ आफ्नो रिनी बनाइराख्न खोज्ने देखिएकोले यिनी अनुकूल पात्र हुन् । एक अनुवादक महिला पनि अनुकूल पात्रको रूपमा देखिन्छे । चेतप्रति सद्भाव राखेर आफ्नै गाडीमा आठ घण्टा टोकियो सहर घुमाइदिएकी छे । किनमेलको क्रममा एउटा पाण्डुलिपि पुरस्कार पाएको न्यु मुराकामीको प्रसिद्ध उपन्यास उपहारस्वरूप किनाइदिएकी छे । घुम्दै जाने क्रममा किशोरीहरूका नग्न तस्वीरप्रति घृणाभाव व्यक्त गरेकी तथा तिनलाई नेपालीहरू हरेक दृष्टिकोणले मनपर्ने बताएकीले यिनी पनि अनुकूल पात्र हुन् ।

यस उपन्यासमा वर्णित नीर शाह अनुकूल पात्रको रूपमा देखिन्छ । चेतको **कट्टेलसरको चोटपटक**को फिल्म बनाउने सल्लाह भएको तर लामो समयसम्म उक्त कुरा हराएकोले चेतप्रति प्रतिकूल जस्तो देखिए पनि केही समयपछि **वासुदेव** नामक फिल्म निर्माण भइछाडेको छ । त्यसैले यो फिल्म बन्नु आर्थिक, साहित्यिक तथा गौरवको दृष्टिकोणले चेतको साथै नीर शाहकै पनि लाभकारी सिद्ध भएको देखिन्छ । नारायणगोपाल पनि अनुकूल प्रवृत्तिमै गनिन्छन् किनकि चेतको नितान्त नौलो विधा गीतिनाटक र नृत्यनाटिकामा कलम चलाउन नारायणगोपाले बाध्य पारेको देखिन्छ । पहिलो प्रयासमै ती दुवै कृतिहरू उत्कृष्टरूपले मञ्चित भएको छ । चेतले सो लेखेबापत पारिश्रमिक पनि हात पारेकोले नारायणगोपालले चेतचन्द्रको साहित्यिक पक्ष तथा आर्थिक पक्षमा समेत टेवा पुगेको हुनाले उनी अनुकूल पात्र हुन् । लेख लेखिएबापत ठकुराठीलाई फाइदा हुने र लेखिदिएबापत चेतलाई फाइदा हुने देखिएकाले ठकुराठी पनि अनुकूल पात्र हुन् । पदम ठकुराठीको साहित्यिक पत्रिकाले चेतको बौद्धिकतालाई अझै माथि उठाएको प्रसङ्गले ठकुराठीलाई अनुकूल पात्रकै रूपमा गन्नुपर्ने हुन्छ । नाथानी पनि अनुकूल पात्र हो किनकि चेतचन्द्रको थेसिस टाइप गरिदिएर ठूलो सहयोग गरेको देखिन्छ । स्वास्नीसित झगडा भए पनि चेतकै घरमा आएर थेसिस टाइप गरी सिध्याएको देखिन्छ ।  कमलमणिले चेतलाई राष्ट्रको हितको लागि तथा आफ्नै हितको लागि पनि रक्सी नखाने सल्लाह दिएको देखिन्छ । "हेर्नुस् तपाइँ राष्ट्रको सम्पत्ति हो । तपाईंले यसरी रक्सी खाइदिन भएन । हामी चाहन्छौँ, तपाइँ धेरै बाँच्नोस्, धेरै लेख्नोस् । "[५१] उक्त प्रसङ्गबाट कमलमणिलाई अनुकूल पात्रको रूपमा लिन सकिन्छ । त्यस्तै यस उपन्यासको अर्का सहयोगी पात्र पण्डित पनि अनुकूल पात्रको रूपमा देखिन्छ । सधैँ चेतको भलो चाहने , साहित्यिक चर्चा-परिचर्चा गरेर एकअर्कामा विचार आदानप्रदान गर्ने गरेको देखिन्छ । गाउँमा स्वास्नी, छोराछोरी हुँदाहुँदै पनि

---

[५०] ऐजन, पृ. १०१ ।

[५१] ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ. १२७ ।

सहरमा अर्की स्वास्नी ल्याउने विचार देखिए तापनि चेतको उचित सल्लाहले सो विचार त्याग गरी गाउँकी स्वास्नी, छोराछोरीप्रति अन्याय गरेको नदेखिएकोले ऊ अनुकूल पात्रकै रूपमा गनिन्छ ।

यस उपन्यासमा केही पात्रहरू प्रतिकूल पात्रको रूपमा आएका देखिन्छन् । जसमध्ये धनुषचन्द्र पनि एक हुन् । पहिले एकअर्कामा राम्रो व्यवहार गर्ने तथा कसैलाई अन्याय नगर्ने प्रवृत्ति देखिएको थियो । दाजुभाइहरूबाट दङ्गल गर्दा निस्केको विचार नै आफ्नो पनि उपयुक्त विचार ठान्ने तर पछि अंशबण्डाको मामलामा चेतलाई राम्रो जमीन परेको देखी सहन नसकेर फेरि गोला हानी आफूलाई राम्रो जमीन पारेको देखिन्छ । उक्त घटनाले धनषचन्द्रको एकलकाँटे स्वार्थी प्रवृत्ति स्वतः झल्किएको हुनाले यो पात्र अनुकूलबाट प्रतिकूलतर्फ लम्केको पात्र हो । यस उपन्यासमा उल्लिखित चेतचन्द्रको एक साथी पनि प्रतिकूल पात्रको रूपमा देखिन्छ । आफ्नो स्वार्थका लागि वेश्यालयमा चेतलाई बाहिरै राखी आफू रसभोग गरी आउने खराब प्रवृत्ति देखिन्छ । यस्ता यौन पिपासु व्यक्तिहरू नेपालको सन्दर्भमा खराब मात्र होइन, एक कलङ्क नै मानिन्छ । यस प्रकारका मानिसले असल मानिसलाई पनि खराब प्रवृत्तितिर धकेलेर जीवन पथभ्रष्ट पनि बनाइदिन सक्छन् । त्यसैले उक्त नाम नखुलाइएको साथी यही दायराभित्र पर्ने हुनाले ऊ प्रतिकूल पात्र हो । मेरी पनि प्रतिकूल पात्र हो किनकि कलेजमा सबैको मन जितिसकेकी, सबैसित उत्तिकै विनम्र व्यवहार गर्दै आएकी तर अन्त्यमा एउटा केटाको पछि लागेर गएकीले एक चरित्रहीन केटीको रूपमा प्रस्तुत भएकी छे । यौनजन्य स्वार्थपूर्तिको लागि अध्ययनलाई लात मारेर हिँड्ने मेरी खराब प्रवृत्तिको देखिन्छे । प्रस्तुत उपन्यासमा देखिएकी लक्ष्मी पात्र पनि प्रतिकूल पात्रको रूपमा आएकी छ । कसैको अवैध पेट बोकेर पथभ्रष्ट भएकी, चेतलाई बम्बई घुम्न जाने बहानामा साथीको रूपमा उपयोग गरेकी र गर्भपतन गराएर पुनः चेतसँगै घर फर्केकी छ । आफू स्वयम्लाई नर्क तुल्याएर चेतचन्द्रलाई समेत अनाहकमा दुःख दिने काम गरेको देखिन्छ । आशा केलकर पनि प्रतिकूल पात्रको रूपमा आएकी छ । चेतको स्वास्नी हुँदाहुँदै पनि चेतचन्द्रलाई मन पराएर चेतको प्रशंसक बन्दै हिँडेकी छ । चेतको सुखी परिवारलाई जन्जालमा होमी चेतचन्द्रलाई आफ्नो बनाउने आन्तरिक लक्षण देखिन्छ । चेत आफूलाई राम्रो लाग्ने कुरा स्वस्तिकै अगाडि भनेकीले स्वस्तिको मानसिकतामा आघात पुऱ्याउन खोजेको स्पष्ट देखिन्छ । "गौतम साब मुझे अच्छे लगते हैं, ये बात उनसे कभी मत बोलिएगा । "[५२]

उपन्यासमा सहायक पात्रको रूपमा आएकी करूणा पति प्रतिकूल पात्रको रूपमा देखिन्छे । पहिले चेतप्रति आकर्षित भएर चेतको कुभलो चिताएको नदेखिएको साथै नाटकको रिहर्सलमा पनि सघाउने गरेको देखिन्छ । जब चेतले भोट माग्दा दिने निश्चित गरेकी तर भोटको दिनमा तिनीसहित परिवारै भोट दिन आएका थिएनन् । आफूले मनपराउँदा पनि चेतले बेवास्ता गरेको रीसको बदला भोटको प्रसङ्गमा आएर जोडिएको देखिन्छ । त्यत्रो आश्वासन दिएर पनि कोही पनि भोट दिन नआउनुले चेतको पराजय देख्नमा करूणा उद्द्त रहेकी छ भन्ने पुष्टि मिल्दछ । यो पात्र सुरूमा अनुकूल देखिए पनि अन्त्यमा गएर प्रतिकूल बन्न पुगेकी छ । रविराज प्रदीपको पक्षबाट हेर्दा अनुकूल जस्तो देखिए पनि नायक चेतचन्द्रको विपक्षी देखिएकोले ऊ पनि प्रतिकूल पात्र हो । प्रदीपको गल्ती देखिँदा देखिँदै पनि सो गल्तीलाई सत्य सावित गर्न प्रदीपको ओठ गरी रकमी आवाजमा बोलेको छ । सत्य कुरालाई ढाकछोप गरेर झूटो कुरालाई सत्य सावित गर्न खोज्ने रविराज जस्ता दुष्टहरूले गर्दा समाजमा असल मान्छे पनि अनाहकमा दोषी देखिन सक्छ । त्यसैले रविराज यस्तै दुष्ट प्रवृत्तिको देखिएकोले ऊ प्रतिकूल पात्र हो । उपन्यासमा उल्लेखित नाच्न सिकाउने केटी पनि प्रतिकूल पात्रको रूपमा देखिन्छे । नाच्न सिकाउने निहुँमा ग्राहकहरूलाई

---

[५२] ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ. ६८ ।

वेश्यावृत्तिमा जागरूक गराउने खराब प्रवृत्ति देखिन्छ । त्यस्तै कलगर्लहरू पनि पैसाको लागि आफ्नो शरीरलाई नरक तुल्याएर अन्य मानिसहरूको पनि मानसिकतामा यौनोत्तेजक भाव जगाई भविष्य अन्धकार पारिदिने खराब प्रवृत्ति देखिन्छ । नेपालको सामाजिक दृष्टिकोणमा यस्ता यौनिक कार्यहरू अपाच्य हुनाले उक्त यौनकर्मीहरू प्रतिकूल पात्रको रूपमा गनिन्छन् ।

प्रस्तुत प्रवृत्तिका आधारमा गरिएको चित्रण तुलनात्मक रूपमा केही बढी वा महत्वपूर्ण भूमिका रहेका पात्रहरूमा केन्द्रित गरिएको छ । चेतचन्द्रसँग प्रत्यक्षरूपमा भेट भएपनि कम भूमिका भएका पात्रहरूलाई त्यति महत्व दिइएको छैन । गौण पात्रहरूको चर्चा यथास्थानमा रहने भएकाले यहाँ त्यति महत्व दिइएन । समग्रमा उपन्यासभित्रका पात्रहरू अनुकूल र प्रतिकूल दुवै खालका देखिन्छन् । चेतचन्द्रलाई अघि बढ्नमा दुवै खाले पात्रले साथ दिएको देखिन्छ । प्रस्तुत उपन्यास अनुभवन्यासको स्वरूपमा रहेकोले अनुकूल पात्रको तुलनामा प्रतिकूल पात्रहरूको खुल्ला उपस्थिति कम जस्तो देखिन्छ ।

### ४.२.१.४. स्वभावका आधारमा चरित्रहरूको वर्गीकरण

स्वभावका आधारमा पात्रहरूलाई गतिशील र स्थितिशील गरी दुई भागमा विभाजन गर्न सकिन्छ । स्थितिअनुरूप बदलिने पात्र गतिशील वर्गका हुन्छन् भने प्रारम्भदेखि अन्त्यसम्म उस्तै रहने चाहिँ गतिहीन वर्गका हुन्छन् ।[५३] स्थितिशील चरित्र आख्यानको प्रारम्भदेखि अन्त्यसम्म आफ्ना दृष्टिकोण र अभिवृत्तीय गुणहरूमा स्थिर रहन्छ । यसको विपरीत गतिशील पात्र महत्वपूर्ण र क्रान्तिकारी ढङ्गमा परिवर्तन हुन्छ ।

यस उपन्यासमा प्रयोग भएका पात्रहरूमध्ये एउटा साथी, मेरी, नर्स, नवयुवक, करूणा, पदम ठकुराठी, कमलमणि, पण्डित, धनुषचन्द्र, गोविन्दचन्द्र, ध्रुवसापकोटा, जस्ता पात्रहरू गतिशील पात्रका रूपमा देखिन्छन् भने चेतचन्द्र, स्वस्ति, सुलोचना, पद्मा, लक्ष्मी, डा.पेरी भास्कर राव, गुरु, आशा केलकर, महेशकुमार उपाध्याय, राजेन्द्र सुवेदी, विनोद, योको, अनुवादक महिला, रविराज, नीर शाह, नारायणगोपाल, हरि मास्टर, नाच्न सिकाउने केटी, कलगर्लहरू, नाथानी आदि पात्रहरू स्थितिशील पात्रको रूपमा देखिन्छन् ।

उपर्युल्लिखित गतिशील पात्रहरूमा चेतचन्द्रको एउटा साथी गतिशील पात्र हो । चेतचन्द्रसँग लक्ष्मीरोड घुम्न गएका बखत अवसर पाउने बित्तिकै वेश्यालयमा गई यौन तृप्ति गरेको र बाहिर आउने बित्तिकै पुस्तकालय जाने कुरा गर्दा स्वभावमा परिवर्तन देखिन्छ । मेरी अध्ययनको शिलशिलामा कलेज प्रवेश गर्दाका केही दिनमै सबै केटाहरूको मनमा पसिसकेकी पछि एउटा केटाको पछि लागेर हिँडेको देखिन्छ । एक विद्यार्थी केटी केही महिनामै एउटी प्रेमिकाको रूप धारण गरेर स्वभावमा परिवर्तन देखिएकोले यिनी गतिशील पात्र हुन् । नर्स पनि गतिशील पात्र हुन् , किनकि बिरामी इशानलाई तिनको क्लिनिकमा ल्याउँदा पैसाको लोभमा परेर डाक्टर नभएको बखतमा पनि निको पार्न सक्तो प्रयास गरेकी तर ज्वरो झन् बढ्दै गएपछि अर्को क्लिनिकमा लग्न सल्लाह दिएकीले उसको स्वभावमा विचलन देखापरेको छ । त्यसैले यिनी गतिशील पात्र हुन् । रेलयात्राको क्रममा आउने एक कालो नवयुवक पनि गतिशील पात्रको रूपमा देखिन्छ । पहिले त्यो युवक कसैलाई परेको पीरको वास्ता नगरी बर्थ खोलेर सुतिराखेको र उसैको एक साथीले बर्थ खोलेर बस्ने आज्ञा दिएपछि चेतको मर्का बुझेर बर्थ खोलेर बसेको घटना रहेको छ । अटेर गरेर

---

[५३] मोहनराज शर्मा, शैलीविज्ञान, पूर्ववत्, पृ. १७५ ।

सुतिरहेको उक्त युवक एक्कासि स्वभावमा परिवर्तन आई चेतको निकट मित्र बनेको छ । चेतलाई अत्यधिक मन पराउने करूणा पनि गतिशील पात्र हो । पहिले चेतप्रति आकर्षित भएर नाटक तथा अन्य धेरै कुरामा साथ दिँदै आएकी केटी पछि चेतले उसको प्रेमलाई अस्वीकार गरेपछि भोट दिने ठूलो आश्वासन दिएर कोही पनि भोट दिन आएका छैनन् । त्यसैले पहिले चेतलाई माया गर्ने करूणा पछि चेतप्रति घृणा उत्पन्न भएको उक्त भोट दिन नआउनुले स्पष्ट पार्छ ।

साप्ताहिक मञ्च पत्रिकाको सम्पादक पदम ठकुराठी गतिशील पात्र हुन् किनकि पहिले पत्रिका निकाल्दाका बखत स्थिर स्वभाव देखिए तापनि कसैको गोली खाएर घाइते बनी बैङ्ककमा गएर स्वस्थ भएर फर्केपछि स्वभावमा परिवर्तन भएको प्रस्तुत उपन्यासमै उल्लेख भएको हुँदा उसलाई गतिशील पात्रको रूपमा लिनुपर्छ । गतिशीलताको पुष्टि उनको व्यवहारमा नदेखिए पनि प्रस्तुत उपन्यास लेखकले नै उल्लेख गरेकाले उक्त पात्र राख्न सम्भव भएको हो । कमलमणि पनि गतिशील पात्र हो । दिनदिनै रक्सी खाएको कुरा अभिव्यक्ति पत्रिकाबाट थाहा पाएर चेतलाई एक रक्स्याहाको दृष्टिकोणले हेर्दछ । त्यसैले चेतलाई सम्झाउन गएको कमलमणि चेतले उचित कारण देखाई रक्सी नखाएको प्रमाणित गरेपछि उसको शङ्कालु स्वभावमा परिवर्तन आई चेतलाई राम्रो मानिस ठान्न थालेको देखिन्छ । उपन्यासमा उल्लिखित पण्डित पनि गतिशील पात्रको रूपमा देखिन्छ । काठमाडौँमा बस्ता अर्की स्वास्नी ल्याई मोजमस्तीमा डुब्ने अन्तिम मनस्थितिमा पुगेको पण्डित चेतको कडा चेतावनी वा सल्लाहले चरुवा स्वभावमा परिवर्तन आई अन्त्यमा गाउँकी आफ्नी श्रीमती र छोरीसमेत काठमाडौँमै ल्याई सुखपूर्वक जीवन बिताएको छ । सुरूमा चञ्चले स्वभाव भएको पण्डित पछि एक कर्तव्यनिष्ठ बन्न पुगेको छ ।

चेतचन्द्रको दाजु धनुषचन्द्र गतिशील पात्रको रूपमा देखिन्छ । पहिले आफ्नो दाजुभाइहरू बीच भाइचाराको  सम्बन्ध राख्दै आएका तर पछि अंशबण्डाको निहुँमा जाल रचेर आफूलाई राम्रो जमीन पार्न सफल हुन्छन् । पहिले राम्रो स्वभाव देखिए पनि अंशबण्डा पछि एकलकाँटे स्वभाव देखिएको छ । चेतचन्द्रको बाबु गोविन्दचन्द्र पनि गतिशील पात्रकै रूपमा देखिन्छन् । झडङ्ग रिसाउने तथा छिटै साम्य हुने, कहिले छोराहरूको घरमा बस्ने त कहिले आफैँ डेरा गरी बस्ने त कहिले छोराहरूको सानो कुरामा चित्त नबुझेर घरै छोडी हिँड्ने, उनी निडर भए पनि आफ्नो आयुप्रति भय रहेको आदि छिनछिनमा स्वभाव परिवर्तन भएको देखिन्छ । चेतचन्द्रको निकट मित्र ध्रुव सापकोटा चेतचन्द्रको लेखनकलाको रीस गरेर विरोधमा बोल्दै हिँडेका र पछि पश्चातापबस फेरि चेतकै आत्मीय साहित्यिक मित्र भएको छ । सुरूमा अर्काको खोइरो खन्दै हिँड्ने सापकोटा स्वभावमा परिवर्तन आएको देखिएकोले यिनी पनि गतिशील पात्र हुन् ।

स्वभावका आधारमा पात्रहरूको विष्लेषण गर्ने क्रममा स्थितिशील पात्रको रूपमा यस उपन्यासको नायक चेतचन्द्रलाई लिनुपर्ने देखिन्छ । चेतचन्द्र उपन्यासको सुरूदेखि अन्त्यसम्मै स्थिर स्वभाव भएको पात्र देखिन्छ । उसको जीवनको प्रारम्भदेखि नै आर्थिक, सामाजिक तथा साहित्यिक क्षेत्रमा कलमकै भरमा अघि बढेको छ । गरिबीले जतिसुकै पिल्सिए पनि आर्थिक भार थाम्न आफ्नो कृति झोलामा राखी दिनभर घर-घर, दैला-दैला गएर पुस्तक बेचेको देखिन्छ । आफ्नो आर्थिक अवस्थालाई उकास्न उसले अन्य कुनै वैकल्पिक कार्य गरेको देखिँदैन । उसले मात्र कलमको भरमा बिहान-बेलुकी हातमुख जोर्ने समस्या टार्ने गरेको छ । वि.सं.२०४३ सालतिर त भिखारीकै स्वरूपमा आइपुगेको देखिन्छ । त्यस समय उसले अलिकति सुन किनेको तर निमित्त नायकको कागजको व्यवस्था गर्न त्यो सुन पर्सिपल्टै बेच्नुपरेको थियो । त्यही निमित्त नायक कृति बेचेर आफ्नो परिवारको पेटको आगो शमन गराउनु परेको थियो । आर्थिक समस्याकै कारणले पत्रिकामा लेख लेखिदिएर, फिल्मको पटकथा वा संवाद लेखेर तथा अरूले अह्राएबमोजिम गीतिनाटक, नृत्यनाटिका

लेखिदिएर त्यसबाट आएको रकमले हर समस्या टार्दै आएको देखिन्छ । आर्थिक समस्या हल गर्ने अनगिन्ती मार्गहरू देखिए पनि कलमकै भरमा सम्पूर्ण समस्या हल गर्दै आएकोले ऊ स्थिर पात्र हो । चेतको विवाह अघि वा पछि निकै युवतीहरू उसको पछि लागेका देखिन्छन् तर उसले ती सब कुरालाई गलहत्याएर सधैं सत्कर्म तथा सत्मार्गमा तल्लीन रहेको देखिन्छ । उसको दिन प्रतिदिन बढदो साहित्यिक व्यक्तित्वको डाहा गरेर हिँड्ने थुप्रै मित्रहरू देखिएका छन् तर चेतचाहिँ त्यस्ता मित्रहरूप्रति आक्रोश व्यक्त नगरी उल्टो सहानुभूति पो दिन चाहन्छ । त्यसैले ऊ यहाँ शान्त स्वभावको देखिएको छ । उसलाई यौनोत्तेजक पार्ने तथा साहित्य लेखनयात्रामा अवरोध सिर्जना गर्ने थुप्रै कारकीय तत्वहरूको बाबजुद पनि स्थिर भई आफ्नो जीवनलाई अघि बढाएको देखिएकोले ऊ गतिहीन पात्र हो । समग्रमा चेतचन्द्रले कलम समाउनबाहेक अन्य कुनै कार्य गर्न नजानेको देखिएकोले पनि उसलाई स्थितिशील पात्रको रूपमा देख्न सकिन्छ ।

यस उपन्यासकी नायिका वा चेतकी धर्मपत्नी स्वस्ति स्थितिशील पात्र हुन् । चेतचन्द्रको सेवा गरेर बसेकी तथा दुःख-सुखमा साथ दिँदै आएकी नकारात्मक स्वभाव कुनै ठाउँमा पनि देखिएको छैन । चेतको कलमको भरमा आर्थिक स्थिति नाजुक भएको स्वस्तिलाई थाहा हुँदाहुँदै पनि उसले पतिलाई कुनै अर्को इलम गर्ने सल्लाह दिएको देखिँदैन । बरू गरिबीको रेखामुनि बाँच्न विवश भएकी छ । प्रस्तुत उपन्यासमा चेतचन्द्रले रेलयात्राको क्रममा डायरी पल्टाउदाका बखत स्वस्ति शिक्षिका भएको सानो सङ्केत पाइए पनि स्पष्ट नहुनाले दोधारको स्थिति सिर्जना गरेको छ । समग्रमा स्वस्तिले आफ्नो जीवनको मोडलाई कतै परिवर्तन नगरीकन एकनासले गति दिएकी छे । उसमा कुनै यौनआवेगले बगाएर लगेको पनि छैन बरू यिनी आफैं पतिको हर आज्ञा पालन गर्दै बगिरहेकी  देखिन्छे । सुलोचना पनि स्थितिशील पात्रको रूपमा देखिन्छ । चेतको लुगाफाटो धोइदिने, कूचो लगाइदिने आदि कार्य गरेको देखिन्छ । अप्रत्यक्षरूपमा यौनचेष्टा देखिए पनि सोभन्दा अघि बढ्न सकेकी छैन । सुलोचनाको चेष्टा मात्र देखिएको तर कार्यक्रम अघि बढाउन नसकेकीले उसलाई स्थितिशील पात्रको रूपमा लिन सकिन्छ । पद्‌माले चेतसित यौनजनित कुरा गरेर चेतको प्रेमिकाको रूपमा आउन प्रयास गरेपनि योभन्दा अगाडि अन्य कुनै कदम चालेकी छैन । फलस्वरूप मित्रत्वकै वर्चश्व कायम रहेकोले यिनलाई गतिहीन पात्रको रूपमा राख्न सकिन्छ । उपन्यासमा वर्णित लक्ष्मी आफूले कसैको गर्भ बोकेर उक्त गर्भको बच्चालाई बाबुको चिनारी दिन कम्मर कस्नुपर्नेमा उल्टै पेट बोकाउनेको आज्ञानुसार बम्बईमा गर्भपतन गराई आएको देखिएकोले यिनी पनि स्थितिशील पात्र हुन् । डा.पेरी भास्कर राव शाकाहारी भोजन गर्ने, सरल तथा धर्मप्रति आस्था राख्ने अनि कम्युनिष्ट नीतिको कट्टर बिरोधी हुनाले चेतलाई सधैं सजग गराएको देखिन्छ । उक्त भौतिक-आध्यात्मिक कार्यहरूमा कुनै परिवर्तन नआई कट्टरवादी देखिएकोले राव पनि गतिहीन पात्र हुन् । बाबु गोविन्दचन्द्रको मृत्यु भएको तेह्रौं/चौधौं दिनमै मासु खाने निर्णयमा गुरुले कुनै ठूलो प्रतिवाद नगरी सन्तुलित जवाफ दिएका छन् । धर्मशास्त्रअनुसार तेहौं दिनमै मासु खान न्यायोचित देखिँदैन तापनि गुरुले आफ्नो अस्तित्व कायम राख्न निषेधाज्ञा गर्न सकेका छैनन् । उनले धर्मको आडमा रहेर कुनै विवाद गरेको देखिँदैन । त्यसैले गुरु पनि स्थितिशील पात्र हुन् । आशा केलकर चेतलाई असाध्य मन पराउने तर आफ्नो बनाउन कुनै क्रान्तिकारी कदम नचाली चेतको प्रशंसा मात्रै गरेर बसेको देखिएकीले यिनी पनि स्थितिशील पात्र हुन् । महेशकुमार उपाध्याय आफ्ना मित्रहरूलाई निरन्तर उचित व्यवहार गर्ने स्वभाव देखिन्छ । उनको सहयागी स्वभावले चेतचन्द्रलाई केही सिर्जना गर्नका निम्ति काजमा उनकै डीन कार्यालयमा झिकाएको देखिन्छ । राजेन्द्र सुवेदी पनि उपन्यासभरि चेतको अभिन्न मित्रमा गनिएका र मित्रतामा आँच आउने कुनै अप्रिय कार्य गरेको देखिँदैन । उनको ठट्यौलो स्वभाव देखिन्छ तापनि कसैको आन्तरिक छिद्र खोल्नपट्टि नलागी सतहीरूपमा बहन्छन् । त्यसैले कसैको कुभलो गरेको नदेखिएकोले उनी पति स्थितिशील पात्र हुन् ।

साझा सञ्चालकहरूको चुनावमा विनोदले उम्मेदवारको रूपमा चेतचन्द्रलाई उठाएको र अत्यधिक बहुमतले जिताएको देखिन्छ । त्यसैले आफूले जिम्मा लिएको कार्यमा निरन्तर रूपमा लागी परेर सफलता हात पारी छाड्ने हठी स्वभाव देखिएको र यस कार्यमा खट्दा कुनै परिवर्तित स्वभाव नदेखिएकोले ऊ स्थितिशील पात्र हो । बालसाहित्यको गोष्ठीमा जापान जाँदाको बखतमा चेतको सम्पर्कमा आएकी योको पनि स्थितिशील पात्र हुन् । चेतसँगको पहिलो देखाभेटमै सहयोगी तथा मिलनसार स्वभाव देखिएको छ । अन्त्यमा एउटा पसलमा लगेर उपहारस्वरूप कल्चर्ड मोतीको माला किनाइदिएर मित्रत्वमा अघात स्नेह झल्किन्छ । त्यसैले सुरूदेखि अन्त्यसम्मै मिलनसार र सहयोगी देखिएकीले यिनी पनि स्थितिशील पात्र हुन् । सोही गोष्ठीमा जापानी भाषालाई अङ्ग्रेजी भाषामा अनुवाद गर्ने अनुवादक महिला पनि स्थितिशील पात्र हुन् । सहयोगी स्वभाव रहेकोले आफ्नै गाडीमा चेतचन्द्रलाई आठ घण्टा टोकियो सहर घुमाइदिएकी, चेतको ज्ञानभण्डारमा अझै वृद्धि गराउने मनशायले एक पसलबाट न्यु मुराकामीको प्रसिद्ध उपन्यास किनाइदिएकी छ । त्यसैले चेतप्रति यिनको सकारात्मक स्थिर स्वभाव देखिएको छ । प्रदीपको समयकर्मी तथा रकमी आवाजमा चेतको विरूद्धमा बोल्ने रविराजको खराब स्वभाव देखिएको र उक्त स्वभाव अन्त्यसम्म नै कायम रहेको छ । रविराजले आफ्नो व्यवहारमा खोट छ भनेर जान्दा-जान्दै पनि आफ्नो व्यवहारमा परिवर्तन सकेको छैन, त्यसैले ऊ पनि स्थितिशील पात्र हो ।

फिल्मनिर्माता नीर शाह गतिशीलबाट स्थितिशीलतर्फ गएका पात्र हुन् किनकि निकै अघि चेतसँग **कट्टेलसरको चोटपटक** उपन्यासको फिल्म बनाउने सल्लाह भएको तर धेरै दिनसम्म उक्त कुरा हराएकाले गतिशील पात्र हुन् कि जस्तो लाग्दछ तर पछि पहिलेकै कुरा सदर भई **वासुदेव** फिल्म बनेको देखिएकोले उनी स्थितिशील पात्रकै रूपमा प्रस्तुत हुन पुग्छन् । नारायणगोपाल सांस्कृतिक संस्थानको महाप्रबन्धक भएपछि चेतप्रति गरेको व्यवहार अन्त्यसम्म नै सरल किसिमको देखिएकोले उनी पनि स्थितिशील पात्र हुन् । हरि मास्टरको मिलनसार र सहयोगी स्वभावले गर्दा उनी चेतको घरमा आएकाबखत बेन्जु बाजाको धुन सिकाइदिने, बेलुकीपख घुम्न जाने, पान खाने, ठाँट्टिएर हिँड्ने आदि स्वभावमा अन्त्यसम्म नै परिवर्तन नभएकोले उनी पनि स्थितिशील पात्र हुन् । नाच्न सिकाउने केटी पनि स्थितिशील पात्रको रूपमा देखिन्छे । गम्भीररूपले मात्र बुझिने प्रकारको विज्ञापन खोलेर वेश्यावृत्ति गरिरहेको र उक्त वृत्ति निरन्तर रहेको देखिएको छ । इन्दिरा गान्धीले उक्त विज्ञापनमा रोक लगाएको उल्लेख भए पनि यौन व्यापारमा समेत रोक लगाइएको सङ्केत नमिलेकोले उक्त केटीले आफ्नो कार्य निरन्तर गरेको सङ्केत मिल्दछ । कलगर्लहरू पनि यौन व्यापार गरेर जीविका चलाउने र सोबाहेक जीवन धान्ने अन्य विकल्प खोजेको नदेखिएकोले उनीहरू पनि स्थितिशील पात्र हुन् । चेतको थेसिस टाइप गरेर सकिदिने जिम्मा लिएको नाथानी स्वास्नीसित झगडा परेर तनावमा आएको भए पनि चेतको घरैमा गएर थेसिस टाइप गरी सकिदिएको देखिन्छ । आफ्नो घरमा युद्ध चकँदा पनि नाथानीको स्वभावमा कुनै परिवर्तन नदेखिएकोले ऊ स्थितिशील पात्रकै रूपमा देखिन आउँछ ।

### ४.२.१.५. जीवनचेतनाका आधारमा चरित्रहरूको वर्गीकरण

जीवनचेतनाका आधारमा पात्रहरू वर्गगत र व्यक्तिगत गरी दुई वर्गका हुन्छन् । वर्गगत पात्रले जीवन निर्वाह गर्दा कुनै निश्चित सामाजिक वर्गअनुरूपकै कार्य गर्दछ भने व्यक्तिगत पात्रले आफ्नै शैलीको जीवन बाँचेको हुन्छ ।[५४]

---

[५४] मोहनराज शर्मा, शैलीविज्ञान, पूर्ववत्, पृ. १२५ ।

प्रस्तुत **घुर्मी** उपन्यासका पात्रहरूमध्ये वर्गगत पात्र अन्तर्गत चेतचन्द्र, स्वस्ति, नर्स, डा.पेरी भास्कर राव, गुरु, कलगर्लहरू, नीर शाह तथा नाच्न सिकाउने केटी वर्गगत पात्रको रूपमा देखिन्छन् भने एउटा साथी, सुलोचना, पद्मा, मेरी, लक्ष्मी, आशा केलकर, महेशकुमार उपाध्याय, करूणा, योको, रविराज, पदम ठकुराठी, पण्डित, धनुषचन्द्र, गोविन्दचन्द्र, ध्रुव सापकोटा, एक नवयुवक, राजेन्द्र सुवेदी, विनोद, कमलमणि, नारायणगोपाल तथा नाथानी व्यक्तिगत पात्रको रूपमा देखिन्छन् ।

प्रस्तुत **घुर्मी** उपन्यासका पात्रहरूमध्ये वर्गगत पात्रअन्तर्गत चेतचन्द्रलाई मूल रूपमा लिनुपर्ने देखिन्छ । आफ्नो लेखकीय जीवनमा विभिन्न हण्डर, दुःख पार गर्दै अन्त्यमा केही सुखानुभूति गर्न पाए पनि नेपाली लेखकहरूले खानुपरेको गोता उसले पनि खाएको छ । उसले **निमित्त नायक** उपन्यासको लागि कागजको व्यवस्था गर्न नसकेर अघिल्लो दिन किनेको सुन तुरून्तै बेच्नुपरेको छ । बिहान-बेलुकी हातमुख जोड्न कठीन भएकाले पुस्तक झोलामा बोकेर विभिन्न सङ्घ-संस्थामा बेची जीवन गुजारा गर्दै आएको छ । एकातिर उसलाई घरायसी वातावरणले अँठ्याएको छ भने अर्कोतिर लेखकीय वर्चस्व पनि कायम राख्नुपर्ने बाध्यता छ । लेखकका लागि यस्ता बाधा अड्चनहरू आइरहन्छन् । चेतले त्यस्ता सम्पूर्ण समस्याहरूलाई झेल्दै एक साहित्यिक व्यक्तित्वमा आफूलाई उभ्याइछाडेको छ । त्यसैले चेतचन्द्रले नेपाली लेखकहरूको प्रतिनिधित्व गरेको देखिएकोले ऊ वर्गगत पात्र हो । चेतचन्द्रकी धर्मपत्नीको रूपमा देखिएकी स्वस्ति पनि वर्गगत पात्र नै हो । स्वस्तिले अन्य प्रेमिका वा गृहस्वामिनीको जस्तै चेतचन्द्रप्रति समर्पणको भाव देखिन्छ । नेपालका अन्य हिन्दू नारीहरूले झैं एक पतिव्रता नारीको भूमिका निर्वाह गरेको देखिन्छ । प्रस्तुत उपन्यासमा आएकी नर्सले इशान बिरामी हुँदा ज्वरो नाप्ने, निधारमा पानीपट्टी बाँधिदिने आदि उपचार गरेर एक नर्सले निभाउनुपर्ने भूमिका निभाएकी छ । यसर्थ यिनले नर्सवर्गको प्रतिनिधित्व गरेकीले यिनलाई वर्गगत पात्रको रूपमा राखिनु न्यायोचित हुन्छ । डा.पेरी भास्कर राव शाकाहारी भोजन गर्ने, धर्मप्रति आस्था राख्ने तथा कम्युनिष्ट नीतिको कट्टर बिरोधी देखिन्छन् । यिनले शाकाहारी वर्गको, आस्थिक वर्गको र कम्युनिष्ट नीति बिरोधीको प्रतिनिधित्व गरेको देखिएकोले यिनी पनि वर्गगत पात्रकै रूपमा देखिन्छन् । गुरु पनि वर्गगत पात्र हुन् । गोविन्दचन्द्रको कर्मकाण्ड गरिदिएर प्रत्येक पुरेत तथा गुरुहरूले गर्नुपर्ने काम कर्तव्य पूरा गरेका छन् । यसर्थ यिनले गुरु पुरोहितहरूको प्रतिनिधित्व गरेका छन् । उपन्यासमा प्रस्तुत नीर शाह पनि वर्गगत पात्रकै रूपमा देखिन्छन् । चेतचन्द्रको उपन्यास **कट्टेलसरको चोटपटक** उपन्यासको कथा झिकेर **वासुदेव** नामक फिल्म निर्माण गरेको देखिन्छ । नीर शाह वास्तवमा फिल्मनिर्माता हुन् साथै एक सफल कलाकार पनि हुन् । यसर्थ यिनले फिल्मी क्षेत्रको सफल प्रतिनिधित्व गरेका छन् । नाच्न सिकाउने केटी तथा कलगर्लहरू पनि वर्गगत पात्रकै रूपमा देखिन्छन् किनकि यिनीहरू अनेक माध्यमबाट ग्राहकहरूलाई आकर्षित गरी उनीहरूलाई यौनतृप्त पारी पैसा कमाउन उद्दत देखिन्छन् । आफूखुसीले वा विवशताले यस्ता यौनव्यापार गर्ने स्वदेश तथा विदेशमा थुप्रै मण्डीहरू भेटिन्छन् । तसर्थ यिनीहरूले यौनकर्मीहरूको प्रतिनिधित्व गरेको देखिएकोले यिनीहरूलाई पनि वर्गगत पात्रकै रूपमा राख्नुपर्दछ । व्यक्तिगत पात्रको विश्लेषण गर्ने क्रममा रेलयात्राको क्रममा आएको नवयुवकले पहिले अटेर गरी आफ्नो बर्थमा सुतेको तर उसकै एक मित्रले चेतलाई अप्ठ्यारो भएको महसुस गरी बर्थ खोलेर बस्ने आज्ञा दिएपछि उक्त युवक उठेर बसेको छ । चेतको विनम्र व्यवहार थाहा पाएर व्यक्तिगत रूपमा उसले ल्याएको खानेकुरा पनि चेतलाई दिएको छ । यतिसम्म कि चेतको सफा व्यवहारले गर्दा उसले आफ्नो देशमा आउने निम्ता पनि दिएको देखिन्छ । उपन्यासमा प्रयुक्त राजेन्द्र सुवेदी, विनोद कमलमणि, आदि पात्रहरू चेतको व्यक्तिगत क्षमताबाट प्रभावित भएर एकअर्कामा मित्रत्वको व्यवहार गर्दै आएका छन् । राजेन्द्र सुवेदी ठट्यौलो प्रकृतिको हुनाले बीस बर्षअघि एउटा बोको

काटेर भोज ख्वाउने कुरा गरेको थियो । त्यही कुरालाई अहिले चेतले उप्काइदिएर राजेन्द्रलाई लाजमर्दो पारेको छ । तैपनि केही दिनपछि खबर गर्ने कुरा पनि राजेन्द्रले गरेको छ । उक्त घटनाले राजेन्द्रको हँसीमजाक गर्ने व्यक्तिगत रुचि रहेको देखिन्छ । विनोदले आफ्नो साहस, दृढ इच्छाशक्ति तथा लगनशीलताले गर्दा चेतले चुनाव जितेको देखिन्छ । विनोदले चेतचन्द्रलाई नै उम्मेदवारको रूपमा चुन्नु, चुनावमा अत्यधिक खटेर कार्य गर्नु, अनिवार्य रूपमा चुनाव जिताउनु आदि कार्यहरूले भविष्यमा विनोदलाई पनि फाइदा हुने देखिएको छ । त्यसैले उसमा अदम्य साहस, लगनशीलता, मित्रवत् व्यवहारको पराकाष्ठा, जिद्दीवाल तथा आन्तरिक रूपमा आशावादी आदि उसका व्यक्तिगत रूपहरू देखिन्छ । कमलमणि एक शङ्कालु भए पनि मित्रको हित चाहने वा हचुवा तालको देखिन्छ । किनकि पत्रिकामा लेखेको भरमै चेतचन्द्रलाई रक्स्याहाको दृष्टिले हेरी रक्सी नखाने सल्लाह दिनु, चेतले रक्सी नखाएको प्रमाणित गरेपछि शङ्का एक्कासि हट्नुले उक्त कुराको पुष्टि मिल्दछ । नारायणगोपालले चेतको व्यक्तिगत क्षमताबाट प्रभावित भएर आफ्नो स्वार्थका लागि नृत्यनाटिका र गीतिनाटक लेख्न लगाई मञ्चन गराएको देखिन्छ । उक्त कुराले चेतलाई केही हदसम्म फाइदा पुगे पनि नारायणगोपाललाई पदीय, इज्जत, मान प्रतिष्ठाको दृष्टिकोणले अझ फाइदा पुगेको छ । आफ्नो स्वार्थका लागि प्रतिभावान् व्यक्तित्व चुन्नु नारायणगोपालको व्यक्तिगत खूबी हो । बालसाहित्यको गोष्ठीमा जापान जाँदाको बखत भेट भएका योको तथा अनुवादक महिला व्यक्तिगत पात्रकै रूपमा देखिन्छन् । योकोले चेतलाई फोनको पैसा तिर्न नदिनु, उपहारस्वरूप कल्चर्ड मोतीको माला किनाइदिनु, आफूप्रति चेतलाई सधैँ रिनी बनाइराख्न खोज्नु आदि योकोको व्यक्तिगत रुचिहरू हुन् । योकोले चेतलाई आन्तरिक रूपमा मन पराएको प्रमाण पहिलो भेटमै फोनको पैसा आफैँले तिरिदिनुले पुष्टि गर्छ । यसर्थ तुरून्तै आकर्षित हुनु योकोको व्यक्तिगत रूप हो भन्न सकिन्छ । यसै क्रममा आएकी अनुवादक महिलाले गोष्ठी सकिएपश्चात् आफ्नै गाडीमा आठ घण्टा टोकियो सहर घुमाएर एक पसलबाट ऱ्यु मुराकामीको एक प्रसिद्ध उपन्यास किनाइदिएकी छ । पसलमा राखिएका नग्न तस्वीरहरूबारे नकारात्मक धारणा जाहेर गरेकी छ र अन्त्यमा नेपालीहरू तिनलाई अत्यधिक मनपर्ने हुनाले चेतचन्द्रलाई नै रोजेको भन्ने कुरा पनि व्यक्त गरेकी छ । माथिका घटनाको आधारमा उक्त महिला साहित्यकारका मनोभावना बुझ्न सक्ने, सहयोगी, यौनप्रवृत्तिबारे नकारात्मक धारणा व्यक्त गरेपनि नेपालीहरू मन पराउनुले चेतचन्द्रलाई अत्यधिक मन पराएको अप्रत्यक्षरूपमा देखिएको छ ।

चेतचन्द्रको बाबु गोविन्दचन्द्रलाई व्यक्तिगत पात्रको रूपमा लिन सकिन्छ । छोराहरूको सानो कुरामा चित्त नबुझेर घरै छोडेर निस्कने पिन्चे व्यवहार देखिन्छ । फिल्म हेर्न मन पराउने, गानाबजाना तथा सङ्गीत मन पराउने, साहित्यलेखन नभए पनि साहित्यिक पत्रपत्रिकाहरू पढ्न मन पराउने, खानका सौखिन, पैँसट्ठी बर्षको खड्को काटिएको दिन मासु काटी भोज ख्वाउने आदि उनका व्यक्तिगत रुचि रहेको देखिन्छ । चेतचन्द्रको दाजु धनुषचन्द्रले आफ्नो व्यक्तिगत स्वार्थका लागि दाजुभाइहरूको बौद्धिक विचारलाई मथेर आफ्नो उपन्यासलाई मदन पुरस्कार दिलाइछाडेका छन्, साथै अंशबण्डा गर्दा चेतलाई राम्रो जमीन परेको देखी फेरि गोला हान्ने प्रस्ताव ल्याएर आफूलाई राम्रो जमीन पारिछाडेका छन् । यिनी आफ्नो स्वार्थको लागि जे पनि गर्न सक्ने हुनाले यिनी व्यक्तिगत पात्र हुन् । नाम नखुलाइएको एक साथी पनि व्यक्तिगत पात्र हो किनकि आफ्नो स्वार्थपूर्तिको लागि सधैँ यौनभोग गर्न चाहन्छ । सुलोचना आफ्नो स्वार्थका लागि चेतको कोठा सफा गरिदिने, कपडा धोइदिने तथा बेलामौकामा खानासमेत पकाइदिने गरेको देखिन्छ । पति नभएको मौकामा तिनले चेतलाई यौनवृत्तितिर धकेल्न खोजेको देखिन्छ । पद्मा आफ्नो स्वार्थका लागि दर्शन तथा साहित्यको कुरा गर्दै जाँदा एकान्त समय पाउनासाथ चेतचन्द्रलाई प्रेमजालमा फँसाउनको लागि यौनजनित कुरा गरेर नायकको मानसिकतामा हलचल पैदा गराइदिएकी छ । त्यसैले यिनी पनि व्यक्तिगत पात्र हुन् । मेरी पनि आफ्नो छँदाखाँदाको अध्ययन छाडेर, कलेजका सम्पूर्ण

साथीहरूलाई चटक्क बिर्सेर स्वार्थबस एउटा केटाको पछि लागेर गएकी छ । यौनभोगी लक्ष्मी अबैध पेट बोकेर बम्बई पुगी गर्भपतन गराएर आएकी छ । आफ्नो स्वार्थको लागि चेतचन्द्रलाई साथ लिएकी छ । त्यसैले यो पात्र आफ्नो स्वार्थको लागि जे पनि गर्न तत्पर रहेको देखिन्छ । आशा केलकर आफ्नो स्वार्थको लागि चेतको स्वास्नीकै अगाडि चेतको रूपको वर्णन गरेर परपीडकको अवस्था सिर्जना गरेको देखिन्छ । महेशकुमार उपाध्यायले चेतको स्वार्थको लागि डीन कार्यालयमा काजको रूपमा झिकाइदिएर केही लेख्ने अवसर प्रदान गरेको देखिन्छ । चेतलाई यसरी सहयोग गर्नु महेशको व्यक्तिगत इच्छा देखिन्छ । चेतको साहित्यक प्रतिभाको आङ्कलन गरेर उक्त अवसर प्रदान गर्नु महेशकुमारले भविष्यमा चेतबाट केही आशा गरेको बुझिन्छ । करूणाले पहिले चेतलाई अत्यधिक मन पराएकी तर चेतले वास्ता नगरेपछि बदलास्वरूप भोट दिने ठूलो आश्वासन दिएर कोही पनि भोट दिन नआउनुले करूणा स्वतः स्वार्थी देखिन्छे । योकोले पनि आन्तरिक रूपमा चेतलाई मन पराएकी हुनाले यसैबाट अभिप्रेरित भएर फोनको पैसासमेत आफैँले तिरेकी छ साथै सम्झनास्वरूप कल्चर्ड मोतीको माला पनि किनाइदिएकी छ । त्यसैले मन पराउनु, सम्झनास्वरूप उपहार किनिदिनु, फोनको पैसा आफैँले तिरेर सधैँ रिनी बनाउन खोज्नु आदि निजी कुराहरू हुन् । त्यस्तै एक अनुवादक महिलाले पनि चेतप्रति आकर्षित भएर आफ्नै गाडीमा सहर घुमाउनु, उपहारस्वरूप प्रसिद्ध उपन्यास किनाइदिनु, पश्चिमी आइमाई भएर पनि किशोरीका नग्न तस्वीरप्रति नकारात्मक विचार व्यक्त गर्नु आदि तिनको व्यक्तिगत रुचिभित्र पर्ने कुराहरू हुन् । रविराज आफ्नो व्यक्तिगत स्वार्थको लागि निर्दोष चेतचन्द्रलाई गलत सावित गर्न खोज्ने स्वार्थी देखिएकोले ऊ पनि व्यक्तिगत पात्र हो । पदम ठकुराठी पत्रिकाको सम्पादक बनेर चेतचन्द्रजस्तो वरिष्ठ लेखकको लेख मागेर आफ्नो पत्रिकालाई लोकप्रिय बनाएको देखिन्छ । आफू चर्चित हुन ठकुराठीले चेतलाई किनेको हुनाले ऊ पनि व्यक्तिगत पात्र हो । पण्डितको गाउँमा स्वास्नी, छोराछोरी हुँदाहुँदै पनि व्यक्तिगत स्वार्थबस अर्की श्रीमती ल्याउन खोजेको देखिन्छ तर चेतको सल्लाह मानेर आफ्नो परिवारलाई फेरि काठमाडौँ नै ल्याएर सुखी जीवन बिताउन पाएको छ । यसरी अर्की श्रीमती ल्याउन खोज्नु पण्डितको व्यक्तिगत स्वार्थ हो भने सो विचार त्यागेर पहिलेकै रूपमा आउनुमा पनि भविष्यमा सुखपूर्वक बाँच्ने स्वार्थ रहेको छ भन्न सकिन्छ । हरिमास्टर विभिन्न ठाउँमा घुम्न रुचाउने, पानको बुजो मुखमा हालिरहने, ठट्टा गर्ने, गीत गाउने चेतलाई बेन्जु बाजाको धुन सिकाउने आदि उसका व्यक्तिगत रुचिहरू हुनाले ऊ पनि व्यक्तिगत पात्र हो । ध्रुव सापकोटा प्रतिभाशाली व्यक्तिहरूको डाहा गर्दै तथा विरोध गर्दै हिँडेका र अन्त्यमा कुनै उपाय नलागेपछि फेरि चेतकै एक अभिन्न मित्र बन्न पुगेको छ । चेतको खोइरो खन्दै हिँड्नु सोझो स्वार्थ देखिन्छ भने अन्त्यमा चेतसँगै टाँसिनु पनि अप्रत्यक्ष स्वार्थ रहेकै छ भन्ने सङ्केत मिल्दछ । नाथानी स्वार्थबस पैसा कुम्ल्याउने हेतुले असङ्ख्य गल्ती गरेपनि चेतको थेसिस टाइप गरी सकेको छ । सो पैसाले बेस्सरी रक्सी धोक्ने विचारले थेसिस टाइप नगरेको भनी आफ्नी स्वास्नीलाई छल्न चेतलाई अह्राएको देखिन्छ । यहाँ नाथानीले घरपरिवारको आर्थिक समस्या सुल्झाउन थेसिस टाइप नगरी रक्सीको तीर्खा मेट्न गरेको देखिएकोले नाथानी पनि व्यक्तिगत पात्रकै रूपमा देखिन्छ ।

### ४.२.१.६. आसन्नताका आधारमा चरित्रहरूको वर्गीकरण

उपन्यासमा केही वर्णनमात्र गरिएका पात्रहरू हुन्छन् भने कोही स्वयम् आफैं उपस्थित भई कार्य गर्ने पात्रहरू हुन्छन् । उपन्यासको कथानकमा हुने उपस्थितिलाई नै आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू नेपथ्य पात्र र मञ्च पात्र गरी दुई वर्गका हुन्छन् । उपन्यासमा नेपथ्य पात्रको परोक्षरूपमा वर्णनमात्र हुन्छ भने मञ्चीय पात्रले प्रत्यक्ष कार्यसमेत गरेको हुन्छ । उपन्यासको काल मापदण्डमा मञ्च पात्रहरू वर्तमान विन्दुमा आएका हुन्छन् भने नेपथ्य पात्रहरू सो विन्दुभन्दा

पूर्ववर्ती कालका हुन्छन् ।[५५] समग्रमा भन्दा मञ्चीय पात्रहरू उपन्यासमा संवादका रूपमा देखिन्छन् भने नेपथ्य पात्रहरू वर्णनक्रममा मात्र आउने गर्दछन् ।

प्रस्तुत **घुर्मी** उपन्यासमा नेपथ्य पात्रको तुलनामा मञ्चीय पात्रहरू थोरै देखिन्छन् । ती मञ्चीय पात्रहरूमा चेतचन्द्र, ललिता बादाम, एउटा साथी, एउटी केटी, सुलोचना, अङ्ग्रेजी विभागको प्राफेसर, पद्‌मा, कलेज पढ्ने केटो, मेरी, नर्स, स्वस्ति, शर्मा, लक्ष्मी, अभिभावक, येलङगायन, केलकर, नेपाली विभागका प्रोफेसर, डा.पेरी भास्कर राव, नवयुवक, बुढा, कालो नवयुवक, एउटा मानिस, सुबोधनारायण झा, डाक्टर, गोविन्दचन्द्र, इश्वरचन्द्र, गुरु, कम्पाउण्डर, रमेश, नाथानी, आशा केलकर, अरूण, ट्याक्सी ड्राइभर, गोपालचन्द्र, घरबेटी, राजेन्द्र सुवेदी, महेशकुमार उपाध्याय, उपकुलपति, केशवप्रसाद उपाध्याय, काँङ्ग्रेसका एक मन्त्री, विनोद, साझाका पूर्वसञ्चालक मित्र, करूणा, ध्रुवचन्द्रबारे टिप्पणी गर्ने दुई लेखकहरू, क्षेत्रप्रताप अधिकारी, एक प्रतिनिधि, एक श्रीलङ्कन महिला, योको, अनुवादक महिला, हान्सु साहेगी, नगेन्द्रराज शर्मा, बातानाबे, प्रदीप, रविराज, पुरस्कारसँग सम्बन्धित एक मित्र, नीर शाह, नारायणगोपाल, शशी शाह, पदम ठकुराठी, जनार्दन आचार्य, कमलमणि, पण्डित, सनत रेग्मी, मोहनराज शर्मा, फिलिपजस्ता पात्रहरू, संवादात्मक शैलीमा वा मञ्चीय रूपमा देखिन्छन् ।

उपर्युल्लिखित पात्रहरूबाहेक अन्य पात्रहरू नेपथ्य पात्र वा वर्णनक्रममा मात्र आएका देखिन्छन् । नेपथ्य पात्रका रूपमा आएका चरित्रको भूमिका प्रस्तुत उपन्यासमा अत्यन्त न्यून रहेकाले यहाँ उल्लेख गर्न आवश्यक ठानिएन ।

### ४.२.१.७. आबद्धताका आधारमा चरित्रहरूको वर्गीकरण

उपन्यासमा आएका पात्रहरूलाई बद्ध र मुक्त गरी दुई वर्गमा विभाजन गर्न सकिन्छ । कृतिका पर्याधारमा बाँधिएर सार्थक हुने पात्रलाई बद्ध पात्र र स्वतन्त्र भएर पनि सार्थक हुने पात्रलाई मुक्त पात्र भनिन्छ । अर्को शब्दमा भन्दा जुन पात्रलाई झिक्ता कृतिको संरचना खजमजिन्छ भने त्यस्ता पात्रलाई बद्ध पात्र र जुन पात्रलाई झिक्ता कृतिको संरचना भत्किँदैन त्यस्ता पात्रलाई मुक्त पात्र भनिन्छ ।[५६]

आबद्धताका आधारमा घुर्मी उपन्यासका पात्रहरूमध्ये चेतचन्द्र बद्ध पात्रको रूपमा देखिन्छ । प्रस्तुत उपन्यासको सुरूदेखि अन्त्यसम्म चेतचन्द्रले एकछत्र शासन गरेको छ । उपन्यासमा घटित घटनाहरू प्रत्यक्ष-अप्रत्यक्ष दुवै रूपमा चेतचन्द्रसँगै सम्बन्धित रहेको छ । चेतचन्द्र यस उपन्यासको नायक पनि भएकोले उसलाई यस उपन्यासबाट निकाल्दा औपन्यासिक स्वरूप नै नस्ट हुन्छ । चेतचन्द्रको बाबु गोविन्दचन्द्र पनि बद्ध पात्रका रूपमा लिनुपर्ने हुन्छ किनकि यस उपन्यासको एक प्रमुख चित्रको रूपमा बाबु जीवित हुँदाका विविध क्रियाकलाप अनि बाबुको मृत्युपछि चेतचन्द्रमा आएको निरीहता, सून्यता आदि मार्मिक कुराहरू रहेका छन् । यस उपन्यासको प्रमुख तीन चित्रहरूमध्ये **पिताको मृत्यु** एउटा देखिएको छ । यस कृतिमा पितासम्बन्धी मार्मिक कुराको चित्रण गरिएको छ ।[५७] पिता जीवित छँदाको चेतचन्द्रको जीवन र मृत्युपछिको जीवनको उतारचढावको

---

[५५] मोहनराज शर्मा, शैलीविज्ञान, पूर्ववत्, पृ. १७५ ।

[५६] ऐजन, पृ. १७५ ।

[५७] रोशन थापा नीरव, पूर्ववत्, पृ. "म"

लेखाजोखा गरेको देखिन्छ । पिताको प्रेरणाले चेतचन्द्रले आजको उचाइसम्म पुग्न सकेको र पिताको मृत्युपछि उसको जीवन नीरस र एक्लो भएको महसुस गरेको छ । पिता जीवित छँदा उसले स्वतन्त्र जीवन बिताउन पाएको र मृत्युपछि उसलाई अनेक घरायसी जन्जीरले बाँधेको अनुभव गरेको छ । त्यसैले गोविन्दचन्द्रलाई निकाल्दा औपन्यासिक संरचना नै भत्किने देखिएकोले उनी बद्ध पात्र हुन् । चेतचन्द्रको दाजु धनुषचन्द्रलाई पनि बद्ध पात्रकै रूपमा राख्नुपर्ने देखिन्छ । साहित्यिक गतिविधिको प्रसङ्गमा धनुषचन्द्रको निकै ठूलो योगदान रहेको देखिन्छ । कुनै विषयमा छलफल गरी विचारहरूलाई मथेर कृति सिर्जना गर्न सके जीवनमा ठूलो सफलता हात पार्न सकिन्छ भन्ने कुरा उनको पहिलो प्रयासको कृति **घामका पाइलाहरू**ले मदन पुरस्कार प्राप्त गरेको प्रसङ्गबाट स्पष्ट हुन्छ । दाजुभाइहरू बीच कतिसम्म निकृष्ट विचार जन्मन सक्तोरहेछ भन्ने कुरा अंशबण्डामा दोहोऱ्याइ-दाहोऱ्याइ गोला हान्दाको प्रसङ्गबाट प्रस्ट हुन्छ । अन्य समयमा भातृत्वको भावना रहेको देखिए तापनि भौतिक वस्तुमा कतिसम्म तल झर्न सक्तारहेछन् भन्ने कुराको पनि उद्घाटन भएको देखिन्छ । स्वस्ति यस उपन्यासकी नायिका हो । स्वस्तिको भूमिका यस उपन्यासमा गौण रहेपनि अन्य स्त्री पात्रहरूको तुलनामा गहन देखिन्छ । चेतचन्द्रको धर्मपत्नी भएकीले चेतको साहित्यिक रुचि तथा लेखनप्रति कुनै विरोध नगरी हौसला प्रदान गरेको देखिन्छ । चेतचन्द्रको जागिर तथा घर बनाउने सवालमा स्वस्तिको सल्लाह तथा सुझावको महन्वपूर्ण भूमिका देखिन्छ । छोराछोरीहरूको भविष्यको सम्पूर्ण जिम्मा आफैँले लिई चेतचन्द्रलाई साहित्य सिर्जना गर्नमा ठूलो फुर्सद दिएको देखिन्छ ।यदि स्वस्तिले चेतलाई यसरी खुल्ला साहित्याकाशमा नछोडेकी भए साँच्चै नै चेतचन्द्र यो अवस्थासम्म आउन पक्कै सक्ने थिएनन् । त्यसैले स्वस्तिले सापेक्ष वा निरपेक्ष रूपमा नायकलाई सहयोग गरेको देखिएकोले यिनलाई निकाल्दा चेतको साहित्यिक यात्रा नै अपूर्ण हुने भएकाले स्वस्ति बद्ध पात्रकै रूपमा सुहाएको देखिन्छ । प्रस्तुत उपन्यासमा जम्मा तीनवटा चित्रहरू प्रमुख रूपमा रहेका छन्:-पिताको मृत्यु, कृतिमा आलोचना मात्र गर्ने दुष्ट्याइँहरूको झलक र मित्रभेद अथात् मित्रहरूको घात-प्रतिघात आदि[५८] भनी उल्लेख गरिएको छ । यहाँ बद्ध पात्रहरूको सीमाङ्न गर्दा उसको उर्लदो साहित्यिक कृतिहरूमाथि आलोचना गर्ने पात्रहरूलाई अनि उसको साहित्यिक यात्रामा बाधा, अड्चन ल्याउने सबै पात्रहरूलाई एकैसाथ संलग्न गराउनुपर्ने हुन्छ । यसर्थ चेतचन्द्रको कृतिमाथि तीव्र आलोचना र विरोध गर्ने पात्रको रूपमा ध्रुव सापकोटा आउँछन् । सनत रेग्मीले ध्रुवचन्द्रको **डापी** उपन्यासलाई एसियाकै अद्वितीय भनेकोमा ध्रुव सापकोटा यस कुरामा अत्यन्तै विरोधी बनेर देखापरेका छन् । त्यस्तै प्रदीप र रविराज पनि अनाहकमा चेतचन्द्रको विरोधी देखिन्छन् तर चेतचन्द्र यस्ता प्रकृतिका मानिसहरूप्रति सहानुभूति प्रकट गर्दै अघि बढेको देखिन्छ । विरोधी मित्रहरूको साथसाथै उसले देश-विदेशमा आत्मीय मित्रहरू पनि बनाएको छ जसका हौसला, प्रेरणा तथा मायाले ऊ आज यहाँसम्म आउन सफल भएको छ । उसका अत्यन्त नजिकका मित्रहरूमध्ये सनत रेग्मी, जगदीश घिमिरे, दौलतविक्रम विष्ट, मोहनराज शर्मा, पण्डित, नारायणगोपाल, रोशन थापा नीरव,फिलिप पियर्स, नीर शाह, महेशकुमार उपाध्याय,लक्ष्मीनाथ शर्मा, पद्मा, एन.सुरेश, कवीर, हरिहर विरही, रमेश तुफान, ठाकुर पराजुली, नरहरि आचार्य, द्वारिका श्रेष्ठ, केशवराज पिँडाली, जनार्दन आचार्य पुरुषोत्तम बस्नेत, पारिजात, विनोद, आदि मित्रहरूमध्ये कसैले उसको कृतिमाथि समालोचना लेखेर उसको गुणगान गाएका छन् भने कसैले मौखिक रूपमा, कसैले आर्थिक सहायता गरेर, कसैले चेतलाई लेख्न फुर्सद दिएर, कसैले पदोन्नति गराएर, कसैले उसको उपन्यासको फिल्म बनाइदिएर, कसैले उसको उपन्यासलाई अङ्ग्रेजीमा अनुवाद गरिदिएर त कसैले उसको उपन्यासको कथावस्तुको आधारमा टेलिफिल्म बनाइदिएर चेतलाई साहित्याकाशमा फाँटिलोबनाउँदै लगेका छन् । माथि उल्लेखित पात्रहरूलाई छुट्टाछुट्टै विश्लेषण गर्दा उचित नदेखिने

---

[५८] रोशन थापा नीरव, पूर्ववत् पृ. 'म'

भएको र प्रस्तुत उपन्यासको सम्पूर्ण कथा माथि वर्णित पात्रहरूले बोकेको हुँदा  एकमुष्ठ विश्लेषण गर्दा न्यायोचित देखिन्छ । प्रस्तुत उपन्यास टुक्रा-टुक्रा घटनाहरूलाई माला जस्तै गरी उनिएको हुँदा जसरी एउटा फूलको थुँगो झिक्दा माला बिग्रन्छ त्यसैगरी उल्लिखित पात्रहरूमध्ये कुनै पात्र हटाउँदा उपन्यासमा खल्लोपन सिर्जना हुने देखिएकोले उक्त सबै पात्रहरूलाई बद्ध पात्रको रूपमा लिनुपर्ने हुन्छ । माथिका चेतका विरोधी  र सहयोगी दुवैखाले पात्रले चेतको साहित्यिक यात्रामा पृष्ठपोषणको कार्य गरेका छन् । प्रस्तुत उपन्यासमा निहित मुख्य तीन चित्रहरू यिनै पात्रहरूद्वारा समेट्न खोजिएकोले समग्ररूपमा बद्ध पात्रहरू छुट्याउने प्रयास गरिएको हो । उपयुल्लिखित पात्रहरूबाहेक अन्य पात्रहरूलाई हटाए पनि औपन्यासिक संरचनामा ठूलो असर नपर्ने देखिन्छ । यसर्थ ती मुक्त पात्रहरूलाई यहाँ प्रस्तुत गर्न आवश्यक देखिएन ।

### ४.२.२. महत्वपूर्ण पात्रहरूको थप चरित्रचित्रण

विवेच्य **घुर्मी** उपन्यासभित्र अत्यधिक पात्रहरूको संयोजन गरिएको छ । यीमध्ये कुनै पात्रको कम भूमिका छ भने कुनै पात्रको बढी भूमिका देखिन्छ । कुनै पात्रको बढी भूमिका रहेर पनि गौण पात्रका रूपमा देखिन्छन् भने कसैको कम भूमिका रहे पनि महत्वपूर्ण पात्रका रूपमा आएका देखिन्छन् । यसरी उपन्यासको घटनाक्रमलाई अगाडि बढाउने क्रममा मुख्य पात्रलाई बढी असर गर्ने खालका पात्र सहायक पात्रका रूपमा आउँछन् भने सामान्य भूमिका निर्वाह गर्ने पात्र गौण पात्रका रूपमा रहन्छन् । प्रस्तुत उपन्यासको मुख्य पात्र वा नायक चेतचन्द्र हो भने कम कार्यव्यापारमा संलग्न रहेकी तर चेतको जीवनको आरोह-अवरोहमा साथ दिँदै आएकी उसकी पत्नी स्वस्ति मुख्य पात्र वा नायिकाको रूपमा गनिन्छे । त्यस्तै चेतचन्द्रको बाबु गोविन्दचन्द्र, चेतको दाजु धनुषचन्द्र, एक साथी, सुलोचना, पद्मा, मेरी, नर्स, लक्ष्मी, आशा केलकर, महेशकुमार उपाध्याय, राजेन्द्र सुवेदी, विनोद, करूणा, योको, अनुवादक महिला, रविराज, प्रदीप, नीर शाह, कमलमणि, नारायणगोपाल, पदम ठकुराठी, पण्डित, गुरु, बलियो बाङ्गो कालो नवयुवक, डा.पेरी भास्कर राव आदि सहायक पात्रका रूपमा देखिन्छन् । माथिका सहायक र मुख्य पात्रहरूमध्ये पनि चेतचन्द्र, स्वस्ति, गोविन्दचन्द्र, धनुषचन्द्र, महेशकुमार उपाध्याय, विनोद जस्ता पात्रहरूको महत्वपूर्ण भूमिका रहेको हुनाले ती पात्रहरूको थप चरित्रचित्रण गरिएको छ ।

#### ४.२.२.१ चेतचन्द्र

चेतचन्द्र प्रस्तुत उपन्यासको प्रमुख चरित्र वा नायक हो । ऊ यस उपन्यासको सुरूदेखि अन्त्यसम्मै एकछत्र प्रस्तुत भएको छ । चेतचन्द्र जब अन्य पात्रहरूसँग घुलमिल हुँदै जान्छ, स्वतः चेतको चरित्र खुल्दै जान्छ । आफ्नो अध्ययनको लागि पुना बस्ता एक साथीले लक्ष्मी रोड घुम्न जाने निहुँमा उसलाई वेश्यालय पुऱ्याएको थियो । त्यो साथीले उसलाई यौनभोगमा संलग्न हुन अनुरोध गर्दा चेतले अस्वीकार गरेको थियो । काठको मक्किन आँटेको भऱ्याङ उक्लँदै उसले सोध्यो, “आर यु इन्ट्रेस्टेड ?” चेतले भन्यो, “नट एट अल । ”[५९] यसरी चेतचन्द्र अबैध यौनभोगप्रति घृणाभाव जागेको देखिन्छ भने उसले साथीलाई पनि बेरोकटोक जान दिएकोले ऊ अरूको इच्छा पनि मार्न चाँहदैन । चेतचन्द्र कुनै राम्री केटीको आकर्षणबाट भने अछूतो रहेको छैन र मन परेपछि रचुस्नैपछ भन्ने पनि उसको मान्यतामा अँट्दैन । एकपटक डेक्कन कलेजमा मेरी नामकी अत्यन्त राम्री केटी पढ्न आएकी र चेतचन्द्रले आफ्नो पढ्ने कोठा मेरी पढ्ने कोठा नजिकै पारेको तथा आफ्नो अङ्ग्रेजी

---

[५९] ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ. ५ ।

नराम्रो भएको बहाना गरी मेरीलाई फिल्मको सिनोप्सिस लेख्न लगाएको देखिन्छ । चेतचन्द्र प्रस्तुत उपन्यासमा आएका पात्रहरूमध्ये सोझो, इमान्दार, निष्कपट तथा भद्र स्वभावको देखिन्छ । एउटी लक्ष्मी नामकी केटीले बम्बई घुम्न जान्छु भन्दा अभिभावक र लक्ष्मीको सम्बन्ध थाहा नपाई एक्ली केटीलाई बम्बई पुऱ्याउनु र आफूले जिम्मा लिएको केटीलाई बम्बईको एक अङ्कल भनाउँदोकहाँ छोडेको देखिनुले चेत ज्यादै सोझो रहेको देखिन्छ । साता दिनपछि लक्ष्मीलाई फेरि घरैमा ल्याइदिएको छ । यसर्थ चेत अत्यन्त इमान्दार पनि देखिन्छ ।

चेतचन्द्र लेखन साधनामा लागिरहने मानिस हो । उसले केही क्षण लेख्न वा सिर्जना गर्न पाएन भने पिरोलिएको देखिन्छ । त्यसैले डीन महेशकुमारलाई आफूलाई काजको रूपमा उनकै कार्यालयमा झिकाइदिन अनुरोध गर्दछ । यही क्षणमा उसले आफ्नो सिर्जनकलामा केही ओज थप्न सकेको छ । "महेशकुमारले सहायता गरेरै चेतले ती दिनहरूमा केही लेख्न सक्यो ।"[६०] उसको सिर्जनामा डाहा गरेर आलोचनात्मक क्रिया-प्रतिक्रिया लेख्ने व्यक्तिहरू थुप्रै देखिए तर चेतले तिनीहरूप्रति कहिल्यै पनि आक्रोस व्यक्त गरेको छैन बरू त्यस्ता मानिसहरूलाई सहानुभूति नै दर्शाएको छ । चेतचन्द्र एक सर्जक मात्र नभएर एक सच्चा राष्ट्रवादी पनि ठहरिएको छ । चेत कुनैबेला ठूलो पदमा रहँदा कहिल्यै पनि घुसखोरी तथा चाप्लुसी गरेन । "जहाँसम्म घुसको प्रश्न छ, यस्तो क्षण पनि आएको छ , उसको जीवनमा जब खाने त परै जाओस्, घुस ख्वाउनसमेत नजान्ने ठहरिएको छ । "[६१] यही चाप्लुसी गर्न नजान्नाले त्रिभुवन विश्वविद्यालयको प्राध्यापकका लागि पूरा योग्यता पुगे पनि अन्तर्वार्ताको परिणाम निस्कँदा फेल हुनुपरेको थियो । चेतचन्द्रमा स्वावलम्बी तथा सहनशील व्यक्तित्व देखिन्छ । आफू जतिसुकै आर्थिक अवस्थाले पिरोलिए पनि अनैतिक तवरले पैसा नकमाएर आफ्नै बुद्धि र विवेकले अघि बढेकाले उसको लगभग आधा गृहस्थी जीवन गरिबीको रेखामुनि नै रहेको देखिन्छ । पेटको समस्याले जतिसुकै गाँजे पनि अरूसँग भीख माग्न गएको छैन बरू आफ्ना कृति झोलामा बोकी विभिन्न सङ्घ-संस्थामा गएर बेची आएको पैसाले हातमुख जोड्ने समस्या टारेको छ । चेत कसैसित झगडा गर्न चाहँदैन र त्यसको इख बोकेर हिँड्ने फुर्सद पनि छैन बरू उसलाई रीस गर्ने व्यक्ति पछि उसकै आत्मीय बन्न पुगेको छ कि त स्वतः पलायन भएर गएको देखिन्छ । एकपटक प्रदीपसित निजी मतभेदमा झगडा पर्दा प्रदीपले आज छिनोफानो गर्ने भन्दा पनि उसले कुनै प्रतिशोध गरेको छैन बरू आफूले गल्ती गरे माफी माग्ने तर प्रदीपले गल्ती गरेको रहेछ भने उसैले माफी माग्नुपर्छ भन्ने समझदारीपूर्ण कुरा गरेको देखिन्छ । चेतचन्द्र साहित्य सिर्जनाका क्षेत्रमा एक प्रतिस्पर्धी र निडर देखापरेका छन् । नारायणगोपालले गीति नाटक र नृत्य नाटिका लेख्न अनुरोध गर्दा अस्वीकार गरेको छैन बरू एकपछि अर्को सहजै स्वीकारेको छ । उक्त नाटिकाहरू उसको सिर्जनाविधामा पहिलो र अन्तिम रहेको उल्लेख छ । कहिल्यै कलम नचलाएको विधा सहजै स्वीकार गर्नु उनको निडर स्वभाव र आत्मविश्वास झल्किएको छ । पहिलो प्रयासका ती दुवै नाटिका सफलतापूर्वक मञ्चित हुनुले चेतको साहित्यिक व्यक्तित्व खारिएर आएको बुझिन्छ ।

चेतचन्द्रले जीवनमा अर्काको कुभलो चिताएको सम्म पनि पाइँदैन बरू कोही कुबाटोमा लाग्दै गरेको छ भने उचित सल्लाह दिई सुबाटोमा ल्याउने प्रयत्न गरेको छ । "चेतचन्द्रले त्यस दिन सम्भवतः सबभन्दा गम्भीरताका साथ भनेको थियो, "त्यसो भए मेरो राय सुन, तिम्रो र त्यो केटीको

---

[६०] ऐजन, पृ. १०० ।

[६१] ऐजन, पृ. ८९ ।

विवाह सुखद हुँदैन भन्ने मलाई लाग्दछ । उसलाई चिने पनि नचिने पनि तिमीलाई चिन्दछु, त्यस आधारमा भनेको । ”

-“एकदम दबाव छ । ” उसले भन्यो ।

-चेतचन्द्रले भन्यो,“ पण्डित त्यस्तो काम नगर, रद्दी देखिन्छ । ”[६२]

यसरी चेतचन्द्रले पण्डितलाई अर्को विवाह गर्नबाट रोकेर ठूलो गुन लगाएको छ । जुन व्यक्तिगत रूपमा मात्र होइन, सामाजिक दृष्टिकोणले पनि उपयुक्त कार्य ठहर्छ । एकपटक चेतचन्द्रको छोरालाई ज्वरो आई अस्पताल लगेर निको पारेर ल्याए तापनि ज्वरो बल्झिरहन्थ्यो । एकदिन उसको एक मित्रले सिद्धबाबाकहाँ जाने सल्लाह दिएमुताविक बाबाकहाँ गएर बुटी किनेर ल्याई इशानलाई लगाइदिएपछि इशान सदाको लागि ज्वरो आउनबाट मुक्त भएको छ । त्यसैले चेतचन्द्र धर्मप्रति केही झुकाव छ भन्ने सङ्केत मिल्छ भने अर्कोतिर चेतचन्द्रको बाबुको किरिया सकिएको तेह्रौं/चौधौं दिनमै मासु खाने कुरा चल्दा पहिले गुरुलाई सोधेको र गुरुले “आत्माले माने हुन्छ, आत्माले नमाने हुन्न । ”[६३] भन्ने सन्तुलित जवाफले गर्दा खाएको देखिन्छ । “गुरुको जवाफ सन्तुलित त थियो तर हामीले केही चाँडै खायौं जस्तो उसलाई लाग्यो । यो संस्कारले गरेको होला । खाए, यो उनको संस्कारप्रतिको लचिलोपनले होला ।”[६४] यसबाट के देखिन्छ भने चेत धर्मप्रति आस्थावान् पनि छ र केही लचिलो पनि छ । आस्था तोडिन आँट्दा ऊ डराएको पनि छ र आडको लागि गुरुको शरण परेको छ । त्यसैले गुरुको उक्त जवाफले चेतचन्द्र आस्तिक र नास्तिकको दोसाँधमा रहेको छ भन्न सकिन्छ ।

चेतचन्द्र सहयोगी पनि छ किनकि नीर शाहलाई आफ्नो उपन्यास **कट्टेलसरको चोटपटक** उपन्यासको पटकथा दिएको छ भने पदम ठकुराठीको भलाइको लागि साप्ताहिक पेपरमा लेख लेखिदिएर ठकुराठीको पत्रकारितालाई लोकप्रिय बनाइदिएको छ । उक्त कार्यबापत केही शुल्क लिएपनि अरूलाई अन्याय पर्नेगरी लिएको देखिँदैन । घर गृहस्थीको कार्यमा पनि स्वस्तिसँग बजार गएर विभिन्न सामान किनमेल गर्ने गरेको छ भने लक्ष्मी नामकी केटीलाई बम्बई पुऱ्याएर फेरि घर ल्याइदिएर लक्ष्मीको उपकार गरेको छ । हँसिलो, सहयोगी तथा उदार भावना भएको कारणले नै जापान जाँदा एक योको नामकी केटीले फोनको पैसा तिराउन नमानेकी तथा उपहारस्वरूप कल्चर्ड मोतीको माला किनाइदिएकी र एक अनुवादक महिलाले चेतलाई आठ घण्टा टोकियो सहर घुमाइदिएर एक पसलबाट प्रसिद्ध उपन्यास किनाइदिएकी छ । गोष्ठीमा आएका विभिन्न देशका प्रतिनिधिहरूमध्ये उक्त दुई महिलाले चेतचन्द्रलाई नै छान्नु उसको हँसिलो तथा मिलनसार व्यक्तित्वले गर्दा हो भन्ने पुष्टि मिल्दछ । चेतचन्द्र केटाकेटी नै छँदा दाजुभाइहरू बीच अंशबण्डा भएको थियो । गोला हान्दा चेतलाई राम्रो खेत परेको र अन्य दाजुहरूले किचोला गरी फेरि गोला हान्न लगाई चेतको भागमा दब जमीन पारिदिएको थिए । त्यसताक उक्त गोलाप्रथा उसलाई एक खेलजस्तो लागेको तर पछि दाजुहरूको कर्तुत राम्ररी बुझेको थियो तापनि उसले अंश सम्बन्धी कुरा उठाएर झगडा गरेको नदेखिँदा चेत एक सहनशील तथा भातृत्व भावनाले भरिएको व्यक्ति हो भन्न सकिन्छ ।

---

[६२] ऐजन, पृ. १३० ।

[६३] ऐजन, पृ. ६३ ।

[६४] ऐजन, पृ. ६३ ।

उसका साहित्यिक लेखनयात्रामा थुप्रै बाधा अड्चन हाल्नेहरूको ताँती नै देखिन्छ तर ती बाधा अड्चनहरूको कतिपनि परवाह नगरी आत्मविश्वासका साथ गति लिइरहेको देखिन्छ । कसैले उसका एक-दुई कृतिमात्र स्तरीय छन् अरू बेकम्मा छन् भन्दछन् । कसैले आफ्नो प्राध्यापन पेसामा पूर्ण योग्यता पुगेको देखीदेखी असफल बनाइदिएका छन् । कसैले उसको कृतिमाथि कडा आलोचना गरेका छन् । चेतचन्द्र यस्ता कुनै पनि कुरा विरूद्ध प्रत्यक्षरूपमा जाइनलागेर आफ्नो लेखकीय व्यक्तित्वबाट अप्रत्यक्षरूपमा आफ्ना विरोधीहरूलाई सम्याउँदै अघि बढेका देखिन्छन् ।

निष्कर्षमा भन्दा चेतचन्द्र आत्मविश्वासी, निडर, कर्मठ, दयावान्, परोपकारी, इमान्दारी, लगनशील,सहनशील, तथा नेपाली साहित्याकाशका एक प्रमुख हस्ति हुन् ।

### ४.२.२.२ स्वस्ति

स्वस्ति यस उपन्यासकी नायिका हो । उपन्यासमा कम देखापरे पनि भूमिकाको दृष्टिले महत्वपूर्ण देखिन्छ । स्वस्ति चेतचन्द्रको धर्मपत्नी भएकीले एक कुशल गृहिणीको भूमिका निभाएकी छिन् । चेतचन्द्र प्राध्यापन तथा लेखनमा व्यस्त रहे पनि आफ्ना छोराछोरीको भविष्यप्रति स्वस्ति चनाखो रहेकी छिन् । उपन्यासभरि यिनको चरित्र कतै पनि खस्किएको देखिँदैन । यिनी आफ्नो लोग्नेप्रति पूर्ण उत्तरदायी तथा पतिव्रता नारीको रूपमा देखिन्छिन् । लोग्नेले कुनै गल्ती कार्य गरेपनि मानवीय भूल ठानी सकारात्मक ढङ्गले अघि बढेकी छिन् । एकपटक चेतचन्द्रले बजारमा सौदापात गर्न जाँदा एकै दिनमा दुई-दुईवटा छाता हराएको छ तर स्वस्तिले त्यस भूलप्रति रूखो व्यवहार नगरी एक मानवीय स्वभाव वा नियति ठानेको देखिन्छ । काठमाडौँमा डेरा गरी बसेको बखत घरबेटीले पानी तथा बत्ती कम चलाउने आदेश दिँदा तिनले कुनै प्रतिवाद गरेको देखिँदैन बरू घरसल्लाह गरी छिटै तीनकोठा भएको एकतले घर चाबेलको मौजुबहालमा लिएको देखिन्छ । स्वस्ति एक सहनशील, उदार भावना भएकी तथा नारी भावना बुझ्ने प्रकृतिकी देखिन्छिन् । आशा केलकरले चेतचन्द्रलाई असाध्यै मन पराउँछे भन्ने थाहा पाएर पनि न त यिनले चेतचन्द्रलाई नकारात्मक दृष्टिले हेरेकी छिन् न त आशालाई नै । यसलाई एक नारी स्वभाव ठानेर कुनै दुःखगुनासो पोखेको देखिँदैन । "आशा चेतलाई मन पराउँथिन् । सम्भवतः राम्ररी नै । त्यसैले एकदिन स्वस्तिसित भनेकी थिइन्,"गौतमसाब मुझे अच्छे लगते हैं । ये बात उनसे कभी मत बोलिएगा ।"[६५] उक्त वाक्य आशाले स्वयम स्वस्तिसित भनेकी छे, तर स्वस्तिले त्यहाँ कुनैपनि आवेग व्यक्त गरेकी छैन । एकपटक चेतको सबै परिवार डेक्कन कलेज जाँदा एक-दुई रात जति आशा केलकरहरूसँगै बसेका छन् त्यहाँ पनि स्वस्तिले आफ्नो श्रीमान्प्रति कुनै शङ्काको भावना उब्जाएको देखिँदैन ।

निष्कर्षमा भन्दा स्वस्ति एक कुशल गृहिणी कर्तव्यपरायण पतिव्रता नारी, सहनशील, नारी भावना तथा वेदना बुझ्ने अनि उदार हृदय भएकी प्रमुख नारी पात्र हुन् ।

### ४.२.२.३. गोविन्दचन्द्र

गोविन्दचन्द्र चेतचन्द्रका स्वयम् पिता हुन् । उनी यस उपन्यासको सहायक पात्रको रूपमा आउँछन् । प्रस्तुत उपन्यासमा उनको चरित्र विविधतामय देखिन्छ । उनी स्वभावले झडङ्ग रिसाउने व्यक्ति हुन् किनकि आफ्नो छोराहरूको सानो कुरामा चित्त नबुझेर राती नै घरबाट निस्केर हिँडेका

---

[६५] ऐजन, पृ. ६८ ।

छन् । "भोलिपल्ट गोविन्दचन्द्रलाई चिया पठाइयो । थाहा भयो, उनी कोठामा छैनन् । अझ पछि थाहा भयो, बिहान चार बजे बोरमै उनी हिँडिदिएछन् । पछि आफू नबस्नाको कारण बताए । छोराहरूमध्ये कसको कुनै कुराले चित्त बुझेनछ ।"[६६] गोविन्दचन्द्र परम्परावादी धारणा बोक्ने रूढ व्यक्ति हुन भन्न सकिन्छ । "कुन बाटो कुन दिशामा हिँड्ने वा नहिँड्ने, हिँड्ने बेलामा छिउँ गर्नु आदिको उनी निकै विचार गर्थे । केटाकेटीहरूले यी सब कारणले कतिपटक चुटाइसमेत खाएका थिए ।"[६७] उनी खानमा अत्यन्तै सौखिन हुनाले घरमा मीठा-मसिना परिकारहरू पाकिरहन्थे । उनी बेलाबखत वीरगञ्ज जाँदा त्यहाँका केटाकेटीहरू मीठो-मसिनो खान पाइने आशाले निकै रमाउँथे । "वीरगञ्जमा गरिबीको रेखामुनि बाँचिरहेका केटाकेटी गाउँ पुग्नासाथ एक्कासि जिम्दारका छोराछोरीमा परिणत हुन्थे र केही सुखभोगका लक्षणहरू देखापर्न थाल्दथे ।"[६८] गोविन्दचन्द्रलाई एन्जाइना जस्तो भयङ्कर रोग लागेको छ तापनि उनी बाटामा हिँड्दा एक्लै हिँड्दथे । आफ्नो बाबु तथा दाजुभाइ कसैले पनि पैंसट्ठी बर्ष ननाघी मृत्यु भएकाले यो पैंसट्ठीको खड्कोप्रति भने उनमा ठूलो मनोवैज्ञानिक डर थियो । पैंसट्ठी बर्ष काटेको दिनको खुसियालीमा ठूलो भोजको आयोजना गरेका थिए तर सोही दिन उनले आफ्नो चोला बदलेका थिए । उनले आफ्नो जीवनको सबैभन्दा खुसी भएकै दिनमा मृत्युवरण गर्नुपरेको थियो ।

दसैँमा आफ्नो घरमा ठूलो खसी काटेर सप्तमीदेखि टीकासम्म बेलुकी भात नखाई मासु-चिउरा तथा अन्य परिकार खाने चलन बसाएका थिए । उनी मनोवैज्ञानिक रूपमा छोराहरूको आशय बुझ्न निक्कै खप्पिस थिए । एकपटक अंशबण्डाको शिलशिलामा बाबालाई कसरी कुरा उठाउने भन्ने परिस्थितिमा गोविन्दचन्द्र आफैंले छोराहरूको कुरा बुझी गोलाप्रथाद्वारा अंशबण्डा गराइदिएका थिए । "वि.सं.२०२१ सालमा उनका पाँच पुत्रहरू अंशबण्डाको माग गर्न वीरगञ्जबाट बेतौनातर्फ हिँडेका थिए । बाटाभरि सबैजना यही सोचिरहे, बासित यस्तो कुरा कसरी थाल्ने र कसले थाल्ने ?...गाउँ पुग्नासाथ पिताले भने-,"तिमीहरू अंशबण्डाको लागि आएका होलाऊ । भूमिसुधार लागेकोले मैले पनि त्यही उचित ठानेको छु ।"[६९] देशको परिस्थितिअनुरूप आफ्नो तथा सन्तानहरूको उज्वल भविष्यको लागि सधैं चतुर र चनाखो रहेका देखिन्छन् किनकि हदबन्दीभन्दा माथिको जमीन सरकारीकरण हुने कानून रहेकोले उनले यस कुरामा दूरदर्शी दृष्टि राखेको देखिन्छ ।

गोविन्दचन्द्र गीत,गाना-बजानामा निकै सोख रहेको देखिन्छ । "बराबर पुराना हिन्दी गीतहरूको सुसेली हालिरहन्थे: अब तेरे सिवा कौन मेरा कृष्ण कन्हैया, भगवान् किनोर से लगा दे मेरी नैया । "[७०] यसरी उनमा हिन्दी गीतमा बढी दिलचस्पी रहेको देखिन्छ । उनले साहित्यिक कृतिको रचना गरी प्रकाशित गरेको नदेखिए पनि साहित्यिक कृतिहरू मगाएर घरैमा पढ्ने प्रवृत्ति रहेको देखिन्छ ।"पढ्ने प्रवृत्ति पनि थियो । घरमा **कल्याण** मगाउने उनै थिए । **कल्याण**का विभिन्न विशेषाङ्कले उसको साहित्यिक रुचिलाई निकै सघाएको छ । "[७१] यसर्थ गोविन्दचन्द्रले आफ्नो साथै सन्तानको साहित्यिक मनोविज्ञानलाई राम्ररी बुझेको देखिन्छ । गोविन्दचन्द्रले दोकानबाट अरूले

---

[६६] ऐजन, पृ. ५६ ।

[६७] ऐजन, पृ. ५७ ।

[६८] ऐजन, पृ. ५७ ।

[७२] ऐजन, पृ. ५९ ।

[७०] ऐजन, पृ. ६० ।

[७१] ऐजन, पृ. ६० ।

आफ्नो सहमतिबेगर कुनै सौदा लिन नसकून् भनेर आफ्नो एक हस्ताक्षर तयार गरेका थिए । पसलमा जो कोही गए पनि गोविन्दचन्द्रको हस्ताक्षर रूजू गरेर मात्र सक्तथे । यसर्थ गृहस्थी चलाउदा पनि उनले निकै होसियारीपन अपनाएको देखिन्छ । गोविन्दचन्द्र कृष्णभक्त थिए भन्न सकिन्छ किनकि उनको नारीमा गोदना गोदेर मुरली बजाइरहेको कृष्ण बनाइएकोले यसको पुष्टि मिल्दछ ।

निष्कर्षमा भन्नुपर्दा गोविन्दचन्द्र झडङ्ग रिसाउने तर छिटै शान्त हुने, परम्परावादी, खाना तथा भोजभतेरमा सौखिन, रोगसम्बन्धी निडर तर मृत्युसम्बन्धी मनोवैज्ञानिक डर बोक्ने, अरूको पीरमर्का तथा आशय छिटै बुझ्ने, देशको परिस्थितिअनुरूप सतर्क रहने, परिवारको उज्वल भविष्यको कामना गर्ने, गीत, गाना-बजानाको सौखिन, साहित्यिक पत्रपत्रिका पढ्ने आदत तथा धार्मिक व्यक्ति हुन् । समग्रमा भन्दा एकदुईवटा अवगुणबाहेक उनी गुणैगुणले भरिएका एक नमुना पिता हुन भन्न सकिन्छ ।

## ४.२.२.४ धनुषचन्द्र

धनुषचन्द्र गोविन्दचन्द्रका जेठा सुपुत्र तथा चेतचन्द्रको दाजु हुन् । यिनी प्रस्तुत उपन्यासमा सहायक पात्रका रूपमा आएका छन् । यिनी साहित्य सिर्जनातर्फ जागरूक हुने तथा थोरै कृति लेखेर उच्च वर्चश्व कायम राख्ने सफल सर्जक हुन् । यिनी सिर्जनातर्फ अत्यन्त चतुर व्यक्ति देखिन्छन् किनकि आफूले सिर्जना गर्दै गरेको कृतिमाथि सबै दाजुभाइहरूको विचार पोख्न लगाई त्यसबाट मथेर निस्केको गहकिलो चिन्तन आफ्नो कृतिमार्फत् ओकल्ने व्यक्ति हुन् । यसरी रङ्गीचङ्गी विचारहरूलाई मथेर प्रकाशित गरिएको उनको उपन्यास **घामका पाइलाहरू**ले मदन पुरस्कार दिलाएको छ । यसरी थोरै कृतिमै मदन पुरस्कार प्राप्त गर्ने सर्जकहरू ज्यादै थोरै रहेका छन् । उनी घुमफिर गर्न मन पराउने व्यक्ति हुन् । उनी एकपटक पुनामा चेतचन्द्रलाई भेट्न गएका थिए । साथमा उनकी श्रीमती शान्तादेवी पनि थिइन् र त्यो बर्षको दशैंको टीका चेतचन्द्रले पुनामै दाजुभाउजूको हातबाट थापेको थियो । उनमा बाहिरी रूपमा भातृत्वको भावना देखिए पनि भित्रीरूपमा स्वार्थी स्वभाव रहेको देखिन्छ । अंशबण्डाको क्रममा गोला हान्दा चेतचन्द्रलाई राम्रो जमीन परेको देखी सो सहन नसकी फेरि गोला हान्न लगाई आफ्नो भागमा राम्रो जमीन पारेको देखिन्छ । उनीद्वारा फेरि गोला हान्न लगाएको नदेखिए पनि आफ्नो भाग्यचिट्ठा हो भन्ने ठान्नु पर्नेमा मौन रहन्छन् । भाइलाई मर्का पर्छ भन्ने थाहा पाएर पनि दास्रो गोला हान्ने कार्य नरोकेको देखिँदा राम्रो जमीनप्रति कृपण स्वभाव रहेको छ भन्ने पुष्टि मिल्छ । त्यसैले उनले यहाँ भाइप्रति दाजुले गर्नुपर्ने उत्तरदायित्व पूरा गरेको देखिदैन ।

समग्रमा भन्नुपर्दा धनुषचन्द्र सिर्जनातर्फ जागरूक, अत्यन्त चतुर, घुमफिर गर्न मन पराउने, सतहीरूपमा भातृत्व भावना तर आन्तरिकरूपमा स्वार्थी, कृपण, तथा उत्तरदायित्वहीन व्यक्तिको रूपमा चिनिन्छ ।

## ४.२.२.५. महेशकुमार उपाध्याय

महेशकुमार उपाध्याय यस उपन्यासको सहायक पात्र हुन् । उनी यस उपन्यासको नायक चेतचन्दप्रति अत्यन्तै उत्तरदायी देखिन्छन् । महेशकुमार डीन पदमा रहँदा चेतलाई साहित्य सिर्जनामा ठूलो सहायता गरेका छन् । चेतचन्द्र अध्यापनमा व्यस्त रहका बखत कुनै सिर्जनात्मक लेख लेख्ने फुर्सद नपाएको बेला चेतको एकै अनुरोधमा काजको रूपमा उनकै कार्यालयमा

झिकाइदिएका थिए । त्यसैले यिनी अत्यन्तै उदारवादी, सहयोगी, अर्काको पीरमर्का तथा क्षमता पहिचान गर्न सक्ने मिलनसार व्यक्तित्व रहेको देखिन्छ । "महेशकुमारले सहायता गरेरै चेतले ती दिनहरूमा केही लेख्न सक्यो । महेशकुमारलाई त्यो सहयोगले गर्दा सम्झिरहन्छ ।"[७२] महेशकुमार खानमा सौखिन हुनाले मनपर्ने मित्रहरू जम्मा पारेर ख्वाउने तथा हँसीमजाक गर्ने ठट्टालु प्रवृत्तिको देखिन्छन् । महेशकुमारले एकदिन मणिराम र चेतचन्द्रलाई आफ्नो घरमा खान बोलाई हरिणको सुकुटी भनी बफको सुकुटी ख्वाएको थिए । यसरी ठट्टा गर्ने क्रममा उनी निकै गम्भीर प्रकारको मजाक गर्न पनि पछि पर्दैनथे किनकि बफको सुकुटी खाने सवालमा चेतचन्द्रको संस्कारभित्र पर्दैनथ्यो तर पनि सत्य कुरा खोल्दा रमाइलो नहुनाले उनले परिस्थितिबस झूटो बोल्नुपरेको थियो ।

निष्कर्षमा भन्नुपर्दा महेशकुमार अत्यन्त सहयोगी, उदार भावना, खानमा सौखिन, अर्काको भावना तथा प्रतिभा पहिचान गर्न सक्ने, परिस्थितिबस गम्भीर मजाक पनि गर्न सक्ने मिजासिलो प्रवृत्तिको भनी चित्रण गर्न सकिन्छ ।

### ४.२.२.६ विनोद

विनोद पनि प्रस्तुत उपन्यासको सहायक पात्रको रूपमा देखिन्छ । नायक चेतचन्द्रको मामलामा प्रत्यक्ष संलग्न रहेको हुनाले उसको पनि चरित्रचित्रण गर्नु वाञ्छनीय देखिन्छ । चेतचन्द्रको जीवनमूल्यलाई माथि उकास्नमा विनोदको सहयोग महत्वपूर्ण रहेको छ । साझा सञ्चालकहरूको चुनावमा चेतचन्द्रको उम्मेदवार उठ्ने एक रति मन नहुँदानहुँदै पनि विनोदले बलजफ्ती उठ्ने कर गरेको थियो । चेतचन्द्र भने चुनावप्रति वेवास्ता गरी आफ्नो घर वीरगञ्जमै बसेको थियो । विनोदले उम्मेदवार विना नै भोट मागी-मागी हिँडेको छ । चुनाव जित्नलाई जति व्यवस्था गर्नुपर्छ त्यो सबै विनोदले मिलाइसकेको छ तापनि चेतचन्द्रले उम्मेदवार हुने चाहना नै राखेको छैन । विनोदले ज्यादै जिद्दी गरेपछि मात्र चेत वीरगञ्जबाट हिँडेको देखिन्छ । चेतचन्द्रलाई भने चुनाव जितिन्छ भन्ने रत्तिभर विश्वास हुँदैन तर चुनाव परिणम घोषित हुँदा आफूलाई अत्यधिक बहुमतले विजयी भएको पाउँछ । आफूले विश्वासै नगरेको कुरामा विनोदको अथाह योगदानले चेत दुईवर्ष साझा सञ्चालक भएर बस्न पाएको छ । यसरी अर्काको लागि आफ्नो इज्जत, बेइज्जत तथा दुःखकष्ट सहेर आफ्नो साथी चेतचन्द्रलाई एक गरिमामय पदमा आसन गराइछाडेको छ ।

समग्रमा भन्दा विनोद अर्काको भलाइका लागि जस्तै परिस्थिति पनि खप्न सक्ने, अत्यन्तै सहयोगी, उदार भावना भएको, आफूले जिम्मा लिएको काम पूरा गरेरै छाड्ने लगनशील, आत्मविश्वासी, निडर स्वभाव भएको भनी चित्रण गर्न सकिन्छ ।

अन्य सहायक चरित्रहरूको भूमिका प्रस्तुत उपन्यासमा त्यति शसक्त नभएको हुँदा तिनीहरूको थप चरित्र चित्रण गर्न आवश्यक देखिएन ।

## ४.३. घुर्मी उपन्यासको परिवेश

उपन्यासको परिवेश भन्नाले उपन्यासभित्र रहेको देशकाल र वातावरणलाई बुझाउँछ । यसलाई आधुनिक शब्दमा भन्दा पर्यावरण पनि भन्ने गरेको पाइन्छ । उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण भनिन्छ ।

---

[७२] ऐजन, पृ. १०० ।

पर्यावरण एउटा यस्तो परिस्थिति हो, जसले पाठकहरूलाई बाँध्ने कार्य गर्दछ । पर्यावरणअन्तर्गत उपन्यासभित्र प्रयोग भएको देशकाल र वातावरण पर्दछन् ।[७३] यसलाई पात्र-पात्राहरू उभिएर कार्यकलाप गर्ने धरातल पनि भन्न सकिन्छ । एउटा सिङ्गो उपन्यास निर्माणका लागि विभिन्न घटनाहरूको शृङ्खला आवश्यक हुन्छ । उपन्यासमा आउने अनिवार्य तत्व कथानकमा विभिन्न घटनाहरू घट्छन् । त्यस्ता घटना घट्ने स्थललाई देश र त्यो घटना घटेको समयलाई काल भनिन्छ । यसैलाई अर्को शब्दमा उपन्यासमा घटनाहरू जुन ठाउँमा र जुन समयमा घट्छन् त्यसैलाई देशकाल भनिन्छ । उपन्यासभित्र आएको समाजले निर्धारण गरेको निश्चित समय र ठाउँ विशेषको चित्रण र विश्लेषण नै वातावरण हो ।[७४] उपन्यासले जीवनजगतको यथार्थ चित्रण गर्ने भए पनि एउटै उपन्यासभित्र सम्पूर्ण जीवनजगत् चित्रण हुन असम्भव हुन्छ । त्यसकारणले कुनै खास स्थानविशेष र कुनै कालखण्डको मात्र चित्रण गर्न सक्छ । देशको सामाजिक, आर्थिक, धार्मिक, राजनैतिक, शैक्षिक आदि परिस्थितिलाई देखाउन वातावरणले भूमिका खेल्दछ । विद्धमान आचारविचार, चालचलन, रीतिस्थिति, धर्मकर्म, असल-खराब पक्ष तथा व्यवहारिक र वैचारिक पक्षलाई समेत वातावरणले इङ्कित गर्दछ । वातावरणलाई बाह्य र आन्तरिक वातावरणका रूपमा विभाजन गर्न सकिन्छ । बाहृय वातावरण भन्नाले उपन्यासमा वर्णित समाज चित्रण र प्रकृतिचित्रण जस्ता वातावरणलाई लिन सकिन्छ ।

**घुर्मी** उपन्यासले यथार्थपरक ढङ्गबाट वर्तमान नेपाली जनजीवनमा देखिएका विभिन्न पक्षमा विकृति र विसङ्गतिलाई उदाङ्गो पार्ने काम गरेको छ । वर्तमान समाजलाई चित्रण गर्नुको सँगसँगै उपन्यासकारको जीवनीपरक घटनासमेत अँटाइएकोले प्रस्तुत उपन्यासको कार्यक्षेत्र निकै व्यापक बन्न पुगेको छ । उपन्यासको प्रारम्भमै भारतको पुनास्थित डेक्कन कलेजको चित्रणबाट यस उपन्यासको परिवेश देशविदेशसम्म फैलिएको सङ्केत मिल्दछ । डेक्कन कलेजकै परिवेशको क्रममा नेपाल टेलिभिजनको कुनै कार्यक्रमको नेतृत्वमा त्यहाँ गएको प्रसङ्गले नेपाल र भारत यसको मूल परिवेश वा पर्यावरण रहेको सङ्केत मिल्दछ । उपन्यासको नायक चेतचन्द्रको विभिन्न प्रसङ्गमा भारत, भारतका विभिन्न ठाउँ, बङ्गलादेश, बैङ्कक तथा जापान जस्ता देशहरूको पर्यावरण समेटिएको छ । यस आधारमा **घुर्मी** उपन्यासभित्रको परिवेशलाई देशीय र अन्तरदेशीय परिवेशमा हेर्न सकिन्छ ।

देशीय परिवेश अन्तर्गत काठमाडौँभित्रका विभिन्न ठाउँहरू जस्तै :-न्युरोड, बानेश्र, चाबेल, पशुपतिनाथ, त्रिचन्द्र कलेज, त्रिभुवन विश्वविद्यालय, बत्तीसपुतलीको राममन्दिर नजिकको एउटा घर, चाबेलको मौजुबहाल, बरेवा गाउँ, शेखर गिरीको पुतलीसडकको डेरा, छपकैयाको सिनेमाहल, कुमालटोल, कारखाना, बेतौना, रानीघाट सिरसिया, नगुवा पोखरी, राजविराज, वीरगञ्ज, नगुवा पोखरी छेउको पुरानो पुल, माइस्थान मोडको गिरिधर हलवाइको मिठाइको दोकान रहेको देखिन्छन् ।

अन्तर्देशीय परिवेशअन्तर्गतका स्थानहरूमा भारतका विभिन्न ठाउँहरू जस्तै :-पुना, डेक्कन कलेज, पुनाको लक्ष्मी रोड, महिला छात्रबास, सिनेमा हल, जयजवान नगर, पुनाको मेनस्ट्रिट, पुना फिल्म इन्स्टिच्युट, रेलवे लाइन, बान्द्रा ब्याण्डस्ट्याण्ड, मरीन ड्राइभ, चर्चगेट बी रोड, लाइब्रेरी, ल्याब, विश्वविद्यालयको गेस्ट हाउस, शान्ताक्रुज, भिटी स्टेशन, ग्रान्ट रोड, पट्ना, इन्डियन

---

[७३] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३६ ।

[७४] हिमांशु थापा, पूर्ववत्, पृ. १४८ ।

एयरलाइन्सको अफिस, दिल्ली आदि देखिन्छन् । अन्य देशहरूमा बङ्गलादेश, टोकियो(जापान), हाकोने लेक( जापान) तथा बैंङ्कक(थाइल्याण्ड) देखिन्छन् ।

लेखकले उपन्यासको सुरू नै अन्तर्देशीय स्थानबाट गरेको देखिन्छ । जसमा भारतको पुनास्थित डेक्कन कलेज वरिपरिको वातावरणको वर्णन गरिएको छ । “डेक्कन कलेजमा सबभन्दा रमाइलो दृश्य त्यसबखत देखिन्थ्यो, जब गुलमोहर भन्ने फूल फुल्दथ्यो । सडकका दुवैतिर लहरै उभिएका गुलमोहरका रूखहरू ढकमक्क फुल्दा लाग्दथ्यो, ती हाँसिरहेका छन् र हाँसोको रङ पनि हुँदारहेछ ।”[७५] डेक्कन कलेजका गुलमोहरका कारणले गर्दा बम्बईबाट फिल्म सुटिङ गर्न आउने वातावरणसमेत बनेको देखिन्छ । त्यसताक चेतचन्द्र विद्यावारिधिको शिलशिलामा डेक्कन कलेज आएकाले वि.सं.२०३५/२०३६ समय रहेको देखिन्छ ।

भारतको पुना सहर चेतचन्द्रका लागि किनमेल गर्ने तथा फिल्म हेर्ने उपयुक्त वातावरण बनेको देखिन्छ । “चेतचन्द्रले जति सिनेमा त्यहाँ कुनै नेपालीले हेरेन होला, फिल्म इन्स्टिच्युटबाहेक ।”[७६] लक्ष्मीरोड वेश्यावृत्ति गर्ने उपयुक्त वातावरण रहेको देखिन्छ । चेतचन्द्रलाई एउटा साथीले लक्ष्मीरोडअन्तर्गत एक घरमा लगी चेतलाई बाहिरै पर्खाएर उक्त साथीचाहिँ यौनतृप्त भई फर्किएको घटनाले उक्त ठाउँ चेलीबेटी बेचबिखन गर्ने तथा ग्राहकहरूलाई यौनरस चटाइ आएको पैसाले जीविकोपार्जन गर्ने वातावरण रहेको देखिन्छ । “साथी गयो । चेत त्यहाँ आउने र जानेलाई हेरेर बसिरह्यो । चेतनिरै एकदुई अरू पनि बसेका थिए । त्यसै साथी कुरेर वा पालो कुरेर । ...पहिलोपटक ऊ कुनै वेश्यालयमा पसेको थियो ।”[७७] पुनास्थित डेक्कन कलेजको महिला छात्रबास आधुनिक प्रकारको भवन हुनाले छात्राहरूका लागि छात्र होस्टलको तुलनामा रमणीय तथा अनेक सुविधाले युक्त रहेको देखिन्छ । महिला छात्रबासमा केटाहरूको आगमन वर्जित गरिएको हुनाले केटीहरूको लागि एक स्वच्छन्द वातावरण रहेको छ । “कति केटी कट्टु र ब्रा लाएर आराममले यताउता गरिरहेका थिए । कसैकसैले स्लिपिङ ड्रेस लगाएका थिए । भित्र ब्रा थिएन ।”[७८] डेक्कन कलेज पढाइको साथसाथै प्रेमीप्रेमिकाहरूको जीवनसाथी रोज्ने तथा राम्रो केटा अनि केटीहरूको रूप, गुण बखान्ने वातावरण रहेको देखिन्छ । मेरीको आगमनले डेक्कन कलेजका सबै केटाहरूको चर्चाको विषय बनेको छ । आफ्नो पढाइको रफ्तारलाई चटक्कै बिर्सेर प्रत्येक केटाहरू मेरीलाई आफूप्रति आकर्षण गर्न अनेक प्रयास गरेको देखिन्छ । मेरीलाई पाउन सके आफ्नो प्रेमकोसमेत बलिदान दिन सक्ने स्थितिमा पुगेको देखिन्छ । “मेरी मेरो जीवनमा आउन मानी भने आफ्नो प्रेमकोसमेत बलिदान गर्न तत्पर छु । ”[७९] डेक्कन कलेज चोर, डाकाको पेट पालनको एक उपयुक्त वातावरण बनेको देखिन्छ । एकपटक मात्र होइन, दुई-दुईपटक डेक्कन कलेजमा चोरी भएको देखिन्छ । डेक्कन कलेजस्थित क्वार्टरहरूको पछिल्तिरको झुप्रैझुप्राले बनेको जयजवान नगर चोरहरूको बस्ती रहेको बुझिन्छ । यसको अतिरिक्त झगडालु वातावरण, अबैध सम्बन्ध, आइमाईहरू एकअर्काका आन्तरिक कुरा खोल्ने क्षिद्र स्वभावका पनि देखिन्छन् । एउटाको लोग्ने अर्काकी स्वास्नीमाथि र अर्काकी स्वास्नी आफूले रसभोग गर्ने, पोइल जाने, केटी भगाइ ल्याउने,

---

[७५] ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ. १ ।

[७६] ऐजन, पृ. ३ ।

[७७] ऐजन,पृ. ५ ।

[७८] ऐजन, पृ. ११ ।

[७९] ऐजन, पृ. १३ ।

आदि अनेक विकृतजन्य वातावरण रहेको देखिन्छ । जयजवान नगरको भौतिक वातावरण पनि उपयुक्त देखिँदैन । बिजुली बत्ती भए पनि बस्तीबाहिर भने सबै चिम फुटेकोले अँध्यारो वातावरण देखिन्छ । बस्तीभित्र पनि कच्चारूपले तार तानेर बालिएको हुँदा कहिलेकाहीँ तार सट भइ एक-दुईजनाले ज्यान गुमाएको देखिन्छ । पानी पर्दा सबै बस्ती चुहिएर भित्र आहाल हुने तथा हावा आउँदा छानाहरू उडाउने समस्या रहेको छ । जयजवान नगरमा रहेको चित्रा सिनेमा हल स्तरीय नहुनाले उच्च तथा इज्जतिलो व्यक्तिका लागि हेर्न उचित वातावरण रहेको देखिँदैन । चित्रा हलमा गएको अरूलाई भन्न हुदैनथ्यो । “कुरो त त्यहाँ त्यही त हो नि !! त्यस्तो ठाउँ उनीहरूको स्तरले जान नमिल्ने मानिन्थ्यो ।”[८०] पुनाको मेनस्ट्रिट काठमाडौँको न्युरोडजस्तै व्यस्त बजारको रूपमा देखिन्छ । उक्त ठाउँमा मानिसहरू जोडी-जोडी भएर घुम्ने, फेसन सो गर्ने भए पनि भौतिकरूपमा आधुनिक घर, पसल, सडक र पेटीहरूले राम्रो सफा वातावरण देखिन्छ । त्यस ठाउँको एउटा होटल छोलेभटुरेका लागि प्रसिद्ध देखिन्छ । “चेतचन्द्र परिवार लिएर पनि त्यता गइरहन्थ्यो । कहिलेकाहीँ त्यहाँको एउटा रेस्टुरेन्टमा छोलेभटुरे खान पस्थे, जसका लागि त्यो रेस्टुरेन्ट प्रसिद्ध मानिन्थ्यो ।”[८१]

लक्ष्मीरोड यौनवृत्तिका लागि प्रसिद्ध साथै त्यहाँ पाइने मालसामान अन्तभन्दा सस्तो पाइने देखिन्छ । बम्बई अत्यन्त व्यस्त महानगर हुनाले साधारण मानिसका लागि असुरक्षित वातावरण रहेको छ । त्यहाँ चोरी, ढाँटी तथा छली हुने ठूलो डर हुन्छ । उक्त सहर चेलीबेटी बेचबिखन गर्ने ठूलो मण्डी पनि बनेको छ । त्यसैले त्यहाँका मानिसहरू देहव्यापार गरी जीविका चलाउने गरेको र यसको फलस्वरूप देखापर्ने एच्.आइ.भी. पोजेटिभ तथा एडसको त्रासद वातावरण रहेको देखिन्छ । लक्ष्मीनाथको सङ्गतले चेतले धेरै प्रसिद्ध फिल्म हेर्ने वातावरण पाएको देखिन्छ । लक्ष्मीनाथ शर्मा पुना फिल्म इन्स्टिच्युटमा कार्यरत हुनाले चेतचन्द्रले उक्त वातावरण पाएको देखिन्छ । “लक्ष्मीनाथ कुनै राम्रो फिल्म देखाइने भयो कि त्यसको सूचना चेतचन्द्रलाई दिइहाल्थे ।”[८२] बम्बईको मरीन ड्राइभ सूर्यास्त हेर्नको लागि प्रसिद्ध छ । चेतचन्द्रले लक्ष्मी नामकी केटीलाई बम्बईमा उसकै कुनै आफन्तको घरमा छाडी आफू मरीन ड्राइभमा गएर सूर्यास्त हेरी रात्रि रेल चढेर पुना फर्केको कुरा वर्णित छ । लक्ष्मी नामकी केटीको प्रसङ्गमा कुनै पनि सीधा तथा सामान्य मानिसलाई सजिलैसित मूर्ख बनाउने अनि अबैध सम्बन्ध राख्ने कुप्रवृत्तिपूर्ण वातावरण वीरगञ्जमा पनि देखिएको छ । कसैद्वारा अबैध पेट बोकाइएकी लक्ष्मी नामकी केटी पुना घुम्न जाने निहुँमा चेतलाई साथीको रूपमा लिएर गएकी र पछि गर्भपतन गराएर चेतसितै घर फर्केकीले उक्त वातावरण सिर्जित भएको छ । “कहिलेकाहीँ एक सामान्यजस्तो देखिने व्यवहारभित्र कति भयङ्करता लुकेको हुन्छ । चेतचन्द्रले सोच्यो , हामीजस्ता मानिस अन्यद्वारा सजिलैसित मूर्ख बनाइँदा रहेछन् ।”[८३] पुना सहर परम्परागत मान्यतामा अझै विश्वास राख्ने वातावरण देखिन्छ । चेतचन्द्रको छोरा इशान बारम्बार बिरामी हुँदा केलकरको सल्लाहबमोजिम एक सिद्ध बाबाकहाँ लगी निको भएको कुरा प्रस्तुत उपन्यासमा वर्णित छ । “केलकरले एकदिन बताए, यहाँबाट पच्चीस किलोमिटर जति पर एकजना सिद्ध बाबा छन् । तिनकहाँ जानासाथ केही भन्दै नभनी सबै कुरा जान्दछन् । भविष्यावाणी, मन्त्र, बुटी सबथोकको सिद्धि प्राप्त छ । ”[८४] त्यस्तै महाराष्ट्रियनहरूलाई दशैँमा मासु वर्जित हुनु, शुद्ध शाकाहारी भोजन गर्नु, धर्मप्रति आस्था राख्नु, कम्युनिष्टहरूले धर्म नमान्ने हुनाले भास्कर रावद्वारा चेतलाई सतर्क

---

[८०] ऐजन, पृ. १७ ।

[८१] ऐजन,पृ. १९ ।

[८२] ऐजन, पृ. २६ ।

[८३] ऐजन, पृ. ३९ ।

[८४] ऐजन, पृ. ३९ ।

गराउनु, पशुबलि नरुचाउनु, जस्ता वातावरण पनि रहेको देखिन्छ । पुनाकै आर्मी कलेजमा भने रोमाण्टिक वातावरण रहेको छ । चेतचन्द्रले पढाएको एक विद्यार्थी जो अहिले आर्मी कलेजमा इन्जिनियरिङ पढिरहेको थियो । एकपटक उसैले चेतलाई होस्टलमा निम्त्याएकोले त्यहाँ जाँदा उक्त कुरा देखेको थियो । "सैनिक अफिसरहरूका साथ ड्रिङ्क गर्दै डिनर खानु, फिङ्गर बाउलमा हात धुनु, रम खानु सब नयाँ घटना थिए उसका लागि ।"[८५] बम्बईको भिटी स्टेसन एक व्यस्त ठाउँ हुनाले त्यहाँको वातावरण एकदम व्यस्त एवम् भीडभाडको वातावरण देखिन्छ । हजारौँ मानिसहरूको भीड, माछैमाछाको ओसारपसार तथा त्यहाँको दुर्गन्ध, मानिसहरू विभिन्न परिकारहरू हतारहतार खाइरहेका, भिटी स्टेसनको माथिल्लो तलाको एउटा रेस्टुरेन्टमा पाँच रूपैयाँमा मासु वा माछासहितको पूरा थाली पाइने हुनाले सधैँ भीड भइरहने, पेटीमा बसेर उखुको रस, सेङ, दाना, बीचमा धुवाँ आइरहेको तातो भुड्को राखेर चना बेचिरहेका, ठेलामा केरा बेचिरहेका, सेकेण्ड ह्याण्ड पुस्तक बेचेर जीविकोपार्जन गर्ने मानिसहरू आदि हुनाले उक्त स्टेसन अत्यन्त व्यस्त वातावरणमा गुज्रिरहेको देखिन्छ । त्यस्तै बम्बईकै ग्रान्टरोड चेलीबेटी बेचबिखन अनि यौन प्यास मेटाउने उपयुक्त वातावरण बनेको देखिन्छ । "अपराह्न्नदेखि पेटीकोट र कस्सिएको छोटो ब्लाउजमा यौन प्रदर्शन गर्दै सिँगारपेटार गरेर विभिन्न दैलामा उभिएका केटीहरू दयालाग्दा बढी थिए । आँखाले मात्र होइन, हातले पनि आउने इशारा गर्दथे । ती निरीह केटीहरूका अनुहार उदास भने भित्रैदेखि देखिन्थे ।"[८६]

बम्बईको सामाजिक वातावरण स्वार्थी प्रवृत्तिको देखिन्छ । बाहिरबाट आएका मानिसहरूको जीवन एउटा कुत्ताको जतिको पनि नठानेको देखिन्छ । विदेशी मानिसलाई हेप्ने, दबाउने, लुट्ने, कुट्ने तथा मौका परे ज्यान मार्नेसम्म गरेको देखिन्छ । "चेतचन्द्र बम्बई त गइरहन्थ्यो । एकपटक जाँदा बम्बईको एउटा सडकमा एकाबिहानै एउटा मानिस ट्रकले किच्चिएर मरेको दृश्य देखियो । वीभत्स किसिमले किचिएको रहेछ । .......किच्चिने मानिस बम्बईको थिएन । को थियो, कहाँको थियो, सनाखत पनि हुन सकेको थिएन ।"[८७]

चेतचन्द्र वि.सं.२०५९ सालमा अन्तिमपटक डेक्कन कलेज जाँदा विरक्तलाग्दो वातावरण रहेको थियो । चेतचन्द्र बसेको क्वार्टरको जीर्ण अवस्था, चौताराको अवशेष रहेपनि गुलमोहरका बोटहरू काटिएका तथा क्वार्टरहरू साफसित भत्किएको थियो । डेक्कन कलेजमा अध्ययनरत हुँदा चेतचन्द्रले धेरै आत्मीय मित्रहरू बनाएको देखिन्छ । चेतचन्द्रको बिदाइको क्रममा प्रायजसो मित्रहरूले आ-आफ्ना घरमा तथा होटेलमा मीठा-मीठा परिकारहरू ख्वाएर अविस्मरणीय बिदाइ गरेका छन् । "पद्मा मेहताले एकदिन विशुद्ध गुजराँती खाना ख्वाउन लगी । ...उसले सोध्यो-,"यो रेस्टुरेन्टमा पहिले किन नल्याएकी ? पद्माले भनी-,"मैले तिम्रो बिदाइ यही रेस्टुरेन्टबाट गर्ने विचार गरेकी थिएँ, त्यसैले ।"[८८] चेतको बिदाइको दिन सबैले गहभरी आँसु पारेर बिदा दिएका थिए । यहाँ बिदाइको अमिलो वातावरण छाएको देखिन्छ । चेतचन्द्र पुनाबाट फर्केपछि काठमाडौँलाई नियाल्दा उनीहरूजस्ता मानिसले काठमाडौँलाई आत्मीय बनाउन नसकिने देखेर चेत वीरगञ्ज सरुवा हुन चाहेको थियो किनकि काठमाडौँ यसबीचमा पुनः अपरिचित र टिक्न नसकिने वातावरण रहेको र बल्लबल्ल बनाएको आत्मीयता खजमजिइसकेको थियो । त्यसैले सर्बसाधारण मानिसको लागि

---

[८५] ऐजन, पृ.४२ ।

[८६] ऐजन, पृ. ४८ ।

[८७] ऐजन, पृ. ५० ।

[८८] ऐजन, पृ. ७० ।

काठमाडौँली वातावरण उपयुक्त नभएको देखिन्छ । त्यसपछि चेत वीरगञ्जको वातावरणमा रमाउन काठमाडौँबाट हिँडेको थियो । त्यसताक वीरगञ्ज अत्यन्तै गर्मीको वातावरण रहेको देखिन्छ । उसको घरको वातावरण पनि ज्यादै नाजुक रहेको छ । चेतचन्द्र सुत्ने एउटा बिचिल्ला कोठा, ठूलो बरण्डा, टिनको छानो, कौसीमाथि चारैतिर पर्खाल लगाइएको, त्यसकै मुन्तिर लहरै तीनवटा कोठा रहेका थिए । समग्रमा भन्दा आजका दृष्टिले पूरा घर बेकारको थियो । कोठाको पूर्वतिर एउटा सानो बगैँचा रहेको जसमा विभिन्न प्रकारको फूलहरू फुल्ने गरेको, घरको पश्चिम दिशामा फलफूलको बगैँचा रहेको तर उसको बिचिल्ला कोठा भने यी सबैबाट बञ्चित रहेको थियो । उसको कोठामा बिजुली बत्ती भएपनि बिजुली पङ्खा थिएन । त्यसैले उसको कोठा गर्मीले गर्दा अस्तव्यस्त वातावरणमा रहेको देखिन्छ । उसको घरको आर्थिक वातावरण पनि कमजोर रहेको देखिन्छ । खाना खानेहरूमा उसको चारजनाको परिवार मात्र नभइ स्वस्तिको माइतबाट आएर पालैपालो खाएर जाने गरेका थिए । त्यसैले उसले घरदेखि माइतसम्मकालाई धान्नुपर्ने अवस्था रहेको देखिन्छ । कसैसित सहायताको भीख माग्दा खाली क्रूरता मात्र हात पर्दथ्यो । यसरी हेर्दा वीरगञ्जको सामाजिक वातावरण पनि त्यति उपयुक्त नभएको बुझिन्छ ।

वीरगञ्जमा चेतचन्द्र गर्मीयाममा नुहाएर घाँटीमा पाउडर छर्की बेलुकीतिर घुम्न जाने गरेको देखिन्छ । मनोञ्जन गर्ने क्रममा तास, कौडी र सिनेमा हेर्ने वातावरण बनेको देखिन्छ भने अखबार पढेर ज्ञान तथा मनोरञ्जन लिने वातावरण चाहिँ कम देखिन्छ । त्यसैबेला चेतचन्द्रले हरिमास्टरद्वारा सङ्गीत सिक्नेसमेत वातावरण पाएको देखिन्छ ।

चेतचन्द्रको बाबु गोविन्दचन्द्रको पालामा कतिपय परम्परावादी धारणामा हेक्का राख्नुपर्ने वातावरण देखिन्छ । "कुन बाटो वा कुन दिशामा हिँड्ने वा नहिँड्ने, हिँड्ने बेलामा छिउँ गर्नु आदि उनी निकै विचार गर्दथे । केटाकेटीहरूले यी सब कारणले कतिपटक चुटाइसमेत खाएका थिए ।"[८९] गोविन्दचन्द्र खानमा सौखिन हुनाले घरमा माछामासु तथा अन्य स्वादिष्ट परिकार पाकिरहने, दही, दुध, घिउ खान पाइने तथा दशैँमा जख्खू खसी काटेर भोजभतेर गर्ने खालको वातावरण रहेको देखिन्छ । जग्गाको अंशबण्डाको क्रममा भने गोविन्दचन्द्रका छोराहरूबीच सहज मानसिक वातावरण पाइँदैन किनकि गोला हान्दा चेतचन्द्रलाई राम्रो जमीन परेको र अन्य दाजुहरूलाई केही दब जमीन परेकाले फेरि गोला हान्न लगाई दाजुहरूले आफूमा राम्रो जमीन पारेको देखिएको छ । कृति लेखनको क्रममा एक-अर्कामा उब्जिएका कुराहरूमाथि विश्लेषण गरी स्तरीय कृति सिर्जना गर्ने तिनै दाजुभाइहरू जमीनको लोभलालचमा फँसी उक्त स्वच्छ मानसिक वातावरणमा केही धमिलोपन आएको देखिन्छ ।

चेतचन्द्रले जीवनमा जति पनि कृतिहरू सिर्जना गऱ्यो, ती कृतिहरूका बारेमा अनावश्यक र बेकम्मा भनी कृतिमार्फत् चेतको आलोचना गर्ने आलोचकहरूको बिगबिगी रहेको देखिन्छ भने उसका तिनै प्रत्येक कृतिहरूलाई नौलो उपलब्धि मानेर प्रशंसा गर्ने मित्रहरू पनि रहेका देखिन्छन् । उसका ती प्रत्येक कृतिहरू आलोचक र समालोचकीय वातावरणको चेपबाट हुर्किंदै आएको देखिन्छ । "रमेशले केही समय अघि उसको **डापी** उपन्यासको समालोचना लेखेका थिए । लेख्तालेख्तै उनले एक ठाउँमा लेखे, यो एसियाकै अद्वितिय उपन्यास हो ।"[९०] त्यसदिन रमेशले आएर भने-,"दाई तपाईंको रीस गर्ने अब बढ्दैछन् । हिंजो दोकानमा ध्रुव सापकोटा आएर मैले डापीलाई एसियाकै

[८९] ऐजन, पृ. ५६ ।

[९०] ऐजन, पृ. ६२ ।

अद्वितिय भनेकोमा धेरै विरोधमा बोलेर गए ।"[९१] त्यस समयमा काठमाडौँको जतिसुकै थोत्रो लेखक पनि राष्ट्रिय मानिने तर बाहिर जतिसुकै राम्रो लेखेपनि क्षेत्रीय बनाइन्थ्यो । त्यसैले सच्चा र प्रतिभावान व्यक्तित्वको उचित मूल्याङ्कन हुन नसकी रोव, रवाफ तथा धाकको भरमा मात्र काम बन्ने र लाटा, सीधा जनता वा लेखकका लागि उचित न्यायको वातावरण नभएको देखिन्छ । यस्तै वातावरणमा रूज्दै ऊ काठमाडौँको बत्तीसपुतली राममन्दिर नजीकको एउटा घरमा डेरा लिई त्रि.वि.वि.मा अध्यापन गर्न थालेको देखिन्छ । ऊ बसेको घरमा पनि डेरावालाको लागि बस्ने उचित वातावरण बनेन । घरबेटीले पानी र बत्तीको निहुँ निकालेर रातदिन कचकच गरेको देखिन्छ । "एउटी महिलाले आएर भनी-,"यसरी लुगा दिनदिनै धुनुहुँदैन नानी ! पानीले गर्दा हेर्नोस त भित्ताभरि सेप लागिसक्यो । ...नानी तपाईंहरू त बत्ती पनि आधारातसम्म बाल्नुहुँदो रहेछ ।"[९२] डेरामा बस्ने उचित वातावरण नभएकोले चेतचन्द्रले चाबेलको मौजुबहालमा एउटा तीनकोठाको एकतले घर पैंसठ्ठी हजारमा किनेर त्यहीँ बस्न थालेको देखिन्छ । जसमा एउटा भान्साकोठा, एउटा शयनकोठा र अर्को बैठककोठा हुनाले अब चेतचन्द्रले बासस्थानको लागि राम्रो वातावरण पाएको देखिन्छ ।

चेतचन्द्र कीर्तिपूरमा अध्यापन गर्दाका बखत मोहनराज शर्मा, राजेन्द्र सुवेदी आदिसँग घनिष्ट सम्बन्ध भएकाले फुर्सदको समयमा आ-आफूले लेखेका लेखरचनाहरू एकअर्कामा सुनाउने, विचारविमर्श गर्ने आदि बौद्धिक बातावरण रहेको देखिन्छ । त्यही समयमा पिकनिक गएर रमाइलो गर्ने, सुरापान गर्ने, नाच्ने, गाउने आदि गर्दै रमाइलो वातावरणमा जीवन व्यतित भैरहेको देखिन्छ । त्रि.वि.वि.मा अध्यापन गर्दा व्यस्तताका कारणले उसले सोचेजस्तो गरी कृति सिर्जना गर्न नसकेकोले लेख्ने वातावरण मिलाउनको लागि डीन महेशकुमार उपाध्यायलाई अनुरोध गर्दा काजको रूपमा चेतलाई उनकै कार्यालयमा झिकाइ केही लेख्ने राम्रो वातावरण प्रदान गरेको देखिन्छ । "महेशकुमारले सहायता गरेर नै चेतले ती दिनहरूमा केही लेख्न सक्यो ।"[९३] त्रि.वि.वि.को शैक्षिक क्षेत्रमा भने भनसुन, घुसखोरी, चाप्लुसी नगरी पदान्नति हुन नसक्ने वातावरण रहेको देखिन्छ । एकपटक प्राध्यापक हुने अन्तर्वार्तामा आफू सक्षम वा योग्यता पूरा पुग्दा पनि चाप्लुसी गर्न आवश्यक नदेखी ढुक्क भएर बस्ता पछि परिणाम निस्कँदा ऊ फेल भएको थियो भने घुसखोरी, चाप्लुसी गर्ने व्यक्तिहरू भने बढुवा भएर गएका थिए जो योग्यतामा चेतचन्द्रभन्दा निम्नस्तरकै देखिन्थे । यस्तो नसोचेको परिणामले चेतचन्द्रमा नैराश्यको वातावरण छाएकोले त्रि.वि.वि.बाट स्वेच्छापूर्वक राजीनामा दिएको देखिन्छ ।

चेतचन्द्र गतिलो लेखक भएर पनि परिवार तथा आफ्नो पेटको लागि दिनभर आफ्नो पुस्तक बेचेर त्यसबाट आएको पैसाले बिहान-बेलुकीको छाक टारेको एक कारूणिक गरिबी वातावरण रहेको देखिन्छ । त्यसैले नेपालमा कुनै पनि लेखकले कलमको भरमा सहजरूपले जीविकोपार्जन गर्न सक्ने वातावरण रहेको देखिँदैन । चेतमा उक्त समस्या सिर्जना भएको वि.सं.२०४३ साल भनी प्रस्तुत उपन्यासमा किटान गरेको देखिन्छ ।

एकपटक चेतचन्द्र बालसाहित्यको गोष्ठीमा जापान जाने मौका मिलेको देखिन्छ । जापानमा खाना जहाँसुकै खाएपनि होटल अत्यन्तै महङ्गो रहेको देखिन्छ । त्यसैले उनीहरूको सीमित भत्ताले महङ्गो होटेल धान्न नसक्ने अवस्था देखिन्छ । उक्त ठाउँमा केटी पनि ट्याक्सी

---

[९१] ऐजन, पृ. ६२ ।

[९२] ऐजन, पृ. ९५ ।

[९३] ऐजन, पृ. १०० ।

चालक हुनाले स्वास्नी मानिस पनि पुरुष सो-सरहकै हरेक कार्य गर्न सक्ने वातावरण सिर्जना गरेको देखिन्छ । गाडीमा टेलिफोन जडान हुनाले सम्बन्धित व्यक्तिलाई सजिलै बोलाउन सक्ने वातावरण बनेको देखिन्छ । आइतबारका दिन सिङ्गै सडक बन्द हुनाले सडकमै मेला लाग्ने गरेको देखिन्छ । खानबस्न महङ्गो भएपनि बाहिरबाट आउने अतिथिहरूको राम्रो तवरले स्वागत गर्ने वातावरण पाइन्छ । सहयोगी भावनाले भरिएका मानिस हुनाले चेतचन्द्रले फोनको बिलसमेत तिर्नु परेन । योको नामकी एक केटीले एउटा पसलबाट उपहारस्वरूप कल्चर्ड मोतीको माला किनाइदिएकी थिइन् भने दिनभरि एक महिलाले चेतचन्द्रलाई आफ्नै गाडीमा राखेर आठ घण्टा टोकियो सहर घुमाइदिएकी छ । ती महिलाले अन्यभन्दा नेपालीहरू बढी मनपर्ने कुरा पनि बताएकी थिइन् । तिनै महिलाले एउटा विशाल पुस्तक पसलमा लगेर एउटा पाण्डुलिपि पुरस्कार पाएको न्यु मुराकामीको पुस्तकसमेत किनाइदिएकी छ । यसरी हेर्दा नेपालीहरूका लागि जापान तथा त्यहाँका बासिन्दाहरूले देखाएको आदर, सद्भाव अत्यन्तै राम्रो भएको पाइन्छ । त्यसैले त्यहाँको सामाजिक वातावरण नेपालीहरूका लागि उपयुक्त रहेको छ ।

चेतचन्द्रले नीर शाहको सङ्गतले गर्दा फिल्म क्षेत्रसम्बन्धी विशेष ज्ञान बढाउने उचित वातावरण पाएको देखिन्छ । चेतचन्द्रको **कट्टेलसरको चोटपटक** उपन्यासको कथा झिकेर नीर शाहले **वासुदेव** नामक फिल्म बनाएर चेतचन्द्र अझ चर्चित बन्ने अवसर मिलेको छ । यही उपन्यास फिल्ममा रूपान्तरित हुँदाको बखत केही अर्थ बटुल्ने अवसर पनि प्राप्त गरेको पाइन्छ । नारायणगोपालको सम्पर्कले आफूले त्यस अघि लेखेभन्दा इतर विधामा कलम चलाउने अवसर प्राप्त गरेको पाइन्छ । चेतचन्द्रले नारायणगोपालको अनुरोधमा **श्रीकृष्णलीला** गीतिनाटक र **दुर्गावतार** नृत्यनाटिका लेखेर अझ चर्चित बन्न पुगेको पाइन्छ । यसबाट पनि आर्थिक समस्यामा केही टेवा पुगेको पनि पाइन्छ ।

चेतचन्द्रको एक पण्डितसित घनिष्टता भएपछि सबैभन्दा बढी साहित्यिक चर्चा तिनै पण्डितसित गरेको कुरा वर्णित छ । उनीहरू एक-अर्काले लेखेका लेखरचनाहरू सुनाउने तथा टिकाटिप्पणी गर्ने वातावरण पाएको देखिन्छ । प्रायः पण्डितकै घरमा गएर खाना खाने अनि रक्सी पिउनेसमेत वातावरण पाइन्छ । यसरी चेतचन्द्रले मित्रहरूसित जतिनै घनिष्टता कायम राख्न खोजेपनि अन्त्यमा ऊ एक्लै भएको र पुस्तकलाई नै एक असल र नजीकको मित्र मान्नुपर्ने वातावरण सिर्जना भएको देखिन्छ । “अब सम्भवतः सबभन्दा महान मित्र पुस्तकलाई मान्नुपर्ने दिन आयो । यसले कहिल्यै धोका दिँदैन ।”[९४]

त्यसताक **अलिखित** साथै अन्य धेरै उपन्यासहरू त्यसबर्षको मदन पुरस्कारको लागि सामेल भएका थिए । एकरात शेखर गिरीको डेरामा ध्रुव सापकोट, शेखर अनि चेतचन्द्र रक्सी खाँदै पुरस्कार घोषणाको प्रतीक्षा गरेको पाइन्छ । त्यस समयमा चेतचन्द्रमा त्रास, भय तथा उत्सुकता मिश्रित वातावरण देखिन्छ । अन्त्यमा **अलिखित** ग्रन्थका लागि ध्रुवचन्द्रलाई मदन पुरस्कार प्रदान गरिने खबर पाएपछि सबैका मनमा खुसीको वातावरण छाएको देखिन्छ । यसले चेतको साहित्यिक स्तरमा एक्कासि वृद्धि गराएको पाइन्छ । उक्त साहित्यिक क्रियाकलाप वि.सं. २०३९/२०४० भित्र घटित भएको कुरा पनि उपन्यासमा उल्लेख छ । यही **अलिखित** ग्रन्थकै कारणले चेतलाई सर्वनाम नामक संस्थाले अभिनन्दन पनि गरेको छ । पछि **अलिखित** ग्रन्थको कथामा आधारित एक एक टेलिशृङ्खला

---

[९४] ऐजन, पृ. १३० ।

पनि बनेको पाइन्छ । **अलिखित** उपन्यास एक विद्वानले **अनरिटेन** नाउँले अङ्ग्रजीमा प्रकाशित गराएर चेतचन्द्रको साहित्यिक वातावरण आकाशजत्तिकै फराकिलो, समृद्ध र शसक्त पारिदिएको देखिन्छ ।

प्रस्तुत उपन्यासमा प्रकृतिचित्रण कम नै देखिन्छ । उपन्यासको आरम्भ नै प्रकृतिवर्णनबाट भएको देखिन्छ । "त्यसबखत बेलुकीको छ बजेको हुँदो हो । चेतचन्द्र आफ्नो बरण्डामा एउटा मेचमा बसेर मधुरो हुँदै गएको घाम हेरिरहेको थियो । पूर्वतिर केही स-साना चट्टानहरू थिए । कहिलेकाहीँ उसको ध्यान चट्टानतर्फ पनि जान्थ्यो ।[९५]

डेक्कन कलेजमा सबभन्दा रमाइलो दृश्य त्यसबखत देखिन्थ्यो, जब गुलमोहर भन्ने फूल फुल्दथ्यो । सडकका दुवैतिर लहरै उभिएका गुलमोहरका रूखहरू ढकमक्क फुल्दा लाग्थ्यो, ती हाँसिरहेका छन् र हाँसोको पनि रङ हुँदारहेछ ।[९६] अलिपर इमलीको एउटाविशाल वृक्ष थियो । छेउमै हो क्यार एउटा त्यत्तिकै बुढो तर नभ्याम्मिएको बरको रूख पनि थियो ।[९७]

माथिका प्रकृतिवर्णन चेतचन्द्र विद्यावारिधिको लागि भारतको पुनास्थित डेक्कन कलेज जाँदा कलेज वरिपरिको प्रकृतिवर्णन गरेको देखिन्छ ।

म, स्वस्ति र त्यो तमिल आइमाई त्यो बाटामा हिँडिरहेका छौँ । जहाँ भूतको घटना घट्यो । त्यो बाटो त मेरो गाउँ जाने बाटो जस्तो पो रहेछ । चउरगडीको लीक, बालुवा मिसिएको धूलो, एउटा दुईटा आँपको हुर्किसकेको बिरूवालाई बारेको, परतिर कुनै गाउँ छ, जो आँपको बगैँचा वा अरू जातका रूखहरूले गर्दा अर्धदृष्ट मात्र छ । ढाकिएको छ ।[९८]

माथिको प्रकृतिवर्णन चेतचन्द्रले सपनामा देखेको जुन उसले डायरीमा टिपेर राखेको थियो । पुनाको अध्ययन सकेर घर फर्किने क्रममा रेलमा बसेर उक्त डायरी हेरेको प्रसङ्गमा उक्त प्रकृतिवर्णन आएको देखिन्छ । घटनाक्रमलाई स्वभाविक र विश्वसनीय बनाउन माथिको प्रकृतिवर्णन उपयुक्त देखिन्छ ।

गुलाफका एक वा दुई बिरूवा मात्र थिए । एउटा सेतो गुलाफ थियो, त्यो सुगन्धित थिएन । गोदावरी फुलेको हेर्न मन पर्दथ्र्यो । सयपत्री पनि मन पर्दथ्र्यो ।[९९]

दशैँको समयतिर दिनदिनै बिहान गयो, बोटमुन्तिर पारिजातका तिनै साना राम्रा र सुगन्धित फूलहरू कार्पेट ओछ्याएजस्तै गरी छरिएका हुन्थे, त्यसको सुगन्ध पनि उसलाई विशेष मन पर्दथ्यो ।[१००]

---

[९५] ऐजन, पृ. १ ।

[९६] ऐजन, पृ. १ ।

[९७] ऐजन, पृ. ४ ।

[९८] ऐजन, पृ. ७२ ।

[९९] ऐजन, पृ. ८१ ।

[१००] ऐजन, पृ. ८१

माथिको प्रकृतिवर्णन चेतचन्द्रको पुरानो बासस्थान वीरगञ्जको आफ्नै घर वरिपरिको देखिन्छ । ऊ बाल्यकालमा छँदा उक्त बगैँचाको विचरण गरेको कुरा संस्मरणको रूपमा यहाँ प्रस्तुत भएको छ ।

प्रस्तुत उपन्यासमा प्राकृतिक चित्रण अत्यन्तै फितलो रहेको तथा वातावरणीय दृष्टिकोणले बाँकी अन्य ठाउँहरूको नाममात्र उल्लेख हुँदै हराउँदै गरेका वा वातावरणीय विशेषता नभएकाले तिनीहरूका बारेमा विश्लेषण गर्न आवश्यक देखिएन ।

समयको किटान गर्ने क्रममा उपन्यासमा घटित घटनाले जटिलता सिर्जना गरेका छन् । कतिपय घटनाहरूको समय उपन्यासमै उल्लेख गरेको पाइन्छ भने कतिपय घटनाहरूको समय अड्कल मात्र पनि गर्नुपर्ने हुन्छ तर पनि उपन्यासमा घटित सम्पूर्ण घटनाको समय किटान नभए पनि उपन्यासमा घटेका घटनाक्रमलाई हेर्दै जाँदा समयको बारेमा खोजी गर्न सकिन्छ ।

उपन्यासको सुरू नै डेक्कन कलेजको प्राकृतिक वर्णनबाट सुरू भएकाले चेतचन्द्र विद्यावारिधिका लागि उक्त कलेज पुगेको समयलाई किटान गर्नुपर्ने हुन्छ । चेतचन्द्रले सन् १९७९ मा भारतको पुना विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि हासिल गरेको पाइन्छ । यसरी डेक्कन कलेज प्रवेश गरेपश्चात् उपाधि प्राप्त गरून्जेलसम्मको समय वि.सं. २०३४/०३५/०३६ साल हो भनी किटान गर्न सकिन्छ किनकि उपाधि हासिल गर्न कम्तीमा दुई बर्ष लाग्ने हुनाले उक्त समय किटान गर्न सम्भव भएको हो । त्यसैले डेक्कन कलेज प्रवेशदेखि उपाधि प्राप्त गरून्जेलसम्मका घटनाहरूलाई वि.सं. २०३५/२०३६ सालभित्र समेट्न सकिन्छ । प्रस्तुत उपन्यासको घटनाक्रम रैखिक रूपमा नभई चक्रीय रूपमा घुमेकोले उपन्यासका घटनाक्रमहरू कहिले वर्तमानमा हुने, कहिले भूततिर फर्कने त कहिले भविष्योन्मूख पनि हुने गरेका छन् । मोटामोटी घटनाक्रमको समय वि.सं.२०३४-०३६ सालतिरको भएपनि चेतचन्द्रले आफ्नो बाल्यकालमा गरेका विभिन्न क्रियाकलापहरूको ठाउँ-ठाउँमा वर्णन हुनाले उपन्यासको समय अझै अगाडि आएको देखिन्छ ।“आफ्नी आमा दीपवतीको कन्तुर त्यही कोठामा छ । ऊ आमाको आँचल समाएर उभिइराखेको छ । आमा कन्तुरबाट झिकेर एकटुक्रा नरिवल, अबीर लागेको उसलाई दिन्छिन् । कुनै-कुनै बेला आमा फर्केर आफ्नो आँचल चेतको कलिलो हातबाट छुटाउँछिन् ।”[१०१] उक्त वाक्यहरूबाट के कुरा स्पष्ट हुन्छ भने उपन्यासको समय उसको बचपनको अवस्थासम्म पुगेको छ तर समय भने किटान गरेको देखिँदैन । समयको क्रमसँगै वि.सं.२०२१ सालमा भएको अंशबण्डाको घटना, वि.सं.२०२० सालतिर नेपालमा विश्वसाहित्यको नवीन प्रवृत्तिले प्रवेश पाएको र त्यस प्रवृत्तिले चेतचन्द्रको जीवनशैली तथा साहित्यिक गतिविधिमा प्रभाव, वि.सं.२०२४ सालमा बाबु गोविन्दचन्द्र एन्जाइना रोगले ग्रसित र वि.सं.२०३५ सालमा सोही रोगको कारणले उनको मृत्यु भएको घटना, वि.सं.२०३४ सालतिर आर्मी कलेजमा व्यवस्थापन पक्ष अवलोकन गरेको घटना, डेक्कन कलेज भर्ना भएपश्चात् अथवा वि.सं.२०३४/२०३५ सालतिर लक्ष्मीरोडमा यौनवृत्तिको घटना, सोही कलेजमा मेरीको आगमनले केटाहरूमा रौनक छाएको र हिँडेपछि सबैको आठ तालु सुकेको घटना, जयजवान नगरका मानिसहरूद्वारा डेक्कन कलेज चोरी भएको, जयजवान नगरको अस्तव्यस्तता, चेतचन्द्रको छोरो इशान बिरामी परेको घटना, किनमेल गर्न जाँदा एकैदिनमा दुई-दुइवटा छाता हराएको परिवारै निथ्रुक्क पानीले भिजेर घर पुगेको घटना, बम्बईमा मात्र नभै पुनामा समेत नेपाली चेलीबेटी बेचबिखन गर्ने ठूलो मण्डी बनेको, धनुषचन्द्रले घामका पाइलाहरू नामक उपन्यास आफ्नै

---

[१०१] ऐजन, पृ. ८७ ।

दाजुभाइहरूको विचारलाई मथेर लेखेका र पछि त्यस उपन्यासले मदन पुरस्कार पनि प्राप्त गरेको घटना, रेलको यात्रा र त्यहाँ भ्रेलेको परिस्थिति, बम्बईमा अपरिचित विदेशी मानिस ट्रकले किच्चिएर मरेको घटना, यही समयमा चेतले अति धेरै विदेशी मित्रहरू बनाएको घटना, उसको जीवनमा मित्रता जोडिनुको भन्दा तोडिनुको कथाव्यथा बढी भएको प्रसङ्ग, वि.सं.२०३५ साल श्रावण १५ देखि त्रि.वि.वि.मा सेवा गर्न थालेको र वि.सं.२०५१ सालमा असन्तुष्ट भै राजीनामा दिनुपरेको घटना देखिन्छ । वि.सं.२०३६ सालमा चाबेलको मौजुबहालमा एउटा घर किनी आफू तथा आफ्नो परिवारले केही होलो सास फेरेको देखिन्छ । त्यही समय चेतचन्द्र राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्य सचिवमा नियुक्त भएको पाइन्छ । तत्पश्चात् साझा प्रकाशनको चुनावमा जितेर दुई बर्ष बेग्लै अनुभव पनि बटुलेको देखिन्छ । वि.सं.२०४३ सालमा उसको आर्थिक अवस्था ज्यादै नाजुक रहेकोले आफ्नो **निमित्त नायक** कृति बेच्दै आफ्नो परिवारको पेट पाल्ने कार्य पनि गरेको देखिन्छ । साझा प्रकाशनमा कार्यरत रहेकै बेला बालसाहित्यको गोष्ठीमा जापान जाने मौका मिलेको र त्यहाँ पनि उसले मित्रवत् व्यवहार पाएको देखिन्छ । चेतचन्द्रको **कट्टेलसरको चोटपटक** उपन्यासको कथानक झिकेर नीर शाहले **वासुदेव** नामक फिल्म बनाएको पाइन्छ तर यो फिल्म बनाएको समय भने उपन्यासमा किटान गरिएको छैन । त्यस्तै नारायणगोपालको अनुरोधमा श्रीकृष्णलीला गीतिनाटक र दुर्गावतार नामक नृत्यनाटिका लेखेका तर यसको पनि समय किटान गरिएको छैन । वि.सं.२०४० सालमा चेतचन्द्रले **अलिखित** उपन्यासमार्फत् मदन पुरस्कार पाएको देखिन्छ । वि.सं.२०५५ सालमा जापान फाउन्डेसनको निम्तोमा भ्रमण र त्यहाँको भिटी स्टेसन अवलोकन गरेको पाइन्छ । त्यस्तै गरी वि.सं.२०५९ सालमा अन्तिमपटक पुना जाँदा आफू बसेको क्वार्टर तथा आफू डुल्नेघुम्ने गरेको वरबगैंचा, चौतारो तथा गुलमोहरका रूखहरूको अस्तित्व समाप्त भएको देखिन्छ ।

प्रस्तुत घुर्मी उपन्यास स्वयम् अनुभवन्यास सिद्ध भएकोले चेतचन्द्रले विगतका जीवनमा गरेका उहापोहहरूलाई आख्यानीकृत गरिएको पाइन्छ । चेतचन्द्रको जीवनमा घटेका मुख्य घटनाहरूको समयलाई नियाल्दा वि.सं.२०३४ देखि वि.सं.२०४० सम्मको समय महत्वपूर्ण रहेको देखिन्छ । समग्र उपन्यासको समयावधिलाई हेर्दा भने चेतचन्द्रको बाल्यावस्थासम्म अर्थात् वि.सं.२००९/२०१० सालसम्म पुग्नुपर्ने देखिन्छ । यिनै तथ्यहरूको आधारमा उपन्यासको समग्र समयावधि पाँच दशक वा पचास बर्षको मान्नुपर्ने देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा कथावस्तुलाई नभइ नहुने देशकाल र वातावरणको चित्रण उपन्यासमा भएको पाइन्छ । धार्मिक तथा सामाजिक वातावरणको चित्रण यस उपन्यासमा भएको पाइन्छ । यस उपन्यासमा बाहृयरूप आन्तरिक दुवै वातावरणको चित्रण भए पनि बाहृय वातावरणको चित्रण बढी भएको पाइन्छ । उपन्यासको अन्तिम वातावरण सुखपूर्ण रहेको छ । चेतचन्द्रको **अलिखित** उपन्यासले मदन पुरस्कार प्राप्त गर्नुले उपन्यास सुखान्तमा टुङ्गिएको देखिन्छ ।

## ४.४ घुर्मी उपन्यासको संवाद

उपन्यासभित्र प्रशस्तै पात्रहरू आएका हुन्छन् । ती पात्रहरूको बीचमा आ-आफ्ना विचार आदान-प्रदानबाट उपन्यासले एउटा गति पाएको हुन्छ । पात्रहरूले आफ्ना विचार, भावना, हर्ष-विषाद, उल्लास-विस्मय, करूणा-क्रोध आदि मनोरागलाई व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालापलाई संवाद वा कथोपकथन भनिन्छ ।[१०२] उपन्यासमा उपन्यासकारकै वर्णन विश्लेषणलाई

[१०२] केशवप्रसाद उपाध्याय, साहित्य प्रकाश, पाँचौं संस्करण, काठमाडौं : साझा प्रकाशन, वि.सं.२०४९, पृ. १७१-१७२ ।

औपन्यासिक प्रस्तुतिको आधार मान्न सकिन्छ । यस्तो आधार मानिएपनि उपन्यासमा नवीनता, रोचकता, साथै कौतूहलतापूर्ण स्थिति र वातावरणको सिर्जना गर्नको लागि संवादको महत्वपूर्ण भूमिका रहन्छ ।[१०३] आधुनिक उपन्यासहरूमा संवादको स्थान महत्वपूर्ण हुँदै आएको देखिन्छ । उपन्यासका सम्पूर्ण घटनाहरूलाई संवादका आधारमा अघि बढाइएको पाइन्छ । औपन्यासिक पात्रलाई वास्तविक जीवनसित जोड्ने काम संवादबाटै भएको हुन्छ । पाश्चात्य जगतका अर्नेष्ट हेमिङ्बे जस्ता उपन्यासकारले आफ्ना उपन्यासलाई संवादात्मक प्रवाहमै आधारित बनाएका छन् ।[१०४] संवादले उपन्यासमा आउने घटना र कार्यव्यापारलाई गति प्रदान गर्नु मात्र नभई सुसङ्गठित पनि बनाउँछ । संवादलाई प्राकृतिक, समुचित र नाटकीय बनाउनेतर्फ उपन्यासकारको ध्यान रहेको हुन्छ । त्यस्तो संवादले मात्र पात्रको व्यक्तित्वलाई अक्षुणरूपमा प्रस्तुत गर्न सक्तछ र परिस्थितिको उपयुक्ततामा पनि वृद्धि गर्दछ । संवाद पाठकका लागि सजिलो, स्वस्थ, हलचल मच्चाउने र रोचक हुनुपर्दछ । संक्षिप्तता नै संवादको सार्थकता हो भने पात्रका स्तर अनुकूलको संवाद यथार्थको अनुभूति हो ।[१०५] उपन्यासमा प्रत्यक्ष र नाटकीयजस्ता विधिबाट चरित्रचित्रण भएको पाइन्छ ।

**घुर्मी** उपन्यास संवादका दृष्टिले निक्कै महत्वपूर्ण छ । यसमा प्रयुक्त संवादहरूमा मानक नेपाली भाषामात्र नरहेर नेपाली भाषाका स्थानीय भाषिकाहरू र हिन्दी, अङ्ग्रेजी जस्ता भाषाका पूर्ण वाक्यहरू पनि रहेका छन् । सुरूकै खण्डमा पुनितकी आमा ललिताले भनेको"ये वही अङ्कल हैं, जिन्हों ने तुम्हे बचपन मे साँप से बचाया था ।" भन्ने संवादले पुष्टि गर्दछ । संवादका आकारप्रकार पनि लामाछोटा विभिन्न आकारमा रहेका छन् । छोटामा एक शब्ददेखि भण्डै अनुच्छेद आकारसम्मका लामा संवादहरू प्रयोग भएको पाइन्छ । उपन्यासमा प्रयुक्त महत्वपूर्ण संवादहरूलाई निम्नानुसार अघि सार्न सकिन्छ ।

प्रस्तुत **घुर्मी** उपन्यास डेक्कन कलेज तथा कलेज वरिपरिको वातावरणको वर्णन गर्दै अघि बढेको छ । जी.एल.बादाम तथा ललिता बादामको छोरा पुनित सानै छँदा चेतचन्द्रले साँपबाट उसलाई बचाएको थियो । पछि चेतचन्द्र बादामको घरमा जाँदा पुनितले चेतलाई नचिनेकोले उसकी आमाले चेतचन्द्रको परिचय पहिलेको घटनासँग जोडेर गराएकी थिइन् । "ये वही अङ्कल हैं, जिन्हों ने तुम्हे बचपन मे साँप से बचाया था ।"[१०६] यस संवादमा चेतचन्द्रप्रति बादामहरूको आभार व्यक्त गरेको आन्तरिक भाव देखिन्छ । यस उपन्यासमा स्थानीय रङको बढी प्रभाव परेको हुनाले हिन्दी भाषाको प्रयोग भएको देखिन्छ ।

चेतचन्द्र कलेजभित्र घुमिरहेको बेला एक्कासि एउटा साथी आई लक्ष्मीरोड घुम्न जाने आग्रह गरेको एक संवाद रहेको छ :-"त्यसले भन्यो,"आइ एम गोइङ टु लक्ष्मी रोड ।"
-"ह्वाट फर ?"
-साथी हाँस्यो, "घुम्न जाने भए जाउँ ।"[१०७]
-काठको मक्किन आँटेको भऱ्याङ उक्लँदै उसले सोध्यो,"आर यु इन्ट्रेस्टेड ?"

---

[१०३] हिमांशु थापा, पूर्ववत्, पृ. १४१ ।

[१०४] कृष्णहरि बराल र नेत्र एटम, पूर्ववत्, पृ. ३६ ।

[१०५] ऐजन, पृ. ३६ ।

[१०६] ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ. २ ।

[१०७] ऐजन, पृ. ४ ।

-“नट एट अल । ”[१०८] यहाँ चेतको साथी यौनपिपासु रहेको देखिन्छ । यस्तो कार्य चेतलाई पटक्कै मन नपरेको भाव माथिको संवादले बोकेको छ । संवादलाई विश्वशनीय तथा नवीन बनाउन पात्रहरूलाई अङ्ग्रेजीमा संवाद गर्न लगाइएको छ ।

चेतचन्द्रको कोठा सफा गरिदिने क्रममा एक आइमाईको चोलीबाट स्तनको कम्पन बारम्बार बाहिर आउने गरेकाले चेतचन्द्रले उक्त आइमाईलाई सजग गराउन संवादात्मकरूपमा कुराकानी अघि बढेको देखिन्छ :-कामसाम सकेर जान लाग्दा चेतले भन्यो-,“तु एसा ब्लाउज काइको पहनती ?” उसले लाज त प्रशस्त मानी तैपनि यति भनेर हिँडी-,“सब्बी ऐसाइच पहनता साब ।”[१०९] माथिको संवादको आन्तरिक भाव चेतलाई यौनवृत्तिमा उकास्न खोजेको देखिन्छ र चेतको पनि भित्री आशय त्यस आइमाईलाई कुत्कुत्याउनु नै रहेको बुझिन्छ ।

चेत र पद्मा कलेजका नजिकका मित्र हुनाले एकदिन दर्शनसम्बन्धी कुरा गदागर्दै पद्माको विहेमा आएर बहस हुन थालेकोले यहाँ एक संवाद प्रस्तुत छ :- त्यसको कुनै अप्रत्यासित क्षणमा पद्माले भनी,-“यु नो गौतम, आइ एम स्टिल अ भर्जिन ।”
चेतचन्द्रले यतिमात्र बोल्न सक्यो,-“रियली ?”[११०] माथिको संवादमा पद्माले चेतलाई अत्यधिक मन पराएकी तर सोझोरूपमा भन्न नसकेको देखिन्छ । आफूलाई पवित्र सावित गरेर चेतलाई आफूप्रति आकर्षित गर्न खोजेको भाव उक्त संवादले बोकेको छ ।

मेरी नामकी अत्यन्त राम्री केटी डेक्कन कलेज पढ्न आएको बखत चेत र मेरीबीचको संवाद यस्तो रहेको छ :-मेरी नजिक आएपछि सधैं झैं मुसुक्क हाँसेर भनी,-“हाउ आर यु गौतम ?”[१११]
चेतचन्द्रले भन्यो,-“फाइन आइ वान्ट टु रिक्वेस्ट यु समथिङ इफ यु डन्ट माइण्ड ।” चेतले भन्यो,-“आइ ह्याभ रिटेन अ सिनोप्सिस अफ द स्क्रिप्ट फर अ फिल्म, सिन्स माइ इङ्लिस इज अर्डिनरी, आइ वान्ट यु टु चेन्ज इट इन्टु अ बेटर इङ्लिस ।” पर्सिपल्ट मेरीले एउटा राम्रो अङ्ग्रजीमा सिनोप्सिस ल्याएर उसलाई दिँदै भनी,-“यु टेल मी इफ देयर इज सम हाइ फ्लो इन माइ इङ्लिस ।”[११२]

चेतचन्द्रलाई मेरी अत्यन्तै मन परेको र अप्रत्यक्षरूपमा नजिकिँदै अनि अन्य साथीहरूलाई सबै पक्षमा उछिनेर जाने मनशायले उक्त स्क्रिप्ट लेख्न अनुरोध गरेको भाव झल्किन्छ ।

एकदिन चेत र चेतको परिवार किनमेल गर्न बजार जाँदा चेतले दुईवटा छाता एकैदिनमा हराएको बारेमा एक संवाद प्रस्तुत छ :-
“छाता खोई ?” उसले सोध्यो ।

---

[१०८] ऐजन, पृ. ५ ।
[१०९] ऐजन, पृ. ८ ।
[११०] ऐजन, पृ. ११ ।
[१११] ऐजन, पृ. १३ ।
[११२] ऐजन, पृ. १४ ।

"कुन्नि त हजुरकै हातमा थियो ?" स्वस्तिले भनी । राती चेतचन्द्रले स्वस्तिलाई सोध्यो,-"कस्तो लाग्यो त किनमेल ?"
स्वस्तिले भनी,-"छाता हराएको पछिसम्म सम्भिन्छ, अरू बिर्सिन्छ ।"[११३] माथिको संवादमा चेतले स्वस्तिलाई छाता हराएको असरबारे जाँच्न खोजेको देखिन्छ र स्वस्तिले पनि स्वभाविक रूपमा उत्तर दिएकी छ तर आन्तरिक रूपमा छाता हराएको असर भने परेकै बुझिन्छ ।

चेतचन्द्र वीरगञ्ज आएर पुना फर्किने समयमा एउटी लक्ष्मी नामकी केटीसँको एक संवाद प्रस्तुत छ :-एकदिन एउटी परिचित नै केटीले आएर भन्न थाली,-"म पनि तपाईँहरूसित पुना घुम्न जान्छु ।"
चेतले भन्यो,-"अहँ तिमीलाई एक्लै लग्दिन । "
-"किन ?"
-"तिम्रो गार्जियन खोई ?उसले अनुमति दियो भने मात्र लग्न सक्छु । " दुईचार दिनपछि एउटा अभिभावकले भन्यो,-"यिनी घुम्न चाहन्छिन्, तपाईँहरूसँग जान दिनमा हामीलाई के आपत्ति हुन सक्छ ?"[११४] बम्बईमा पुगेपछि बस्ने घर खोज्ने क्रममा लक्ष्मीले भनी,-"पहिले यो घर खोजौँ हुन्न ?"
-चेतले भन्यो,-"ल हिँड त ?" अभिभावकले ठेगाना दिएको घर फेला परेपछि लक्ष्मी भित्र पसी । चेत बाहिरै उभियो र एकछिन पछि लक्ष्मी बाहिर निस्की र भनी,-"अङ्कल केहीदिन बस भनेर कर गर्दैछन् , बसूँ ?"
-चेतले भन्यो,-"बस न त तर कति दिन ? मलाई ठ्याक्क डेट बताऊ, म तिमीलाई यहीँ लिन आउँछु ।"[११५] उक्त केटीले दिएको डेट सकिनासाथ चेत लिन गयो र रेलमा बसेपछि चेतचन्द्रले लक्ष्मीको अनुहारतिर हेर्दै सोध्यो,-"बम्बई त बेसरी घुम्यौ होली ! कहाँ-कहाँ घुम्यौ ?"
-"कहीँ पनि गइन ।" लक्ष्मीले भनी ।
-"किन ?"चेतचन्द्रले अचम्म मानेर सोध्यो ।[११६]

प्रस्तुत संवादमा एउटी युवती केटी चेतचन्दसित एक्लै घुम्न जाने प्रस्ताव राख्नुले केटीमा केही कैफियत छ भन्ने बुझिन्छ । अझ अभिभावकले अनुमति दिनुमा अभिभावकमा चेतप्रति पूर्ण विश्वास छ कि त अभिभावक र लक्ष्मीबीच केही रहस्य छ भन्ने कुराको सङ्केत मिल्दछ । पछि लक्ष्मीले कुनै ठाउँ पनि नघुमेको कुरा थाहा पाएपछि केही ठूलै रहस्य छ भन्ने कुराको अड्कल गर्न सकिन्छ तर किटान नै गर्न सक्ने अवस्था भने देखिँदैन । पछि रहस्योद्घाटन हुँदा त्यही अभिभावक भनाउँदोको अबैध पेट बोकेर बम्बईमा गर्भपतनको लागि चेतलाई उपयोग गरेको हो भन्ने कुरा स्पष्ट हुन आउँछ ।

रेलयात्राको क्रममा एउटा बुढा र दुईतीन नवयुवकबीच केही उत्तेजित संवाद भएको देखिन्छ :-बुढालाई सुतेको देखेपछि भने,-"उठेर बस्नोस्, हामीलाई पनि बस्न दिनोस् ।"
-बुढाले आँखा नउघारेरै भन्यो,-"हमहुँ टिकट लिए हैं, फोकट मे नहीं बैठे हैं ।"
-"यसरी सुत्ने होइन, उठ्नोस्, हामीले पनि पैसा तिरेका छौँ ।"

---

११३ ऐजन, पृ. २३ ।

११४ ऐजन, पृ. ३४ ।

११५ ऐजन, पृ. ३५ ।

११६ ऐजन, पृ. ३८ ।

-त्यसले भन्यो,-"पैसा का आप हमको दिए हैं, जो उठे ?"[११७]

रेलको सिट कुनै पनि यात्रीले सिङ्गै किन्न पाइने र आफूखुसी पनि गर्न पाइने देखिन्छ। मानिस जतिसुकै प्रविधिसम्पन्न वा आधुनिकतातिर लम्के पनि स्वार्थ र मूर्खता अझै बढेर जान्छ भन्ने कुरा माथिको संवादले दिएको देखिन्छ।

एउटी राम्री केटी शिक्षिकाद्वारा नाच्न सिकाउने विज्ञापन एउटा पत्रिकामा देखेर सुबोध र चेतको एक पालेसँग संवाद रहेको छ :- ठेगानामा पुगेपछि छेउमा उभिएको एक मानिससित सुबोधले सोधे,-"डान्स क्लास किधर को हैं ?
-त्यो मानिसले भन्यो,-"डान्स क्लासका वास्ते लेट होएला सेठ। अब्बी लड्की सब बाजुवाला विल्डिङ मे धन्धा करती। वन सट फोटी फाइव रूपिज, बोलो माङ्ता हैं ?"[११८]

उक्त संवादको लक्षणअनुसार नाच्न सिकाउने व्यहोराको अप्रत्यक्षरूपमा विज्ञापन खोलेर यौन व्यापार गर्दै रहेको स्पष्ट सङ्केत मिल्दछ साथै जीविकोपार्जनको निम्ति ती केटीहरूको विवशता हो भन्ने कुरा पनि बुझ्न सकिन्छ।

चेत ललईकहाँ घुर ताप्न गएका बखत चेतलाई इश्वरचन्द्र हतारिएर खोज्दै आउँदा गुरुको घर बाटैमा पर्नाले गुरुसँग चेतको सानो संवाद देखिन्छ :-
-उसले भन्यो,-"के परेछ गुरु, ईश्वरले मलाई खोज्दै हिँडेजस्तो गरेर हिँड्यो ?"
-गुरुले भने,-"एकपटक कारखाना जाऊ न तिमी ईश्वर पनि त्यहीँ गएका हुन्।"[११९]
गुरुले चेतलाई कारखाना जाने निर्देशन दिनुले गुरुलाई घटनाबारे केही कुरा थाहा छ भन्ने बुझिन्छ। कारखानाको पालेसित पनि चेतको छोटो संवाद रहेको छ :-
-उसले सोध्यो,-"बालाई कस्तो छ कम्पाउण्डरसाहेब ?"
-"भित्र जानोस् न।" कम्पाउण्डरले गम्भीर र संक्षिप्त जवाफ दियो।[१२०]

कम्पाउण्डरको गम्भीर र संक्षिप्त जवाफले बाबुमाथि केही घटना घटेकै छ भन्ने थप सङ्केत मिल्दछ। यसर्थ माथिको संवादले भयमिश्रित उत्सुकताको भाव बोकेको देखिन्छ।

चेतचन्द्रले कृति सिर्जना गर्ने क्रममा **डापी** उपन्यास प्रकाशित भएपछि चेतसँग एक मित्रको डापी उपन्यासबारे एक संवाद देखिन्छ :- त्यसदिन रमेशले आएर भने -"दाई तपाईंको रीस गर्ने अब बढ्दैछन्। हिँजो दोकानमा ध्रुव सापकोटा आएर मैले डापीलाई एसियाको अद्वितिय भनेकोमा धेरै बिरोधमा बोलेर गए।"[१२१]
-उसले भन्यो-"जान दिनोस् रमेशजी, तपाईँले लेखेको उनीलाई बढी लागेछ।"[१२२]

---

[११७] ऐजन, पृ. ४६।
[११८] ऐजन, पृ. ४९।
[११९] ऐजन, पृ. ५८।
[१२०] ऐजन, पृ. ५९।
[१२१] ऐजन, पृ. ६२।
[१२२] ऐजन, पृ. ६३।

माथिको संवादले उन्नतितिर लम्कँदै गरेको मानिसको खुट्टा तान्ने प्रवृत्ति एकातिर देखिन्छ भने अर्कातिर जोसुकैले जे दोष लगाएपनि निरन्तरता दिन छोड्नुहुँदैन भन्ने लाक्षणिक अर्थ पनि बोकेको देखिन्छ ।

बाबुको किरिया सकिएको तेह्रौँ वा चौधौँ दिनमा खानेकुरासम्बन्धी एक सम्वाद रहेको छ :-
-उसले खानु अघि गुरुलाई साध्यो-"गुरु फुकाउन त सब फुकाइसकेको छ तर पनि यति चाँडो मासु खान होला कि नहोला ?"
-गुरुले भने-"आत्माले माने हुन्छ बाबु आत्माले नमाने हुन्न ।"[१२३]

उक्त संवादले हाम्रो संस्कृति तथा परम्परावादी धारणा व्यक्त गरेको भएपनि गुरुको सन्तुलित जवाफले हाम्रो परम्परागत धारणामा नवीनता आएको देखिन्छ । यहाँ गुरुले कसैको इच्छा मार्न चाहेका छैनन् र चेतचन्द्रले पनि संस्कृति तोड्न नसकी गुरुको आड लिएको देखिन्छ । अझ स्पष्टरूपमा भन्नुपर्दा गुरुले संस्कृतिलाई भन्दा इच्छा वा चाहनालाई बढी प्राथमिकता दिएको देखिन्छ । त्यसैले यहाँ यति चाँडै मासु चलाउनुले परम्परावादी धारणामा आधुनिकताले ठाउँ पाउँदै गएको देखिन्छ ।

चेतचन्द्रले उसको थेसिस टाइप गर्न नाथानी नामक व्यक्तिलाई दिएको हुनाले चेत र नाथानीबीच एक संवाद प्रस्तुत छ :-
-चेतलाई देख्नासाथ त्रस्त नाथानीले बिस्तारो भन्यो-"तपाईं अहिले जानुहोस् । "
-"किन ?" उसले सोध्यो ।
-नाथानीले भन्यो-"मेरो वाइफसित झगडा भएको छ । त्यसैले यो दुर्गति गरेकी हो तपाईंको थेसिसको ।"
-"के गर्ने त ?"
-"अब यहाँ टाइप गर्नु पनि सम्भव छैन । म तपाईंकै कोठामा आएर टाइप गर्छु ।"[१२४]

प्रस्तुत संवाद भयमिश्रित संवाद देखिन्छ । स्वास्नीसँग झगडा हुनु र चेतको थेसिस छरपष्ट पारिदिनुले नाथानीकै बोली व्यवहारमा खराबपन छ कि भन्ने सङ्केत मिल्दछ किनभने थेसिस टाइप गर्दा नाथानीकै परिवारले पारिश्रमिक पाउने हो र यस्तो बौद्धिक कार्य वा आयआर्जन हुने मामलामा स्वास्नी बाधक बनेर उभिनुले थेसिस टाइप गरी आएको पारिश्रमिकको सही ठाउँमा उपयोग हुन नसकी दुरुपयोग हुन जान्छ भन्ने भाव बुझिन्छ ।

चेतचन्द्र भाइभाको दिन नयाँ सुटटाई लगाएर जाँदै गर्दा बाटामा आशा केलकर र चेतको एक छोटो संवाद रहेको छ :-
-उनले भनिन्-"आज तो आप बिलकुल अलग दिख रहे हैं ।"[१२५]
-चेतले भन्यो-"आज कुछ रोब जमाना तो पडेगा न ?"
-"बहूत रोब पड रहा हैं ।" आशाले भनिन्-"बहुत अच्छे दिख रहे हो ।"[१२६]

---

[१२३] ऐजन, पृ. ६३ ।

[१२४] ऐजन, पृ. ६६ ।

[१२५] ऐजन, पृ. ६७ ।

आशाले चेतलाई पहिलेदेखि नै मन पराउने अफ सुटटाईमा देख्ता चेतको रूपको खुबै प्रशंसा गरेकी छ । यहाँ चेतको प्रशंसक बनेर चेतलाई आफूप्रति आकर्षित गर्न खोजेको देखिन्छ ।

चेतले पीएच्.डी.को उपाधि पाएपश्चात् घर फर्किने क्रममा चेतको साथीहरूले आ-आफ्नो घरमा बोलाएर हैसियत अनुसार मीठो-मसिनो खानेकुरा ख्वाई बिदा गरेको थिए भने यही बिदाईको क्रममा उसको केटी साथी पद्मासँगको एक संवाद प्रस्तुत छ :-
-उसले सोध्यो-"यो रेस्टुरेन्टमा पहिले किन नल्याएकी ?"
-पद्माले भनी-"मैले तिम्रो बिदाई यही रेस्टुरेन्टमा गर्ने विचार गरेकी थिएँ ।"[१२७] यहाँ चेतलाई पद्माले औधी मन पराएकीले अन्य साथीहरूभन्दा बिलकुलै फरक ढङ्गले बिदाई गर्न खोजेको र उक्त बिदाईको क्षण चेतले कहिल्यै नभूलोस् भन्ने आशय पनि प्रस्तुत संवादमा देखिएको छ ।

प्रस्तुत उपन्यासमा आमुन्ने-सामुन्ने मात्र संवाद नभई फोनबाट पनि पात्रहरूलाई संवाद गर्न लगाइएको छ । जसले गर्दा संवादमा स्वभाविकता तथा विश्वसनीयता झल्किएको देखिन्छ :-
-त्यताबाट शान्तादेवीको आवाज आयो-"को ?"
-उसले बोल्यो-"चेत ।"
-"कहाँबाट बोलेको ?"
-"हिल भ्यु होटेलबाट । "[१२८]
-"किन त्यहाँ बसेको तुरून्त आउनु न । दाजुले मदन पुरस्कार पाउनु भो नि !"[१२९] यस संवादले मानिसको प्रवृत्तिलाई देखाउन खोजेको छ । देवरको हालखबर नसोधी पहिले आफ्नो पतिले पाएको मानसम्मान तथा इज्जतबारे फोनबाटै सुनाउन आतुर भएको देखिन्छ ।

एकपटक चेतचन्द्र आफू जन्मेहुर्केको ठाउँ वीरगञ्जमा सरुवा मागेको तर सरुवा पटक्कै नदिएको बारे एक संवाद प्रस्तुत छ :-
-चेतले दशौँपटक काठमाडौँ र वीरगञ्जबाट डीनलाई फोन गरेको थियो-"सर म वीरगञ्ज क्याम्पसमा जान चाहन्छु । मलाई सरुवा गरिदिनुपऱ्यो ।"
-"अहिले तपाईंको दरबन्दी कहाँ छ ?" डीनले सोधे ।[१३०]
-"त्रिचन्द्रमा । "
-"ठीक छ म बुझ्छु । अर्को हप्ता फोन गर्नुस् मलाई । "
-अर्कोपटक फोन गर्दा भन्यो-"सर काठमाडौँबाट जिल्ला सरुवा गर्न त गाह्रो नपर्ने हो । "
-"गाह्रो पर्दैन । केवल त्यहाँको क्याम्पसलाई सोध्नुपर्छ । म त्यो गरूँला । एकदुई हप्तापछि फोन गर्नुहोला ।"
-अन्त्यमा एकदिन फोन गर्दा डीनले भने-"गौतम जी, मेरो कुरा सुन्नुस् स । तपाइँजस्तो मान्छे पनि अन्त जाने हो ?कीर्तिपूरमा पढाउनुपर्छ । म भनिदिन्छु । "[१३१]

---

[१२६] ऐजन, पृ. ६८ ।
[१२७] ऐजन, पृ. ७० ।
[१२८] ऐजन, पृ. ७८ ।
[१२९] ऐजन, पृ. ७९ ।
[१३०] ऐजन, पृ. ९० ।
[१३१] ऐजन, पृ. ९१ ।

माथिको संवादले राम्रा र पूरा योग्यता हासिल गरेका सबै प्रतिभाहरूलाई केन्द्रीकरण गर्ने र कमसल तथा तल्लो दर्जाका कर्मचारीहरूलाई केन्द्रबाहिर पठाउने गरेको देखिन्छ । दूरगामी रूपमा चेतचन्द्रलाई डीनको उक्त सल्लाहले फाइदा गर्ने बुझिन्छ भने प्रतिभाहरू केन्द्रीकरण गरेकोमा केन्द्रबाहिर शैक्षिक गुणस्तरमा ह्रास आउने सङ्केत पनि दिएको छ ।

चेतचन्द्र काठमाडौँमा अध्यापन गर्दाका बखत एउटा घरमा डेरागरी बसेका र त्यही बखतमा घरबेटी र स्वस्तिबीचको छोटो संवाद प्रस्तुत छ :-

-एउटी महिलाले आएर भनी-“यसरी लुगा दिनदिनै धुनुहुँदैन नानी । पानीले गर्दा हेर्नोस् त भित्ताभरि सेप लागिसक्यो ।”

-उसले भनी-“यो त हामीभन्दा अघिदेखि थियो ।”

-त्यसले भनी-“अहिले बढ्यो । यसरी बढ्दै गयो भने त एकदिन भित्तै खान्छ यसले । नानी,तपाईँहरू त बत्ती पनि आधारातसम्म बाल्नुहुँदो रहेछ ।”[१३२]

माथिको संवादमा घरबेटीले डेरावालाहरूलाई पानी तथा बत्तीको बचत गर्ने चेतावनी दिएको देखिन्छ । घरबेटीले कोठाभाडाचाहिँ पूरा लिने तर पानी तथा बत्तीचाहिँ यथेष्ट चलाउन नदिने परिपाटी देखिन्छ । प्रस्तुत संवाद हाम्रो देशको सन्दर्भमा अत्यन्त समसामयिक देखिन्छ । हरेक घरबेटीले सहर बाहिरबाट काठमाडौँ आई डेरागरी बस्ने मानिसहरूलाई सहजरूपमा टिक्न नसक्ने बनाएको देखिन्छ । काठमाडौँमा पानी, बत्ती तथा महङ्गीको समस्या दिनप्रतिदिन बढ्दै गएकाले घरबेटीले उक्त चेतावनी दिनु स्वभाविक नै देखिन्छ ।

विश्वविद्यालयको डीन पदमा महशकुमार उपाध्याय आएपछि चेतले आफ्नो साहित्य सिर्जनाको निरन्तरताका लागि समय मागेको सन्दर्भमा एक संवाद प्रस्तुत छ :-

-डीन भएपछि ऊ उनीकहाँ गयो र भन्यो-“मलाई केही दिन हालो पारिदिनुपर्‍यो ।”

-“कस्तो होलो ?”उनले सोधे ।

-“ म एक कुनामा बसेर केही लेख्न चाहन्छु ।” चेतले भन्यो-“केही दिन यतै तानिदिनोस् । ”[१३३]

माथिको संवादमा साहित्य सिर्जना गर्न नपाएर चेत छटपटिएको देखिन्छ । अध्यापन गर्दाका क्षणमा व्यस्तताका कारणले साहित्य सिर्जना गर्न नसकेको र आफ्नो प्रतिभालाई अझ ओजस्वी बनाउनको लागि उनले डीनसँग समय मागेको देखिन्छ । समय दिएको खण्डमा चेतले नेपाली औपन्यासिक क्षेत्रमा नौलो आयाम थप्न सक्ने सङ्केत मिल्दछ ।

एकपटक प्राध्यापक हुने अन्तर्वार्तामा चेत पनि सामेल भएको र सबैको भनाइअनुसार चेतचन्द्र प्राध्यापक हुने निश्चित गरेका अनि अन्तर्वार्ता पनि राम्रै भएको तर पछि परिणाम निस्कँदा फेल भएपश्चात एक मन्त्रीसँगको छोटो संवाद प्रस्तुत छ :-

-मन्त्रीले भनेका थिए-“हामीलाई किन नभन्नुभएको डाक्टरसाहेब, हामी गरिहाल्थ्यौँ ।”

-चेतचन्द्रको उही जवाफ थियो-“लाग्यो, म आफैँ योग्य छु भने सोर्स किन लगाउने ?”[१३४]

---

[१३२] ऐजन, पृ. ९५ ।

[१३३] ऐजन, पृ. ९९ ।

[१३४] ऐजन, पृ. १०१ ।

मानिस योग्य भएर मात्र पुग्दैन । सही ठाउँमा घुसखोरी वा चाप्लुसी गरियो भने मात्र सफल हुन सकिन्छ । सफल हुनको लागि नामभन्दा दामको आवश्यकता रहन्छ भन्ने हाम्रो देशको कटु यथार्थलाई प्रस्तुत संवादको माध्यमबाट व्यङ्ग्य प्रहार गरेको देखिन्छ ।

साझा प्रकाशनको सञ्चालकहरूको चुनाव हुने भएकोले विनोदले चेतलाई उम्मेदवार उठ्न कर गरेको एक संवाद प्रस्तुत छ :-
-एकदिन विनोदले भन्यो-"तिमी उठ मूला यसमा ।"
-चेतले भन्यो-"म यो झन्झटमा पर्दिन । मेरो चुनाव आदि लड्ने मानसिकतै छैन । बरू तिमी लड न ।"
-उसले भन्यो-"मानसिकता बनाएपछि बन्छ । हामी छँदैछौं नि मद्दत गर्ने ।" चेतचन्द्र चुनावप्रति वेवास्ता गरी वीरगञ्ज गई बसेको र एकदिन विनोदले चेतलाई फोन गर्दा चेतले भन्यो-"विनोद म नलडू क्यार !"
-उसले भन्यो-"हे मूला यहाँ हामीले सब तयारी गरिसकेका छौं, तिमी तुरून्त हिँडिहाल । "[१३५]

माथिको संवादले सबै मानिस घुसखोरी, स्वार्थी मात्र हुँदैनन् । कोही यस्ता मित्र हुन्छन् जसले आफ्नो मित्रको प्रतिभा पहिचान गरी कुनै पनि गरिमामय पदमा नियुक्त गराउन उसको लागि आफ्नो सम्पूर्ण दुःखकष्ट सहेर पनि क्रियाशील रहन्छन् भन्ने कुरा देखाएको छ ।

वि.सं.२०४३ सालमा चेतचन्द्र आर्थिक समस्याले अत्यन्तै आहत भएको देखिन्छ । बिहान-बेलुकीको छाक टार्न आफ्नो पुस्तक बेचीबेची हिँडेको छ । यही सन्दर्भमा कुनै दुई लेखकको संवाद प्रस्तुत छ :-
-तिनताक कुनै लेखकले भनेछ-"ध्रुवचन्द्र त्यत्रो लेखक भएर पनि दिनदिनै किताब बेचेर हिँड्छ ।"
-त्यसमाथि अर्का लेखकले टिप्पणी गरे-"बरू यसो भन, ध्रुवचन्द्रजस्तो लेखकले समेत किताब बेचेर हिँड्नु परिरहेछ ।"[१३६]

माथिको संवाद पनि नेपालको लेखकीय सन्दर्भमा यथार्थ र समसामयिक देखिन्छ । वास्तवमा लेखेर मात्र जीवन चलाउने अधिकांश नेपाली लेखकहरूको यस्तै दयनीय अवस्था छ र जस्तै परिस्थितिले आहत तुल्याएपनि सच्चा लेखकहरू आफ्नो लेखकीय व्यक्तित्वमा विश्वस्त हुन्छन् भन्ने कुरा पनि देखाउन खोजेको छ ।

साझा प्रकाशनबाट बालसाहित्यको गोष्ठीमा जापान जाँदा हान्सु साहेगीलाई फोन गरेपश्चात् चेत र योको नामक केटीबीच एक वार्तालाप रहेको छ :-
-फोन गरिसकेपछि उसले त्यो केटीसँग सोध्यो-"कति समयमा कति सिक्का हाल्नुपर्छ ?"
-केटीले बताई ।
-उसले भन्यो-"तिमीले कति सिक्का हाल्यौ, म तिर्न चाहन्छु ।"
-केटीले भनी-"मैले लिए तिर्ने हो, म लिँदै लिन्न ।"
-"किन ?"

---

१३५ ऐजन, पृ. १०३ ।

१३६ ऐजन, पृ. १०७ ।

-केटी हँसिली थिई । भनी-"तिमीलाई सधैँ मेरो रिनी बनाउन ।"[१३७]

परदेशमा चेतचन्द्रप्रति त्यो केटीको सहयोगको भाव देखिन्छ र भित्रीरूपमा त्यो केटीले चेतलाई मनपराएको पनि सङ्केत मिल्छ किनकि फोनको पैसा तिनले नै तिरिदिनु र उसलाई सधैँ आफ्नो रिनी बनाइराख्न चाहनुले पुष्टि गर्दछ ।

सेमिनार सकिएपछि एउटी महिलाले आफ्नै गाडीमा चेतलाई करीब आठ घण्टा टोकियो सहर घुमाइदिएकी र घुम्दै जाँदा एउटा पसलमा किशोरीका बढेबढे नग्न तस्वीर बिक्रीमा राखिएको हुनाले यही सम्बन्धमा चेत र उक्त आइमाईको एक संवाद रहेको छ :-
-उसले सोध्यो-"यस्तोलाई के भन्ने ?"
-उनले भनिन्-"मैले विचार गरेकी छैन, तर यो युवापुस्तालाई विकृतितर्फ डोहोऱ्याउने बाटो हो ।"
-उसले सोध्यो-"हुनसक्छ तिम्रो आफ्नो यौनजीवन मुक्त होस् वा नहोस् तर तिमी अहिलेको पुस्ताकी आफ्नी छोरीलाई कसरी हेर्छ्यौ ?"
-"हामीलाई उनीहरू बिग्रलान भन्ने ठूलो चिन्ता छ । " उनले भनिन्-"नबिग्रिऊन्, चरित्र राम्रो होस् भन्ने सोच्दछौ ।"
-"तिमीहरूले सोचेर हुन्छ र ?"
-"हुँदैन, त्यसैको त चिन्ता छ ।" उनले भनिन् ।
-उसले सोध्यो-"तिमीले मैलाई किन निम्तो गऱ्यौ आज ?"
-उनले भनिन्-"नेपालप्रति मेरो लगाव छ । नेपालीहरू मलाई मन पर्दछन् ।"[१३८]

सेमिनार समापनपश्चात् जापान घुमाइको क्रममा किशोरीका नग्न तस्वीरप्रति चेतले त्यस आइमाईको विचार जाँच्न खोजेको देखिन्छ । त्यस आइमाईले पनि त्यस्ता तस्वीर मानिसलाई विकृतितर्फ डोहाऱ्याउने बाटो हो भन्ने तर्क दिएको देखिन्छ । पश्चिमेली देशका सबै मानिसहरू यौनक्रीडालाई सकारात्मक रूपमा लिन चाहँदैनन् र यसप्रकारको विकृतिलाई हटाउनुपर्छ भन्ने भित्री आशय पनि आइमाईको उक्त भनाइले देखाउन खोजेको छ । संवादको अन्तिम अंशमा नेपालीहरू मनपर्ने उल्लेख गर्नुले विदेशीहरू नेपालप्रति गौरवान्वित रहेका छन् भन्ने कुराको पुष्टि मिल्दछ ।

एकपटक चेतचन्द्र प्रदीपबीच निजी मतभेदमा झगडा भएको बेला प्रदीपको साथी रविराजसँगको एक संवाद प्रस्तुत छ :-
-चेतले भन्यो-"द म्याटर इज भेरी सिम्पल । यो कुरामा मैले गल्ती गरेको रहेछु भने म माफी माग्छु तर प्रदीपले गल्ती गरेको रहेछ भने उसले माफी माग्नुपर्छ ।"
-रविराजले भन्यो-"ए प्रदीपले माफी माग्ने भनेको ? त्यो उसले माग्दैन ।"[१३९]

सत्य कुरालाई ढाकछोप गरेर झूटो कुरालाई सत्यसावित गर्न र गराउन खोज्ने रकमी मानिसहरू समाजमा धेरै पाइन्छन् । यस्ता दुष्प्रवृत्तिले निर्दोष मानिस दोषी ठहरिन सक्छ र दोषी मानिस सबैको प्यारो ठहरिने गरेको हाम्रो समाजको कमजोर पक्षलाई माथिको संवादले उजागर

---

[१३७] ऐजन, पृ. ११० ।

[१३८] ऐजन, पृ. ११२ ।

[१३९] ऐजन, पृ.११५ ।

गरेको देखिन्छ । यहाँ रविराजले दोषी सावित गर्न प्रदीपको ओठ गरेर चेतलाई गलत ठहऱ्याउन खोजेको देखिन्छ ।

चेतचन्द्रको उपन्यास **कट्टेलसरको चोटपटक**बाट एक फिल्म बनाउने बारे फिल्मनिर्माता नीर शाह र चेतको एक संवाद रहेको छ :-
-एकदिन नीर शाहले भने-"डाक्टरसाहेब म तपाईंको यस उपन्यासमाथि फिल्म बनाउँछु । मेरो पहिलो फिल्म ।"
-उसले पनि प्रसन्नता व्यक्त गर्दै भन्यो-"मेरो पनि पहिलो फिल्म हुनेछ, शाहजी ।"

धेरै दिनसम्म फिल्म बनाउने कुरा चलेन र बीचबीचमा चेतचन्द्र यसबारे कुरा उठाइरहनाले नीर शाहले भन्थे-"म गर्दैछु डाक्टरसाहेब । फिचर फिल्म जस्तो कुरो, अलि समय त लागिहाल्छ ।"[१४०]

माथिको संवादमा नीर शाहले चेतचन्द्रको उपन्यासको फिल्म बनाउने कुरा चलाएपनि धेरै दिनसम्म उक्त कुरा हराएकोले चेतको मनमा शङ्का उब्जेको देखिन्छ तापनि नीर शाहले फिल्म बनाउनेसम्बन्धी पूवकार्य गर्दैरहेको कुराको पनि सङ्केत मिल्छ ।

यही बीचमा नारायणगोपाल र चेतको पनि एक संवाद रहेको छ :-
-एकदिन नारायणगोपालले भने-"कृष्णाष्टमीमा गर्न एउटा गीतिनाटक लेख्नुहुन्छ ?"
-आफ्नो हाँक स्वीकार गर्ने स्वभावअनुसार उसले भन्यो-"हुन्छ ।"[१४१]
-एकदिन फेरि नारायणगोपालले भने-"एउटा नृत्यनाटिका लेख्नुहुन्छ ?"
-उसले भन्यो-"हुन्छ ।"[१४२]

माथिको संवादमा आफ्नो हठी स्वभावअनुसार नारायणगोपालको सम्पूर्ण हाँकहरू स्वीकार गर्दै आएको देखिन्छ । हाँकअनुसार उसले श्रीकृष्णलीला गीतिनाटक र दुर्गावतार नामक नृत्यनाटिका लेखेर आफ्नो लेखन विधामा नौलो आयाम थपेको देखिन्छ । त्यस्तै चेतचन्द्रको सबैभन्दा नजिकको मित्र पदम ठकुराठीसँगको एक संवाद प्रस्तुत छ :-
-एकदिन ऊ आफ्नो कोठामा बसिरहेको थियो । ढोकामा एउटा मानिस देखियो । उसले भन्यो-"सर आउँ ?"
-"आउनुहोस् । "उसले भन्यो ।
-भित्र पसेर तिनले नमस्ते गर्दै भने-"सर म पदम ठकुराठी हुँ । "
-पदम ठकुराठीले भने-"सरलाई मैले धेरै खोजेँ........। "
-"अँ, शशि शाहले पनि भनेको थियो ।" चेतले भन्यो-"म पनि कसरी भेट्ने भन्दै थिएँ ।"[१४३]
-ठकुराठी सोझै विषयमा आए-"सर म एउटा साप्ताहिक पेपर निकाल्दै छु । सरले नियमित रूपमा साहित्यिक आर्टिकल लेखिदिनुपऱ्यो । एक आर्टिकलको सय रूपैयाँ पे गर्छु ।"[१४४]

---

[१४०] ऐजन पृ. १२० ।

[१४१] ऐजन, पृ. १२१ ।

[१४२] ऐजन,  पृ. १२२ ।

[१४३] ऐजन, पृ. १२४ ।

पत्रिका सस्ता र अनावश्यक कुराले भरेर मात्र चल्दैन । पत्रिकाका लेखहरू गहकिला र ज्ञानबर्द्धक हुनुपर्छ भन्ने कुरा पदम ठकुराठीले बुझेर नै चेतलाई भेटेर लेख लेखिदिन अनुरोध गरेको छ । अहिलेका फोस्रा र बेढङ्गका उपट्याङ कुराले पत्रिका भरेर दाम मात्र हात पार्ने अर्थमूखी प्रवृत्तिलाई तीव्र व्यङ्ग्य हानेको देखिन्छ ।

एकदिन कमलमणिले चेतलाई सम्झाउँदै भने-"हेर्नुस् , तपाईँ राष्ट्रको सम्पत्ति हो तपाईँले यसरी रक्सी खाइदिन भएन । हामी चाहन्छौँ, तपाईँ धेरै बाँच्नोस्, धेरै लेख्नोस् ।"
-चेतचन्द्रले भन्यो-"कमलजी यो जम्मै अभिव्यक्ति पत्रिकाबाट थाहा पाउनुभयो । अभिव्यक्तिले खालि रक्सी खाएको बेलाको छाप्छ, नखाएको बेलाको छाप्तैन । त्यसैले गर्दा चौबीसै घण्टा रक्सी खाँदोरहेछ यो भन्ने भ्रम पर्छ पाठकलाई, नत्रभने यति लेख्न कसरी सकिन्थ्यो, अभिव्यक्तिले भनेजति रक्सी खाएदेखि ? अनि तपाईँले मलाई कहिल्यै रक्सी खाएको देख्नुभएको छ ? छैन । त्यस्ता नदेख्ने तर अभिव्यक्तिमार्फत् देख्ने व्यक्ति धेरै छन् । अनि कसो गर्नु ?"[१४५]

माथिको संवादमा अभिव्यक्ति पत्रिकाले चेतचन्द्रले कहिलेकाहीँ रक्सी पिएपनि सधैँ पिउने रक्स्याहाको धारणा सबै पाठकमा पुऱ्याउने गरेको देखिन्छ । यसले गर्दा चेतलाई आफ्नो स्वाभिमानमा धक्का लागेको बुझिन्छ भने अर्कोतिर अभिव्यक्ति पत्रिका मार्फत् चेतचन्द्रको धज्जी उडाउने प्रयत्न गरेको बुझिन्छ । कमलमणि चेतको एक सच्चा हितैषी देखिएपनि वास्तविकता नबुझी एक्कासि दौडने स्वभावको देखिन्छ ।

एकपटक चेत र पण्डित अत्यन्तै आत्मीय भएका र त्यसताक पण्डितले अर्की स्वास्नी ल्याउने कि नल्याउने सम्बन्धमा पण्डित र चेतको एक गम्भीर संवाद रहेको छ :-
-पण्डितले भन्यो-"गौतम, मलाई तिम्रो सल्लाह चाहिएको छ ।"
-"के विषयमा ?"
-"त्यही विहेको विषयमा ।"
-"आर यु स्योर ?"
-"येस ।"
-"तिमी सिरियसली विहे गर्ने कुरा सोचिरहेका छौ ?"चेतले सोध्यो ।[१४६]
-"हो ।"उसले भन्यो ।
-उसले भन्यो-"तिम्रो राय के छ ?"
-चेतले भन्यो-"तिमीले अठोटै गरेको भए त किन राय दिनु ?"
-"होइन, तिम्रो रायपछि फाइनल गर्छु ।"उसले गम्भीरतापूर्वक भनेको थियो ।
-"एकदम दबाव छ । "उसले भन्यो ।
-चेतचन्द्रले भन्यो-"पण्डित यस्तो काम नगर, रद्दी देखिन्छ ।"
-त्यतिमात्र होइन । उसले भन्यो-"हेर, तिम्री श्रीमती गाउँमा हुनुहुन्छ । तिम्री छोरी गाउँमा छे । तिमी छोरालाई त यहाँ ल्याएर पढाइरहेका छौ, यो छोरीमाथि अन्याय हुन जान्छ । उसले यहाँ बसेर पढ्ने सुबिधा किन नपाउने ? अनि छोरी ल्याएपछि श्रीमती पनि किन नल्याउने ? नल्याउनु

[१४४] ऐजन, पृ. १२५ ।

[१४५] ऐजन, पृ. १२७ ।

[१४६] ऐजन, पृ. १२९ ।

उहाँमाथि अन्याय हुन्छ । हामी लेखक हौँ । जे का विरूद्ध हामी लेख्छौँ,त्यही आफूले गर्न राम्रो होला ? जसको भैसकेको हुन्छ, भइसक्यो । तिम्रो त अहिले भएको छैन । सोच्न सक्छौ । मित्र भनेर राय माग्यौ अनि दिएँ र अन्तरआत्माबाट दिएँ । त्यसकारण मेरो राय मान्छौ भने श्रीमती र छोरीलाई पनि ल्याएर यहीँ राख, सबभन्दा राम्रो त्यही हुन्छ ।"[१४७]

माथिको संवाद पण्डितको जीवनको निर्णयको गम्भीर वार्तालाप मान्न सकिन्छ । पण्डित आफू एक्लैले निर्णय गर्न नसकी चेतको साथ लिएको छ र चेतले जुन निर्णय दिएको छ, त्यो अत्यन्तै सकारात्मक छ । यदि चेतले सो निर्णय नदिएर पण्डितकै कुरामा सहमति जनाएको भए भविष्यमा पण्डितको जीवन सुखदायक पक्कै हुने थिएन । यसरी कुमार्गमा फँस्न आँटेको मित्रको भविष्य उज्यालो बनाइदिएर चेत एक असल मित्रको उदाहरण बन्न पुगेको छ । माथिको संवादमा बीच-बीचमा अङ्ग्रेजी शब्दहरू वा वाक्यहरू पनि आएका छन् जसले संवादमा स्वभाविकता आएको छ । माथिको संवाद प्रस्तुत उपन्यासको सबैभन्दा लामो संवादका रूपमा देखापरेको छ ।

उपर्युक्त उदाहरणबाट प्रस्तुत घुर्मी उपन्यासमा विभिन्न प्रकारका संवादहरू प्रयोग भएको स्पष्ट हुन्छ । उपन्यासमा नाटकमा जस्तो संवाद कमी छ भने वर्णन बढी रहेको छ । धेरैजसो ठाउँमा उपन्यासकार सर्वज्ञ बनी घटना तथा पात्रको क्रियाकलापको वर्णन गरेका छन् भने कहीँ संवादात्मक रूपमा उपन्यास अघि बढेको छ । कहीँ उपन्यासकारको वर्णन तथा कहीँ पात्रले एककोहोरो आफ्नो आत्मकथा व्यक्त गरिरहेको बेला बीच-बीचमा आएको नाटकीय संवादले उपन्यासलाई थप रोचक र प्रभावकारी बनाएको छ । ठाउँ-ठाउँमा पात्र-पात्राको रीसरागपूर्ण, उत्सुकतापूर्ण संवादले थप कौतुहल सिर्जना गरेका छन् । पात्रहरूको स्तर, स्वभाव तथा क्रियाकलापलाई उनीहरूले प्रयोग गरेको संवादले प्रष्ट्याउँछ । यस उपन्यासमा पात्रपात्राले बोलेको भाषाशैली स्वभाविक किसिमको रहेको छ । समष्टिमा यस उपन्यासको संवाद स्वभाविक र पात्रअनुकूलको छ ।

## ४.५.घुर्मी उपन्यासमा प्रयुक्त भाषाशैली

साहित्य सिर्जनाको सर्वोप्रमुख माध्यम नै भाषा हो । भाषा के हो भन्ने सम्बन्धमा विद्वान्हरूका केही मतमतान्तरहरू पाइन्छन् । समाजका व्यक्तिहरूबीच सञ्चार गर्न प्रयोग गरिने यादृच्छिक वाक्प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ ।[१४८] उपन्यास एक किसिमले वर्णनात्मक साहित्यिक विधा हो । यसमा प्रयोग हुने भाषा काव्यात्मक नै भए पनि यसको स्वरूप गद्यात्मक हुन्छ । उपन्यासमा नाटकमा जस्तो पात्रहरूले अभिनय सङ्केतद्वारा आफ्ना भाव व्यक्त गर्न सकिँदैन । यसमा कविता, काव्यमा जस्तो बिम्बात्मक, प्रतीकात्मक र अमूर्तलेखन पनि मान्य हुँदैन । अतः औपन्यासिक तत्व आन्तरिक एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको महत्व सर्वाधिक हुन्छ ।[१४९] उपन्यासका अन्य सबै तत्वहरूलाई संयोजन गर्ने मूल तत्व नै भाषा हो । भाषाको माध्यमबाट विभिन्न भाव, विचार अभिव्यक्त गर्ने ढङ्ग र विधि नै शैली हो । शैली नै व्यक्तिको स्वरूप हो ।

---

[१४७] ऐजन, पृ. १३० ।

[१४८] चुणामणि बन्धु, भाषाविज्ञान, छैटौँ संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५०, पृ. १ ।

[१४९] कृष्णचन्द्रसिंह प्रधान, नेपाली उपन्यास र उपन्यासकार, तेस्रो संस्करण, ललितपुर :साझा प्रकाशन, २०५६, पृ. ९ ।

त्यसैले व्यक्ति भाषा हो भने व्यक्तिको व्यक्तित्व नै त्यसको शैली हो ।[१५०] भाषाशैलीलाई सामान्यत : सामान्य र साहित्यिक गरी दुई भागमा विभाजन गरेर अध्ययन गर्ने गरेको देखिन्छ । सामान्य भाषिक शैली भन्नाले बोलचालको भाषा र सामान्य साक्षर व्यक्तिहरूको लिखित भाषालाई मान्न सकिन्छ भने साहित्यिक शैली भन्नाले लेख्य साहित्यमा प्रयुक्त मानक शैलीलाई बुझ्न सकिन्छ ।

भाषाशैलीको अध्ययन गर्ने क्रममा त्यस भाषामा प्रयोग हुने भाषाशैलीगत तत्वहरूलाई समेत सूक्ष्मरूपमा चित्रण गर्नुपर्ने हुन्छ । शब्दचयन, वाक्यचयन, चिन्ह प्रयोग, भाषाभण्डार जस्ता कुराहरूलाई कृतिको भाषाशैलीभित्रै राखेर अध्ययन गर्न सकिन्छ । भाषाभण्डार अन्तर्गत भाषामा भित्रिएका शब्दस्रोतहरूलाई पनि केलाउनुपर्ने हुन्छ । नेपाली भाषाका त्यस्ता शब्दस्रोतहरूमा तत्सम शब्द र आगन्तुक शब्दहरू पर्दछन् । आगन्तुक शब्दहरूमा विशेषतः अङ्ग्रेजी, अरबी, भोजपुरी, फारसी, नेवारी, हिन्दी, मैथिली र भोटबर्मेली आदि भाषाहरूको प्रचुरता पाइन्छ । शब्दभण्डारकै क्रममा अनुकरणात्मक शब्द, उखानटुक्का जस्ता कुराहरू पनि हेर्नुपर्ने हुन्छ ।

**घुर्मी** उपन्यासको भाषाशैलीको अध्ययन गर्दा उपन्यासकार ध्रुवचन्द्र गौतमको समग्र कृतिमा प्रयोग हुने भाषाशैलीलाई पनि बुझ्न आवश्यक देखिन्छ । उपन्यासकार गौतम उपन्यासकार मात्र नभएर आख्यानका कथा र उपन्यास दुवै विधाका सफल सर्जक एवम् नाटककार र कवि पनि भएकोले उनका उपन्यासमा प्रयोग हुने भाषामा उपन्यासइतर विधाको भाषाशैलीको प्रभाव पनि प्रशस्त मात्रामा देखिन्छ । उनको भाषाशैलीमा अन्य उपन्यासकारले प्रयोग गर्ने गरेको भाषाशैलीमा जस्तो एकरुपता पाईंदैन । उनको उपन्यासमा कतै नाटकीय भाषाशैलीको पाइन्छ भने कतै कवितात्मक शैली पनि देखिन्छ ।

विवेच्य उपन्यास **घुर्मी**को भाषाशैलीमा एकरुपता पाईंदैन । उपन्यास अनुभवका आधारमा वर्णनात्मक जस्तो देखिएपनि यसभित्र प्रशस्तै काव्यात्मक र संवादात्मक शैलीहरू आएका छन् । उपन्यासका पात्रहरू अधिकांश शिक्षित र बौद्धिक मात्र नभएर अशिक्षित पात्रहरू समेत रहेकाले साधारण र साहित्यिक दुवै खालको भाषा देखिन्छ । उपन्यासको परिवेश व्यापक हुनाले यहाँ प्रयुक्त देशीय र अन्तर्देशीय पात्रले बोल्ने भाषामा भाषिक विविधतासमेत रहेको छ । चिन्हप्रयोग, अनुकरणात्मक शब्द, उखानटुक्का जस्ता पक्षहरू पनि प्रशस्तै मात्रामा आएका छन् । तत्सम र आगन्तुक शब्दहरूको प्रयोग पनि प्रशस्तै रहेको छ । पात्रहरूको भाषाशैलीलाई जीवन्त तुल्याउने क्रममा मानकता र अमानकता दुवै पक्षलाई अँटाइएको छ । समग्रमा प्रस्तुत उपन्यासमा प्रयुक्त भाषाशैली सरल, बोधगम्य, संवादात्मक, औपचारिक, वर्णनात्मक र काव्यात्मक देखिन्छ । **घुर्मी** उपन्यासभित्रको भाषाशैलीलाई थप अध्ययन गर्न निम्नानुसारका बुँदाहरू अघि सार्न सकिन्छ ।

### ४.५.१ शब्द तथा वाक्यचयन

प्रस्तुत उपन्यासभित्र शब्दचयनलाई हेर्दा नेपाली वाक्यभित्र अङ्ग्रजी शब्द मिसिइ प्रयोग भएको पाइन्छ । जस्तैः- "एकै दिनमा दुईवटा छाता हराउने **रेकर्ड** नै बनायो, त्यसदिन त ।"[१५१] "बम्बईमा **बिजिनेस** गरेर बस्छ ।"[१५२] "सबैलाई लाग्दो हो, यसको बलियो **सोर्स** छ ।"[१५३] आदि ।

---

[१५०] हिमांशु थापा, पूर्ववत्, पृ. १४२ ।

[१५१] ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ. २३ ।

[१५२] ऐजन, पृ. ३५ ।

यसैगरी संस्कृतका शब्द पनि वाक्यगठनमा प्रशस्त लिएको देखिन्छ । जस्तैः-"यस्ता कुराहरूबाट केहीहरूको मनोविज्ञानको **अनुमान** गर्न सकिन्थ्यो ।"[१५४]"मैले बालाई वहाँको जीवनका संस्मरणहरू लेख्ने **अनुनय** गरेको थिएँ ।"[१५५]आदि । त्यस्तै अरबी, फारसी शब्दहरू पनि प्रशस्त प्रयोग भएका छन् । शब्दप्रयोगको सम्बन्धमा भाषाभण्डार अन्तर्गत विस्तृत चर्चा गरिएको छ ।

प्रस्तुत उपन्यासभित्र वाक्यचयनमा पनि विविधता देखिन्छ । उपन्यासमा सरल, संयुक्त तथा मिश्र वाक्यको प्रयोग भएको देखिन्छ । जस्तैः-"चेतचन्द्र दगुरेर आयो ।"[१५६] "साथी अविवाहित थियो ।"[१५७] आदि जस्ता सरल वाक्यहरू,"ती ग्रहनक्षत्र टकराउँदा-टकराउँदै आफ्नो बाटो परिवर्तित गर्थे वा बिचैमा भष्म हुन्थे र पृथ्वी जोगिन्थ्यो ।"[१५८]"त्यो एउटा रमाइलो पनि थियो र वैज्ञानिक ज्ञान पनि थियो ।"[१५९] आदि जस्ता संयुक्त वाक्य र "तिम्रो र त्यो केटीको विवाह सुखद हुँदैन भन्ने मलाई लाग्दछ ।"[१६०], "चेतचन्द्रलाई रमाइलो केमा लाग्यो भने पटकथा र संवादको पनि तारिफ गरेका थिए ।"[१६१] आदि जस्ता मिश्र वाक्यहरू प्रयोग भएका देखिन्छन् ।

उपन्यासमा इच्छार्थ, आज्ञार्थ, प्रश्नार्थ, करण, अकरण वाक्यहरू पनि प्रशस्तै मात्रामा प्रयोग भएका छन् । जस्तैः-"उनी पनि चाहन्थे, चेत कीर्तिपूरमै पढाओस् ।"[१६२], "विश्वविद्यालयलाई नै मलाई प्रोफेसरको रूपमा हेर्न मन छैन भने म पनि रिडरबाटै बिदा लिन्छु ।"[१६३] आदि जस्ता इच्छार्थ वाक्यहरू, "ल, निर्मललाई एउटा राम्रो कोठा वहाँलाई मिलाइदिन भन्नुस् ।[१६४],"अब तिमी प्रेसरको औषधी खान थाल ।"[१६५] जस्ता आज्ञार्थक वाक्यहरू, "बालाई कस्तो छ कम्पाउण्डरसाहेब ?"[१६६] "तिमीले मैलाई किन निम्तो गऱ्यौ आज ?"[१६७] जस्ता प्रश्नार्थ वाक्यहरू नेपाली भाषामा व्यक्त गरिएको छ भने हिन्दी तथा अङ्ग्रजीमा पनि प्रश्नार्थक, आज्ञार्थक तथा इच्छार्थक वाक्यहरू आएको देखिन्छ । जस्तैः-"डान्स क्लास किधर हो हैं ?[१६८], आर यु इन्ट्रेस्टेड ?[१६९] जस्ता प्रश्नार्थ वाक्यहरू,

---

[१५३] ऐजन, पृ. १०१ ।

[१५४] ऐ जन, पृ. १२ ।

[१५५] ऐजन पृ. ७५ ।

[१५६] ऐजन, पृ. २ ।

[१५७] ऐजन, पृ. ५ ।

[१५८] ऐजन, पृ. २५ ।

[१५९] ऐजन, पृ. ३७ ।

[१६०] ऐजन, पृ. १३० ।

[१६१] ऐजन, पृ. १२३ ।

[१६२] ऐजन, पृ. ९१ ।

[१६३] ऐजन, पृ. १०२ ।

[१६४] ऐजन, पृ. १०० ।

[१६५] ऐजन, पृ. ५४ ।

[१६६] ऐजन, पृ. ५९ ।

[१६७] ऐजन, पृ. ११२ ।

[१६८] ऐजन, पृ. ४९ ।

"यु सिट हियर एण्ड वेट फर मी ।"[१७०],"वर्थ खोलदो, यिनको तकलीफ हो रही हैं ।"[१७१] जस्ता आज्ञार्थक वाक्यहरू,"लट्स मुभ नाउ, आइ ह्याभ टु गो टु द लाइब्रेरी फ्रम हेयर ।"[१७२],"हो बबुवा ! हमर बबुवा जागी रे "[१७३] आदि जस्ता इच्छार्थक वाक्यहरू ठाउँ-ठाउँमा देखिन्छन् । "पारिजात घाम तापेर बसिरहन्थिन् "[१७४] जस्ता करण वाक्य,"त्यस दिनदेखि चेतचन्द्रले कोठाको माग कहिल्यै गरेन ।"जस्ता अकरण वाक्यहरूको पनि यथोचित प्रयोग भएको छ ।

वाक्य प्रयोगका दृष्टिले प्रस्तुत उपन्यासमा विशेष गरेर कतृवाच्यको नै बढी प्रयोग भएको पाइन्छ । "उसले शिक्षा पुरस्कार वा क्याम्पस चिफ हुने रहर कहिल्यै देखाएन । " [१७५] जस्ता प्रशस्त कतृवाच्यहरू,"यो उपन्यास पछिसम्म सम्भिmइनेछ ।"[१७६] जस्ता कर्मवाच्यहरू प्रयोग भएका छन् भने भाववाच्यको प्रयोग न्यून देखिन्छ ।

कुनै ठाउँमा वाक्यगठनका क्रममा असमापिका क्रिया लहरै आएका छन् ।"कोठाभित्र पसिना बगाउँदै बितेको, सुतेको र पढेको बाल्यकाल थियो उसको ।" [१७७] प्रस्तुत उपन्यासको वाक्यहरूमा प्रशस्तै विचलन भएको देखिएपनि अर्थ सम्प्रेषणमा बाधा पुऱ्याएको देखिँदैन । "पश्चिमको काठामा बगैंचाको हावा आउँथ्यो पछेवा चलेको बखत । [१७८], "लाग्यो, म आफैं योग्य छु भने सोर्स किन लगाउने ?"[१७९] कुनै ठाउँमा क्रियाबेगरको वाक्य पनि आएको देखिन्छ । "लेखकको नाउँसमेत ।"[१८०] "त्यस बखतको नयाँ लेखक । न्यु मुराकामीको पुस्तक ।"[१८१] ठाउँ-ठाउँमा एउटै शब्दको पनि वाक्यको रूपमा प्रयोग भएको छ र यस्तो प्रायः प्रश्नार्थमा देखिन्छ। "किन ?"[१८२]

यसरी **घुर्मी** उपन्यासमा शब्द तथा वाक्यचयन सार्थक, उद्देश्यपूर्ण र विविधतामय बनाएर प्रस्तुत गरेको देखिन्छ ।

### ४.५.२. चिह्नप्रयोग

---

[१६९] ऐजन, पृ. ५ ।
[१७०] ऐजन, पृ. ५ ।
[१७१] ऐजन, पृ. ४६ ।
[१७२] ऐजन, पृ. ५ ।
[१७३] ऐजन, पृ. ७४ ।
[१७४] ऐजन, पृ. ८९ ।
[१७५] ऐजन, पृ. १०० ।
[१७६] ऐजन, पृ. ११८ ।
[१७७] ऐजन, पृ. ८२ ।
[१७८] ऐजन, पृ. ८२ ।
[१७९] ऐजन, पृ. १०१ ।
[१८०] ऐजन, पृ. ८२ ।
[१८१] ऐजन, पृ. ११२ ।
[१८२] ऐजन, पृ. ३४ ।

विवेच्य उपन्यासमा विभिन्न प्रकारका चिह्नहरूको प्रयोग भएको छ । उपन्यासमा पूर्णविराम र अल्पविराम चिह्नहरूको अधिकमात्रामा प्रयोग भएका छन् । अर्धविराम, प्रश्नवाचक, योजक, लाघव, उद्धरण, अपूर्ण आदि चिह्नहरूको प्रयोग पनि यस उपन्यासमा भएको छ । "यस्ता कैयौं कुरा सोच्दै चेतचन्द्र आफ्नो पुरानै हिसाबले बरण्डामा बसेर पुस्तक पढिरहेको थियो ।"[१८३] जस्ता थुप्रै पूर्णविराम चिह्न प्रयोग भएका वाक्यहरू आएका छन् । "चेतचन्द्रलाई अनौठो पनि लाग्दथ्यो, नाउँ कति राम्रो छ, घिउकुमारी, त्यस्ताको स्वाद कति तीतो ।[१८४] जस्ता थुप्रै अल्पविराम चिह्नहरू पनि आएका छन् । "पण्डित, के हाम्रो मित्रता केवल रक्सीमा टिकेको रहेछ त ?"[१८५] जस्ता प्रश्नार्थक चिह्नहरू पनि यथेष्ट आएका भेटिन्छन् । "चेतचन्द्रहरू तलब दिँदैनथे ; तिनीहरू घरभाडा तिर्दैनथे ।"[१८६] जस्ता अर्धविराम चिह्नको प्रयोग भने न्युन देखिन्छ । "उसले भन्यो-"के परेछ गुरू, इश्वर मलाई खोज्दै हिँडेजस्तो गरेर हिँड्यो ?"[१८७] जस्ता योजक चिह्नको प्रयोग पनि निकै देखिन्छ । उद्धरण चिह्नको प्रयोग पनि निकै ठाउँमा देखिन्छ । "बाटोमा येलङ्गायनले भन्यो- "तिमीलाई थाहा छ, अस्ति के भयो ?"[१८८] यसैगरी अपूर्ण चिह्नको पनि प्रयोग फाटफुट रूपमा भएको देखिन्छ । "बा, त्यो बेला त्यस्तै बेला थियो, त्यसकारण............।" [१८९] उद्‌गार चिह्नको पनि प्रयोग कतै-कतै भएको देखिन्छ । "त्यसको चाहना त त्यस्तै थियो नि त उस बेला !"[१९०] सापेक्ष विराम चिह्नको प्रयोग पनि कमै मात्रामा रहेको पाइन्छ । "पछि मैले यो स्वप्न देखिनुका कारणहरू पहिल्याउन खोजें अनि पाएँ : "[१९१] कोष्ठक चिह्नको प्रयोग कतैकतै गरेको देखिन्छ । "(हो बबुवा ! हमर बबुवा जागी रे ... )"[१९२] सङ्क्षेप चिह्नको प्रयोग पनि ठाउँ-ठाउँमा भएको छ । "त्यसमा अलिकति राहत के थियो भने, त्यहाँ उसका गाइड डा.एम्.ए.मेहेण्डले पनि थिए ।"[१९३]

यसरी यस उपन्यासमा प्रायः सबैखाले लेख्य चिह्नहरूको प्रयोग धेरै वा थोरैमात्रामा पाइएकै देखिन्छ । त्यसैले यथोचित चिह्न प्रयोगले उपन्यासलाई स्तरीय बनाएको छ ।

### ४.५.३. भाषा भण्डार

भाषा भण्डारका दृष्टिले प्रस्तुत **घुर्मी** उपन्यासलाई हेर्दा यसमा विभिन्न स्रोतका शब्दहरू प्रयोग भएका छन् । यस उपन्यासमा नेपाली भाषाका प्रचलित शब्दबाहेक तत्सम, आगन्तुक र अनुकरणात्मक शब्दहरू पनि प्रयोग भएका छन् । औपन्यासिक परिवेश अनुकूल रहेको हुँदा यस्ता

---

[१८३] ऐजन, पृ. ४३ ।

[१८४] ऐजन, पृ. ८१ ।

[१८५] ऐजन, पृ. १३१ ।

[१८६] ऐजन, पृ. ७ ।

[१८७] ऐजन, पृ. ५८ ।

[१८८] ऐजन, पृ. ३७ ।

[१८९] ऐजन, पृ. ५६ ।

[१९०] ऐजन, पृ. १०४ ।

[१९१] ऐजन, पृ. ७३ ।

[१९२] ऐजन, पृ. ७४ ।

[१९३] ऐजन, पृ. ६९ ।

शब्दहरूले उपन्यासलाई अरू स्तरीय र स्वभाविक मद्दत पुऱ्याएका छन् । उपन्यासमा प्रयोग भएका केही कम प्रचलित तत्सम, आगन्तुक, र अनुकरणात्मक शब्दहरू निम्नानुसार छन् ।

### ४.५.३.१ तत्सम शब्द

दृष्य(पृ.१), अभिनेता(पृ.१), वृक्ष(पृ.४), अङ्कमाल(पृ.७), आधुनिक(पृ.१२), अनुभव(पृ.२१), अंश(पृ.४४), सामेल(पृ.२), जवान(पृ.२), पुस्तकालय(पृ.३), वृक्ष(पृ.४), भयभीत(पृ.५),भवन(पृ.६), छात्रा(पृ.३१), वैद्य(पृ.३९), फलफूल(पृ.५१), शौचालय(पृ.५३), गुरु(पृ.५४), ज्योतिष(पृ.५५), संस्कार(पृ.६३), शव(पृ.५९), पुरोहित(पृ.६२), गरुढपुराण(पृ.६२), कर्मकाण्ड(पृ.६२), शरीर(पृ.६४), तिथि(पृ.६७), शिशु(पृ.७४), सिद्ध(पृ.७६, पुरुष(पृ.७७), द्वार(पृ.८०), उद्योग(पृ.१३२), महोदय(पृ.१३६) आदि ।

### ४.५.३.२. आगन्तुक शब्द

क. अङ्ग्रेजी शब्द

कलेज(पृ.१) आउट स्ट्याण्डिङ(पृ.४१) सोर्स(पृ.१०१)
टेलिभिजन(पृ.२) ड्रिङ्क(पृ.४२) गेट(पृ.१०४)
मेसिन(पृ.३) प्रमोसन(पृ.४३) आयल(पृ.१०५)
लन्च(पृ.३) आइसक्रिम(पृ.४५) स्टोभ(पृ.१०७)
रेडलाइट(पृ.५) रिजर्भ(पृ.४७) सेमिनार(पृ.१०८) आब्स्टिनेट(पृ.९) सप्लाई(पृ.४८) लज(पृ.१०९)
नर्भस(पृ.११) डान्स(पृ.४९) मिटर(पृ.११०)
डबल(पृ.१२) ब्राकेट(पृ.५०) टाइम(पृ.१११)
रिडिङ रूम(पृ.१३) पोस्टमोडर्निज्म(पृ.५१) करिअर(पृ.११५)
ड्युटी(पृ.१५) गाइड(पृ.५३) अनट्रेडिसनल(पृ.११७)
एरिया(पृ.१५) किड्नी(पृ.५४) बेटर(पृ.११९)
कमाण्डर(पृ.१६) इन्जेक्सन(पृ.५५) स्पेस(पृ.१२०)
कमाण्डर(पृ.१६) फिल्म(पृ.५६) जी.एम.(पृ.१२१)
इमरजेन्सी(पृ.२०) एन्जाइना(पृ.५७) सिक्वेन्स(पृ.१२२)
केस(पृ.२१) गेट(पृ.५९) काउन्टर(पृ.१२३)
स्काइल्याब(पृ.२५) द लास्ट लिफ(पृ.६४) कम्प्युटर(पृ.१२४)
च्यानल(पृ.२६) सिस(पृ.६५) आर्टिकल(पृ.१२४)
प्लास्टिक सर्जरी(पृ.२७) वाइफ(पृ.६६) टिम(पृ.१२६)
एडिटिङ(पृ.२८) डिग्री(पृ.६७) सिरियसली(पृ.१२९)
फ्लाट(पृ.६८) वाइन(पृ.१३१) डिनर(पृ.७०)
टेलिसिरियल(पृ.१३२) ट्रेन(पृ.७१) बी.ए.,एम.ए.(पृ.१३३)
टिचर(पृ.७२) सेक्स(पृ.१३४) रेकर्ड(पृ.२३२)
ड्र्यागन(पृ.७३) फुटनोट(पृ.१३५) ब्याग(पृ.७६)
प्रेस(पृ.१३६) एयरलाइन्स(पृ.७७) स्कुटर(पृ.१३७)
ट्याक्सी(पृ.७८) एस्कोर्ट(पृ.१३८) इम्पोर्टेन्स(पृ.७९)
क्रम्प्टन(८३) कार्पेट(पृ.८०) सिमेन्ट(पृ.८१) मर्निङ वाक(पृ.३२) माइक(पृ.८६) सिरियल(पृ.८७ मास्टर(पृ.३३)

रजिष्टार(पृ.८८) फिल्डवर्क(पृ.३४)
रोमाण्टिक(पृ.८९) ह्याण्ड(पृ.९०) विजिनेस(पृ.३५)
सिनियर(पृ.९१) नोट(पृ.९२) एकेडेमी(पृ.९३) डेटा(
पृ.३६) बेडरूम(पृ.९६) पिकनिक(पृ.९७ लाइब्रेरी((
पृ.३७) रेकर्ड(९८) अबोर्सन(पृ.३९) प्लेट(पृ.९९)
नर्मल टेम्पेरेचर(पृ.४०) पीएच्.डी.(पृ.१००)आदि ।

**(ख) अरबी शब्द**

गरीब(पृ.८)
तस्वीर(पृ.९)
खतरा(पृ.१०)
कागत(पृ.२०)
पेशा(पृ.२१)
खबर(पृ.२६)
माम्लो(पृ.३०)
बहस(पृ.३०)
अखबार(पृ.३३)
कसर(पृ.९८)
तलब(पृ.५५)
अक्सर(पृ.७९)
खतम(पृ.८१)
इशारा(पृ.८३)
खराब(प(पृ.८६)
दुनियाँ(पृ.८७)
फैसला(पृ.८९)
हिम्मत(पृ.९१)
हौसला(पृ.९४)
असर(पृ.४१)
तलब(पृ.१२०)
जमाना(पृ.१२३)
गलत(पृ.१२९)
तारिफ(पृ.११९)
सावित(पृ.१३९)
किताब(पृ.३७)
आदत(पृ.१११)
दोकान(पृ.११९)आदि ।

**(ग) फारसी शब्द**

सहर.(पृ.३९)
किफायत(पृ.५१)
आम्दामी(पृ.५५)
बदनाम(पृ.६१)
नजिक(पृ.६७ं
फर्माइस(पृ.७०)
बदमास((पृ.७३)
जवान(पृ.७८)
खरिद(पृ.८२)
जादू(पृ.८६)
बेइमान(पृ.८७)
बजार(पृ.९९)
बदर(पृ.१०१)
बेकार(पृ.१०१)
जागिर(पृ.११६) आदि ।

**(घ) भोटबर्मेली शब्द**

रक्सी(पृ.१२७) आदि ।

**(ङ) जापानी शब्द**

किमोनो(पृ.१११) आदि ।

**४.५.३.३ अनुकरणात्मक शब्द**

ढकमक्क(पृ.१)
पुलुक्क(पृ.२)
टुकुटुकु(पृ.७)
खलबल(पृ.११)
मुसुक्क(पृ.१३)
ह्वात्त(पृ.२०)
झिमिक्क(पृ.२१)
चकमन्न(पृ.२१)
दिगमिग(पृ.२२)
हरर(पृ.२७)
टलक्क(पृ.३३)
ठ्याक्क(पृ.३५)
झल्यास्स(पृ.३८)
भुसुक्क(पृ.३८)
झसङ्ग(पृ.५७)
स्वाँ-स्वाँ(पृ.५७)
थर्र(पृ.६६)
छर्लङ्ग(पृ.७५)
छिन्नभिन्न(पृ.९३)
झझल्को(पृ.९९)
भरिभराउ(पृ.१०४)
अलमल्ल(पृ.१०५)
चाँडोचाँडो(पृ.१०६)
फटाफट(पृ.१०९)
हतारहतार (पृ.१११)
भुसुक्कै(पृ.११२)
खलबल(पृ.११७)
सन्सनी(पृ.११७)
खटपट(पृ.१२७)
झल्याकझ्लुक(पृ.१३२)
झमझम(पृ.१३६)
सुटुक्क(पृ.१३९)
सुम्सुम्याउनु(पृ.२१)
गडबडी(पृ.२५) आदि ।

**४.५.३.४ उखानटुक्का**

सम्यक आशा सम्यक दुःख(पृ.११९)
एक खल्तीको नोट अर्को खल्तीमा राख्नु(पृ.२९)
नामेट हुनु(पृ.१२८)
तेर्सो पर्नु(पृ.१२७)
पृथ्वी घुम्नु(पृ.१२५)
स्वर्गबाट झर्नु(पृ.१२०)
बाउन्ने हुँदै जानु(पृ.११७)
रिनी बनाउनु(पृ.११०)
घर टाल्नु(१०७)
टाट हुनु(पृ.१०६)
हातमुख जोर्नु(पृ.१०६)
गुल्टिनु(पृ.१०१)
थुक पैँचो लिनु(पृ.९५)
मौसम फेरियो मित्रता फेरियो(पृ.९५)
खड्गो काट्नु(पृ.६४)
मै खाउँ, मै लाउँ, सुखसयल वा मोज म गरूँ(पृ.६०)आदि ।

यस उपन्यासमा प्रायः सबैखाले पात्रहरूको संयोजन भएकाले पनि भाषालाई स्वभाविक, स्तरीय र विश्वसनीय बनाउन तत्सम, आगन्तुक शब्द तथा अनुकरणात्मक शब्दहरू प्रयोग भएका छन् । पात्रानुसारको भाषा प्रयोग भएको यस उपन्यासमा आएका उखानटुक्काले भाषालाई अझ सबल तुल्याएको छ ।

**४.५.४ शैली**

अभिव्यक्तिको विशिष्ट ढङ्ग शैली हो । उपन्यास साहित्यिक कृति भएकाले यसको संरचनामा

पनि साहित्यिक र भाषिक शैली हुन्छन् । साहित्यिक शैली विधागत उपकरणहरूको प्रयोग र अभिव्यक्तिमा देखिन्छ भने भाषिक शैली भाषाको प्रयोग र त्यसको अभिव्यक्तिमा देखापर्दछ ।[१९४]

### ४.५.४.१ भाषिक शैली

प्रस्तुत उपन्यासमा प्रयोग गरिएको भाषा तथा त्यसमा देखिएका विचलनका आधारमा भाषिक शैली कस्तो छ भन्ने कुरा प्रस्ट हुन्छ । शैली अभिव्यक्तिको ढाँचा हुनाले यो भाषासँग अभिन्न रहन्छ । यस उपन्यासमा पनि विभिन्न स्रोतबाट शब्दहरूको चयन गरिएको छ । कतै मौखिक रूपमा मात्र प्रयोग हुने अश्लील जनाउने खालका शब्दको पनि चयन गरेको देखिन्छ । "तिमी उठ मूला यसमा ।"[१९५] स्वभाविकताका लागि गालीगलोजात्मक ठेट शब्दहरू पनि प्रयोग भएको देखिन्छ । "कहिलेकाहीँ प्रसङ्ग उठेको छ र रिस पनि उठेको छ भने तिनको नाउँमा थुक, खकार अलिकति झिक्यो, चुतिया साला भन्यो अनि शान्त भयो । [१९६] व्याकरणिक नियमको पनि पालना भएको छ । ठाउँ-ठाउँमा आएका अनुकरणात्मक शब्द अनि उखानटुक्काले भाषालाई सरल तुल्याएको छ ।

### ४.५.४.२ साहित्यिक शैली

प्रस्तुत घुर्मी उपन्यासको साहित्यिक शैली अध्ययन सन्दर्भमा औपन्यासिक उपकरणहरूको प्रयोग र सिङ्गो कृतिले पार्ने प्रभावको अध्ययन गर्नु आवश्यक हुन्छ । उपन्यासमा कतैकतै विश्लेषणात्मक शैली देखिए पनि मूलरूपमा वर्णनात्मक शैली प्रयोग भएको छ ।

उपन्यासको कथावस्तुमा आदि, मध्य र अन्त्यको परिपालना नभई वरिपरि वा बीच सबैतिर चक्रीय परिधि लिएर दृष्टि वा प्रस्तुति भएको छ । उपन्यासमा घटित घटनावली कहिले अतीततिर जाने त कहिले भविष्योन्मुख हुने देखिन्छ तर यसरी घटनावली सर्दा वर्तमानलाई भने छोएर वा भएर नै जाने गरेको छ । यसर्थ कथानकको संयोजन विशृङ्खलित रहेको छ । पात्रको चारित्रिक विशेषता उद्घाटन गर्न आवश्यक पर्ने कथानकको चयन, उपन्यासको कार्यव्यापार सम्पन्न भएको समय र वातावरणको यथोचित प्रयोगबाट साहित्यिक शैली बुझ्न सकिन्छ । पात्रपात्राले व्यक्त गरेको स्तरीय संवादले पनि साहित्यिक शैलीलाई निर्दिष्ट गर्दछ । "उसको माम्लोमा कुन्नि संवेदनाको स्तरमा कता अन्तर आइदिन्छ र मित्रताले एक्कासि आफ्नो मृत्युको घोषणा गरिदिन्छ । आयु सकियो भनिदिन्छ, उसले बुझ्न सकेन । "[१९७] ,उसले भन्यो-"मसित कति ऊर्जा रहेछ, अठारवटा उपन्यासमा झार्दै ल्याइरहेछन्, निरन्तर, तैपनि अझ झार्ने ठाउँ बाँकी हुन्छ अथात् म धेरै उचाइमा रहेछु जस्तो गरिदिन्छन्, जसले गर्दा झर्ने स्पेस अझै बाँकी नै रहेको देखिन्छ । अझ कति झरेपछि बल्ल ठाउँमा आयो भन्ने हुन् ?"[१९८] प्रथम र तृतिय पुरुषमा बगेको यस उपन्यासको देशकाल तथा वातावरणको पनि उपयुक्त ढङ्गबाट प्रयोग भएको छ ।

---

[१९४] विष्णुप्रसाद पौडेल, उपन्यासकार इन्द्रबहादुर राई (कृतिपरक अध्ययन) अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय शिक्षण विभाग, २०५४, पृ. १५९ ।

[१९५] ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ. १०२ ।

[१९६] ऐजन, पृ. ९४ ।

[१९७] ऐजन, पृ. १३३ ।

[१९८] ऐजन, पृ. १०२ ।

निष्कर्षमा भन्नुपर्दा घटना, कार्य र पात्रहरूको विश्लेषण र टिप्पणी कतै स्वयम् उपन्यासकारबाट भएको छ भने कतै स्वयम् पात्रले नै प्रथम पुरुष ढाँचामा व्यक्त गरेका छन् । वर्णनात्मक तथा आत्मकथात्मक शैलीमा यो उपन्यास रचना भएको छ । संवादमा नाटकीयता, स्थान, समय र वातावरणको चित्रणमा देखिने प्रभावकारिताले यसको साहित्यिक शैलीलाई झल्काउँछ । वर्णनक्रममा प्रशस्त पद विचलन देखिएकोले साहित्यिक शैलीभित्र काव्यात्मकता पनि ठाउँ-ठाउँमा झल्किएको छ ।

## ४.६. घुर्मी उपन्यासको जीवनदर्शन तथा उद्देश्य

हरेक कार्यको एउटा निश्चित उद्देश्य हुन्छ । मानवेतर प्राणीले गर्ने कार्यमा समेत कुनै न कुनै उद्देश्य रहेको हुन्छ भने मानवले गरेका कार्यहरूमा त उद्देश्य नहुने कुरै छैन । साहित्य एक सचेत मानिसद्वारा सिर्जित कला हो । सचेत मानिसले उद्देश्यविना कुनै गर्दैगर्दैन । यसर्थ साहित्य सिर्जनामा कुनै न कुनै उद्देश्य अन्तर्निहित रहेको हुन्छ । उद्देश्यविनाको साहित्यिक कृति लेखक र पाठकको समय बर्बाद गर्ने व्यर्थका वस्तु ठहरिन्छन् । अतः साहित्य सिर्जना उद्देश्यपूर्ण हुनुपर्छ । पूर्वीय तथा पाश्चात्य चिन्तकहरूले साहित्य सिर्जनाको उद्देश्यहरूलाई विभिन्न ढङ्गले सङ्केत गरेका छन् । विशेषतः शैक्षिक, धार्मिक, नैतिक तथा आनन्द प्राप्तिलाई साहित्य सिर्जनाको प्रयोजन मानेको देखिन्छ । उपन्यास पनि साहित्यलेखन नै भएकाले यो कुनै न कुनै उद्देश्य पूरा गर्नको लागि लेखिएको हुन्छ । सिङ्गो उपन्यासमा लेखकले आफ्नो जीवन र जगत्प्रतिको दृष्टिकोण काव्यपूर्ण र प्रभावपूर्ण रूपमा प्रस्तुत गनुपर्दछ ।[१९९] उपन्यासकारले आफूले सिर्जना गरेको कृतिद्वारा पाठकहरूलाई के कस्तो सन्देश दिन चाहन्छ, उपन्यासका मुख्य समस्याहरू कुन-कुन हुन् भन्नेजस्ता कुराहरूलाई लेखकले के-कसरी आत्मसाथ गरेको छ र के-कस्तो समाधानको उपाय अपनाएको छ भन्ने पक्ष मननीय हुन्छ । उपन्यासको मूल प्रतिपाद्य रचयिताको व्यक्तिगत जीवनदर्शन नै हो । त्यसैलाई उपन्यासको उद्देश्य भनिन्छ ।[२००] कृतिमा रहेको कृतिगत उद्देश्यबाट लेखकको मूल्याङ्कनसमेत गर्न सकिन्छ ।

**घुर्मी** उपन्यासको अध्ययनपछि यसको उद्देश्यलाई निरूपण गर्न सकिन्छ । समग्र उपन्यासको अध्ययन गर्दा यसमा समसामयिक जीवनदर्शन रहेको छ । उपन्यासकारको आफ्नै जीवनको अतीतलाई खोतलिएको भए तापनि आफ्नो अतीतलाई नै घटना र आजसम्मको आफूलाई नै पात्र बनाइएको यस उपन्यासले यथार्थपरक सामाजिक युगीन परिवेशको चित्रण गर्न सकेको देखिन्छ । मानव जीवनका तीता-मीठा अनुभवहरूलाई जस्ताको तस्तै ओकलिएको प्रस्तुत उपन्यासमा सामाजिक यथार्थता, श्यामव्यङ्ग्य, नवीन औपन्यासिक स्वरूप सँगसँगै विसङ्गतिवादी-अस्तित्ववादी चिन्तनलाई नै प्रमुख स्थान दिइएको छ । विभिन्न विसङ्गतिहरूका माझमा पनि जीवनले अस्तित्व खोजिरहन्छ । जीवनलाई विसङ्गतै विसङ्गतमात्र देख्नुहुँदैन । अस्तित्वरक्षाका लागि सङ्घर्ष गरिरहनुपर्छ भन्ने उद्देश्यलाई पुष्टि गर्नका निम्ति प्रस्तुत उपन्यासको सिर्जना भएको देखिन्छ । यस उपन्यासको उद्देश्यलाई समकालीन युगीन परिवेश र विसङ्गतिवादी-अस्तित्ववादी जीवनचेतनाका रूपमा छुट्टाछुट्टै अध्ययन गर्न सकिन्छ ।

---

[१९९] हिमांशु थापा, पूर्ववत्, पृ. १५३ ।

[२००] धीरेन्द्र बर्मा(सम्पादक), हिन्दी साहित्यकोश, भाग-१,तृतिय संस्करण, वाराणासी : ज्ञानमण्डल लिमिटेड, सन् १९५८, पृ. १५५ ।

### ४.७ समकालीन युगीन परिवेशीय चित्रण

**घुर्मी** उपन्यास एक किसिम आत्मकथाजस्तो देखिए पनि यसमा बृहतरूपमा समकालीन युगीन परिवेशीय चित्रण रहेको छ । उपन्यासमा आएका घटना-परिघटना,परिवेश र पात्रहरूले यथार्थ सामाजिक विषयवस्तुहरूलाई जीवन्त तुल्याएका छन् । गौतमको औपन्यासिक प्रवृत्तिहरूमा स्वैरकल्पना र मिथकहरूको प्रयोग रहने गरेको भएतापनि यहाँ त्यस्तो पाईंदैन । सामाजिक यथार्थहरू नै प्रबल बनेर आएको देखिन्छ । मानवजीवनका विभिन्न उतारचढावहरूलाई समेट्तै आफूले बाँचेको त्यस समयलाई नङ्ग्याउनु उपन्यासकारको उद्देश्य रहेको देखिन्छ । उपन्यासमा प्रयोग भएको पात्र चेतचन्द्रले विशेषतः वि.सं.२०३० देखि वि.सं.२०४० सालसम्मको युगीन परिवेशलाई चित्रण गरेका छन् । नेपालको शैक्षिक अवस्था, गरिबी लेखकहरूको अवस्था, नेपालमा पदीय दायित्वका लागि भएका र हुनेगरेका विभिन्न अप्ठ्याराहरू, पारिवारिक जीवनमा आउने विभिन्न आरोह-अवरोहरू जस्ता पक्षलाई युगीन चेतनाको रूपमा लिन सकिन्छ । नेपालीहरूको मानसिक अवस्थालाई चित्रण गर्ने क्रममा बाबु गोविन्दचन्द्रको मृत्यु र दाजुभाइबीच भएको अंशबण्डाको किचलोको प्रसङ्ग निकै सफल देखिन्छ । गाउँले र सहरीया जनजीवनलाई प्रस्तुत गर्ने क्रममा पनि गौतम सफल देखिन्छन् । ज्ञान आर्जन र शैक्षिक पेशा अपनाएको बेला डेराभाडा गरी बस्नुपरेका विभिन्न प्रसङ्गहरूले आर्थिक सम्पन्नताले शैक्षिक सम्पन्नतालाई ओझेलमा पारेको कुरालाई प्रष्ट पारेको छ । घरधनीले “राती अबेरसम्म बत्ती बाल्दारहेछौ, पानी धेरै चलाउँदा रहेछौ ।”भनेर घरमा राख्न समस्या भएको देखाएका प्रसङ्गले शिक्षित व्यक्तिहरूलाई धनी व्यक्तिहरूले दबाउन सक्ने अवस्थाको रूपमा देखाएको छ । उपन्यासभित्र आएका विभिन्न कथनहरूले नेपालको विकृतिजन्य परिस्थितिलाई सङ्केत गरेका छन् । साथीभाइको सङ्गतका क्रममा कोही पनि निस्वार्थी र सहयोगी नदेखिएको पक्ष देखाउनुले नेपाली समाजमा व्याप्त गुटफुटको अवस्थालाई सङ्केत गरेको छ ।

उपन्यासको नायकले सधैंभरी साथीभाइहरूसँग असल व्यवहार गर्न चाहेको, देशको निम्ति केही गरौं भन्ने भावना राखेको, अध्ययन-अध्यापन र बौद्धिक कार्यहरूबाहेक जीवनयापनका लागि कुनै खास पेशा नअपनाएको तर उसलाई नै तारो बनाएर पछि पार्न खोजेको प्रसङ्गले झन् युगीन परिवेश ओगटेको छ । उच्च शिक्षाको लागि देश छोडेर बाहिर जानुपर्ने, शिक्षा लिएर स्वदेश फर्केपछि आफूले चाहेको ठाउँमा सेवा गर्न नपाइने, सेवा गर्ने रहर हुँदाहुँदै पनि सेवाबाट बिमुख हुनुपर्ने, योग्यताको कदर नहुने, घुसखोरी, चाकरी, चाप्लुसी र चम्चागिरिहरू सज्जनभन्दा अगाडि पुग्ने जस्ता कुराहरूको उद्घाटन समय सान्दर्भिक देखिन्छन् । नायक एउटा लेखक रहेको र उसले आफूले लेखेको कृति बेच्तै हिँडेको प्रसङ्गबाट नेपालमा लेखकहरूको दयनीय अवस्थालाई चित्रण गरिएको छ । यो नेपाली लेखकहरूको वास्तविकता पनि हो । “ध्रुवचन्द्र त्यत्रो लेखक भएर पनि दिनदिनै किताब बेचेर हिँड्छ ,“बरू यसो भन, ध्रुवचन्द्रजस्तो लेखकले समेत पुस्तक बेचेर हिँड्नुपरिरहेछ । ”[२०१] भन्ने संवादबाट नेपाली लेखकहरूको दयनीय अवस्थालाई यथार्थ र मार्मिक चित्रण प्रस्तुत गरिएको छ । यहाँ बोल्ने दुई पात्र र ध्रुवचन्द्र रहेको परिवेश अत्यन्तै मार्मिक देखिन्छ ।

विद्यावारिधिपछि नेपाली केन्द्रीय विभागजस्तो उच्च शैक्षिक संस्थामा प्राध्यापन गर्दै त्रिभुवन विश्वविद्यालयको सेवा गरिरहेको बेला प्राध्यापक पदको लागि अन्तर्वार्ता दिँदा असफल हुनु तर त्यो

---

[२०१] ध्रुवचन्द्र गौतम, <u>घुर्मी</u>, पूर्ववत्, पृ. १०७ ।

असफलताको कारण असक्षमता नभई चाकरीको कमी भएको प्रसङ्ग निकै मार्मिक देखिन्छ । "लाग्यो, म आफैँ योग्य छु भने सोर्स किन लगाउने ?"[२०२] भनेर सोर्स नलगाई स्वच्छ प्रतिस्प्रधामा उत्रिएको चेतचन्द्रले यहाँ सोर्सको मात्रै ठाउँ रहेछ भनेर यौटा मन्त्रीसित कुरा गर्दा मन्त्रीले "हामीलाई किन नभन्नुभएको डाक्टरसाहेब, हामी गरिहाल्थ्यौं ।"भनेको प्रसङ्गबाट एउटा बौद्धिक मानिसलाई पछि पार्न के-कस्ता षढयन्त्र हुँदारहेछन् भन्ने कुराको पुष्टि भएको छ । यहाँ अल्पशिक्षित तर राजनीति गरेर मन्त्री भएका व्यक्तिले शैक्षिक क्षेत्रमा हालिमुहाली गरेको प्रसङ्ग निकै घतलाग्दो छ ।

युगीन परिवेश चित्रणकै क्रममा नेपाली राजनीतिको उतारचढावलाई पनि समेटिएको छ । विशेषतः नेपाली रानतीतिमा पञ्चायतकाल उत्तरार्ध र बहुदलीय ब्यवस्थाको प्रारम्भिक समयको चित्र पाइन्छ । यहाँ कतिपय हिँजोका पञ्चहरू आज प्रजातान्त्रिक बनेर उच्च ओहोदा ओगटेको प्रसङ्गबाट राजनैतिक परिवेश राम्ररी आएको देखिन्छ । " एकपटक महेशकुमार कै पालामा प्राध्यापक हुने अन्तर्वार्ता भएको थियो, पछि सुनियो, सबैले पछि सही गरूँला भनेर त्यो थन्क्याइराखे । पञ्चायतकाल गएपछि त्यो अन्तर्वार्ता बदर भयो । "[२०३]भन्ने प्रसङ्गले शैक्षिक क्षेत्रमा राजनैतिक प्रभावलाई देखाइएको छ । नायक भारतमा बसेको बेला थाहा पाएका वेश्यावृत्तिका प्रसङ्गहरू, दुर्व्यसनीका प्रसङ्गहरू र त्यहाँका मान्छेले नेपालीलाई हेर्ने दृष्टिकोणहरू निकै महत्वपूर्ण रहेका छन् । यथार्थमा पनि उपन्यासमा चित्रण गरिएका प्रसङ्गहरू अहिले नै पनि पाउन सकिन्छ । भारत बसाइकै अर्को प्रसङ्गमा एउटा बेवारिसे लास देखिएको र त्यो स्वदेशी नभएको र सनाखत पनि हुन नसकेको एउटा प्रसङ्गले नेपालीहरू विदेशका विभिन्न ठाउँमा गएर त्ससरी नै बेवारिसे अवस्थामा मरिरहेका यथार्थलाई पुष्टि गर्दछ ।

साथीसङ्गतमा नायकले पटक-पटक धोका पाउनु, आफूले सबैलाई राम्रो गर्दा पनि उनीहरूले राम्रो नदेख्नु, असल कार्यहरू गर्दै जाँदा पनि त्यसको राम्रो मूल्याङ्कन नगर्नु जस्ता प्रसङ्गहरूले नेपाली-नेपालीबीचमा कमजोर हुँदै गएको भाइचाराको सम्बन्धलाई पुष्टि गर्दछ । उपन्यासभरि नै यस्ता प्रसङ्गहरू यत्रतत्ररूपमा रहेका छन् ।

उपन्यासको नायकको मनमा बाल्यकालमा सुनेका भूतप्रेतका प्रसङ्गहरूले नेपाली जनजीवनको रूढीबुढी र अन्धविश्वासलाई पुष्टि गर्दछ । यसै कुरालाई पुष्टि गर्न नायकका बाबुको मृत्युमा गरिएको काजक्रिया र सुनिएको गरूढपुराणको प्रसङ्ग पनि अघि सार्न सकिन्छ । यसै सन्दर्भमा छोरो बिरामी हुँदा झारफूकेकहाँ लैजानु, उसले एउटा बुटी बाँधिदिएपछि निको भएको कुरा उल्लेख छ । उपन्यासभित्र डायरी पल्टाउँदा उल्लेख भएको भूत आइमाई तथा सपनामा देखेका विवरण आदि कुराहरूले थप पुष्टि गर्दछ ।

उपन्यासभित्र प्रयोग भएको अङ्ग्रजी तथा हिन्दी भाषा मिश्रित नेपाली भाषा पनि परिवेशीय चित्रणमा सफल देखिन्छ । नेपालीहरू विदेश डुल्न गएका बखत सकेसम्म सस्तो होटल खोजेर खर्च बचाउनतर्फ लाग्नुपरेको बाध्यता झन् सान्दर्भिक देखिन्छ ।"देयर इज ए रेस्टुरेन्ट भेरी

[२०२] ऐजन, पृ. १०१ ।

[२०३] ऐजन, पृ. १०१ ।

चीप, भेरी चीप ।"[२०४] भन्ने कुराले उक्त कुरालाई पुष्टि गर्दछ । यो नेपालीहरूको बाध्यता पनि हो र अर्को दरिद्रताको सङ्केत पनि हो ।

यस उपन्यासको महत्वपूर्ण पक्ष अभिभावक हुँदाको व्यक्तिको जीवन र नहुँदाको जीवनमा हुने अन्तरको चित्रण पनि रहेको छ । उपन्यासको नायकले आफ्नो बाबुको मृत्युमा आफ्नै जीवनको एक महत्वपूर्ण अध्याय सकिएको सङ्केत गरेबाट एउटा सक्षम व्यक्ति पनि अभिभावकविहीन हुँदा आफूलाई कमजोर महसुस गर्न पुग्दछ भन्ने कुरालाई सङ्केत गर्दछ । यसै प्रसङ्गमा आएको मान्छेमात्र नभएर बोटबिरूवा तथा बगैँचालेसमेत अभिभावकको अनुपस्थितिमा निस्ताउनु परेको वा हराउनु परेको निकै सान्दर्भिक देखिन्छ । उपन्यासको नायकले सानोदेखि ठूलो जागिर खानुपर्दा सम्मको अनुभव, सानादेखि ठूला पदभारहरू सम्हाल्दासम्मका अनुभव, महत्वपूर्ण पदमा पुग्नका लागि गरिएका प्रयासहरू र पदमा पुगेपछि गर्नुपरेका कार्यहरूले युगीन परिवेशलाई राम्ररी समाउन सकेको देखिन्छ ।

ध्रुवचन्द्र गौतमको औपन्यासिक यात्राको अन्तिम चरणमा देखिएको प्रस्तुत **घुर्मी** उपन्यास **बाढी**पछिको दोस्रो अनुभवन्यासका रूपमा देखापरेको छ । बाढीमा सिर्जनाका उतारचढावहरू समेटिएका थिए भने यसमा जागिरे जीवन र साथीसङ्गतहरूको चर्चा बढी देखिन्छ । यस उपन्यासका प्रमुख चित्रहरूमाः-पिताको मृत्यु, कृतिमा आलोचनामात्र गर्ने दुष्ट्याइँहरूको झलक, मित्रभेद जस्ता कुराहरू पर्दछन् ।[२०५] पिताको मृत्युले हुँदाभन्दा नहुँदाखेरि अभिभावकको महत्व बढ्ने कुरालाई देखाइएको छ । कसैले राम्रो कार्य गऱ्यो, असल कृतिहरू सिर्जना गर्न सक्यो भने त्यसलाई आलोचनामात्र गर्ने दुष्ट प्रवृत्तिलाई देखाउनु अर्को पक्ष रहेको छ । नेपालको परिवेशमा यो अत्यन्त यथार्थ देखिन्छ ।

उपन्यास विभिन्न पूर्वप्रसङ्गहरूको बिम्बका रूपमा देखिएको छ । यसमा रहेका अनेक घटनावली कहिले अतीततिर जाने र कहिले भविष्योन्मूख हुने जस्तो पनि देखिन्छ । [२०६] उपर्युक्त प्रसङ्ग र तिनको अध्ययन विश्लेषणबाट **घुर्मी** उपन्यासमा प्रयुक्त पात्र, कथानक, चरित्र, परिवेश र चिन्तन समकालीन युगीन परिवेशीय चित्रणको उद्देश्यतर्फ उन्मूख देखिन्छ । एउटा आत्मकथालाई आत्मकथाजस्तो नबनाई लेखकको नामभन्दा अलग नाम दिएर पात्र खडा गरी औपन्यासिक स्वरूप प्रस्तुत गर्नुले उपन्यास बढी यथार्थपरक र सशक्त बनेको छ ।

## ४.८ विसङ्गतिवादी-अस्तित्ववादी जीवनचेतना

दोस्रो विश्वयुद्धपछि मुलुकमा मौलाएका विसङ्गतिवादी र अस्तित्ववादी मान्यतालाई विशेषतः आख्यानविधाहरूमा एक चिन्तनको रूपमा प्रयोग गर्दै साहित्यकारहरूले जीवन्त तुल्याएको पाइन्छ । जीवनजगत र सोसँग सम्बन्धित पक्षमा प्रचलित प्रतिष्ठित वा परम्परागत मूल्यमान्यताहरूको विरोध वहिष्कार गर्दै जीवनजगतप्रतिको असङ्गत र विसङ्गत दृष्टिकोणलाई साहित्यमा असङ्गत र विसङगत भाषाशैलीका माध्यमबाट अभिव्यक्ति दिने बीसौँ शताब्दीको एक

---

[२०४] ध्रुवचन्द्र गौतम, <u>घुर्मी</u>, पूर्ववत्, पृ. १०८ ।

[२०५] रोशन थापा नीरव, पूर्ववत्, पृ. "म"

[२०६] ऐजन, पृ. "र"

साहित्यिक अभियानविशेषको नाम नै विसङ्गतिवाद हो ।[२०७] यिनै मान्यताका आधारमा रचित उपन्यासलाई विसङ्गतिवादी-अस्तित्ववादी उपन्यास भनिन्छ । वास्तवमा अस्तित्ववादको जननी विसङ्गतिवाद हो । गौतमका समग्र उपन्यासमा पूरै विसङ्गतिवादी वा पूरै अस्तित्ववादी चिन्तन नभई दुवैको सन्तुलन पाइन्छ । [२०८] वि.सं.२०२४ सालमा देखिएका प्रवृत्तिलाई वि.सं.२०२८ सालमा प्रकाशित बालुवामाथि उपन्यासले गौतमका औपन्यासिक प्रवृत्तिलाई फराकिलो बनाएको छ । उनको विसङ्गतिको अन्तर्मूखी धारणा वि.सं.२०३३ सालमा प्रकाशित उपन्यास **डापी**मा चरमोत्कर्षमा पुग्न सफल भएको छ ।[२०९] वि.सं.२०३७ सालमा प्रकाशित **कट्टेलसरको चोटपटक** उपन्यासबाट भने गौतम बहिर्केन्द्र र मूर्त प्रस्तुतितिर उन्मूख भएको कुरा प्रमाणित हुन्छ ।[२१०] त्यसपछिका उनका प्रायः सबै उपन्यासले विसङ्गतिवादी-अस्तित्ववादी जीवनदर्शनलाई कुनै न कुनै रूपमा प्रस्तुत गर्दै आएको देखिन्छ ।

**घुर्मी** उपन्यासमा उपन्यासको नायक चेतचन्द्रका जीवनसम्बन्धी घटना र क्रियाकलापहरू एवम् ती घटना घटित परिवेशका प्रसङ्गहरू विसङ्गतिपूर्ण छन् । त्यस्ता विभिन्न विसङ्गतिग्रस्त वातावरणमा आफ्नो अस्तित्वको खोजी गर्दै नायक अघि बढिरहेको छ । उपन्यासमा अस्तित्व, विसङ्गति र यथार्थ पनि त्यत्तिकै सशक्त छ । चिन्तनका आधारमा उपन्यास विसङ्गतिवादी-अस्त्तिववादी र यथार्थवादी त्रिवेणीको रूपमा रहेको देखिन्छ । गौतमको अनिदत्त+अग्निदत्त र अन्य केही उपन्यासमा पनि यस्तो चिन्तन पाइएको छ ।

प्रस्तुत **घुर्मी** उपन्यासभित्र विसङ्गति र अस्त्विलाई बुझाउने व्यापक घटनावलीहरू आएका छन् । चेतचन्द्र उपन्यासको प्रमुख पात्र हो । उसका दैनिक जीवनका क्रियाकलापहरू विसङ्गतिपूर्ण छन् । ऊ संसारलाई राम्रो देख्न चाहन्छ । सबैको भलो चाहन्छ तर संसारले उसलाई नराम्रो देख्छ र उसको कुभलो गर्छ । नायक स्थापित लेखक भएर पनि पुस्तक बेचेर खानुपरेको र त्यसले पनि खान नपुगेको अवस्था छ । आफ्नो छवि राम्रो बनाए पनि नयाँ राम्रो मोटरसाइकल किन्न नसकेको अवस्था छ । डेरा बसेको घरमालिकलाई पारिवारिक सदस्यको रूपमा सम्मान गर्दा उसले तिरस्कार गरेको, भारतमा गएर उच्च शिक्षा वा विद्यावारिधि प्राप्त गरेर आफ्नै देशमा फर्किएर सेवा गर्न खोज्दा सेवाको उचित कदर नभएको, स्थापित लेखक भएर पनि लेखकहरूकै हित गर्ने संस्थाको नेतृत्वको लागि चुनाव लड्दा हार भएको, बाबु जीवित छँदा छोराछोरीले त्यति महत्व नदिएको तर मृत भैसकेपछि महत्व बोध भएको, आफू शिक्षित र पठित व्यक्ति भए पनि कतिपय रूढीबुढीहरूको विश्वास गर्नुपरेको आदि प्रसङ्गले विसङ्गतिलाई प्रस्ट बनाएका छन् । उपन्यासभित्र निर्दोष मान्छे दाषी ठहरिने, असक्षम मान्छेले ठूला-ठूला पदहरू पाउने, सक्षम मान्छेहरूले पछि पर्नुपर्ने, शैक्षिक क्षेत्रहरूमा राजनैतिक व्यक्तिहरूको भनसुन हुने, योग्य व्यक्तिले चाहेको ठाउँमा सेवा गर्न नपाउने, दाम्पत्य जीवनमा कलह भैरहने, शैक्षिक संस्थाहरूमा चोरी, खुल्ला यौनको कानून नभएको देशमा पनि किशोर-किशोरीहरू यौनव्यापारमा संलग्न रहनु, दाम्पत्य जीवनका पुरुषहरू परस्त्रीसित र महिलाहरू परपुरुषसित यौनसम्बन्ध राख्न पुग्नु, सम्पत्तिको अगाडि शिक्षा र विद्वत्वको

---

[२०७] ईश्वरकुमार श्रेष्ठ, पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता ,वाद र प्रणाली, द्वितीय संस्करण, काठमाडौँ : साझा प्रकाशन, २०५४, पृ. १७७ ।

[२०८] खगेन्द्रप्रसाद लुइटेल, समसामयिक नेपाली जनजीवनको प्रतिकृति, अग्निदत्त+अग्निदत्त, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, पृ. १९८ ।

[२०९] राजेन्द्र सुवेदी, पूर्ववत्, पृ. ५ ।

[२१०] ऐजन, पृ. ५ ।

अवमूल्यन हुनु, मान्छेको लास जनावरको लाससरी बेवारिसे अवस्थामा लडिरहनु, पुरस्कार छनौटमा योग्य व्यक्ति र उसको कृतिहरू नपर्नु, योग्य व्यक्तिलाई दिनुपर्ने सम्मान,पुरस्कार तथा अभिनन्दन अयोग्य व्यक्तिहरूको हातमा पर्नु, सबैभन्दा निकटबाट हेरिएको मित्रले शत्रु सो-सरह व्यवहार गर्नु, आफूले सम्मान गरेका दाइहरूबाट अन्यायमा पर्नु , आदर दिइराखेका भाइहरूबाट अपमानित हुनु, आफू विद्वान् र बाठो भएर पनि परम्परागत काजक्रियाहरूमा सामेल हुनु, परम्परागत संस्कारअनुसार काजक्रिया सकेकै दिन मासु खानु, पुरेत तथा पण्डितहरूले व्यक्ति हेरी शास्त्रको अपब्याख्या गर्नु जस्ता प्रसङ्गहरू विसङ्गतिपूर्ण देखिन्छन् ।

उपर्युक्त विसङ्गतिपूर्ण अवस्थामा पनि उपन्यासका पात्रहरू जीवनसङ्घर्षमा लागिरहेका देखिन्छन् । पारिवारिक बेमेल रहँदारहँदै पनि परिवार चलाइराखेका छन् । शत्रुहरूसँग पनि मित्रवत् व्यवहार गर्नुपरेकोछ । अयोग्य व्यक्तिको पेलाइ सहेर पनि योग्य व्यक्तिले बाँच्नुपरेको छ । यस्ता प्रसङ्गहरूले विसङ्गतिवादी-अस्तित्ववादी चेतलाई समन्वय गर्न सकेको देखिन्छ । उपन्यासभरि नै यस्ता प्रसङ्गहरू पटक-पटक दोहोरिइरहेका पाइन्छन् । अस्तित्ववाद भनेको असङ्गतभित्र सङ्गतिको खोजी गर्नु हो । यस उपन्यासभित्र त्यस्तै भएको छ । एउटा लेखकले लेखेर खान नपुगे पनि निरन्तर लेखिरहनु र आफ्ना कृतिहरू बेचेर भए पनि छाक टार्ने प्रयत्न गर्नु यसको राम्रो उदाहरण हो ।

विवेच्य उपन्यासको विषयवस्तु कुनै स्वैरकल्पना,कल्पना वा मिथक र पुराकथाको स्वरूपमा नरही वास्तविक जीवनमा घटेका घटनाहरूसँग सम्बन्धित रहेको छ । वास्तविक जीवनका घटनाहरूलाई देखाउने चिन्तन नै यथार्थवाद हो । यस अर्थमा प्रस्तुत उपन्यास यथार्थपरक देखिन्छ । उपन्यासलाई यथार्थपरक रूपमा देखाउने प्रमाणको रूपमा अधिकांश उपन्यासका पात्रहरूलाई नै अघि सार्न सकिन्छ । यहाँ सबै समाजमा प्राप्य पात्रहरू नै समेटिएका छन् । कुनै विषयमाथि शङ्का लागे ती पात्रहरूलाई भेटेरै पनि शङ्काको निवारण गर्न पाठकलाई छुट छ । जीवित यथार्थ पात्रहरूलाई काल्पनिक पात्रहरूको प्रयोग हुँदै आएको साहित्यमा पात्र बनाएर उभ्याउनु पनि एक किसिमको विसङ्गति नै हो । प्रायः पाठकहरूले उपन्यासमा प्रयोग भएका पात्रहरू काल्पनिक सम्भन्छन् । अनुभवन्यासको रूपमा नबुझीकन उपन्यासको रूपमा मात्र पढ्ने हो भने प्रस्तुत उपन्यासको पात्रचयन विसङ्गतिपूर्ण देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा **घुम्री** उपन्यासका पात्रहरू यथार्थ पात्रहरू हुन् । **घुम्री** उपन्यासभित्रको परिवेश यथार्थ परिवेश हो । औपन्यासिक तत्वका दृष्टिले आएका सबै अवयवहरू यथार्थ नै हुन् । अतः यो उपन्यास यथार्थवादी पनि देखिन्छ । यथार्थवादी हुँदाहुँदै पनि यसको मूल चिन्तन चाहिँ विसङ्गति-अस्तित्ववादी नै हो । उपन्यासमा प्रयोग भएका पात्रलाई कहिले विसङ्गतिबोध त कहिले अस्तित्वबोध गराउँदै घटनावलीको चित्रण गरिएको छ । समकालीन युगीन परिवेशीय जीवनदर्शनलाई चित्रण गर्ने क्रममा विभिन्न घटनाहरूको चित्रण गरी व्यापक विकृति र विसङ्गतिपूर्ण पक्षलाई उदाङ्गो पार्नु यस उपन्यासको जीवनदर्शन वा उद्देश्य रहेको छ ।

## ४.९ "घुर्मी" उपन्यासको शीर्षकको सार्थकता

हरेक साहित्यिक विधा-उपविधागत लेख, रचना तथा कृतिहरूमा शीर्षकको स्थान महत्वपूर्ण रहेको हुन्छ । शीर्षकले कुनै पनि कृतिको वा लेखको समग्र विचार तथा उद्देश्य वहन गरेको हुन्छ । अर्को शब्दमा सम्पूर्ण कृति वा लेख पढेर पाठकमा जुन मानसिक क्रिया-प्रतिक्रिया देखिन्छ, सो सम्बन्धित कृतिको शीर्षकको सार्थकतामा भर पर्दछ । अतः कृतिभित्रको समग्र विचार र शीर्षकमा अन्योन्याश्रित सम्बन्ध रहेको स्पष्ट हुन्छ ।

लेखकले आफ्नो कृतिको शीर्षक चयन गर्ने क्रममा सोझो/सरल तथा घुमाउरो/प्रतीकात्मक गरी दुई तरीकाले गरेको देखिन्छ । शीर्षकको शाब्दिक अर्थले नै कृतिको समग्र विचार वहन गरेको छ भने सो शीर्षक सरल देखिन आउँछ भने शाब्दिक अर्थले कृतिको समग्र विचारलाई थेग्न सकेन भने सो शीर्षक प्रतीकात्मक रहेको हुन्छ । यसर्थ प्रस्तुत **घुर्मी** उपन्यासको शीर्षक सार्थकताको लागि सरल तथा प्रतीकात्मक दुवै दृष्टिले विश्लेषण गर्नु उपयुक्त देखिन्छ ।

### ४.९.१ घुर्मी उपन्यासको शाब्दिक अर्थ

**घुर्मी** भनेको गोलभेडाका आकारको अमिलो स्वाद र रातो रङको फल फल्ने एक जातको लहरो हो ।[२११] यसको शाब्दिक अर्थ केलाउँदा प्रस्तुत **घुर्मी** उपन्यासको वैचारिक धरातल र यसको शाब्दिक अर्थबीच कुनै सामञ्जस्यता देखिँदैन ।

### ४.९.२ घुमी उपन्यासको प्रतीकात्मक अर्थ

केटाकेटीमा उनीहरू एउटा खेल खेल्दथे । एउटै वृत्तमा घुमिरहने । घुम्दा-घुम्दै रिँगटा लागेर आउँथ्यो । त्यसलाई घुर्मी भन्थे उनीहरू । घुर्मी लाग्दा सारा संसार घुर्मीमय मात्र हुन्थ्यो । आफूलाई लड्नदेखि जोगाउन सके ठुलो प्राप्ति ।[२१२]

प्रस्तुत हरफहरूकानुसार **घुर्मी** भनेको एक रिँगटा लाग्ने खेल हो । जुन खेल चेतचन्द्रले केटाकेटीमा खेल्ने गरेको थियो । एउटै वृत्तमा घुमेर खेलिने खेल भएकोले रिँगटा लाग्ने गर्दथ्यो । रिँगटा लागे पनि लड्नबाट आफूलाई जोगाउँदै उक्त खेल खेल्न सके ठूलो प्राप्ति सम्झने गर्दथे । यही रिँगटा चलाउने घुर्मी चेतचन्द्रको छ दशक लामो जीवनयात्रासँग प्रतीकात्मक रुपमा आएको देखिन्छ ।

बाल्यकालको घुर्मीले अझै उसलाई छाडेको छैन । रिँङाउँदै छ । अहिले लागिरहेको उसको सम्पूर्ण जीवन घुर्मी नै घुर्मी हो । त्यो घुर्मी त एक छिनपछि शान्त पनि हुन्थ्यो । यो घुर्मी स्थायी छ र हट्दै हट्दैन । उसलाई हरक्षण लड्नुदेखि जोगाउन कठिन हुँदैछ ।

---

२११ नरेन्द्र चापागाइँ, नेपाली शब्दभण्डार, विराटनगरः श्याम पुस्तक भण्डार, २०६२, पृ.३२४ ।

२१२ ध्रुवचन्द्र गौतम, घुर्मी, पूर्ववत्, पृ.१३९ ।

उसलाई थाहा थिएन, केटाकेटीको त्यो खेलको घुर्मी सुटुक्क जीवनमा पसिदिन्छ र स्थायी रुपमा बसिदिन्छ ।[२१३]

माथिको हरफहरुमा के कुरा देखिन्छ भने बालकककालमा खेलेको घुर्मी खेलले जसरी रिँगटा चलाएर लडाउन खोज्दथ्यो त्यसरी नै आफ्नो जीवनको आदिदेखि अहिलेसम्मको जीवन भोगाइको क्रममा सामना गर्नुपरेका हाँसो, खुसी, दुःख, सुख, हर्ष, विस्मात, पीडा, आदि सम्पूर्ण पक्षहरुलाई अतीतदेखि वर्तमानसम्म नियाल्दा कहालीलाग्दो अथवा रिँगटा चलाउने जीवन सञ्चालित हुँदै रहेको कुरा प्रतीकात्मक रुपमा व्यक्त भएको देखिन्छ । बाल्यकालको घुर्मी खेलेपश्चात एकै छिनमा हट्थ्यो भने यो घुर्मी कहिल्यै पनि हट्दैन र जीवनपर्यन्त बसिरहन्छ । सङ्घर्षशील जीवनको हरेक मोड र घुम्तीबीच आफूलाई क्षय हुनबाट जोगाउन पनि चेतचन्द्रलाई कठिन महसुस भएको देखिन्छ ।

चेतचन्द्रले जन्मेदेखि साठी बर्षसम्मको उमेरको अवलोकन प्रस्तुत **घुर्मी** उपन्यासमार्फत् गर्न चाहेको देखिन्छ । यस उपन्यासमा उनको जीवन भोगाइका सम्पूर्ण पक्षहरु जस्तैः- हाँसो, आँशु, हर्ष, विस्मात, रोदन, शोक, जोस, उमङ्ग, बाध्यता, उत्सुकता यत्रतत्र छरपष्टिएको देखिन्छ । यी सम्पूर्ण सम्वेगका अवस्थाहरुलाई पार गर्दै चेतचन्द्रले आफ्नो जीवनको साठी बर्ष पार गरेका छन् । आफ्नो जीवन भोगाइ कस्तो रह्यो भन्ने कुराको दर्पण उनको यही घुर्मी उपन्यास हो । यसरी विगततिर फर्केर  हेर्दा वा आफ्नो विगतका जीवन सङ्घर्षलाई नियाल्दा चेतचन्द्रलाई रिँगटा लागेको देखिन्छ । त्यसैले उनी आफैँले आफ्नो जीवन घुर्मी नै घुर्मी हो भन्ने कुरा स्वीकारेका छन् ।

प्रस्तुत **घुर्मी** उपन्यासभित्र चेतचन्द्रको बचपनदेखि हालसम्मको जीवन भोगाइका क्रममा घटेका घटनावलीको एक सङ्ग्रह नै तयार भएको देखिन्छ । यहाँ बाल्यावस्थाका अविश्मरणीय क्षणहरु छन् । किशोरावस्थामा साथीभाईसँगको अपार मित्रता पनि छ र त्यही मित्रहरुको घात-प्रतिघात पनि समाविष्ट छन् । युवावस्थामा बाबुको एक्कासि देहावसानको शोक छ र तत्पश्चात् उसको अभिभावकविहीन निस्सारताको अनुभव पनि छ । अंशबण्डाको मामलामा दाजुभाईहरुको पक्षपाती व्यवहार, शैक्षिक क्षेत्रमा घुसखोरी, चाप्लुसीको राज हुनाले उसमा अन्यायको पीडा पनि छँदैछ । कृति लेखनको क्रममा कुनै मित्रको हौसला त कसैको कटु आलाचना पनि खपेको छ । कुनै समय बिहान-बेलुकी हातमुख जोर्न धौ-धौ परेको देखिन्छ त कुनै समय आफ्नो कृतिले मदन पुरस्कार पाएकोमा अपार आनन्द मिलेको छ । यसरी यो उपन्यास विभिन्न घटनाहरुको क्रम-उपक्रम बोकी सिर्जित भएको देखिएकोले **घुर्मी** शीर्षक सार्थक भएको छ ।

निष्कर्षमा भन्नुपर्दा बाल्यकालमा खेल्ने गरेको एक खेलको नाम घुर्मी हो । घुर्मी खेल खेलेपश्चात देखिने असर रिँगटा हो । रिँगटा लागेपश्चात देखिने असर जीउ लडखडाउनु हो । यसलाई प्रतीकात्मक रुपमा हेर्दा जीवन एक घुर्मी हो । जीवन भोगाइका क्रममा विभिन्न आरोह-अवरोहहरुको सामना गर्दै अघि बढ्नु पर्ने हुन्छ । विभिन्न दुःख, कष्ट पार गर्ने क्रममा कतिपय ठाउँमा क्षय हुने सम्भावना रहन्छ र त्यस अवस्थामा आफ्नो अस्तित्व बचाउ गर्नु नै जीवनको अभीष्ट प्राप्ति हो भन्ने कुरा प्रस्तुत घुर्मी उपन्यासको शीर्षकले सार्थक पारेको छ । यसर्थ यस उपन्यासको **घुर्मी** शीर्षक औचित्यपूर्ण र सार्थक रहेको देखिन्छ ।

❖

[२१३] ऐजन, पृ. १३९ ।

# पाँचौं परिच्छेद

## उपसंहारः सारांश तथा निष्कर्ष

वि.सं. २००० मा भारतको रक्सौलमा पिता गोविन्दप्रसाद गौतम र माता दीपवतीदेवी गौतमको कोखबाट ध्रुवचन्द्र गौतमको जन्म भएको थियो । गाउँकै साधारण विद्यालयबाट प्रारम्भिक शिक्षा प्रारम्भ गरेका गौतमले भारतको पुनाबाट **अ डिस्क्रिप्टिभ स्टडि अफ तराई नेपाल** शीर्षकमा विद्यावारिधिसम्मको उपाधि हाँसिल गरेका छन् । वि.स. २०२० मा रूपरेखा पत्रिकामा तटस्थता र असफलता शीर्षकको कविता प्रकाशन गरी औपचारिक रूपमा नेपाली साहित्याकाशमा उदाएका गौतम गद्य र पद्य दुवै विधामा क्रियाशील देखिए पनि पद्य भन्दा गद्य विद्यामा उनको कलम बलियो र तिख्खर बनेको छ । वि.सं. २०२० सालकै रूपरेखा पत्रिकामा **एक यात्रानुभूति** शीर्षकको कथा प्रकाशन गरी गद्य विधामा प्रवेश गरेका गौतमलाई यही विधाले साहित्य शिखरमा पुऱ्याउने काम गरेको छ । साहित्यमा विविध विधा उपन्यास, कथा, नाटक, कविता, संस्मरणात्मक निबन्ध, स्तम्भ लेखन आदि विधामा कलम चलाएका बहुप्रतिभाशाली गौतमले वि.स. २०२४ सालमा **अन्त्यपछि** नामक उपन्यास प्रकाशन गरी उपन्यास विधामा उदाएका हुन् । सार्त्र, कामु, बेकेट, बर्गेज आदिबाट प्रभावित भएका गौतमले अस्तित्ववादी र विसङ्गतिवादी सिद्धान्तलाई आफ्नो कृतिमा समावेश गर्न सक्षम देखिएका छन् । सङख्यात्मक र गुणात्मक दृष्टिले स्तरीय रहेका उनका कृतिहरूले समाजका विकृति र विसङ्गतिलाई नङ्ग्याउने काम गरेका छन् ।

आधुनिक नेपाली उपन्यास क्षेत्रमा नवीन-नवीन शिल्प तथा शैलीको प्रयोग गर्ने गौतमले रचना गरेको यो **घुर्मी** उपन्यास शिल्प र प्रविधिको दृष्टिकोणले नवीन खालको देखिएको छ । उपन्यासमा आएको कथानक र घटनावलीलाई दृष्टिगत गर्दा यो उपन्यास अन्य उपन्यासभन्दा भिन्न खालको रहेको छ । साना-ठूला गरी एकासी भागमा यो उपन्यास फैलिएको छ । भाग विभाजनमा कुनै पनि सङ्केत नगरी मात्रै केही लामो ठाउँ छोडिएको छ । विद्यावारिधिको सिलसिलामा भारको पुना स्थित डेक्कन कलेज तथा कलेज वरिपरिको वातावरणको वर्णन गर्दै बीच-बीचमा पूर्वदीप्ति शैलीमा चेतचन्द्रको बचपनको वर्णन, बाबु गोविन्दचन्द्रको स्वाभावको वर्णन, दाजुभाइहरूको अंशबण्डा आदिको वर्णन हुदै **अलिखित** उपन्यासले चेतचन्द्रलाई मदन पुरस्कार दिलाएकोसम्म पुगेर उपन्यास टुङ्गिएको छ । चेतचन्द्रको यो अनुभवन्याससिद्ध भएकोले यसमा उसले विगतका जीवनमा देखेका, भोगेका तथा सुनेका घटनाहरूलाई संयोजन गरिएको छ । घटनाहरूलाई विशृङ्खल रूपमा संयोजन गर्दै चक्रीय परिधिमा कथावस्तु घुमेको पाइन्छ । टुक्रा-टुक्रा कथा र घटनाहरू हुनाले एक घटनाले अर्को घटनालाई असर नगरी स्वतन्त्र घटनाहरू रहेका छन् । अघिल्लो घटनाको सम्बन्ध पछिल्लो घटनामा नहुनाले समयक्रम पनि खलबलिएर विशृङ्खल रूपमा प्रस्तुत हुन पुगेको छ । यसर्थ प्रस्तुत उपन्यासमा आदि, मध्य र अन्त्यको सिलसिलेवार कथावस्तु पाउन सकिँदैन । यो उपन्यासको प्रायजसो घटनाहरूलाई पूर्वदीप्ति शैलीमा अघि बढाइएको छ । कथावस्तुको श्रोत उत्पाद्य हो र कथावस्तु तथा घटनावली यथार्थतामा आधारित छ भने कथनढाँचा मूलतः तृतीय पुरुष र अंशतः प्रथम पुरुष रहेको छ । बाबु गोविन्दचन्द्रको आकस्मिक देहवसानले चेतचन्द्रले एक्लो, निर्धो तथा टुहुरो महसुस गरेको छ भने उसको जीवनको एक अध्याय बाबुको मृत्युसँगै समाप्त भएको छ । अंशबण्डाको मामलामा आफ्नै दाजुभाइहरूको चालबाजी तथा मित्रहरूको घात-प्रतिघात अनि कृतिमा आलोचनामात्र गर्ने दुष्ट्याईहरूको झलक प्रस्तुत गरिएको छ । प्रस्तुत उपन्यासको सम्पूर्ण घटनाचक्रहरू चेतचन्द्रको बाल्यकालदेखि अहिलेसम्मको अनुभवहरूलाई आख्यानीकृत गरी अनुभवन्यासको रूपमा प्रस्तुत गरिएको छ ।

बहुलपात्रको संयोजन गरिएको यस उपन्यासमा स्त्री र पुरुष दुवै खालका पात्रहरू प्रयोग भएका छन् । चेतचन्द्र प्रमुख पुरुष पात्र हो भने अन्य स्त्रीभन्दा बढी तथा महत्वपूर्ण भूमिका ओगट्न सफल चेतचन्द्रकी पत्नी स्वस्ति प्रमुख स्त्री पात्र हो । सिङ्गो कथावस्तु नभई टुक्रे कथावस्तु रहेकोले धेरै पात्रहरू बीचमा आउँदै बीचैमा हराउँदै जान्छन । गोविन्दचन्द्र, धनुषचन्द्र, महेशकुमार उपाध्याय आदि सहायक पात्रहरू हुन् भने तेजकुमारी , येलङ्गायन, रेनु, राधा, जावेद आदि गौण पात्र हुन् । चेतचन्द्र, स्वस्ति, महेशकुमार उपाध्याय आदि अनुकूल पात्र हुन् भने लक्ष्मी, धनुषचन्द्र, मेरी आदि प्रतिकूल पात्र हुन् । त्यस्तै चेतचन्द्रको एउटा साथी, मेरी, नर्स आदि गतिशील पात्र हुन् भने चेतचन्द्र, स्वस्ति, महेशकुमार उपाध्याय आदि गतिहीन पात्र हुन् । वर्गगत पात्रका रूपमा चेतचन्द्र, नर्स, गुरु आदि आउँछन् भने मेरी, लक्ष्मी, महेशकुमार उपाध्याय, नीरशाह आदि व्यक्तिगत पात्रका रूपमा देखिन्छन् । चेतचन्द्रलाई उपन्यासबाट निकाल्दा उपन्यासको सम्पूर्ण अस्तित्व नष्ट हुन्छ । त्यसैले चेतचन्द्र बद्ध पात्र हो भने जावेद, येलङ्गायन आदिलाई बाहिर निकाल्दा औपन्यासिक संरचनामा कुनै सङ्कट आउँदैन । त्यसैले उक्त पात्रहरू मुक्त पात्रहरू हुन् ।

आधुनिक उपन्यासमा संवादलाई पनि महत्वपूर्ण स्थान दिइएको छ । यसर्थ यस उपन्यासमा पनि संवादको प्रयोग सफलतापूर्वक भएको छ । कतिपय ठाउँमा लामा संवाद तथा कतिपय ठाउँमा छोटा संवाद प्रयोग भएका छन् । स्थानीय रङको प्रभावले गर्दा कतिपय ठाउँमा हिन्दी संवाद, कतिपय ठाउँमा अङ्ग्रजी संवाद, कतै संस्कृतको श्लोक तथा मन्त्रको प्रयोगले उपन्यासलाई जिउँदो तुल्याएको छ । प्रस्तुत उपन्यासमा अधिकांश पात्रहरू शिक्षित र बौद्धिक भएकाले उनीहरूले प्रयोग गरेका संवादहरू स्तर अनुकूल नै रहेको छ । उपन्यासकार आफैको अनुभवमा कथावस्तु गुथिएकोले चेतचन्द्रको नामले अधिकांश ठाउँमा उपन्यासकार आफै सर्वज्ञ बनेका छन् । कतिपय ठाउँमा संवादलाई नाटकीय ढङ्गमा अगाडि बढाइएको छ । उपन्यासको संवाद पूर्ण रूपमा नाटकको जस्तो पनि छैन र पूर्ण रूपमा उपन्यासकारले वर्णन मात्र गरेका पनि छैनन् । यी सबै दृष्टिबाट उपन्यासको संवाद स्वाभाविक र विसङ्गत रहेको छ ।

प्रस्तुत **घुर्मी** उपन्यासमा प्रयुक्त घटना र चरित्रलाई विश्वसनीय बनाउन देश, काल तथा वातावरणको चित्रण गरिएको छ । भारतको पुना स्थित डेक्कन कलेज तथा भारतका विभिन्न ठाउँ जस्तैः बम्बई, मरीन ड्राइभ, बान्द्रा ब्याण्ड स्ट्याण्ड आदिको परिवेशीय चित्रण हुँदै अन्त्यमा काठमाडौंली परिवेशमा आएको भएता पनि पूर्वदीप्ति शैलीमा कथावस्तु फर्कदा वीरगञ्जको समेत परिवेश समेटिएको छ । विशेष गरी पुना स्थित विभिन्न ठाउँ र बम्बई स्थित विभिन्न ठाउँको यौनजन्य विकृत वातावरणको चित्रण गरिएको छ । काठमाडौंको उकुसमुकुसता, डर, त्रास, महङ्गी, घरबेटीहरूका क्रूरता आदि वातावरणको चित्रण गरिएको छ भने वीरगञ्जमा चेतचन्द्र बाल्यअवस्थामै छँदा घर तथा घर वरिपरीको वातावरण र पछि विद्यावारिधि सकेर वीरगञ्ज फर्कदा पाएको वातावरणको पृथकता तथा समानता आदि चित्रण गरिएको छ ।

**घुर्मी** उपन्यासको भाषा बौद्धिक स्तरका पात्रहरूको लागि बौद्धिक भाषा तथा सामान्य पात्रहरूको लागि सामान्य भाषाको प्रयोग गरिएको छ । कतिपय ठाउँमा काव्यात्मक भाषाको पनि प्रयोग भएको छ । उपन्यासकार गौतम कवि पनि भएकाले त्यसको प्रभाव उपन्यासमा पनि परेको छ । यसो हुँदा पनि जटिलता र दुर्बोध्यता नभई सरलता र सुबोधता हुनु यसको वैशिष्ठ्य हो । सरल, सहज, सुललित, लयात्मक स्वाभाविक नेपाली भाषाको प्रयोग भएको यस उपन्यासमा तत्सम, आगन्तुक र अनुकरणात्मक शब्दहरूको प्रयोग यथेष्ट रूपमा भएको छ साथै कतैकतै आएका उखान टुक्काको भाषाले झन् प्रभावकारी भूमिका खेलेको पाइन्छ । उपन्यासकारको शैली वर्णनात्मक

खालको छ । उपन्यासको नाटकीयता, स्थान, समय र वातावरणको चित्रणमा देखिने प्रभावकारीताले शैली पक्षलाई सङ्केत गरेको छ ।

प्रस्तुत **घुर्मी** उपन्यास समसामयिक युगीन परिवेशको चित्रण गर्न केन्द्रित रहेको छ । यसमा विशेषत : वि.स. २०३० देखि वि.स. २०४० सालसम्मको युगीन परिवेशलाई चित्रण गरिएको छ । नेपालको शैक्षिक अवस्था, गरिबी लेखकहरूको अवस्था, नेपालमा पदीय दायित्वका लागि भएका र हुने गरेको विभिन्न अप्ठयाराहरू, पारिवारिक जीवनमा आउने आरोह-अवरोहहरू जस्ता पक्षलाई युगीन चेतनाको रूपमा  समेटिएको छ । मानव जीवनका तीता-मिठा अनुभवहरूलाई जस्ताको तस्तै ओकलिएको प्रस्तुत उपन्यासमा सामाजिक यथार्थता, श्यामव्यङ्ग्य, नवीन औपन्यासिक स्वरूपसँगसँगै विसङ्गतिवादी- अस्तित्ववादी चिन्तनलाई नै प्रमुख स्थान दिइएको छ । विभिन्न विसङ्गतिहरूका माझमा पनि जीवनले अस्तित्व खोजिरहन्छ । जीवनलाई विसङ्गतै विसङ्गत मात्र देख्नु हुँदैन  । अस्तित्व रक्षाका लागि संघर्ष गरिरहनु पर्छ भन्ने यसको जीवनदर्शन तथा उद्देश्य रहेको छ ।

निष्कर्षमा भन्नु पर्दा बहुमुखी प्रतिभाका धनी गौतमको विसङ्गतिवादी-अस्तित्ववादी धारमा रचना गरिएको **घुर्मी** उपन्यास नवीन प्रयोग हो । यसमा औपन्यासिक उपकरणहरूको प्रयोग अत्यन्त स्वाभाविक र नवीन तथा मौलिक ढङ्गबाट गरिएको छ । नेपाली समाज, प्रवासी समाज र विश्व समाजमै व्याप्त विकृति र विसङ्गतिप्रति तीव्र प्रहार गर्नु यसको मूल उद्देश्य हो । जन्मेदेखि हालसम्मका घटनाहरूको उहापोहले चेतचन्द्रलाई रिँगटा लाग्नेगरी घुमाएको छ । त्यो रिँगटा लाग्ने खेलको नाम घुर्मी हो, जुन खेल केटाकेटी अवस्थामा चेततन्द्रहरू खेल्दथे । यसर्थ यही घुर्मीलाई चेतचन्द्रको अतीतका सम्पूर्ण घटनाहरूलाई प्रतीकात्मक रूपमा **घुर्मी** शब्द चयन गरेकाले उक्त **घुर्मी** शीर्षक सार्थक भएको छ । आधुनिक नेपाली उपन्यास परम्पराको पछिल्लो प्रहरमा देखा परेको गौतमको यो उपन्यास नेपाली उपन्यास परम्पराको सापेक्षतामा विशिष्ट प्राप्ति हो ।

❖

# सन्दर्भ-ग्रन्थसूची

## (क) पुस्तकसूची

### (अ) नेपाली भाषाका पुस्तकहरू


उपाध्याय, केशवप्रसाद , साहित्य प्रकाश, पाँचौं प्रकाशन, काठमाडौंः साझा प्रकाशन, २०५० ।

गौतम, ध्रुवचन्द्र, घुर्मी, काठमाडौंः प्रतिभा प्रकाशन, २०६२ ।

चापागाइँ, नरेन्द्र, नेपाली शब्दभण्डार, विराटनगरः श्याम पुस्तक भण्डार, २०६२ ।

त्रिपाठी, वासुदेव, पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा, भाग-१, काठमाडौंः साझा प्रकाशन २०५८ ।

थापा, रोशन "नीरव" भूमिकाको प्रसङ्गमा घुर्मी, काठमाडौंः प्रतिभा प्रकाशन, २०६२ ।

थापा हिमांशु, साहित्य परिचय, चौथो संस्करण, काठमाडौंः साझा प्रकाशन, २०५०,

पाण्डे, ज्ञानु, आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम, अभिनन्दन ग्रन्थ, चितवन वाङ्मय प्रतिष्ठान, २०६० ।

प्रधान, कृष्णचन्द्रसिँह , नेपाली उपन्यास र उपन्यासकार, तेस्रो संस्करण, ललितपुरः साझा प्रकाशन,२०५६ ।

बराल, कृष्णहरि , उपन्यास सिद्धान्त र नेपाली उपन्यास, दोस्रो संस्करण, काठमाडौंःसाझा प्रकाशन, २०५४ ।

बराल, कृष्णहरि र नेत्र एटम, उपन्यास सिद्धान्त र नेपाली उपन्यास, काठमाडौंः साझा प्रकाशन, २०५६ ।

बन्धु, चुणामणि , भाषाविज्ञान, छैटौं संस्करण, काठमाडौंः साझा प्रकाशन, २०५० ।

लुइटेल, खगेन्द्रप्रसाद, आख्यानपुरुष डा. ध्रुवचन्द्र गौतम, अभिनन्दन ग्रन्थ, चितवन वाङ्मय प्रतिष्ठान, २०६० ।

शर्मा, तारानाथ , नेपाली साहित्यको इतिहास, तेस्रो संस्करण, काठमाडौंः नवीन प्रकाशन, २०५१ ।

शर्मा, मोहनराज, नेपाली कथाको विकास प्रकृया, दोस्रो संस्करण, काठमाडौंः साझा प्रकाशन,२०५० ।

शर्मा, मोहनराज, शैलीविज्ञान, कमलादीः नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०४८ ।

श्रेष्ठ, इश्वरकुमार , पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचनाः प्रमुख मान्यता वाद र प्रणाली, द्वितिय संस्करण, काठमाडौँः साझा प्रकाशन, २०५४ ।

सुवेदी, राजेन्द्र, सृजनविधाका परिधिभित्र ध्रुवचन्द्र गौतम, काठमाडौँः साझा प्रकाशन, २०४५ ।

**(आ) अङ्ग्रेजी भाषाका पुस्तकहरू**

ड्रेबल मार्गरेट, द अक्सफोर्ड कम्प्यानियन टु इङ्लिस लिटरेचर, न्यू योर्क, अक्फोर्ड युनिभर्सिटी प्रेस, १९९७।

हड्सन, डब्लु. एच., एन इन्ट्रोडक्सन टु द स्टडि अफ लिटरेचर, रिप्रिन्टेड, न्यू दिल्ली : कल्याणी पब्लिसर्स, सन् १९९७।

**(इ) हिन्दी भाषाका पुस्तकहरू**

टण्डन, प्रतापनारायण, हिन्दी उपन्यासकला, लखनउः हिन्दी समिति, सन् १९९५ ।

बर्मा,धीरेन्द्र, हिन्दी साहित्य कोश, भाग-१, तृतीय संस्करण, वाराणसी : ज्ञानमण्डल लिमिटेड, सन् १९५८ ।

**(ख)पत्रपत्रिकाको सूची**

लुइँटेल, खगेन्द्रप्रसाद, समकालीन साहित्य, वर्ष ५, अङ्क ४, पूणाङ्क ५०, कार्तिक-पुस, २०५२, पृ.११३-११९ ।

लुइँटेल, खगेन्द्रप्रसाद, समसामयिक नेपाली जनजीवनको प्रतिकृति, अग्निदत्त+अग्निदत्त, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, वर्ष २८, पूणाङ्क ८५, असार-माघ, २०५४, पृ.१९८ ।

**(ग) शोधपत्र सूची**

**प्रकाशित शोधपत्र**

न्यौपाने, श्रीधर, 'अग्निदत्त+अग्निदत्त' उपन्यासको कृतिपरक अध्ययन, २०५७।

**अप्रकाशित शोधपत्रहरू**

दाहाल, कुमारबहादुर, साहित्यकार डा. ध्रुवचन्द्र गौतमका कृतिहरूको अध्ययन, अप्रकाशित स्नातकोत्तर तहको शोधपत्र, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग, २०३५-२०३६ ।

पौडेल, विष्णुप्रसाद, उपन्यासकार इन्द्रबहादुर राई(कृतिपरक अध्ययन) अप्रकाशित, स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग, २०५४ ।

❖